CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोडश संस्कार

श्यामानन्द ब्रह्मचारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

क·का·९३

षोडश संस्कार

– श्यामानन्द ब्रह्मचारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक : **शक्ति उपासना पीठ**
महाराजपुर पर्वत
जीतपुरफेदी, काठमाडौं

सर्वाधिकार : © पीठमा सुरक्षित

प्रथम संस्करण : १२०० प्रति

प्रकाशन मिति : २०६५ फागुन १२, महाशिवरात्रि

कम्प्युटर लेआउट : नवराज अर्याल 'सन्देश'

मूल्य : रु. २००/-

मुद्रक : **कञ्चन प्रिन्टिङ प्रेस**
बागबजार, काठमाडौं

Acc. 290D2 25002
Nepal Sanskrit University पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE-IKS

क.का- ९३

भूमिका

कर्मकाण्ड वैदिक जगत्को प्राचीन इतिहास हो । वैदिककालको सामाजिक, राजनैतीक, आर्थिक र धार्मिक विषयमा हामीले वुभ्न्न चाहेमा उक्त समयको यथार्थ इतिहास हाम्रो निमित्त प्राप्त गर्न मुस्किल छ । यो कर्मकाण्डमा जे-जति कर्म गरिन्छन्, यसलाई गहिरो अध्ययन गरेको खण्डमा यसले मानवको सर्वोपरी विकास गर्न र विकसित मानवहरूबाट मानव सभ्यता विकास गरी सभ्य मानव समूहबाट यथार्थ मानव समाजको स्थापना गरेर आफ्नो राष्ट्रको साथै विश्वकल्याणको भावनालाई वैदिक कर्मकाण्डले परिलक्षित गरेको हामी पाउँछौ । आज जति पनि ज्ञान-विज्ञानहरू छन्, यिनीहरू प्रायः वैदिककालमै आविष्कार भएका हुन् । अहिलेको युगमा ती ज्ञान-विज्ञानका शैली भिन्न हुन सक्छन् । उदाहरणको रूपमा ज्योतिष, आयुर्वेद, साहित्य,गृहविज्ञान, शरीर विज्ञान, विचार विज्ञान, पदार्थ विज्ञान आदि । यी सबै ज्ञान-विज्ञान हाम्रो शास्त्रमा छन् र शास्त्रको पनि सार-निचोड अर्थात् ज्ञान-विज्ञान प्राप्तिको निमित्त मार्ग चाहिं कर्मकाण्ड हो । यस्तो महत्वपूर्ण वैदिक इतिहास र ज्ञान-विज्ञानको मेरुदण्ड भनेको नै संस्कार भएकोले यस्लाई संरक्षण गर्न सकिएन भने हाम्रा महान् ऋषिहरूले कठोर तपस्या र यस्को गहिराइबाट प्रकट गर्नु भएको हाम्रो अमूल्य निधि हाम्रो समाजबाट लोप भएर जान्छ । कुनै पनि कुरालाई संरक्षण गर्न तत् विषयलाई अवलम्वन वा अनुशरण गर्नु पर्दछ । संस्कार भनेको जान्ने मात्र कुरा नभई अनुशरण गर्ने तत्व हो । क्रिया विना अनुशरण सम्भव नहुने हुनाले हाम्रा सवै संस्कारहरू कर्मकाण्डमा आधारित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा प्रत्येक संस्कारका आफ्नै वैज्ञानिक महत्व छन् भन्ने विषयमा ज्ञानी गुरुहरूबाट धेरै सुनिंदै आउने कममा प्रत्येक संस्कारको वारेमा मनमा 'के ? किन ? र कसरी ? भन्ने जिज्ञासा उठ्नु स्वभाविकै हो । यी जिज्ञासाको समाधानमा पुस्तक अध्ययन र चिन्तन-मनन गरी जो भएको आफ्नो जानकारी राखी यो पुस्तक तयार भएको छ ।

आफ्नो व्यक्तिगत कमजोरीलाई स्पष्टसँग भन्नु पर्दा, कर्मकाण्ड मेरो विषय होइन । यसैले यस विषयमा मेरो ज्ञान सारै सानो छ तर पनि हाम्रो संस्कारमा रहेको वैज्ञानिक महत्वको कारण केही कुरा लेख्ने इच्छा भएर यो सानो पुस्तक तयार हुन गयो । सानै उमेरदेखि घर-व्यवहारबाट अलग भएकोले मैले हाम्रा संस्कारहरू कसरी गरिन्छन् भन्ने कुराको व्यवहारिक ज्ञान प्राप्त गर्ने अवसर नपाएकोले केवल गुरुहरूबाट सुनेर र पुस्तक अध्ययन गरेर आफ्नो मशितष्कमा प्रकट भएका तरङ्गलाई यो पुस्तकमा उल्लेख गरेको छु । यसमा पक्कै पनि उल्लेख गर्नु पर्ने कुराहरू छुटेका छन् यस्मा पाठक वर्गहरूले विस्त्रित जानकारीको निमित्त यो पुस्तक उपयुक्त नभएकोमा माफ गरिदिनु होला ।

ॐ नमः शिवाय

महाशिवरात्रि २०६५

– श्यामानन्द ब्रह्मचारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूचि

क्र.सं.	शीर्षक	पेज नं.
१.	संस्कारको आवश्यकता	१
२.	संस्कारको प्रभाव	११
३.	संस्कारको कमजोर र लोप हुनका कारण	१५
४.	संस्कार र चतुराश्रम	१९
५.	गर्भाधान संस्कार	२७
६.	पुंसवन संस्कार	४४
७.	सीमान्तोन्नयन संस्कार	५३
८.	जातकर्म संस्कार	५९
९.	नामाकरण संस्कार	७१
१०.	निस्क्रमण संस्कार	७८
११.	अन्नप्राशन संस्कार	८३
१२.	कर्णवेद संस्कार	८९
१३.	चुडाकर्म संस्कार	९५
१४.	अक्षरारम्भ संस्कार	१०२
१५.	व्रतबन्ध संस्कार	१०८
१६.	वेदारम्भ संस्कार	१३३
१७.	केशान्त संस्कार	१३८
१८.	समावर्तन संस्कार	१४०
१९.	विवाह संस्कार	१४५
२०.	अन्त्येष्टि संस्कार	१७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारको आवश्यकता

संस्कार शब्दको अर्थ हो, परिशुद्धि गर्नु । यावत प्राणीजगत्मा मानव सर्वश्रेष्ठ प्राणी हो र सर्वनिकृष्ट प्राणी पनि मानव नै हो । सर्वनिकृष्ट मानवलाई सर्वश्रेष्ठ मानव बनाउने जुन तरिका छ यसलाई संस्कार भनिन्छ । मानव जन्मदा कच्चा खनिज पदार्थ जस्तै मानव मूल्य र मानव गुणले कमजोर हुन्छ । यदि यो कमजोरीलाई हटाउने प्रयास गरिएन वा हटाईएन भने मानव जस्तो खतर्नाक प्राणी पृथ्वीमा अरु हुन सक्दैन र यदि कमजोरीलाई हटाएको खण्डमा मानव जस्तो उच्च प्राणी पनि पृथ्वीमा अरु हुन सक्दैन ।

संस्कारको मुख्य उद्देश्य हो शारीरिक, वौद्धिक, मानसिक र आध्यात्मिक विकास गर्नु । जब यी चार कुराहरूको विकास हुन्छ तब कच्चा पदार्थ सच्चा पदार्थ भए जस्तै सर्वनिकृष्ट व्यक्ति सर्वउत्कृष्ट मानव हुन पुग्छ । हाम्रा प्राचीन ऋषि-मुनिहरूले यथार्थ मानवजीवन प्राप्त हुनलाई के-कस्ता वाधा हुन्छन् र ती बाधाहरूलाई हटाउन के-कस्ता कर्म गर्नुपर्ला भन्ने विषयमा जुन चिन्तन-मनन गर्नु भयो र यसबाट जुन निष्कर्ष निकाल्नु भयो, यसलाई समाजमा लागु गरी दिनु भयो । आज जुन अवस्थामा संस्कार समाजमा प्रतिस्थापित भएको छ, यो अवस्था हामीले एकै पटक प्राप्त गरेका छैनौं । कुनै पनि परम्परा समाजमा स्थापित हुन त्यसलाई धेरै समय लागेको हुन्छ । यसैले हजारौं-हजार वर्ष देखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिष्ठित हाम्रो समाजको मूल सामाजिक परम्परालाई हामीले नबुझ्नु, यस विषयमा वैज्ञानिक विश्लेषण नहुनु र यसप्रति हामीमा अनास्था प्रकट हुनु हाम्रो निमित्त धेरै ठूलो दुर्भाग्य हुन जान्छ।

वर्तमान समयमा चलेका हाम्रा संस्कारहरूलाई मुख्य दुई भागमा विभाजन गर्न सकिन्छ, एउटा वैदिक संस्कार र अर्को लौकिक संस्कार । मानव शरीर, मानवमन, मानवमशितष्क, सामाजिक समन्वय, भौतिक पदार्थको यथार्थ प्रयोग र आध्यात्मिक अनुभूतिहरूलाई ध्यानमा राखी यी कुराहरूलाई कसरी विकास गर्न सकिन्छ भनेर प्रचीन ऋषि-मुनीहरूको जिज्ञासाको गहिराइमा समाधिबाट प्राप्त समाधानलाई समाजमा परम्परागत रूपमा आएको संस्कारलाई वैदिक संस्कार भनिन्छ, भने वैदिक कालपछि पुराणका देवताहरूलाई लिएर बनाएको र राजाहरूले वा अन्य समाजमा प्रतिष्ठित व्यक्तिहरूले सञ्चालन गरेका संस्कारलाई लौकिक संस्कार भनिन्छ।

हाम्रो समाजमा यी दुवै संस्कार चलेको पाईन्छ । बीचमा वैदिक संस्कारको साथमा विभिन्न तान्त्रिक उपासनाहरू सुरु हुनथाले र वैदिक संस्कारको साथ-साथमा तान्त्रिक संस्कारहरू पनि सुरु हुन जानाले वैदिक र तान्त्रिक संस्कारको मिलनबाट "जात्रा"को रूप लिन पुग्यो । यी जात्राहरूलाई पनि समाजले संस्कारको रूपमा स्विकार गर्न थाल्यो । तन्त्र उपासना पछि महापुरुषहरूलाई अवतारको रूपमा पूजा गरी समारोहहरू मनाउन थालियो । जस्तो मत्स्येन्द्रनाथको रथयात्रा, कृष्णजन्माष्टमी, रामनवमी, बुद्धपूर्णिमा आदि । समय परिवर्तनको साथमा कति मानिसले पछि गएर वैदिक संस्कारलाई अवलम्वन नगरी कसैले केवल तान्त्रिक संस्कारलाई मात्र अँगाले र कतिले गुरु वा अवतार-पुरुषहरूको मात्र उपासना गर्न थाले र यसबाट यी पृथक-पृथक उपासकहरूबाट पृथक-पृथक समाज बन्न पुग्यो । जस्तो गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धको आगमन पूर्व बुद्धका उपासकहरू वैदिक संस्कारलाई अनुसरण गर्थे भने बुद्धको आगमन पछि उनीहरूले वैदिक संस्कारलाई छोडी बुद्धको उपदेश र उपाशनालाई अनुसरण गर्न थाले । हाम्रो सोह्र संस्कार कुनै पनि आगम संस्कारसँग नमिली यो विशुद्ध वैदिक संस्कारसँग मात्र आश्रित छ । समय परिवर्तनको साथ-साथमा मानवको दिनचर्या, भावना र कर्मपनि परिवर्तन भएर जाने हुँदा वैदिक संस्कारमा पनि वर्तमान समयमा धेरै परिवर्तन भएको पाईन्छ । वर्तमान युगमा सोह्र संस्कारलाई पूर्ण रूपमा पालन गर्न सम्भव छैन । यस्को कारण यो हो कि, विद्याध्ययनमा जुन प्रकिया छ, यो प्रकिया वेदाध्ययनदेखि पूर्ण रूपमा पर छ । यसले गर्दा उपनयन संस्कार पछिका केशान्त संस्कार, वेदारम्भ संस्कार र समावर्तन संस्कार हाम्रो समाजबाट लोपै भएर गएको देखिन्छ । यसरी संस्कार लोप भएर जानुको कारणका दुईवटा पक्षहरू हुन्छन् । एउटा परिवर्तनशील र अर्को अपरिवर्तनशील । जस्तो विद्याध्ययनमा समयको परिवर्तनको साथमा अध्ययनको विषयहरू परिवर्तन हुन जान्छ । यस्को कारणले गर्दा अध्ययनको प्रकिया स्वतः परिवर्तन भई नै जान्छ । यसैको कारणले वेदारम्भ संस्कार, केशान्त संस्कार र समावर्तन संस्कार लोप हुन गएको हो । तर गर्भाधान, सिमन्तोन्नयन आदि बाँकि संस्कार अपरिवर्तनीय संस्कार हुन् । किनभने सन्तान उत्पादन र सही सन्तान जन्म दिनु या बनाउनु यो परिवर्तन हुन सक्दैन । यसैले परिवर्तन हुन नसक्ने संस्कारलाई गहिरो अध्ययन हुन र समाजमा लोपोन्मुख संस्कारलाई पुनर्जीवित गरी यसलाई अनुसरण गर्नु वर्तमान समयमा अति आवश्यक छ ।

वर्तमान समयमा वेदारम्भ, केशान्त र समावर्तन तीनवटा संस्कारहरूमा पनि वेदारम्भ संस्कार नाममात्रको भएपनि व्रतबन्धको समयमा गरिने गरिन्छ तर केशान्त र समावर्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार भने लोप भएको छ । यस्मा पनि कसैले श्रद्धा राखेमा केशान्त संस्कारलाई संस्कारको रूपलाई संरक्षण गर्न सकिन्छ तर समावर्तन संस्कार भने लोप भएर गएको अवस्था देखिन्छ । यसको मूल कारण हो गुरुकुल परम्परा लोप हुनु । हाम्रो वैदिक संस्कारले मुख्य निम्न पक्षहरूलाई जोड दिएको छ । यिनीहरू हुन शरीर, मन, बुद्धि, आध्यात्म र पदार्थ ।

१) शरीर

मानव जीवनको साथमा भौतिक पदार्थ, मानसिक अवस्था, शंकल्पशक्ति र आत्मिक शान्तिको पूर्णप्रभाव र सम्बन्ध रहेको हुनाले यी सवै एक-अर्कामा सम्बन्ध राख्दछन् । मानव जीवनको यथार्थ उद्देश्य हो, आत्मशान्ति प्राप्त गर्नु । यसैको निमित्त भौतिक पदार्थको संग्रह, अध्ययन, वाद्यवादन वा संगित सुन्ने वा बजाउने, भक्ति गर्ने वा ईष्ट देव-देवीको उपासना गर्ने गरिन्छ । यस्को निमित्त सर्वप्रथम शरीर स्फूर्तियुक्त र तन्दुरुस्त हुन जरुरी हुन्छ । यसैले शरीर संस्कारको निमित्त बिहान चाँडै बिछ्याउनाबाट उठी स्नान गरिन्छ र भोजनपूर्व हात-खुट्टा धुने गरिन्छ । यसबाट शरीर हलुङ्गो हुन्छ । हाम्रो संस्कारमा शरीर शुद्धिको निमित्त अथवा निरोगी हुनको निमित्त आहार-विहारलाई ध्यान दिइनुको साथै विभिन्न वनस्पति जस्तै कुश, दुबो, तुलसी, पिपल, वर आदिको सेवनको प्रयोग समावेश गरिएको छ । यसमा वनस्पतिको साथै गाईको पूजा, गोबर र गउँतको पनि प्रयोग समावेश गरिएको छ ।

हामीले अनुभव गरेको कुरा हो कि, दिनमा मस्त सुतेमा वा साँझको समयमा मस्तसँग सुतेमा निदाएर उठ्दा हामीमा आलस्यता, अनि विचार र चिन्तनशक्तिको अभाव भएको हुन्छ । यस्को साथै शिरमा भारिपन पनि अनुभव गर्दछौं । यसैले हाम्रो संस्कारमा बिहान ब्रह्ममुहूर्त अर्थात् उज्यालो हुनुभन्दा कम्तिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकघण्टा अगाडि उठ्नाले शरीरमा स्फूर्ति र विचारशक्तिको विकास हुन्छ । यस्को कारण यो हो कि, यो बेलामा वायुमण्डलनै शान्त हुन्छ र हाम्रो मश्तिष्क पनि शान्त भएको हुन्छ । बिहान ढिला उठ्दा अथवा उज्यालो भई सकेपछि उठ्दा हामीमा तमोगुण विकास हुन्छ । यसैले शास्त्रमा उल्लेख छ– **'ब्रह्ममुहूर्ते या निद्रा सा पुण्यक्षयकारिणी'** अर्थात्, 'ब्रह्ममुहूर्तको निद्राले हामीमा भएको पुण्य(सद्गुण) लाई नास गरी दिन्छ ।

२) मन

शरीरका अरु अङ्गजस्तो मनको कुनै ठोसअङ्ग हुँदैन । मन भनेको ज्ञानेन्द्रियबाट प्राप्त ज्ञानबाट प्रकट हुने एक तरङ्ग हो, जसलाई वृत्ति भनिन्छ । यो तरङ्ग केवल एउटा मात्र विषयमा तनाव रहित भएर शान्त रूपले प्रवाहित हुँदा यसलाई चिन्तन भनिन्छ भने तनावग्रस्त भएर शंकल्प रहित भई केवल विकल्पमा प्रवाहित भएमा चिन्ताको रूप लिन्छ । शरीरलाई स्नान र जडिबुटीको प्रयोग द्वारा स्वस्थ राखे जस्तै मनलाई पनि जप, पाठ, पूजा, ध्यान आदि द्वारा स्वस्थ राख्नुपर्छ । जब मन स्वस्थ हुन्छ, तब यो शंकल्पमा प्रवाहित हुनथाल्छ र यसमा प्रवाहित मनलाई एकाग्रता (concentration) भनिन्छ । मनको एकाग्रतानै शान्ति हो र शान्तिबाट नै जीवनमा हरेक कर्ममा सफलता प्राप्त हुन्छ ।

हाम्रा संस्कारहरूले जति शरीरलाई स्वस्थ राख्ने उपायहरू बताएको छ, त्यति नै मनको एकाग्रता वा मानसिक स्वस्थताको निमित्त जोड दिएको छ । जीवनमा जति पनि गर्नु हुने वा नहुने र खान हुने वा नहुने विषयमा शास्त्रमा उल्लेख भएको छ, यसको मुख्य कारण मनलाई बलियो बनाउनको निमित्त हो । मन हावाजस्तै हुन्छ । जस्तो हावाले सुगन्धलाई स्पर्श गर्‍यो भने यस्ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरिपरिको वातावरणलाई सुगन्धित बनाई दिन्छ र दूर्गन्धलाई स्पर्श गऱ्यो भने पनि वातावरण दुर्गन्धित पारी दिन्छ । यसैगरी राम्रो विषय इन्द्रियले ग्रहण गर्नासाथ यसको पूर्णप्रभाव मनलाई पर्छ र मनले मशितष्कलाई प्रभाव पार्छ र मशितष्कले पूरा शरीर र जीवनलाई नै प्रभाव पार्न थाल्छ । यसैले हाम्रो शास्त्रमा शुद्ध आहार, शुद्ध संगत (सत्-संगत),शुद्ध दर्शन (तीर्थ भ्रमण), शुद्ध श्रवण (प्रवचन श्रवण) र शुद्ध गन्ध (धूप, दीप, हवनको धुवाँ) ग्रहणलाई अति पवित्र मानेको हो । जब एक पटक मन सत्वगुणमा प्रतिष्ठित हुन्छ, तब यो मनले तामसिक गुणलाई स्विकार गर्दैन । यसैले बालक जन्मेदेखि नै उस्मा सात्विक मन निर्माण गर्नको निमित्त विभिन्न संस्कार गरिन्छ ।

३) बुद्धि

जब दृश्यमा द्रष्टाको दृष्टि पर्दछ तब यसबाट मन प्रकट हुन्छ र त्यो मनलाई विस्तार गर्ने कार्य मशितष्कले गरेको हुन्छ । मन जता जान्छ, त्यतातिरको गहिराइमा बुद्धिले लगेको हुन्छ । यदि सत्वगुणी वुद्धि छ भने, मन तमोगुणतर्फ जानासाथ यसलाई रोकी दिन सक्छ तर बुद्धि पनि तमोगुणी छ भने, मनसँगै बुद्धि पनि त्यतै पछि लागेर गई मनको मित्र हुन पुग्छ र मन बलियो हुन पुग्छ । अर्थात् मन र बुद्धि दुई एक-आपसमा सँग-सँगै चल्छन् । मन अन्धो छ, बहिरो छ र अविवेकी छ, तर यसको गति भने सूर्यको भन्दा पनि धेरै गुना बढी छ । यसलाई नियन्त्रण गर्नेवाला बुद्धि हो । अर्को दृष्टिबाट हेर्दा, मन गाडी हो र बुद्धि ड्राइभर हो । ड्राइभर गतिलो भएमा गाडी पनि राम्रो हुन्छ तर ड्राइभर खराब भएमा गाडीले दुर्घटना गराउँछ नै । यसैले हाम्रो संस्कारमा बुद्धिलाई बलियो बनाउन धेरै उपायहरू गरिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो संस्कारले शंकल्पशक्तिलाई दृढ बनाउन प्रयास गरेको छ । जति मश्तिष्क मजबुत हुन्छ त्यति नै शंकल्पशक्ति मजबुत हुन्छ । जति शंकल्पशक्ति मजबुत हुन्छ त्यति नै मानिसको इच्छाशक्ति प्रवल हुन्छ र इच्छाशक्तिको प्रवलताबाट मानवले आफू, परिवार, समाज, राष्ट्र र अन्ततः विश्वकै कल्याण गर्न सफल भएर यथार्थ मानव जीवनलाई सार्थक बनाउन सफल हुन्छ ।

त्यो मानव महान् हुन्छ, जो जीवनका प्रत्येक कार्यहरू शंकल्पको साथमा गर्दछ । जस्तो हाम्रो भोजन गर्ने समय निर्धारित हुन्छ, कर्मचारीको कार्यालय जाने समय निर्धारित हुन्छ, कामदारको काम गर्ने समय निर्धारित हुन्छ यस्तै सोच्ने समय पनि निर्धारित हुनुपर्छ । जस्तो मानिसले काम गर्ने निर्धारित समय दिन हो, सुत्ने निर्धारित समय रात हो र खाना खाने निर्धारित समय बिहानको नौ बजे र रातमा नौ बजे हो, त्यस्तै स्नान गर्ने, अध्ययन गर्ने, सोच्ने आदि समय पनि निर्धारित हुनुपर्छ । यदि कसैलाई कुनै घटना अगाडि आउँदा उसले तुरुन्त त्यसलाई सोच्न थाल्छ र तनावग्रस्त भएर केवल आफूलाई महापीडामा फसाउन पुग्छ । मानिसको सोच्नेसमय भनेको बिहानको समय हो । बिहान उठेर स्नान गरेपछि शरीर स्फूर्तियुक्त हुन्छ । जप, ध्यानादि आध्यात्मिक कार्य गरेपछि मन शान्त हुन्छ र मन शान्त भएपछि मश्तिष्क शान्त हुन्छ । यो बेलामा जुन विषयमा सोचिन्छ, त्यो विषयमा गहिरो विचार प्रकट हुन्छ । खाना खाएर टन्न पेट भएको बेलामा सोच्दा कहिले पनि सही विचार प्रकट हुँदैन । किनभने जब हामी भोजन गर्छौं, तब हामीमा आलस्य प्रकट हुन्छ । आलस्य भएको बेलामा कहिले पनि सही विचार प्रकट हुन सक्तैन । मानिसहरू रातमा टन्न खाएर सोच्न थाल्छन् । यो सोचाई चिन्तन नभएर चिन्तामा प्रकट हुन्छ र राती दुई-तीन बजेसम्म यता फर्कने, उता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फर्कने गरी समय बित्नजान्छ । त्यसपछि निदाउँछ र बिहान आठ बजेसम्म सुतिरहन्छ । बिहान आठ बजे उठ्नाले उसको चिन्तन शक्तिलाई झनै तमोगुणले दबाइदिन्छ । यसैले जस्तो दिउँसो दुई बजे भोजन गर्न कसैले भन्दा हामी भन्छौं, 'अहिले होइन भरे आठ बजे खाउँला' यस्तै कुनै समस्या हाम्रो अगाडि आउँदा हामी आफूले आफैंलाई भन्नुपर्छ, "भोलि बिहान सोचौंला ।" यसो गर्नाले हाम्रो मशितष्कले सही रूपमा काम गर्ने मौका पाउँछ र बाँकि समयमा चिन्ता रहित भएर बस्ने प्रयास गर्नुपर्छ । यस्तो मशितष्क सधैं ताजा हुन्छ र कहिले काहीं तुरुन्तै निर्णय गर्नु पर्ने अवस्था आउँदा यो तयारी अवस्थामा हुन्छ । यसैले संस्कारको अर्को मुख्य उद्देश्य विकल्पलाई छाडेर शंकल्पमा रहने मार्गदर्शन रहेको छ ।

४. आध्यात्म

संस्कारको अर्को महत्वपूर्ण उद्देश्य हुन्छ, आत्मानुभूति गर्ने । मानिसले तबसम्म आफैं खाउँ र आफैं रमाउँ भन्नेभाव राखी अरु मानव अथवा प्राणीलाई वास्ता गर्दैन, जबसम्म उसको अन्तर्जगत्को अनन्ततत्व स्वयम्मा प्रस्फूटित हुँदैन । आफ्नो अनन्त विस्तारित स्वरूपको अनुभूति गर्नु नै आध्यात्म हो । जब यो रहस्य मानव भित्र उद्घाटित हुन्छ, तब मानव व्यक्ति नभएर महान् हुन पुग्छ र त्यस्तो महान् मानवबाट जुन शब्द प्रकट हुन्छ, यसलाई उपदेश भनिन्छ । उसबाट जुन कर्म हुन्छ, यसलाई कर्मयोग भनिन्छ । उसबाट अगाडि आउने जुन मानवमा दृष्टि पर्छ, यसलाई कृपा दृष्टि भनिन्छ र उसको दैनिक-चर्याबाट जुन क्रियाकलाप देखिन्छ, यसबाट नवरस प्रकट हुन्छ ।

एकजाना यथार्थ आध्यात्मिक व्यक्ति यो धरणीले पाएमा यो जगतै धन्य हुन्छ । यो कसरी भने, उस्ले जुन विचार पृथ्वीमा छोड्छ, यो प्रकृतिवत् भएर केवल विचार-तरङ्गले नै जगत्लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिको दिशातिर लिएर जान्छ । यसैले हाम्रा प्रत्येक संस्कार आध्यात्मसँग सम्बन्धित् भएको छ ।

५) पदार्थ

मानव जीवन र पदार्थ एक-आपसमा पूर्णरूपमा सम्बन्धित छन् । जहाँ मानव जीवन छ त्यहाँ पदार्थ हुनु नै पर्छ । किनभने भौतिक पदार्थबिना जीवन रहन सम्भव छैन । जब मानव जीवन समाप्त हुन्छ, तब पदार्थको महत्व पनि समाप्त हुन्छ । यस्तो एक-आपसमा परिपूरक भएका जीवन र पदार्थलाई यथार्थ रूपमा जानेर यसलाई उपयोग गर्न सकिएन भने यसको सन्तुलन असन्तुलित हुन जान्छ र प्रतिकिया उल्टो हुन पुग्छ । जस्तो पानीबिना मानवजीवन सम्भव छैन र यस्को सन्तुलन भएमा यसले जीवनलाई लाभ दिन्छ, तर पानीमा ज्यादा लाभ छ भनेर पोखरी भित्र डुबेर ज्यादा पानी पियो भने जीवन समाप्त हुन जान्छ ।

प्रत्येक पदार्थको प्रयोग गर्ने समय उचित हुनु पर्छ, सम्मिश्रण उचित हुनु पर्छ र महिना वा ऋतु उचित हुनु पर्छ । यतिमात्र नभएर यो भन्दा पनि सूक्ष्म रूपमा तिथी, लग्न, बार आदिलाई पनि विचार गरी कतिपय पदार्थहरूको प्रयोगको निमित्त हाम्रा संस्कारहरूले मार्गदर्शन गरेका छन् ।

प्राचीन समयमा ऋषि-मुनिहरूले जडीबुटी र खनिज पदार्थहरूलाई लिएर धेरै अध्ययन गरी यस्का महत्वपूर्ण प्रयोग मानव समाजलाई कसरी नियमित रूपमा दिन सकिन्छ भन्ने विषयमा चिन्तन-मनन गरी यस्लाई अन्ततः संस्कार भित्र राखिदिनु भयो । संस्कार भित्र यस्लाई समावेश गर्नाले कर-कापमा पनि मानिसले यी पदार्थको सेवन नछोडुन् भन्ने नै यस्को मूल उद्देश्य हो । यी पदार्थहरूको यथार्थ प्रयोगशक्ति कुन समयमा ज्यादा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभावकारी हुन्छ भन्ने विषयमा पनि आविष्कारकहरूले अनुसन्धान गरी कुनै वनस्पति आलोमा र कुनैलाई सुकाएर प्रयोग गर्ने विधि उल्लेख गर्नुभएको छ ।

प्रत्येक पदार्थको आफ्नै गुण हुन्छ । कुनै पदार्थले शरीरको रक्षा गर्छ, कुनैले मनलाई शान्त गर्छ, कुनैले शंकल्पशक्ति बढाउँछ त कुनैले एकाग्रताशक्ति बढाउँछ । आधुनिक कालमा केवल शरीरलाई लिएरमात्र पदार्थ प्रयोगको महत्व राख्नाले अन्य सूक्ष्म पक्षहरूको महत्वबाट समाज अनभिज्ञ भएर भन्ने गर्दछन्, " यो किन गर्नुपर्‍यो ?" तर जतिपनि संस्कारमा प्रयोग भएका पदार्थ छन् यिनीहरूको महत्वपूर्ण पक्ष के हो, यसबारे अनुसन्धान गर्न अति आवश्यक छ ।

यसरी संस्कारको अर्थ अनुसार शरीर, मन, मश्तिष्क र भौतिक पदार्थलाई शुद्ध गर्नु हो । यथार्थमा जीवन भन्नाले हामीले देख्ने र बुझ्ने कुरा शरीर हो तर शरीर त मन, बुद्धि र आत्मालाई व्यक्त गर्ने एउटा यन्त्र मात्र हो । यसैले हाम्रो संस्कारले यन्त्र लगायत अदृश्य र अव्यक्त सत्ता र शक्तिको परिशुद्धिलाई अँगालेको हुनाले प्रत्येक संस्कारका प्रक्रियाहरू माथि गहिरो अध्ययन हुनु अति जरुरी छ ।

◎

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारको प्रभाव

हाम्रो संस्कार यी केवल सिद्धान्त मात्र नभएर पूर्ण विज्ञान हुन् । ज्ञान र विज्ञानमा यो पृथकता छ कि, ज्ञान केवल सिद्धान्त मात्र हुन्छ र विज्ञान अनुभवपूर्ण हुन्छ । संस्कारलाई केवल ज्ञानमा मात्र सिमित राख्दा यस्को प्रभावको ज्ञानबाट मानिस बञ्चित हुन्छ र विना अनुभवको ज्ञान अन्ततः कोरा प्रभावविहिन रीतिरिवाज मात्र हुन जान्छ । यस्तो प्रभावविहिन परम्परा अन्ततः श्रद्धा रहित हुन जान्छ र श्रद्धा नहुनासाथ लोप हुन जान्छ । संस्कार भनेको मार्ग हो तर लक्ष होइन ।

वर्तमान समयमा मानिसको सोचाइ संस्कारलाई मार्ग नबनाएर लक्ष बनाउन जाँदा नै संस्कारको लक्षबाट मानिस अन्जान हुन पुगेका छन् । जस्तो जनै धारण गर्नु व्रतबन्धको लक्ष नभएर व्रतबन्धको लक्ष प्राप्ती गर्न जनै माध्यम चाहिं हो । यस्तै व्रत बस्नु लक्ष नभएर लक्ष प्राप्तीको निमित्त चाहिं व्रत बस्नु हो । प्रत्येक संस्कारका आफ्नै तरिका छन् । यी तरिका केवल क्रियात्मक मात्र नभएर भावनात्मक हुन्छन् । पहिला भावना हुनु पर्‍यो । भावनाले क्रियाको जन्म दिएपछि भाव र क्रियाको समन्वयबाट जुन प्रतिक्रिया प्रकट हुन्छ, यो नै संस्कारको मूल लक्ष हो । यसैलाई विज्ञान, प्रभाव वा अनुभूति भनिन्छ ।

संस्कार मानवलाई यथार्थ महान व्यक्ति बनाउने एउटा राजमार्ग हो । संस्कार मार्गको लक्ष हो । यो महानतामा लीन हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्षप्रति पूर्णसमर्पित हुनु भाव हो । यो भावको साथमा संस्कारका विधिलाई अनुसरण गर्दै गएपछि यसबाट प्रतिक्रिया प्रकट हुन थाल्छ । संस्कार अनुसरणबाट स्वानुभूति गरेका मानवलाई संस्कृत मानव भनिन्छ । जब मानिस सुसंस्कृत हुन्छ, तब मात्र उस्मा सत्चरित्र, सद्गुण र सद्व्यवहार प्रकट हुन्छ । यस्ता सुसंस्कृत मानवले समाजमा बरु आफू पीडाखप्न तयार हुन्छ तर अरुलाई उस्ले पीडा दिन सक्दैन । जब समाजमा यस्तो मानिसको समूह हुन्छ तब यी व्यक्तिहरूबाट समाजमा उच्च भावले युक्त, कर्मले युक्त र लक्षले युक्त जनकल्याण र जनसेवाका विविध कर्म थालनी हुन्छ र यस्मा सबै समर्पित हुन्छन् । यसैलाई हाम्रा ऋषिहरूले मानव सभ्यताको नाम दिनु भएको छ । हाम्रा संस्कारहरूले दुईवटा पक्षलाई ध्यान दिएका छन् । ती हुन् स्थूलपक्ष र सूक्ष्मपक्ष ।

स्थूलपक्ष

स्थूलपक्षमा पञ्चभौतिक शरीर र पञ्चमहाभूतहरू पर्दछन् । पञ्चमहाभूतहरूले हाम्रो शरीर बनेको हुँदा शरीरमा यी महाभूतको प्रभाव अवश्यै परेको हुन्छ । यी पञ्चमहाभूतमा एउटा भूतको मात्र कमी हुन गयो भने शरीर अस्वस्थ्य हुन जान्छ । यसैले पानीको दैनिक प्रयोग, माटोको प्रयोग, हावाको प्रयोग, सूर्यको प्रयोग र अनन्तको प्रयोग जीवनमा दैनिक नियमित रूपमा गर्ने संस्कारको प्रथम मार्गदर्शन हो । बिहान उठ्नासाथ पानीले स्नान गर्नाले शरीरमा जलतत्वको अभाव दूर हुन्छ । केवल मसिनो धोती धारण गर्नाले शरीरमा वायु पूर्ण रूपमा प्रवेश गर्दछ, यसले वायुतत्व शरीरमा पूर्ण हुन्छ । बिहानको सूर्योदयमा सूर्यदर्शन, सूर्यपूजन र सूर्यलाई जल चढाउनाले दैनिक भर्खर उदाएको सूर्यको किरणबाट शरीरमा तेजतत्व पूर्ण हुन्छ । शरीरमा माटो घसेर स्नान गर्नाले शरीरमा पृथ्वीतत्व पूर्ण हुन्छ र बिहान -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेलुका सन्ध्योपासना गर्दा जुन अनन्तको ध्यान गरिन्छ, यसबाट आकाशतत्व शरीरमा पूर्ण हुन्छ । यसलाई शास्त्रले क्रमशः जलस्नान, वायुस्नान; सूर्यस्नान, मृतिकास्नान र ब्रह्मस्नान भनेको छ ।

संस्कार विहिन व्यक्तिको निमित्त मानवशरीर भोगको निमित्त हुन्छ भने, संस्कृत व्यक्तिको निमित्त यो शरीर कर्मको निमित्त हुन्छ । जब शरीरमा पंचमहाभूतको साम्य अवस्था हुन्छ, त्यस्तो व्यक्तिलाई निरोगी, फुर्तिलो र जाँगरीलो भनिन्छ । यसैले हाम्रो संस्कारले सर्वप्रथम शरीरलाई स्फूर्तियुक्त बनाउन मार्ग-दर्शन गरेको छ ।

सूक्ष्मपक्ष

जब गर्भमा शिशुको स्वरूप विकास हुनथाल्छ, तबदेखि जीवनमा माताको विचार, कर्म र भोजनको प्रभावलाई अध्ययन गरी नराम्रो प्रभावबाट रोक्न सिमन्तोन्नयन र पुंशवन संस्कार गरिन्छ भने असल व्यक्तिलाई जन्म दिन गर्भाधान संस्कार गरिन्छ । वेदमन्त्र उच्चारित ध्वनि स्थूल हुन्छ र यसको लक्ष सूक्ष्म हुन्छ । स्थूलपक्षले शरीर रक्षा गर्दछ भने सूक्ष्मपक्षले भावको विकास गर्दछ । जब वेदमन्त्रले भाव सहितको लक्ष प्राप्त गर्दछ तब यसले अदृश्य रूपमा रहस्यमय रूपले कार्य गर्न थाल्छ । जस्तो विवाह संस्कारमा स्थूलपक्षबाट हेर्दा वरले वधू र वधूले वरको शरीर प्राप्त गर्दछ र यो संस्कार गर्दा जुन मन्त्रध्वनि निष्कन्छ यस्ले ती दुई प्राणीको अवचेतन मनमा प्रवेश गर्दछ र यसबाट भाव विकास गरी दिन्छ जस्ले गर्दा दुई दम्पति बीचमा भावनात्मक सम्बन्ध गाँसी दिन्छ । मन्त्रमा यस्तो शक्ति हुन्छ, जुन प्रकृतिको नियमबाट अलग हुन्छ । जस्तो हामी सबैले देखेका या सुनेका छौं, 'खलि खाएको' । यस्मा आगोको प्राकृतिक नियम हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलाउनु वा पोल्नु तर त्यो बेलामा मानिस आगोमा पातलो एउटा धोती बेरेर लडिबुडी गर्छ, आगो हातमा लिएर शिरमा राख्छ तर कहीं पोल्दैन, न लगाएको कपडा पोल्छ, न नै शरीरको एउटा रौं नै डढ्छ । यो कस्तो अचम्म होला ? यो सबै यही मन्त्रको सूक्ष्मशक्तिको कारणले हो । हाम्रा वैदिक संस्कारमा वैदिक मन्त्रको प्रयोग भएको कारण यी संस्कारका स्थूलपक्षबाट यस्को महत्व कसरी र किन भनेर प्रमाणित गर्न हामीलाई संभव नभए पनि यसको सूक्ष्मरहस्यलाई गहिरो अध्ययन गरेको खण्डमा यसप्रति श्रद्धा प्रकट हुन्छ नै । कतिपय कुराको प्रमाण हुँदैन तर त्यो यथार्थ हुन्छ । जस्तो भगवान् छ भनेर प्रमाण दिन सकिँदैन, यस्तै मन्त्रमा पनि शक्ति छ भनेर प्रमाण दिन सकिँदैन र जस्ले भगवान् छ भनेर बुझेको हुन्छ उस्ले मात्र बुझ्छ यस्तै मन्त्रशक्ति पनि । यस्को कारण यो हो कि, कुनै पनि स्थूल वा दृश्य पदार्थलाई प्रमाणित गर्न सकिन्छ तर अदृश्य वा सूक्ष्माति सूक्ष्म तत्वलाई प्रमाणित गर्न वा अरुलाई देखाउन सकिन्न । किनभने सूक्ष्म तत्व दृश्यमान हुँदैन ।

संस्कार गर्दा हवन, जप, पूजा, पाठ आदि गरिन्छ । यस्को स्थूलपक्ष हो, गरेको संस्कार देखिनु र सूक्ष्मपक्ष कार्य समाप्त भएपछि आफूमा एक किसिमको अन्तर आनन्द, शान्ति र तृप्ति प्रकट हुनु । सूक्ष्मप्रभाव जहिले पनि मन-मश्तिष्कमा परेको हुन्छ जुन अदृश्य तर स्वयम्वेद्य हुन्छ ।

◎

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार कमजोर र लोप हुनाको कारण

हाम्रा संस्कारहरू मानव जीवनको निमित्त तपस्या हुन् । तपस्या भनेको इन्द्रियको इच्छा र लोभलाई त्याग गरी धैर्य धारण गरी महान् लक्षमा समर्पित हुनु हो । यो कुरा व्यवहारमा उतार्नु सरल कार्य होइन । भित्रबाट दरो इच्छाशक्ति नभई मानव कुनैपनि जटिल कार्यमा समर्पित हुन सक्तैन । मानिस तीनवटा कारणबाट कुनैपनि कार्यमा समर्पित हुन्छ । यी हुन् - श्रद्धाको साथमा, करकापको कारण र लोभको कारण । हाम्रा संस्कारहरू भावनात्मक भएको कारणले यस्मा करकाप वा लोकोपबादबाट बच्न र लोभ वा स्वार्थ पूरागर्नको निमित्त कुनै संस्कार गर्नाले संस्कार त पूरा हुन्छ तर यसबाट जुन सूक्ष्म प्रभाव पर्नु पर्ने हो त्यो चाहिं संभव हुँदैन । किनभने हाम्रा संस्कारमा मूल अर्थ श्रद्धाले राखेको हुन्छ । मानव शरीरमा शरीरका हरेक अङ्गमा कमी छैन, भोगेच्छाको कमी छैन, संपूर्ण इन्द्रियशक्तिमा कमी आएको छैन तर संस्कार अवलम्बन गर्नमा श्रद्धाको कमी भएको छ । यस्का कारणहरू निम्न छन् :-

१) संस्कारलाई एउटा मनोरञ्जन वा जात्राको रूपमा लिनु ।

२) विना संस्कारमा बालक जन्मनु ।

३) पाश्चात्य संस्कृतिमा आस्था राख्नु वा विदेशी धर्मले समाजमा आफ्नो प्रभाव राख्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) भौतिक विज्ञानको एकोरो सोचाइ राख्नु ।

५) विना विचार र अनुशन्धान बेकार भन्नु ।

६) शैक्षिक क्षेत्रबाट अवहेलित हुनु ।

७) राज्य व्यवस्थाले वास्ता नगर्नु ।

८) अयोग्य ब्राह्मणको हातमा कर्मकाण्ड रहनु ।

९) ब्राह्मणद्वारा व्यापारिकरण हुनु ।

१०) धर्मगुरुहरूले सम्प्रदाय बनाउनु ।

११) संस्कृत भाषाज्ञानको अभाव हुनु ।

संस्कारको शुभारम्भ हुन्छ, गर्भाधानबाट । संस्कारद्वारा गर्भाधान गरेर त्यसबाट जन्मेको बालकलाई नै ब्रह्मविद्याको अधिकार हुन्छ भन्ने शास्त्रको मान्यता भएकोले हाम्रो जन्म नै संस्कार रहित छ । महर्षि आस्वलायनले भन्नु भएको छ-

"संस्कार रहिता ये तु तेषां जन्म निरर्थकम् ।"

अर्थात्, 'जस्ले संस्कार प्राप्त गरेको हुँदैन उसको जन्म निरर्थक हुन्छ ।' नित्यकर्म (सन्ध्या, देवपूजा, अतिथि सत्कार, व्रत, जप, तप, स्वाध्याय, सेवा, आदि) को निमित्त राजमार्ग प्रदान गर्नु, यसको निमित्त अवरोधको रूपमा आउने तत्वलाई उपेक्षा गर्नु संस्कारको मूल उद्देश्य हो । यसको निमित्त नैमित्तिक कर्म (विवाह, व्रतबन्ध) गरिन्छ र नैमित्तिक कर्मको मूल उद्देश्य काम्य कर्म (गर्भाधान, पुंसवन र सिमन्तोन्नयन) गरिन्छ । समय परिवर्तनको साथमा मानिसको भावना र कर्म पनि परिवर्तन हुनु यो प्रकृतिको नियम हो । अहिले हाम्रो संस्कार कमजोर हुनुको मूल कारण समाजबाट नित्यकर्म लोप हुनु हो । नित्यकर्म लोप हुनासाथ नैमित्तिक कर्म गरेपनि भावरहित केवल नाटकीय रूप मात्र हुन जान्छ । यसरी नित्य र नैमित्तिक कर्म विना कदापि काम्य कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारयुक्त हुन सक्तैन । तब असंस्कृत कर्मद्वारा प्राप्त प्रतिक्रिया पनि असंस्कृत नै हुन्छ । अब दुःखको कुरा समाज सबै बेढङ्गसँग असंस्कृत रूपमा चलेको छ । यसमा हामी पनि त्यही ड्याङको मूला हौं तर हामीले संस्कृत समाजको आशा, इच्छा र खोजी गरी रहेका छौं ।

पूर्वकालमा समाजमा मानव सङ्ख्या साह्रै कमी थियो र मानवको जीवनप्रक्रिया, भोजन-पदार्थ, चर्चाका विषय र विचारको क्षेत्र सबै सात्विक थिए । यस्तो अवस्थामा आफ्नो नित्यकर्ममा मानव सजिलै वा वातावरणले नै त्यसमा लाग्न सक्थे तर आजको समय ठीक त्यसको विपरित छ । जनसङ्ख्याको ज्यादा वृद्धिको कारण ज्यादा उत्पादनको निमित्त नाना कृत्रिम पदार्थको प्रयोगबाट बनेको भोजन, विज्ञानका नाना भौतिक पदार्थको संकलन, समाजमा तनाव आदि विषयको बारेमा सोचाइ हुनु र नाना तामसिक पदार्थको संपर्कमा रहनाको कारण र भिडमा मानवको निवास हुनुको कारणले नित्यकर्म समाजबाट लोप हुन पुग्यो । कुनै पनि कुराको पछि-पछि लाग्नमा सामाजिक वातावरणको ठूलो भूमिका रहेको हुन्छ । जस्तो अहिलेको समयमा घर-घरमा, गाउँ-गाउँमा र जता दुई जना भेट हुन्छ, त्यो स्थानमा राजनीति, विज्ञान-प्रविधि, सिनेमा-टेलिभिजन आदिको विषयमा चर्चा हुन्छ, यसरी नै प्रचीन समयमा संस्कार, आध्यात्म, विद्या, समाजसेवा आदि विषयमा चर्चा हुन्थ्यो । जसरी अहिले विद्यार्थीहरू बिहान-बेलुका पाठ्यपुस्तक अध्ययनमा हुन्छन्, यस्तै गरी त्यो समयमा आफ्नो नित्यकर्ममा बालकहरू लीन हुन्थे ।

हाम्रो संस्कार कमजोर हुनुको मुख्य कारण आधुनिक शिक्षा पद्धति नै हो । वर्तमान समयमा जति पनि शैक्षिक पाठ्यपुस्तक छन्, यिनीहरू विश्वको पाठ्यपुस्तक सँग मिलाईएको हुन्छ । विश्वले हाम्रो संस्कारसँग सम्वन्ध नराख्ने हुनाले उनीहरूसँगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वन्धसँग गाँसिन जाँदा स्वतः यो छुट्न जान्छ नै । प्रत्येक राष्ट्र वा समाजको आफ्नै किसिमको संस्कार हुन्छनै र सवैले आफ्नो संस्कारलाई लिएर गर्व गरेको हुन्छ । सबैलाई आफ्नै जन्मभूमि, संस्कार, भाषा, भेषभुषा आदिको गर्व हुन्छ नै । हाम्रो समाजले आफ्नो सन्तानलाई जन्म दिनु भन्दा बढी महत्व विदेशको शिक्षालयमा अध्ययन गर्न पठाउनुलाई जीवनको सफलता मानेको छ । जब विद्यार्थी विदेशमा गएर पढ्छन् तब त्यहाँबाट फर्कदा साथमा धेर-थोर विदेशी कोसेली बोकेर आउँछन् । यो कोसेली हो विदेशी संस्कार । मानिस विदेशबाट आएपछि हाम्रो अशिक्षित समाजको धारणा हुन्छ कि, उसले धेरै नयाँ कुरा सिकेर आएको छ । जब उसले आफूले सिकेको कुरा समाजलाई दिन थाल्छ तब समाजले विदेशी संस्कारको कोसेली पाउँछ अनि आफ्नो संस्कार प्रतिको आस्थामा कमी आउन थाल्छ र विदेशी संस्कार समाजले बिस्तार अनुकरण गर्न थाल्छ । हाम्रो संस्कार भक्ति-भाव, तपस्या, व्रत आदिमा आधारित भएकोले अवलम्बन गर्न अलि गाह्रो पर्छ भने बाहिरका कतिपय संस्कारहरू मनोरञ्जन युक्त भएकोले यसलाई अनुकरण गर्न रमाईलो लाग्छ । अहिलेको समाजले तपस्याको महत्व नबुझ्ने भएकोले मनोरञ्जनमा स्वतः आकर्षित भई हाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार र चतुराश्रम

मानवको जीवनलाई चारवटा अवस्थामा विभाजन गरिएको छ, जुन ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास हुन् । यसमा यदि नियमपूर्वक वा संस्कारलाई पूर्ण पालन गरेको खण्डमा मानवको जीवन सय वर्षसम्म स्वस्थ रूपले बाँच्न सकिन्छ भन्ने शास्त्रको मत छ । जस अनुसार जीवनलाई पच्चीस-पच्चीस वर्षमा सय वर्षलाई भाग लगाई चार आश्रममा विभाजन गरिएको छ ।

ब्रह्मचर्य आश्रम

यो समयामा मानवले मानव जीवनको यथार्थ महत्व बुझ्ेका हुन्छ । धैर्य धारण पूर्वक ब्रह्म विद्या, ब्रह्म चिन्तन र ब्रह्म कर्मको मार्ग पहिल्याउनु र पालन गर्नु नै यो आश्रमको मुख्य लक्ष हो । मानवको जीवन-लक्ष र लक्ष प्राप्तिका निमित्त विविध अनुशासन, वैदिक ज्ञानको मर्म, मानव सेवाको महत्व आदि विषयमा गुरुको साथमा रहेर शास्त्र अध्ययन र अनुशरण गरेपछि मानव चरित्रवान् हुन्छ । जीवनका प्रत्येक चरणलाई समाज र आत्म-कल्याणको निमित्त चिन्तन-मनन र कर्ममा उतार्नुलाई चरित्र भनिन्छ । यसलाई आचरण पनि भनिन्छ । बिहान उठेदेखि रातमा ननिदाए सम्म यावत् मन-मशितष्क र शरीरले गर्ने कर्म सबै आचरण हो । यी कर्म चाहेर-नचाहेर स्वतः भई नै रहेका हुन्छन् । यसमा होसपूर्वक जो सम्पूर्ण जीव-जगत् र आत्मकल्याणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निमित्त जुन कर्म गरिन्छ, यसलाई सत् आचरण भनिन्छ। यसलाई शास्त्रले 'आचरणात् धर्म' भनेको छ ।

ब्रह्मचर्यको अभ्यासमा रहने मानवलाई ब्रह्मचारी भनिन्छ। गुरुको साथमा रहेर नित्य मन्त्र जप, योग, ध्यान, धारणा गर्दै गएपछि मानिसमा आत्मानुभूति हुन थाल्छ । यस्तो आत्मानुभूति प्राप्त व्यक्तिले कदापी समाजमा अकल्याण सोच्न सक्तैन र लाग्न नसकी समाज कल्याणमा लीन रहन्छ । उसमा शान्ति, दया, करुणा, क्षमा, सेवा, दान आदि सद्गुण नित्यनिरन्तर रही रहन्छन् । जब साधनाको अनुभूतिको साथमा वेद, उपनिषद्, ज्योतिष, पुराण, व्याकरण, छन्द आदिको ज्ञानको साथै मानवीय गुणले परिपूर्ण हुन्छ, तब वैवाहिक जीवनमा प्रवेश गर्दछ ।

यो ब्रह्मचर्य आश्रम उपनयन संस्कारबाट प्रारम्भ हुन्छ र वेदाध्ययन, केसान्त, समावर्तन यी तीन संस्कारले यो आश्रमलाई अभिषेक गरेर यसलाई पवित्र गरिन्छ ।

गृहस्थ आश्रम

गृहस्थ आश्रम भनेको मानवले जन्म-जन्मान्तर देखि लिएर आएको वासनालाई पूरा गर्ने आश्रम हो । मानवको शरीर पञ्चमहाभूतबाट बनेको हुनाले भौतिक संस्कार शरीरसँग सम्बन्धित हुन्छ । यसैले शरीर भएसम्म वासना रही रहन्छ । यो वासना शरीरमा इन्द्रियको रूपले रहेको हुन्छ । वासनाको तीव्रता मानिसको जीवनमा पच्चीस वर्षदेखि पचास वर्षसम्म रहन्छ । यसैले यो वासना समाप्त गर्न गृहस्थ आश्रममा प्रवेश गरिन्छ । ब्रह्मचर्य आश्रममा रहँदा मानव जीवनको बारेमा आत्मानुभूतिको बारेमा ज्ञान प्राप्त गरी सकेको हुँदा विवाहको साथमा गृहस्थ जीवनमा प्रवेश गरेपछि उसमा सत्कर्म, सद्विचार र सत्आचरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिपूर्ण नै भएको हुनाले जीवनमा वा गृहस्थ आश्रममा बस्दा कुनै नराम्रा विचार प्रकट हुन संभव हुँदैन यदि जन्मान्तरको कारण आफूमा थिए भने पनि जप-तप र सत्कर्मबाट परिस्कृत भएर जान्छ । खाना खानुको अर्थ हो, आफू भित्रको खानाको माग पूरा गरेर आनन्दमा रहनु, यस्तै इन्द्रियका नाना माग हुन्छन् जसलाई नदिएसम्म उनीहरू शान्त हुँदैनन् । गृहस्थ जीवनमा यी इन्द्रियको इच्छा पूरा गरी आफू शान्तिमा रहनु हो ।

माता-पिताले जुन परिश्रम गरेर जन्म दिई, हुर्काइ, घर-जमिन हामीलाई दिनु भएको छ, यो वहाँहरूले हामीलाई दिएको ऋण हो । यो ऋण पूरा गर्न हामीले पनि सन्तान जन्माइ, हुर्काइ, योग्य मानव बनाई हाम्रो पैतृक सम्पत्ति हस्तान्तरण गरेपछि हामी यो ऋणबट मुक्त हुन्छौं । यसको निमित्त गृहस्थाश्रममा उचित वा योग्य सन्तान निर्माण गर्न यसभित्र गर्भाधान संस्कार, जातकर्म संस्कार, पुंसवन संस्कार, अन्नप्राशन संस्कार, कर्णवेध संस्कार, नामाकरण संस्कार, निस्क्रमण संस्कार, चुडाकर्म संस्कार, अक्षरारम्भ संस्कार, विवाह संस्कार र उपनयन संस्कार पर्दछन् ।

जब आफ्ना सन्तानको गुरुकुल अथवा ब्रह्मचर्य आश्रम समाप्त भएर घरमा फर्कन्छ, तब उसको विवाह गरी दिएपछि पिता-माताको गृहस्थ धर्म सकिन्छ र पुत्रको गृहस्थ धर्म सुरु हुन्छ यदि पूर्ण आयु विना कसैको देहान्त भएमा अन्त्येष्टी संस्कार यही आश्रममा गरिन्छ ।

वानप्रस्थ आश्रम

ब्रह्मचर्य आश्रममा ब्रह्म विद्या अध्ययन गरेर र अभ्यास गरेर जुन आत्मानुभूति प्राप्त गरेको हुन्छ र ब्रह्मचर्य आश्रममा रहँदा जुन एकाग्रताको अनुभव गरेको हुन्छ, यसको आनन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवाहलाई गृहस्थ आश्रममा रहँदा व्यवहारिक नाना झन्झटहरूले दबाई दिने हुँनाले ब्रह्मचर्य आश्रममा रहँदाको आत्मानुभूति रसको महत्व र त्यसको रसमा निमग्न रहने इच्छा पचास वर्षको उमेर पछि वृद्धि हुन थाल्छ । गृहस्थ जीवनमा रहँदा विचारवान् वा चिन्तन-मननशील व्यक्तिले विषय सेवनलाई परिणाम कष्टकर अनुभव गर्छ र मानव समाजको आकर्षणलाई अर्थविहिन अनुभव गरी आत्मानुभूति र स्वरूपमा निमग्न हुने इच्छा गर्दछ र आफ्नो सन्तान प्रतिको दायीत्व पूरा भएपछि व्यवहारिक जीवनबाट अवकाश लिई एकान्त स्थानमा गएर स्वरूपको उपासनामा लीन हुन थाल्छ । यसरी जगत् प्रतिको जानकारीबाट सम्पूर्ण रूपले पर रहेर एकान्त वनमा गएर परमात्मा चिन्तन गर्ने अवस्थालाई वानप्रस्थ आश्रम भनिन्छ । आफूले जीवनमा जे जति मित्र, सन्तान, पशु, शैक्षिक योग्यता र भौतिक पदार्थ प्राप्त गरेको हुन्छ, यी सबै अन्ततः अहंकारमा रूपान्तरित हुन्छन् र यही अहंकारको कारणले प्रारब्ध निर्माण हुन जान्छ । प्रारब्ध निर्माण हुन नदिन जो जीवनमा प्राप्त गरेका जन-धन हुन्छन्, तिनीहरू सबै परमात्मामा समपर्ण गरेपछि कुनै पनि जगत्को वन्धनबाट मानिस मुक्त हुन्छ र आध्यात्मज्ञान प्राप्त गरेर जीवन सफल बनाउनु नै वानप्रस्थको मूल उद्देश्य हो ।

शरीरले भौतिक पदार्थहरू केवल चल्नेमात्र अवस्थामा भोग गर्नु तपस्या हो । शरीरको तपस्याद्वारा शरीर पवित्र हुन्छ र मनको तपस्याद्वार वासना पवित्र हुन्छ । वासना पवित्र हुनासाथ इन्द्रिय पवित्र हुन्छ र इन्द्रिय पवित्र भएपछि मन पवित्र हुन्छ । मनको पवित्रताले भावना विकास हुन्छ, भावनाको विकासद्वारा लक्षमा मन एकाग्र हुन्छ र मनको एकाग्रताबाट स्वरूप ज्ञान हुन्छ । यसैले वानप्रस्थ आश्रममा खान, बस्न, सुत्न र लगाउन जुन भौतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थको आवश्यकता हुन्छ, यसमा केवले शरीर टिकाउन जति आवश्यकता हुन्छ त्यति मात्र प्रयोग गरिन्छ र बाँकि सबै कुरामा आनन्द र प्रेमको साथमा सहन गरिन्छ। सहनु नै भौतिक पदार्थको आकर्षणलाई विजय गर्ने साधना हो।

हाम्रो साथमा एउटा स्थूल शरीर छ र अर्को सूक्ष्म शरीर। जस्तो मकैको स्थूल रूप हरियो मकैको वोट हो भने सूक्ष्म रूप गेडाभित्रको अदृश्य अंकुर शक्ति हो। यदि मकैको दाना वा बीउ उच्च छ भने त्यसको उत्पादन पनि उच्च हुन्छ र बीउ कमजोर छ भने उत्पादन पनि कमजोर हुन्छ। हाम्रो सूक्ष्म शरीरको साथमा यावत् जीवनका ज्ञान रहन्छन् र स्थूल शरीर त्यो ज्ञानलाई प्रकट गर्ने यन्त्र मात्र हो। जब शरीर यन्त्र समाप्त हुन्छ तब त्यो ज्ञान स्वयम्मा मडारिन थाल्छ। ज्ञान राम्रो र नराम्रो दुई किसिमको हुन्छ। ज्ञान कर्मद्वारा प्रकट हुन्छ। यदि राम्रो कर्म गरेको छ भने त्यो ज्ञानले आफूलाई परं शान्ति दिन्छ र यो शान्ति स्थूल शरीर समाप्त भएपछि सूक्ष्म शरीरको साथमा भित्र-भित्र आनन्द लिन थाल्छ, जसलाई स्वर्ग भनिन्छ। यसको विपरित कर्म हुँदा दुःखले महा तड्पनमा फसेको हुन्छ यसलाई नरक भनिन्छ। वानप्रस्थ आश्रमले आफूभित्रका नराम्रा भावनालाई परिस्कार गरी शुभ भावनामा स्थित गराउँछ र ज्ञानको मार्गमा अघि बढाउँछ।

प्रकृतिले मानिसलाई स्वतः शिक्षा दिइरहेको हुन्छ। जस्तो कसैले उमेरको हदसम्म सरकारी नोकरी गरीसकेपछि सरकारले उसलाई अवकास दिन्छ। अवकास पाई सकेपछि पनि आफ्नो अफिसमा काम गर्छु भनेर सधैं गयो भने उसलाई अन्ततः दुःखमा रुमलिनु पर्छ। यस्तै आफ्ना सन्तान योग्य नभएसम्म उसले परिवारमा सन्तानलाई जे भने पनि सहन्छन् तर पुत्र ठूलो भई सकेपछि घरमा प्रायः अधिकांश परिवारमा पिता-पुत्र बीच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनात्मक सम्वन्ध राम्रो हुँदैन । यसको कारण प्रकृतिले नै उसलाई आत्म चिन्तनमा रहन भनेको हो । कति बूढा-बूढीहरू घरमा परिवारको प्रेम नपाएर मजबुरीले घरबाट निस्की दुःखी भएर मठ-मन्दिरमा बसेका भेटिन्छन् तर यसलाई वानप्रस्थ आश्रम भन्न मिल्दैन किनभने वानप्रस्थ आश्रममा स्वरूप ज्ञानको निमित्त पल-पल प्रयास हुन्छ र महाशान्ति हुन्छ। स्वेच्छाले छोडेमा वानप्रस्थ हुन्छ र मजबुरीले छोडेमा भिखारी हुन्छ। भिख मागेर आहार गरी जीवन बिताउने उद्देश्य भिखारीको हो र आत्मानुभूतिबाट ब्रह्ममय भएर जाने उद्देश्य वानप्रस्थीको हो।

प्राचीन समयमा जनसंख्या कमी भएको कारण जंगल प्रसस्त मात्रामा हुन्थ्यो । उक्त समयमा जडिबुटीको ज्ञान ब्रह्मचर्य आश्रममा गुरुबाट अध्ययन भएको हुन्थ्यो । जसले गर्दा केबल जडिबुटी र कन्दमूलबाट वानप्रस्थी मानिस स्वस्थ र शरीरलाई आवश्यक तत्वहरू प्राप्त गर्न सक्थे । अहिलेको समय भने परिवर्तनले उक्त समयको जस्तो नभएकोले जंगलमा गएर समाज सम्पर्कबाट रहित भएर बस्न प्रायः असंभव जस्तो भएकोले यथार्थ वानप्रस्थीको जीवनलक्ष प्राप्त गर्न आफ्नै घरको कोठामा व्यवहार सबै पुत्रलाई सुम्पेर शंकल्पको साथमा रहनु अति व्यवहारिक हुन्छ। घरमा वस्दा पनि यदि घर व्यवहारको वन्धन नराखेमा घरको कोठा नै जंगलमा परिणत हुन सक्छ। मात्र यसको निमित्त शहर भन्दा बाहिर अलि एक्लो घरको आवश्यकता पर्दछ । भोजनको समयमा उचित भोजन गर्ने र बाँकी समयमा आफ्नो आत्माचिन्तन र उच्च भावमा रहनाले घरका आफ्ना परिवारले पनि सम्मान गर्छन् र आफ्नो पिताको यस्तो लक्ष देखेर पुत्रले पनि आफूलाई गौरव गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्न्यास आश्रम

कुनै पनि इच्छालाई परित्याग गर्नु अथवा जागृत इच्छाबाट पूर्ण वैराग्य प्राप्त गरी सत् तत्वलाई पूर्ण रूपले धारण गर्नुलाई सन्न्यास भनिन्छ। वानप्रस्थ आश्रममा रहेर आत्मचिन्तन, ध्यान-तपस्या आदि उपासना गर्दै गए पछि अन्तर्शान्ति र आनन्द प्रकट हुँदै जान्छ । केवल आनन्द र शान्तिको आभास मात्र हुँदा मानिसमा जगत् प्रतिको इच्छा-स्फूरण भई नै रहन्छ । जब आत्मशान्ति र आनन्द अनुभूति गर्ने जीव त्यो आनन्दमा लय भएर जान्छ तब ब्रह्माण्ड र जीव एक हुन जान्छ । जब लय भएर जान्छ तब एक देखि भिन्न वा भोक्ता र भोग दुई रूप समाप्त भएर ब्रह्ममय हुन्छ। यही नै सन्न्यास अवस्था हो ।

प्रेरणा, भाव, कर्म र ज्ञान यी चार जीवन यात्राका स्वरूप बोधका निमित्त अङ्गहरू हुन्। प्रेरणाको श्रोत जहिले पनि आफूदेखि भिन्न हुन्छ। यसैले ब्रह्मचर्य आश्रममा गुरु र शास्त्र मूल प्रेरणाको श्रोत हुन्छन्। प्रेरणाले हृदयमा स्पर्श गरेपछि त्यसबाट भाव प्रकट हुन्छ । भावले खोजको मार्ग अपनाउँछ र खोजले कर्मको रूप धारण गर्छ, यो कर्म नै संस्कार हो । जव कर्मको बेग लक्षमा पुग्दछ तव कर्म समाप्त हुन्छ। यही कर्म समाप्ति अवस्थालाई नै सन्न्यास भनिन्छ। यसो हुनाले सन्न्यासीहरू जनै, टुपी, यज्ञ, वस्त्र, लौकिक कर्म आदि सबै परित्याग गर्दछन्। सन्न्यासीहरूको देहान्त भएपछि उनीहरूको कुनै काज-कृया नगर्नुको कारण उनीहरूको वासना र कर्म सबै ज्ञानको अग्निमा जलेर भष्म भई सकेको हुनाले हो। सन्न्यासीले गेरुवा कपडा धारण गर्नुको अर्थ पनि यही हो। गेरुवा भनेको अग्निको रङ्ग भएकोले यो वस्त्रले अग्नि धारण गरेको वा स्वयम् अग्नि रूप भएको, जसको सबै इच्छा, दुःख, माया, मोह, राग, द्वेष आदि मनोवृत्ति भष्म भएर प्रकास स्वरूप परमात्मामा लीन भएर ज्ञानको प्रकास जगत्मा छर्दै रहेको भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिकात्मक अर्थ हो । सन्न्यासी परमात्मा रूपमै लय हुने भएकोले शरीर समाप्त भएपछि उसको निमित्त कुनै संस्कार गर्नु जरुरी हुँदैन ।

सन्न्यास आश्रम प्राप्त गर्नु नै मानव जीवनको उद्देश्य भएकोले सही ब्रह्मचर्य आश्रममा रही ब्रह्मचारी भएमा यसबाट सही गृहस्थाश्रममा रही गृहस्थी हुन सक्छ र सही गृहस्थी भएमा यथार्थ वानप्रस्थ आश्रममा सविधी रही वानप्रस्थी भएर अन्ततः जीवनको परमोच्च लक्षस्वरूप ज्ञान प्राप्त गरी सन्न्यास हुन सक्छ भन्ने हाम्रो प्राचीन जीवन पद्धति अति नै महत्वपूर्ण छ ।

ॐ नमः शिवाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्भाधान संस्कार



एउटै गर्भबाट जन्म भएका दुई दाजु-भाइको बीचमा उनीहरूको शारीरिक बनोट, शरीरको अवस्था, मानसिक अवस्था, बौद्धिक क्षमता आदिमा ठूलो भिन्नता हुन्छ । ती बालकहरूले एउटै आमाको स्तन पान गर्दछन् र ती माता- पिताबाट हुर्कन्छन् तरपनि उनीहरूको बीचमा यी भिन्नताहरू कसरी भयो भन्नेकुरा खोजको विषय हो । एउटा वृक्षमा लाखौं पातहरू हुन्छन् तर एउटा पात अर्कोसँग मिल्न सक्दैन । यसको कारण के हो ? पृथ्वीमा भएका मानिसहरूमा एकको शारीरिक अङ्ग अर्कोसँग बिल्कुल बराबर मिल्दैन किन ? किननै खोजको विषय हो । किनले अन्ततः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणको जन्म दिन्छ र कारणले उपायको जन्म दिन्छ साथै उपायले समाधान दिन्छ। समाधान जीवनको पूर्ण सफलता हो।

आकास स्थित ग्रहहरूको प्रभाव यो पृथ्वीका सम्पूर्ण किट-पतङ्ग, वनस्पतिदेखि लिएर मानवसम्मलाई परेको हुन्छ। सम्पूर्ण ग्रहहरू गतिशील भएकोले यिनीहरूको गतिको प्रभाव पृथ्वीमा परेको हुन्छ। प्रत्येक ग्रह-गतिको प्रभाव पृथ्वीमा भिन्न रूपले परेको हुन्छ र यही प्रभावको कारण प्रत्येक क्षण परिवर्तनशील रहेको हुन्छ। यो परिवर्तनशील प्रभाव पृथ्वीमा परेको हुँदा नै प्रत्येक प्राणी र वनस्पतिको आकार र स्वभावमा अनेकता देखिएको हो। यसोहुनाले गर्भाधानको समयमा श्रीमान् र श्रीमती बीचमा शारीरिक र मानसिक अवस्थालाई पूर्ण ध्यान दिनु अति जरुरी हुन्छ।

आखिर अन्नको बीउ भूमिमै हाल्ने हो भनेर विना खनजोत र जमीनको चिस्यानलाई विचार नगरी वीउ छरेर कहिले पनि आशा अनुरूप उब्जनी प्राप्त गर्न सकिंदैन, यस्तै उपयुक्त वातावरण तयार नगरी गर्भाधान हुँदा पनि सही बालकको जन्म संभव हुँदैन। जमीनलाई सही रूपले खनजोत नगरी त्यसै वीउ छरेर पछि जतिनै मेहनत गरेपनि पछिको मेहनत जस्तो निरर्थक हुन्छ, त्यस्तै गर्भाधानको समयलाई वास्ता नगरी बालक जन्मी सकेपछि बालकलाई जति प्रयास गरेपनि आखिरमा माता-पिता अतृप्त र दुःखी नै रहन्छन्।

एउटा सही मानवलाई कसरी जन्म दिन सकिन्छ भन्ने विषयमा हाम्रा प्राचीन ऋषि-मुनिहरूले धेरै अनुसन्धान र मेहनत गर्नु भयो र अन्ततः खोज र गहिराइबाट प्राप्त ज्ञानलाई गर्भाधान संस्कारको रूपमा मानव समाजलाई प्रदान गर्नु भएको छ। यो संस्कारलाई गहन अध्ययन गर्न जरुरी छ। जस्तो धानको बीउ छर्नु पूर्व ऋतु विचार गरी जमीन खनजोतको विचार गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जमीन कस्तो किसिमको छ,त्यो विचार गरिन्छ, चिस्यानको विचार गरिन्छ र मुहूर्त्त विचार गरिन्छ । यसैगरी गर्भाधान पूर्व दुईप्राणी बीचको मानसिक र भावनात्मक अवस्था, स्थान, समय र शुभ-मुहूर्त्तलाई विचार गर्नु पर्छ ।

यो वायुमण्डलमा असङ्ख्य जीवात्माहरू गर्भमा प्रवेश गर्नको निमित्त घुमिरहेका हुन्छन् । यी जीवात्माहरू आफूखुसी गर्भमा प्रवेश गर्न सक्दैनन् । यी जीवात्माहरूको आफ्नो स्वभाव अनुरूपको दुई प्राणीको मिलन जहाँ हुन्छ, त्यहाँ यो आकर्षित हुन्छ। दुईप्राणी बीचको मिलनको समयमा जुन भाव हुन्छ त्यो भावमा चुम्बकीय शक्ति हुन्छ जसले गर्दा भाव अनुरूपको जीवात्मा स्वतः खिचिएर गर्भमा प्रवेश गर्दछ । यसोहुनाले गर्भाधान पूर्व यदि दुई प्राणीको बीचमा तनाव छ भने, यसमा पूर्ण रूपमा सतर्क रहनु पर्दछ । मानिसहरू आफ्नो मानसिक तनावलाई शान्त पार्न शारीरिक क्रियामा प्रवेश गर्दछन् तर यो समयमा गर्भ रह्यो भने जतिनै सज्जन दम्पतिबाट जन्मेको बच्चा किन नहोस्, पछि गएर ऊ तनावग्रस्त हुन जान्छ । वर्तमान समयमा मानिसहरू मदिरा सेवन गरेर नसाको तालमा गर्भाधान गर्दछन् । यो समयमा जन्मने बालक कदापि सज्जन हुन सक्दैन । हामीले यस्ता मदिरालत व्यक्तिको सन्तानको बारेमा अनुभव गरेका छौं कि, पछि गएर यी बालकहरू आफ्नो जीवनलाई आफैंले धोका दिएर आचरण र अनुशासनबाट बाहिरिएर ती पिता-माता दुःखी हुन गएका छन् । यसैले असल भावले युक्त सन्तानलाई जन्म दिन गर्भाधान समयमा दुईप्राणी असल भावमा लीन हुन जरुरी हुन्छ ।

आहारको साथमा मनको ठूलो सम्वन्ध हुन्छ । अग्निमा जस्तो आहूति दिन्छौं, त्यस्तै धूवाँ निस्कन्छ । अग्निमा प्लास्टिक हालेर घ्यूको वास्ना सम्भव हुँदैन, त्यस्तै तामसिक आहार गरेर सात्विक मनको आशा सम्भव छैन । जस्तो मन हुन्छ, यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचरण हुन्छ, जस्तो आचरण हुन्छ त्यस्तै कर्म हुन्छ र जस्तो कर्म हुन्छ त्यस्तै जीवनको उद्देश्य हुन्छ । यसैले जीवनको सही उद्देश्य राख्नको निमित्त सवैभन्दा पहिला आहार शुद्ध हुनु पर्दछ । गर्भाधान संस्कारमा पिताको भावनात्मक प्रभाव बालकमा परेको हुन्छ । यसैले शास्त्रमा उल्लेख छः-

आहाराचार चेष्टाभिर्यादृशीभिः समन्वितौ ।

स्त्रीपुंसौ समुपेयातां तयोः पुत्रोऽपि तादृशः ॥

अर्थात्, स्त्री र पुरुष जस्तो व्यवहार तथा चेष्टाले युक्त भएर परस्पर समागम गर्दछन्, उनीहरूको सन्तान पनि त्यस्तै स्वभावको हुन्छ ।' हामीले जुनकुरा खान्छौं, त्यो यज्ञ हो । यज्ञमा जस्तो पदार्थ हवन गरिन्छ सोही अनुरूप धूवाँ बन्दछ । यस्तै हामीले जस्तो भोजन गर्छौं, त्यस्तै वीर्य बन्दछ । यसैले शुद्ध अन्नको आहूतिबाट शुद्ध वीर्यको निर्माण हुन्छ । यो वीर्यलाई स्त्री-प्रशङ्गद्वारा गर्भाधान गर्नु यज्ञ हो । यसैले यज्ञलाई भाव-भक्तिको साथमा सम्पन्न गरेमा यसको परिणाम मनोइच्छिीत हुन जान्छ । यदि यसलाई लापरबाहीको साथ गरेमा "नहि यज्ञसमो रिपुः" यज्ञ नै आफ्नो निमित्त ठूलो दुश्मन हुन पुग्छ । आफूले गरेको लापरबाहीको कारण अन्ततः वृद्धावस्थामा कुसन्तानको कारण कुलकलंकको धेरै ठूलो यातना भोग्नु पर्दछ । यसरी गर्भाधान गरी सकेपछि माताको प्रभाव गर्भस्थ शिशुमा पर्न गएको हुन्छ । गर्भधारणपूर्व भने सबै उपयुक्त वातावरणको जिम्मेवारी पिताको नै हुन्छ किनकि बीउ अनुसारको वृक्ष तयार हुन्छ । यसो हुनाले बालक जन्मी सकेपछि बालकको गोत्र माताको नभएर पिताको हुन्छ ।

पिता बीउ हो र माता जमीन हो । जमीनको एउटा नियम हुन्छ कि, उपयुक्त वातावरण नपाएमा बीउ जमीनमा उम्रिँदैन र वातावरण मिल्नासाथ बीउ जमीनमा उम्रन्छ । बीउ जमीनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उम्रिए पछि मलजल र गोडमेल गर्ने काम अर्थात् गर्भाधान गरी सकेपछि गर्भस्थ शिशुको विकासका लागि आमाको भूमिका हुन्छ तर बीउ नै गतिलो छैन भने जति नै गोडमेल र मलजल गरे पनि उत्पादन राम्रो हुँदैन । यस्तै गर्भाधानको समयमा पिताको भाव उच्च छैन भने उच्च मनस्थितिको बालकको पनि जन्म सम्भव हुँदैन ।

यादृशेन हि भावेन यौनौ शुक्रं समुत्सृजेत ।
तादृशेन हि भावेन संतानं सम्भवेदिति ॥

अर्थात्, 'जुन भाव लिएर पुरुषले योनीमा वीर्य राख्दछ, त्यही भाव अनुसारको सन्तान हुन्छ ।' मानिसको शरीर छँदा जस्तो-जस्तो कर्म गर्छ ती कर्मको प्रतिक्रियाबाट चित्तको विकास हुँदै गई अन्ततः मृत्युको समयमा यो वासना रूपले स्फूरण भएर प्रारब्धको रूप लिन जान्छ र अर्को शरीर धारण गर्दा त्यो प्रारब्ध, बीजरूप नव शिशुमा आए जस्तै पुरुषको भावना गर्भधारणमा प्रमुख हुन्छ र यसले भावना अनुरूपको जीवात्मा गर्भमा प्रकट गर्छ । यसो हुनाले हामी धेरै मानिसहरूमा यो देख्छौं कि, पिता राजनीति क्षेत्रमा भए उसको पुत्रको झुकाव राजनीतिमै हुन्छ, पिता व्यापारी भए पुत्रको झुकाव पनि व्यापारमै हुन्छ, पिता सङ्गीतकार भए, पुत्र पनि सङ्गीतमा झुकेकै हुन्छ आदि । यसो हुनाले पुत्रलाई कस्तो बनाउने भन्ने सोच्नु पूर्व पिताले सोच्नु पर्दछ कि, आफू कस्तो बन्ने हो ? तिमी जे छौ तिम्रा सन्तान पनि त्यही बन्छन् । यही कारण एउटा ब्राह्मणकर्ममा लीन व्यक्तिको सन्तान पनि ब्राह्मणै हुन्छ भनेर हाम्रो सनातन धर्ममा चली आएको हो । यसमा शरीर चाहिँ ब्राह्मणको तर कर्म चाहिँ शुद्रको भयो भने ऊ कसरी ब्राह्मण हुन सक्छ र उस्का सन्तान कसरी ब्राह्मण हुन सक्छन् ?

जब पत्नी रजश्वला हुन्छिन् तब पति गर्भाधानको लागि तयारी भएर बस्नु पर्दछ । गर्भाधानको तयारीको निमित्त शुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आहार,जप, ध्यान, स्तुती र पवित्रतालाई पालन गरी शारीरिक र मानसिक रूपमा पवित्र भएपछि कस्तो बालकको जन्म दिने आफूलाई इच्छा छ, अर्जुन जस्तो या युधिष्ठिर जस्तो अथवा व्यास जस्तो, त्यो व्यक्तिको ध्यानमा पति निमग्न हुनु पर्छ र पतिले पत्नीलाई भन्नु पर्दछ, म यस्तो व्यक्तिलाई जन्म दिन चाहन्छु, तिमी त्यसलाई ग्रहण गर र तिमी पनि यस्तो व्यक्तित्वलाई धारणगर्न उसको ध्यानमा लीन रहु । रजस्वलाको समयमा नारीलाई अन्य पुजा-आजा र तीर्थव्रत निषेध गरी केवल आफ्नो इच्छित व्यक्तिको आत्मालाई गर्भमा आउन केवल उस्को मात्र ध्यान गरेर बस्नु पर्दछ । गर्भाधानको दिनमा दुवै प्राणी ध्यान, जप र स्तुतिमा रही शरीर मन र उद्देश्यलाई विलकुल पवित्र राखी, दूध र फल आहार गरेर रातको समयमा गर्भाधान गर्नु पर्छ । गर्भाधानको समयमा दुवै प्राणीले जस्तो सन्तानको जन्म दिने हो, त्यस्तै व्यक्तित्वको ध्यान गर्दै गर्भाधान गर्नु पर्दछ ।

हामी सबैले अनुभव गरेको कुरा हो कि, कुनै समयमा हामीलाई कसैले केही भनेको पनि हुँदैन र केही गरेको पनि हुँदैन, त्यसै हाम्रो शिर गऱ्हौं भएर आलस्य, चिन्ता, हतोत्साह र दुःख अनुभव हुन्छ र कहिले हामीमा स्फूर्ति शान्ति जोश,जाँगर,उत्साह र प्रेम भरिएर आउँछ, यो कसरी हुन्छ ? यसको कारण यो हो कि, हामीमा ब्रह्माण्डका ग्रह-नक्षत्रको प्रभाव एकनास परिरहेको हुन्छ । यसो हुनाले अनुकुल अवस्थामा हामीमा सकारात्मक पक्ष प्रकट हुन्छ भने प्रतिकुल अवस्थामा हामीमा नकारात्मक पक्ष प्रकट हुन्छ । शान्ति र आनन्दको समयमा गर्भमा प्रवेश गर्न शान्त र आनन्दले युक्त जीवात्मा तयार हुन्छन् भने अशान्ति र दुःखको समयमा अशान्ति र दुःखले युक्त भएका जीवात्मा गर्भमा प्रवेश गर्न तयार हुन्छन् । यसो हुनाले हाम्रो शास्त्रले उपयुक्त समयमा गर्भाधान गर्न गर्भाधान मुहूर्तलाई उल्लेख गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्भाधान संस्कारमा शरीर स्वस्थ हुन अति आवश्यक हुन्छ। शरीरको साथमा भावनाको सम्वन्ध रहेको हुन्छ । यदि शरीर अस्वस्थ भएमा उक्त समयमा दुई दम्पत्ती बीचमा कमजोर भाव रहन्छ र कमजोर भावको साथमा गर्भाधान हुनासाथ कमजोर जीवात्मा गर्भमा प्रवेश गर्दछ। यसो हुनाले गर्भाधान पूर्व शारीरिक स्फूर्ति अति नै महत्वपूर्ण हुन्छ। स्वस्थ र उत्साहपूर्ण मनस्थितिमा गर्भाधान हुँदा जन्मने बालक पनि स्वस्थ र उत्साही हुन्छ र अस्वस्थ शरीर र पीडित मनस्थितिमा गर्भाधान हुँदा जन्मने बालक पनि रोगी र पीडित मनस्थितिको हुन्छ। केवल रोगमा मात्र वंशानुगत प्रभाव नपरेर भावनामा पनि वंशानुगत प्रभाव परेको हुन्छ । यही कारणले जाती विभाजनमा जुन जातीको पिता-माता हुन्छन्, उनीहरूको सन्तान पनि त्यही जातिको हुन्छ भन्ने परम्परा रहेको हो । तर यसमा ब्राह्मणहरूले आफ्नो उच्च भाव र कर्मलाई निरन्तरता दिन नसकी संसारी माया र लोभमा फस्न जानाले जाति परंपरामा यिनीहरू नराम्रोसँग गिर्न गएकाले समाजमा जाति परंपराप्रति वितृष्णा प्रकट हुन गएको हो । चार जातमा ब्राह्मणले मात्र आफ्नो भाव र कर्मलाई परित्याग गरेको हो बाँकी अरु जातले छोडेका छैनन्। तर जो जसद्वारा संचालन र नियन्त्रण हुने हो, ऊ नै भ्रष्ट भएपछि अरुमा वितृष्णा उठ्नु स्वभाविकै भएकोले हाम्रो समाजमा ब्राह्मण बिग्रिन जाँदा प्राचीन परंपरागत संस्कार माथि अश्रद्धा प्रकट हुन गएको हो।

एउटा बालकमा उस्को माता-पिताको अनुहार मिल्न जान्छ। गर्भाधानको समयमा जति ज्यादा आफूमा एकाग्र भएको हुन्छ त्यति ज्यादा उस्को सन्तानमा उनीहरूको शारीरिक रूप मिल्न जान्छ । कोही-कोही त पिता वा माताको फोटोकपि नै हुन्छन्। यसमा केवल शरीरमा मात्र नभएर भावनामा पनि फोटोकपि हुन्छन् । यदि संस्कारको नियमलाई पूर्ण रूपमा पालना गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्भाधान गर्ने हो भने गर्भाधानको समयमा शरीरको जुन अंगमा रोग हुन्छ, त्यो रोग लिएर बालक जन्मन्छ जसलाई वंशानुगत रोग भनिन्छ। यसैले बालक जन्मिए पछि त जन्मियो-जन्मियो, जन्मनु पूर्व नै यदि सही शान्ति र आनन्द पूर्ण जीवन बिताउने हो भने गर्भाधान क्रियालाई होस् पुऱ्याउन अति आवश्यक हुन्छ।

ध्यानमा यस्तो शक्ति हुन्छ जसले संपूर्ण शरीरको कोष-कोषमा आनन्द, तृप्ति, स्फूर्ति र शान्ति सञ्चार गरी दिन्छ। शरीरको कुनै अङ्ग अस्वस्थ भएपनि ध्यानको गहिराइमा प्रवेश गरेपछि शरीरभावबाट छुटेर अनन्त आनन्दमा लय हुन्छ। ध्यानबाट उठी सकेपछि ध्यानको आनन्द तरङ्ग भित्र–भित्रै चलिरहने हुँदा यो अवस्थमा गर्भाधान हुन सक्यो भने मानिस धन्य भयो। ऊ आफ्नो सन्तानको कारण दुःखी हुनुको अतिरिक्त महासुखी र तृप्त हुन जान्छ। यसो हुनाले गर्भाधानलाई संस्कारमा राखिएको हो। संस्कार भन्नाले गरीने कर्मलाई विल्कुल परिशुद्ध गर्नु हो। संस्कारमा उपासनाद्वारा भावलाई शुद्ध गरी कर्म गरिन्छ र यस्ता कर्मद्वारा मानिसले इच्छा गरेको फल प्राप्त गर्दछ।

सारा प्राणीहरूमा प्रकृतिको नियमानुसार गर्भाधान प्रकिया भएको हुन्छ तर मानव भने अन्य प्राणी भन्दा विवेकशील प्राणी भएकोले संस्कारमा आवद्ध भएर गर्भाधान गर्न सक्छ। तर संस्कारलाई वास्ता नगरी केवल कामको भावावेगमा गर्भाधान हुँदा प्रकृतिको नियम अनुसार बालक जन्मन पुग्दछ। जसले यो क्रियालाई होसमा गरेको हुन्छ यसबाट जन्मने बालक पनि होसपूर्ण हुन्छ र जसले बेहोसमा गरेको हुन्छ यसबाट जन्मने बालक पनि बेहोसपूर्ण हुन्छ। यसैले संस्कारले होस निर्माण गर्छ। प्रत्येक क्रियाको प्रतिक्रिया त हुन्छ नै। बिनालक्ष गरेको क्रियाले पनि प्रतिक्रिया सृजना गर्दछ र लक्षसहित गरेको क्रियाले पनि प्रतिकिया सिर्जना गर्दछ। संस्कारले लक्ष प्रकट गर्दछ र लक्षयुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको क्रियाले आनन्द प्रकट गर्दछ । केवल शरीर सुख र इन्द्रिय तृप्तिका लागि गरिएको गर्भाधान क्रियाले तत्क्षणमा उद्देश्य पूरा भएपनि अन्ततः परिणाम भने अतृप्ति हुन जान्छ ।

एउटा प्राकृतिक कर्म हुन्छ अर्को पुरुषार्थ कर्म हुन्छ । प्राकृतिक कर्म प्रकृतिद्वारा चलेको हुन्छ र पुरुषार्थ कर्मले प्रकृतिको कर्मलाई सदुपयोग गर्दछ ।जस्तो नदी ओरालो तर्फ बग्छ, यो प्राकृतिक कर्म हो र ओरालोमा बग्ने नदीलाई बाँध बाँधेर सिँचाईको निमित्त लिएर गई जमीनमा पुऱ्याएपछि प्राकृतिक कर्मलाई सदुपयोग गर्न सकिन्छ, यो नै पुरुषार्थ कर्म हो । सृष्टि प्रकृतिको नियम भएकोले दुई प्राणीको मिलनबाट सृष्टि हुन्छ । जनावर, किरा र पंक्षीले पुरुषार्थ कर्म गर्न नसक्ने हुनाले यिनीहरू प्राकृतिक कर्मको परिधिमा बाँधिएका छन् । तर मानवले प्राकृतिक कर्ममाथि आफूले पुरुषार्थ गर्न सक्ने भएकोले नै प्राणी जगत्मा मानवलाई सर्वश्रेष्ठ प्राणी भनेको हो । हाम्रा प्राचीन ऋषिहरूले पुरुषार्थ कर्मलाई संस्कारको रूप दिनु भएको छ । जो मानिसले आफूलाई संस्कारमा राखेर यावत कर्म गर्छ उसैलाई सभ्य मानव भनिन्छ । संस्कार मानव जीवनको अति ठूलो विज्ञान हो, जसले जीवनको सही महत्वलाई आत्मसाथ गराउँछ । मानव शरीरमा जब शक्ति संचित हुन्छ, तब यो शक्तिबाट कामभाव प्रकट हुन्छ । बालकमा कामभाव हुँदैन, किनभने उस्को शरीरले पूर्णशक्ति प्राप्त गरेको हुँदैंन र बृद्ध शरीरमा पनि कामभाव कमी भएर जान्छ, किनभने उस्को शरीरको शक्ति क्षिण हुँदै गएको हुन्छ । जस्तो आहार गरेर मानव शरीरले शक्ति प्राप्त गरेको हुन्छ त्यही आहारको गुण गर्भाधानमा प्रवेश गर्छ र जस्तो गुण गर्भमा प्रवेश गर्दछ त्यही अनुरूपको गुण लिएर बालक जन्मन्छ । यसैले बालक जन्मेदेखि नमरुञ्जेलसम्म जुन जीवन छ यो जीवन पूर्ण रूपमा प्रकृतिद्वारा संचालित हुन्छ । बालक जन्मेदेखि वृद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहुन्जेलसम्मको सम्पूर्ण कर्म र शरीरको रूप प्रकृतिद्वारा नै हुन जान्छ । जस्तो कसैले बालकबाट किशोर र किशोरबाट युवा,युवाबाट वृद्ध बन्न स्वयम्लाई प्रयास गर्नु पर्दैन । यी सबै प्रकृतिको नियम अनुसार नै भइरहेको हुन्छ। मात्र मानवको हातमा संस्कारलाई पालन गर्ने अवसर हुन्छ, अरु प्राणीमा हुँदैन । जसले संस्कारलाई पालन गर्दछ उस्ले जीवनको सही आनन्द र सफलता प्राप्त ग़र्दछ र जसले यसलाई वास्ता गर्दैन उ प्रकृतिद्वारा नै सञ्चालित हुन्छ । जस्तो नदीमा सफा र फोहोर दुवै मिसिएको पानी बगिरहेको हुन्छ । यसलाई छानेर पिउनाले मानिसले आफ्नो प्यास मेट्छ स्वस्थ पनि रहन्छ र जस्तो छ त्यसैलाई पिउनाले प्यास त मेटिन्छ तर पानीमा भएको फोहोर पेटमा गएर रोगको कारण हुन जान्छ । संस्कारले पानीलाई छानेर पिउन सिकाउँछ । कामवासना प्राकृतिक नियम हो । यसबाट मानव सृष्टि भएको हुन्छ । तर यसलाई केवल भावावेग शान्त पार्नमा मात्र सीमित राख्यो भने गर्भमा संस्कारविहिन जीव आएर बसिदिन्छ यदि आफू संस्कारमा बसेको छ भने गर्भमा पनि संस्कार युक्त प्राणी आएर बसिदिन्छ । गर्भाधान भनेको आफ्नै प्रतिरूपको स्थापना हो । यसमा अन्त कहिंबाट आएर बस्ने नभएर आफैंले राख्ने हो । त्यसैले आफूजस्तो छ त्यही आफ्नो छायाँलाई गर्भमा स्थापित गर्ने प्रक्रियालाई नै गर्भाधान प्रक्रिया भनिन्छ । हामी हाम्रो पिताको प्रतिरूप हौं भने हाम्रो पुत्र हाम्रो प्रतिरूप हो । त्यसैले हामी सही पुरुष भएमा मात्र हाम्रो पुत्र सही हुन्छ । बल-उमेरको केवल उमंग र भावावेगमा स्थित भएर संस्कारलाई वास्ता नगर्नाले हाम्रो प्रतिरूप बिग्रन्छ । हाम्रो प्रतिरूप बिग्रनासाथ उसबाट जन्मने अरु प्रतिरूप बिग्रीएर जान्छन् । यसैत कालक्रमको कारण संस्कारको महत्वज्ञान नहुनाले धेरै अघिको पुस्तादेखि नै बिग्रीएर आएको छ । अब यसलाई पुनर्स्थापना गर्न अत्यन्तै जरुरी छ । नत्र हाम्रो आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महान् मौलिक महत्व मात्र नभएर आउँदा सन्तानहरूको जीवन पनि बर्वाद हुँदैछ।

पश्चिमी मूलुक र अन्य धर्म यो मामलामा निकै होसियारी भएर 'old is gold' भनेर आफ्नो धर्म र संस्कारमा कट्टर छन्। तर दुःखको कुरा हाम्रो समाज भने 'उहिलेका कुरा खुइले' भनेर आफ्नो धर्म परंपरा संस्कार र संस्कृतिलाई छाडी हिंडिरहेको छ। वर्तमान समाजको एउटै भूल छ, त्यो हो विना विचार लहै-लहैमा लाग्ने । कुनै कुरालाई होइन भन्दा पहिले त्यसको विषयमा अनुसन्धान गर्नुपर्छ । विना अनुसन्धान होइन भनेर प्रचार गर्न जाँदा हो कुरा माथि ठूलो बज्रपात पर्न जान्छ। होइन कुरालाई हो भन्नु पनि अन्याय हो र हो कुरालाई होईन भन्नु पनि अन्याय हो। यसैले विना अनुसन्धान निर्णय गर्नु मानव समाजको ठूलो भूल हो।

हाम्रो परम्परामा नारीलाई परपुरुषसँगको मानसिक र शारीरिक संवन्धलाई पूर्ण रूपमा निषेध गरिएको छ। नारी सदैव आफ्नो पतिको भावलाई ग्रहण गर्न तत्पर रहनु पर्छ। परपुरुषको सम्वन्ध यदि नारीमा भएमा आफ्नो पतिको भाव ग्रहण गर्न सक्दिनन्। यसैले आफ्नो पतिको भाव ग्रहण गर्न स्त्रीले पतिको सेवा गर्ने परंपरा चलेको हो। मानिसको शरीरमा भक्ति चेहराबाट प्रकट हुन्छ र शक्ति पाउबाट प्रकट हुने हुँदा श्रीमान्‌को पाउ ढोग्ने र पाउको पानी ग्रहण गर्ने परंपरा चलेको हो । जस्को पाउ धोएर जल ग्रहण गरिन्छ उस्को भाव-शक्ति आफूमा प्रवेश गर्ने हुँदा नित्य पतिको पाउ धोएर जल सेवन गरेपछि पत्नीमा पतिको भाव प्रवेश गर्छ। तब पति र पत्नीको एउटै भाव हुन्छ। जब एउटै भावमा गर्भधारण हुन्छ यसपछि मनले सोचेको लक्ष गर्भमा प्रवेश गर्दछ।

गर्भाधान संस्कारमा दिनको समयलाई निषेध गरेर रातलाई शुभ मानेको छ। यसको कारण यो हो कि, दिनमा मन चञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र दिनको समय भनेको व्यवहारिक कर्मको समय हो । यो समयमा वायुमण्डलमा मानिसले गर्ने गरेको कर्म र शब्द ध्वनि चलेका हुन्छन् । यसो हुनाले ती तरङ्गहरूको प्रभाव हामीले लिने स्वासमा पर्नजाँदा मन चञ्चल भएको हुन्छ । दिनको समयमा इन्द्रिय पूर्णरूपले बहिर्मुख हुने हुँदा मनको एकाग्रता हुँदैन । रातमा मानिसहरूले अन्य व्यवहारिक कार्य नगर्ने हुँदा पूर्ण रूपमा वायुमण्डल नै शान्त भएको हुनाले यस्को प्रभावले मानिसको मानसिक अवस्था पनि शान्त भएको हुन्छ । यसो हुनाले रातमा गर्भाधान गर्न शास्त्रले निर्देश गरेको छ ।

गर्भाधान संस्कार गर्दा रातको भोजनमा अति नै ध्यान दिनु पर्छ, किनभने रातमा टन्न पेट चर्कने गरी भोजन गऱ्यो भने मानिसमा आलस्य प्रकट हुन्छ जसले गर्दा एकाग्रतामा स्वतः बाधा पर्न जान्छ । यसैले गर्भाधान गर्ने दिन बेलुका विल्कुल हल्का भोजन गर्नु पर्दछ, ताकि पेट हल्का रहोस् । आलस्यताको अवस्थामा यदि गर्भधारण भयो भने यो बेला जन्मने बालक आलस्यपूर्ण हुन्छ ।

वर्तमान समयमा मानिसहरू गर्भाधान संस्कार र यसको असरलाई विलकुल वास्ता नगरी केवल इन्द्रिय तृप्तिमा मात्र सीमित रहनाले कति मानिसहरूले भ्रुणहत्या गरीरहेका छन् । कति मानिसले गर्भमा छोरी भएको थाहा पाएपछि छोराको चाहाना गर्नेले आफ्नो इच्छा विपरित गर्भ पाएपछि दुःखी भएर गर्भहत्या गर्दछन् र कति मानिसले धेरै छोरी भएर दुःखी भएर अन्ततः पुत्रको आशामा पुत्री-पुत्री भएपछि अप्रेशन गरी दिन्छन् । यसको लागि सामान्य ज्ञान हुन जरुरी हुन्छ । रजश्वला भएको चार दिनसम्म गर्भाधानलाई निषेध गरिएको छ र रजश्वलाको पाँचौं दिनदेखि सोह्रौं दिनसम्म गर्भ रहन्छ । यसमा ५, ७, ९, ११, १३ र १५ दिनमा गर्भ रहँदा कन्याको जन्म हुन्छ र ६, ८, १०, १२, १४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र १६ दिनमा गर्भ रहँदा पुत्र जन्मन्छ । यसैले पुत्र चाहनेले जोर संख्यामा गर्भाधान गर्नु पर्छ । गर्भमा रजको प्रधानता हुंदा कन्या र वीर्यको अधिकता हुंदा पुत्र हुन्छ साथै रज र वीर्य बराबर हुंदा नपुंसक हुन जान्छ । रजश्वला भएको बिजोर दिनमा नारीको रज अधिक शक्तिशाली हुने हुँदा कन्या र जोरमा नारीको रज कम हुने हुंदा पुरुषको शुक्र अधिक शक्तिशाली हुन जाने हुनाले पुत्र हुन जान्छ । बिहानको ब्रह्म मुहुर्तमा रजको अधिक र न्यूनको सन्धि काल हुने भएकोले यो बेलामा गर्भाधान हुंदा नपुंशक हुने संभावना हुने भएकोले यो बेलामा गर्भाधान निषेध गरिएको छ ।

आकाशमा स्थित नक्षत्रहरूको प्रभाव हाम्रो जीवनमा निरन्तर परी रहेको हुन्छ । यी नक्षत्रहरूको आफ्नै स्वभाव अथवा प्रकृति रहेको हुन्छ । जस्तो मानिसको अलग-अलग स्वभाव हुन्छ, यस्तै नक्षत्रहरूको पनि अलग-अलग भएकोले उग्र प्रकृतिको नक्षत्रमा गर्भाधान हुँदा त्यसबाट जन्मने बालक पनि उग्र स्वभावको हुन्छ र शान्त प्रकृति भएको नक्षत्रमा गर्भाधान हुंदा त्यसबाट जन्मने बालक पनि शान्त नै हुन्छ । यसो हुनाले गर्भाधानको समयमा उपयुक्त नक्षत्रलाई विचार गर्न अति जरुरी हुन्छ । श्रवण, रोहिणी, हस्ता, अनुराधा, स्वाति, रेवती, उत्तरफाल्गुनि, उत्तरषाढा, उत्तरभाद्रपद र शतभिशा यी नक्षत्र गर्भाधानको निमित्त श्रेष्ठ मानिन्छन् । पुष्य, धनिष्ठा, मृगशिरा, अश्विनी, चित्रा र पुनर्वसु यी नक्षत्रलाई गर्भाधानको निमित्त मध्यम मानिन्छन् । बाँकी अरु नक्षत्र गर्भाधानको निमित्त बर्जित छन् । वृहदवकहडा चक्रमा उल्लेख छ, चतुर्दशी, अष्टमी अमावस्या र संक्रान्तीलाई पर्व दिन भनिन्छ । यो समयमा गर्भाधान क्रिया निषेध छ । वृहस्पतिबार, आईतबार र मंगलबार गर्भाधान हुंदा पुत्र र शुक्रबार र सोमबार गर्भाधान हुंदा कन्या र शनिबार र बुधबार गर्भाधान हुँदा नपुंषक हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चन्द्रमाको प्रभाव हाम्रो जीवनमा निरन्तर परिरहेको हुन्छ, चन्द्रमाको प्रभाव पूर्णरूपमा मनमा परेको हुन्छ । चन्द्रमाको गतिको अवस्थालाई तिथि भनिन्छ । अष्टमी, चतुर्दशी, पूर्णिमा र औंशीको रातमा पर्ने चन्द्रमाको प्रभावबाट गर्भको भ्रूणलाई नकारात्मक प्रभाव पर्ने भएकोले उक्त दिनमा गर्भाधान निषेध गरिएको छ । ग्रहण कालमा ग्रहको प्रभाव विल्कुल विषाक्त हुने भएकोले यो समयलाई पनि गर्भाधानमा निषेध गरिएको छ । पितृकार्यको दिनमा श्राद्ध गर्दा मन्त्रको प्रभावको कारण पिण्ड नपाएर भौंतारिएका प्रेतात्माहरू सो घरमा यसरी घुम्छन् जसरी भोज सकिएपछि कौवाहरू छरिएका भात खान घुमेका हुन्छन् । यसैले श्राद्धको दिनमा गर्भाधान हुँदा ती प्रेतात्माको प्रभाव दुई दम्पत्ती बीच पर्ने भएकोले सो दिन गर्भाधानलाई शास्त्रले निषिद्ध गरेको छ ।

गर्भाधान संस्कारमा हवनको विधि उल्लेख छ। हवन गरेपछि दुई दम्पत्ती बीचमा मानसिक अवस्था शान्त हुन्छ। यो संस्कारमा जतिपनि गरीने क्रियाहरू छन्, सबैको मूल उद्देश्य उच्च भावको विकास र मानसिक शान्ति प्राप्त गर्नु हो। कालक्रम अनुसार धेरै कुराहरू परिवर्तन हुँदै जाने भएकोले वर्तमान समयमा मानिसहरूलाई हवन पद्धतिको ज्ञान सबैलाई हुँदैन र गर्भाधानको निमित्त भनेर ब्राह्मणलाई बोलाएर हवन गराउन मानिसलाई असजिलो लाग्न सक्छ। यसैले यसको निमित्त दुई दम्पत्ती बीचमा एउटै लक्षको ध्यान हुनु अति आवश्यक रहेको हुन्छन्। गर्भाधान कालमा जसरी शरीरको अंङ्गहरू आपसमा जोडिएका हुन्छ यसैगरी भावना पनि दुवैको जोडिनु पर्छ । एउटै भावना जोडिएमा उक्त जोडिएको भावनाबाट मनोइच्छा अनुरूपको सन्तान जन्मन सक्छ। पतिको एउटा भावना र पत्नीको अर्को भावना भएको खण्डमा यसबाट जन्मने बालक द्वन्दात्मक मनस्थितिको हुन जान्छ। यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकमा पछि गएर निर्णयशक्ति हुँदैन । जुन मानिसमा जति ज्यादा निर्णयशक्ति हुन्छ ऊ नै पछि गएर महान् हुन पुग्छ । निर्णयशक्तिले कर्ममा लिएर जान्छ र दरो निर्णयशक्तिबाट दृढशंकल्प प्रकट हुन्छ । जसमा जति ज्यादा दृढशंकल्प हुन्छ, ऊ नै जीवनमा ज्यादा सफल हुन्छ । पतिले जति ज्यादा पत्नीलाई प्रेम गर्छ, पत्नी जति ज्यादा पतिमा समर्पित भएर पतिव्रतामा दृढ हुन्छिन्, त्यति ज्यादा पतिको भाव पत्नीले ग्रहण गर्दछिन् । हामीले देखेका र अनुभव पनि गरेका छौं कि, जस्को पति-पत्नी बीच गहिरो प्रेम हुन्छ, उनीहरूबाट जन्मेका सन्तान भिन्न प्रकृतिका हुन्छन् र जस्को पति-पत्नी बीच रातदिन तनाव हुन्छ यस्तो दम्पतिबाट जन्मेका मानिस पनि विक्षिप्त मनस्थितिका हुन्छन् ।

रजश्वलाको चार दिन सम्म गर्भाधान क्रियालाई निषेध गरिएको छ । रजश्वलाको समयमा नारीको शरीरबाट निस्कने पदार्थ एकदम विषाक्त हुन्छ । यो समयमा विपरित शरीरलाई स्पर्श गरेपछि विषाक्त पदार्थले मानिसलाई प्रभाव पार्न थाल्दछ । यो समयमा नारीको शरीरको विषाक्त प्रभाव मानवलाई मात्र नपरेर वृक्ष र वनस्पतिलाई पनि परेको हुन्छ भनेर हाम्रो परम्परामा फलको वृक्षलाई समेत छुन निषेध गरिएको छ । यसो हुनाले छुनै नहुने समयमा यदि गर्भाधान भएमा यसबाट जन्मने बालक अपाङ्ग, सुस्तमनस्थिति र अल्पायुको हुन जान्छ ।

गर्भाधानको निमित्त पुरुषको शुक्र विकशित हुनलाई २५ वर्षको समय र नारीलाई १६ वर्षको समय मानेको छ । यदि नारी १६ वर्ष भन्दा कम उमेरमै गर्भवती भएमा उनीबाट जन्मने सन्तान कमजोर हुन जान्छ र पुरुष २५ वर्ष भन्दा कम उमेर भएमा उस्को शुक्र विकसित भई नसकेको हुँदा उस्बाट जन्मने बालक पनि कमजोर हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीले लिने श्वास-प्रश्वासलाई लिएर प्राचीन ऋषिहरूले धेरै अनुसन्धान गर्नु भएको छ । जसलाई स्वर विज्ञान भनिन्छ । मानिसको विचार, भाव, मानसिक अवस्था र शारीरिक अवस्था अनुसार स्वर(श्वास-प्रश्वास) मा परिवर्तन भई रहन्छ । दिनमा मन, भाव र शारीरिक अवस्था अस्थिर हुने हुँदा श्वासप्रश्वास पनि अस्थिर हुन्छ । मानसिक अवस्था गडबड भएको बेलामा र शारीरिक कर्म गरेको बेलामा श्वास-प्रश्वास असामान्य भएको हामी सबैले अनुभव गरेको विषय हो । यसो हुनाले दिनमा गर्भाधान क्रिया गर्न पूर्णनिषेध गरिएको हो । नाकको दायाँ प्वालबाट श्वास चल्दा यसलाई सूर्यश्वर र वाँयाबाट श्वास चल्दा चन्द्रश्वर भनिन्छ । सूर्य पुरुष हो र चन्द्र नारी हो । सूर्यश्वर दायाँ र चन्द्रश्वर बाँया हुन्छ । जस्तो एउटै नाकमा चन्द्र र सूर्य श्वर मिलेर बसेको हुन्छ, यस्तै पति-पत्नी पनि शरीर भिन्न देखिए तापनि आपसमा भावनात्मक रूपले नित्य सगै रहेका हुन्छन् । रातको समयमा शारीरीक कर्म नहुने र मानसिक रूपमा पनि कर्मभावबाट मुक्त हुने भएकोले श्वासप्रश्वास प्रकिया स्वभावैले स्वभाविक अवस्थामा हुन्छ । सन्ध्योपासना गर्दा प्राणायम गरिन्छ र श्वर उपयुक्त अवस्थामा आएको हुन्छ । गर्भाधान क्रिया गर्दा पुरुषको दायाँ श्वर र नारीको बाँया श्वर चल्नु पर्दछ । वायाँ श्वरमा रहने भएकीले पत्नीलाई वामाङ्गी भनेको हो । श्वर परिवर्तन गर्नलाई जुन श्वर चलेको हुन्छ त्यतै पटि कोल्टे सुतेपछि अर्को श्वर चल्न थाल्छ । जस्तो पुरुषको बायाँ श्वर चलेको छ र दायाँ चलाउनु परेमा वायाँ कोल्टे सुतेपछि १५ देखि २० मिनेट पछि दायाँबाट स्वास चल्न थाल्छ ।

गर्भाधान भएपछि एक महिनासम्म कोषहरूको एउटा प्रारम्भिक रूप हुन्छ । गर्भाधान भएको दुई महिनामा यो अति विकशित हुन्छ, तीन महिनामा शिर हात बन्न थाल्छ, चार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिनामा शरीरका अङ्गहरू बन्न थाल्छन् र चेतना पनि बालकमा सुरु हुन थाल्छ । पाँचौं महिनामा मन बन्न थाल्छ, छैटौं महिनामा बुद्धि विकास हुन थाल्छ । सातौं महिनामा गर्भका प्रायः सबै अङ्ग-प्रत्यङ्गहरू प्रकट हुन्छन् । आठौं माहिनामा गर्भबाट आमामा र आमाबाट गर्भमा ओजको संचार हुन थाल्छ । नौ वा दश महिनामा आएर प्रशव हुन्छ । गर्भ रहेको जब पाँच महिना हुन्छ, तब यो समयबाट बालकको मन बन्न सुरु हुने हुनाले यो बेलाबाट प्रत्येक श्रीमानहरूले श्रीमतीको चाहना अनुरूप व्यवहार गर्नुपर्छ ताकि उनमा अप्रशन्नता र दुःखको आभास नरहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुंसवन संस्कार



आशा अनुरूप अन्न उत्पादन गर्न एउटा किसानले सर्वप्रथम त जमिनलाई खनेर माटोलाई उचित अवस्थामा धूलो पारेर मात्र विजारोपण गर्दछ । यस्तै गरी आशा अनुरूप सन्तान प्राप्तिको निमित्त पनि उपयुक्त मानसिक र शारीरिक स्वस्थ अवस्थामा गर्भाधान गरी सकेपछि जस्तो बीजारोपण गरी सकेपछि बीजले अंकुर धारण गरेर आफ्नो रूप लिन सुरु गर्छ, यस्तै गर्भाधान भइसकेपछि आमाको गर्भमा बालकको शरीर बन्न सुरु गर्छ । जसरी बीजारोपण गरी सकेपछि जमिनमा मल-जल गरिन्छ, यसैगरी गर्भस्थ बालकलाई सबल बनाउनको निमित्त संस्कार गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ । जस्तो बालीलाई राम्रो अथवा आशानुरूप उत्पादन गर्न बाली वा लगाएको अथवा रोपेको बिरुवालाई नगोडी जमिनलाई गोडमेल गरिन्छ । यस्तै गरी बालकलाई पूर्ण विकसित पार्न आमालाई रेखदेख गरिन्छ । जसरी आमाले गरेको भोजनबाट गर्भस्थ शिशुको शरीर विकास हुन्छ । यसैगरी आमाको मानसिक शान्ति र चिन्तन अनुरूपको गर्भस्थ शिशुको मानसिक र बौद्धिक विकास हुन्छ । पिता-माताको शारीरिक अवस्था अनुरूपको बालकको शरीर बन्छ । जस्तो यदि पिता-माता दीर्घ रोगी छन् भने यस्ता रोगी माता-पिताको रोग सूक्ष्म रूपमा बालकमा वंशानुगत रोगको रूपमा आएको हुन्छ । यस्तै पिता-माताको स्वभावबाट बालकको स्वभाव बनेको हुन्छ । यसैले माता-पिताको स्वभाव र विचारशक्तिलाई विकसित गर्न पुंसवन संस्कार गरिन्छ । बालकको जन्म दिनु एक योग्य दम्पत्तिको निमित्त धेरै ठूलो उत्तरदायीत्व हुन्छ । एक लायक मानवको जन्म दिन विचारवान् दम्पत्तिको निमित्त स्वयम् लायक हुनुपर्छ । अन्यथा भएपछि नालायक दम्पत्तिबाट जन्मिएका सन्तान समाजको निमित्त नालायक भएर समाजको धेरै ठूलो भार हुन पुग्छ । यस्तो सन्तानलाई जन्म दिनु केवल सन्तानको दोष नभई माता-पिताको धेरै ठूलो दोष हुन्छ । जस्तो मोटर चलाउनु अघि मोटर चलाउने विषयमा राम्रो ज्ञान हासिल गर्नुपर्छ यस्तै गृहस्थ जीवन सुरु गर्नुपूर्व पनि संस्कार विषयमा राम्रो ज्ञान हासिल गरेपछि मात्र यथार्थ मानवको जीवन सफल हुन जान्छ । अन्याथा आँखा चिम्लेर गोली हानेजस्तै निरर्थक हुन पुग्छ ।

पुंसवन शव्दको अर्थ हो, "पुं" भनेको पुमान् या धीर अथवा पुरुषत्वले परिपूर्ण र "सवन" को अर्थ हो जन्म दिनु । गर्भधारण गरेको तीन महिना या चार महिनामा उचित ग्रह-नक्षत्र र लग्नमा स्नानादि शौच क्रिया गरी शान्त चित्तले दुई दम्पत्ति पुरोहितको सामु बसेर पूजन, हवन र जप-पाठ गरी यो संस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्छ । वैदिक मन्त्रमा शक्ति छ । जुन मन्त्रले गर्भस्थ भ्रुणलाई निरोग, सवल र उच्च विचारले युक्त बनाउँछ । जस्तो आमाले खाएको भोजनको साररसले गर्भस्थ बालकको शरीर बृद्धि हुने हुनाले बालकको शरीर विकासमा आमाको आहारमा निर्भर गर्दछ, यस्तै आमाको विचार र चिन्तनको पूर्ण असर गर्भस्थ बालकमा पर्ने हुनाले आमालाई पूर्ण शान्त, उदार र भावनाको विकास गराउनु यो संस्कारको प्रमुख उद्देश्य हो । पत्नीले गर्भ धारण गरेको यकिन भई सकेपछि प्रत्येक पतिको कर्तव्य यो हुन्छ कि, पत्नीलाई कुनैपनि किसिमको मानसिक पिडा नहोस्, किनभने गर्भिणी नारीमा यदि मानसिक तनाव भएको खण्डमा यसको पूर्ण असर गर्भस्थ बालकमा पर्न जान्छ र बालक जन्मेपछि जन्मजात कमजोर मानसिकता लिएर आउँछ ।

गर्भधारण भएको यकिन भएपछि मनोइच्छित बालकलाई जन्मदिन वा इच्छाअनुरूप बालकको शारीरिक र मानसिक विकास र स्वस्थतालाई लक्ष गरेर पुंसवन संस्कार गरिन्छ । यो संस्कार गरी सकेपछि गर्भाधान संस्कार गर्दा जस्तो बालको जन्म दिन इच्छा गरेको हो सो अनुरूप बालकको विकासको निमित्त प्रतिदिन जप-ध्यान र प्रार्थना गरी रहनुपर्छ । यसको निमित्त केवल पत्नीलाई मात्र नभएर पतिलाई पनि अभ्यासरत हुनुपर्छ । किनभने गर्भस्थ बालकलाई केवल आमाको मात्र प्रभाव नपरी पिताको पनि अप्रत्यक्ष प्रभाव परेको हुन्छ । पतिको मानसिक अवस्था असन्तुलित हुँदा गृहस्थ जीवनमा पत्नीलाई प्रत्यक्ष प्रभाव पर्न जान्छ र आमालाई परेको प्रभाव गर्भस्थ बालकलाई पर्न जान्छ । यसो हुनाले पत्नी गर्भवती भएको यकिन भएपछि पत्नीलाई मानसिक चोट लाग्ने कुनै पनि कुरा र व्यवहार पतिले गर्नु हुँदैन । जप-ध्यानले मानिसलाई आन्तरीक शान्ति, आनन्द र तृप्ति दिन्छ । जब आन्तरीक शान्ति, आनन्द र तृप्ति प्रकट हुन्छ, तबमात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसमा आन्तरिक प्रेम प्रकट हुन्छ । आन्तरिक प्रेम प्रकट भएपछि मात्र मानिसमा क्षमा, दया र समझदारी प्रकट हुन्छ ।

पुंसवन संस्कार पश्चात् आमालाई आहार-विहारमा सन्तुलन ल्याउनु पर्छ । हामीलाई थाहा छ कि, आमाले गरेको भोजनको प्रभाव गर्भस्थ बालकमा प्रत्यक्ष रूपमा परेको हुन्छ भनेर । यदि गर्भिणी महिलाले पिरो अमिलो आहार खाएमा गर्भस्थ बालकमा यसको रस पुग्छ, जुन रसबाट शिशुको शरीर विकास हुने भएकोले यसले बालकलाई पोल्न जान्छ । आमाले तामसिक भोजन गरेमा भोजनबाट मन बन्ने हुनाले बालकको मन तामसिक हुन जान्छ । गर्भवती महिलालाई सात्विक र ठीक मात्रामा आहार गर्नु पर्छ । महिला गर्भवती भएपछि आलस्यता प्रकट हुन्छ । गर्भवती महिलालाई आलस्य भएर विलकुल कर्म नगर्नु उचित हुँदैन र ज्यादा कडा परिश्रम गर्नु पनि उचित हुँदैन । यसैले ठीक्क मात्रामा कर्मरत हुनुपर्छ ।

पुंसवन संस्कारमा वटवृक्षको बोक्रालाई चूर्ण बनाएर पानीको साथमा सेवन गर्ने परम्परा छ । यसको मुख्य उद्देश्य गर्भ मजबुत गर्नु हो । जसले गर्दा यसको सेवनबाट गर्भपात हुनबाट रोकिन्छ । राम्रोसँग वटबृक्षको बोक्रालाई पिनेर चूर्ण बनाई यसलाई थोरै पानी हाली गिलो बनाएर सुँघ्नाले यसको वास्नाको प्रभाव गर्भस्थ बालकमा पर्छ जसले गर्दा गर्भस्थ बालकको शरीरमा भएको रोग दूर हुन्छ र यो सुँघ्दा निम्न वेद मन्त्र उच्चारण गर्नुपर्छ ।

"ॐ अद्भ्यः सम्भृतः पृथिव्यै रसाच्च विश्वकर्मणः समवर्तताग्रे ।
तस्य त्वस्टा विदधद्रुपमेति तन्मर्त्यस्य देवत्त्वमाजानमग्रे ॥"

अर्थात्, "हे परमात्मा ! यो गर्भ स्थूल स्वरूप धारण गर्नको लागि पहिला जलीय पदार्थबाट तथा सबै रूपधारण गर्न योग्य रसहरूबाट सम्यक रूपले पुष्ट भई स्थित हुन्छ । परमात्मा स्वयम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिल्पकार भई यो घोलरूपा जलीय पदार्थमा रंग-रूपा आकार निर्माण गरी दिन्छौ र यो मूर्तरूप, स्त्री या पुरुष शिशुलाई बाहिर आउनु अघि राम्रोसँग कर्तव्य-कर्म र विद्वता वा ज्ञान दिन्छौ ।"

उक्त वेदमन्त्र उच्चारण गरेपछि यसको ध्वनि-तरङ्ग गर्भस्थ शिशुमा पर्छ, जसले गर्दा शिशुमा स्मरण शक्तिको विकास हुन्छ । गर्भवती नारीमा उल्टी, आलस्य शिरको पीडा, कम्मरको पीडा आदि रोगहरू हुन्छ । यस्तो अवस्थामा उक्त वट्चूर्णको प्रयोगले यी समस्या दूर हुन्छन् । यस्को सेवनले केवल आमालाई मात्र फाइदा नभई गर्भस्थ शिशुलाई पनि प्रत्यक्ष प्रभाव पर्न जान्छ । जसले गर्दा गर्भस्थ बालकको शरीर स्वस्थ भएर विकास हुन थाल्छ ।

पुंसवन संस्कारलाई सूक्ष्म र स्थूल दृष्टिबाट दुई किसिमले अध्ययन गर्न सकिन्छ । औषधि सेवन र द्रव्यादि प्रयोगद्वारा पूजा-पाठ गरी संस्कार गर्नु स्थूल प्रयोग हो । केवल भावना विकास गरी शान्ति र अन्तरआनन्द आनन्दमा मग्न हुनु यो संस्कारको सूक्ष्म प्रयोग हो । वस्तुतः स्थूल प्रयोगको अन्तिम लक्ष नै भावनाको विकास गराउनु भएकोले गर्भवती महिलालाई कुनै किसिमको भावनात्मक चोट अथवा मानसिक चिन्ता, भय, उद्वेग आदि सृजना हुन नदिनको निमित्त पतिले पत्नीलाई केवल प्रेममय वातावरणमा राख्नको निमित्त पत्नीको काखमा पूर्णजलको कलश राखी दिने प्रचलन यो संस्कारमा छ ।

वर्तमान समयमा गर्भवती महिला माथि उनका पतिबाट यी कुरा नबुझी नाना मानसिक तनावयुक्त क्रियाकलाप हुनुको मुख्य कारण नै यो संस्कार लोप हुनाले हो । कोही पुरुष मदिरा पान गरी घरमा गएर गर्भवती पत्नीमाथि हात-पात गरी दुर्व्यवहार गर्छन् । जसको परिणाममा जन्मने बालकको मशितष्क कमजोर हुन्छ । अन्ततः आफ्नो पुत्र आफ्नो इच्छा अनुरूप नहुँदा पिता बहुत दुःखी भएर ऊसँग वृद्धावस्थामा चित्त दुःखाएर आफन्तसँग गुनासो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न थाल्छ । यस्मा पिताले बालकको मात्र दोष देखेको हुन्छ तर उसको कमजोर बुद्धि भएको बालक जन्मनुमा उसैको हात भएको कुरा बुझ्न सक्तैन । यसैले प्रत्येक श्रीमानले आफ्नो गर्भवती पत्नी के खान रुचाउँछिन्, के लगाउन रुचाउँछिन र कस्तो व्यवहारबाट प्रसन्न हुन्छिन् यी सबै कुरा बुझेर जति सक्दो उनको इच्छा अनुरूप व्यवहार गरी जप, पाठ, ध्यान, दान आदि शुभ कर्मद्वारा गर्भवती पत्नीलाई आनन्द र तृप्त राख्न सकेमा उनीबाट जन्मने बालक अवश्य संस्कारयुक्त भएर शान्त, प्रसन्न र उच्च मनस्थिति लिएर जन्मन्छ । यसैले सम्पूर्ण पिताहरूले यो बुझ्नु पर्दछ कि, बालक जन्मिए पछि उसलाई सुसंस्कृत बनाउन जुन मेहनत गरिन्छ, यति नै मेहनत गर्भमा बालक हुँदा गर्नुपर्छ । यसको निमित्त गर्भवती पत्नीलाई देवी समान भाव राखेर उनलाई जति सक्दो सेवा र प्रसन्न राख्ने प्रयास गर्नुपर्छ । यो कुरा पतिले मात्र होइन पति लगायत परिवारका अन्य सदस्यहरूले बुझेर गर्भवती नारीलाई सही किसिमबाट दिनचर्या बिताउन उपर्युक्त वातावरण तयार गर्न सकेमा यो धर्तीले एउटा सही सन्तान प्राप्त गर्न सक्छिन् । यसैले हे 'गर्भवती आमाहरू ! तपाईंहरू धन्य हुनुहुन्छ, राष्ट्र र विश्व कल्याणको पथद्रष्टा एक महान् व्यक्तिको इच्छा गरी दिनुहोस् र यस्तो आत्मालाई धारणा गरी दिनुहोस् अनि नित्य यस्तो महापुरुषको ध्यान आफ्नो गर्भमा गरी दिनुहोस् र परमात्मासँग नित्य यस्तो महापुरुषको विश्वकल्याणका लागि प्रार्थना गरी दिनुहोस् ।' तपाईं आफ्नो सन्तानको कारण देवहुती, देवकी, कौशल्या, मायादेवी आदि महान् नारीहरू जस्तो अमर हुने इच्छा राखी दिनुहोस् । हे आमाहरू ! तपाईंको प्रयासले गर्दा हामी सम्पूर्ण मानवहरूको कल्याण हुन्छ । ॐ मातृदेवो भवः । ॐ शान्तिः शान्तिः शान्तिः॥

प्रकृतिले मानव जगत्लाई शास्वत सत्यको सन्देश दिई रहेकोछ । जुन वृक्ष मलजल, गोडमेल अनि चिस्यानले युक्त हुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो वृक्षको फल पुष्ट, गुदीले, खँदीलो र स्वादमा पूर्ण हुन्छ र जुन वृक्षमा मलजल, गोडमेल अनि चिस्यान हुँदैन त्यो वृक्षको फल चाउरिएको अविकसित र स्वादमा अपूर्ण हुन्छ । यस्तै आनन्द र शान्तिले तृप्त भएकी गर्भवती नारीको गर्भमा लागेको बालकरुपि फल पनि शान्ति र आनन्दले युक्त हुन्छ र यसको विपरित भएमा बालक पनि विपरित स्वभाव लिएर जन्मन्छ । एउटा सानो वृक्षको वरिपरि ठूला-ठूला वृक्ष हुँदा त्यो सानो वृक्ष ठूलो वृक्षको कारण डसिन पुग्छ र वृक्षको विकासमा वाधा पुगे जस्तै गर्भवती नारीलाई पुरुषहरूले कच-कच गरी उनी माथि थिचो-मिचो गर्दा उनको भावनात्मक विकासमा वाधा अवश्यै हुन्छ । यसैले पुंसवन संस्कारको मूल लक्ष हो, गर्भिणी नारीलाई परिवारबाट पूर्णरूपमा शान्ति र आनन्द प्रदान गर्नु, प्रेम, सद्भाव, दया, करुणा, ममता र उपयुक्त भोजन प्रदान गरी हरि भजनमा लगाउनु ।

पुंसवन संस्कारमा जुन हवन गरिन्छ यसमा खीरको आहूति दिने नियम छ । दूधको आहूतिबाट जुन धुवाँ प्रकट हुन्छ, यो धुवाँले मश्तिष्कलाई प्रभाव पार्ने हुनाले यसबाट मानसिक शान्ति, कल्पनाशक्ति र इच्छाशक्ति विकास हुन्छ । यसको प्रभाव केवल गर्भिणी नारीलाई मात्र नपरी गर्भस्थ शिशुलाई पनि पर्ने भएकोले पायसको आहूतिलाई प्राचीन कालदेखि महत्व दिएको कुरा रामायणमा दशरथले गरेको यज्ञ र आहूति दिएर बचेको खीर दशरथले रानीहरूलाई खुवाएर महान् आत्मा राम, लक्ष्मण, भरत र शत्रुघ्न जन्मेको पाइन्छ । हाम्रो परम्परामा हरेक देवकार्यमा खीर पकाउने परम्परा छ । यसको कारण स्वादमा मीठो भएको नभई, खीरलाई देवताहरूले ज्यादा मन पराउने भएर हो । जुन कुरा देवतालाई चढाइन्छ र जुन भोजनबाट देवता प्रसन्न हुन्छन्, त्यो भोजनको अवशेष अथवा देवतालाई चढाएर बाँकी रहेकोलाई प्रसादको रूपमा हामी ग्रहण गर्दछौं । पदार्थमा भन्दा ज्यादा शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनामा हुन्छ । जस्तो कुनै रोगीलाई डाक्टरको औषधिमा विश्वास छैन भने विश्वास रहित औषधिले राम्रोसँग काम गर्न सक्तैन र विश्वास छ भने त्यो औषधिले बिरामीलाई चाँडै असर गरी हाल्छ। यस्तै हवन गरेर रहेको पायसमा भावना हुने भएकोले गर्भवती नारीले यसलाई खाएपछि उनको अन्तर चेतनामा यो भाव स्फूरण हुन्छ कि,"मैले सत्गुणले युक्त सन्तान प्राप्तिको निमित्त महाप्रसाद रूप खीर खाएँ अब मेरो गर्भबाट विशेष लक्षणको बालक जन्मन्छ ।" जब यो भावना गर्भवती नारीमा हुन्छ तब उनमा विशेष शान्ति, आनन्द र उच्च विचार प्रकट हुन थाल्छ । आनन्द, शान्ति र उच्च विचार भएपछि यसको प्रभाव गर्भस्थ बालकमा स्वभावैले पर्न जान्छ र उच्च भाव गर्भस्थ बालकमा विकसित हुन थाल्छ । हाम्रो संस्कार र धर्मको मूल उद्देश्य भावनाको विकास गर्नु हो । भावनाको विकासबाट नै यथार्थ मानवको व्यक्तित्व विकास हुन्छ । मनमा तनाव हुँदा जति नै पौष्टीक तत्वले परिपूर्ण भएको भोजन खाए पनि मनमा पीडा भएको कारण शरीरमा स्फूर्ति र जोस-जाँगर हुँदैन, साथै चेहरामा कान्ति हुँदैन तर मनमा शान्ति छ भने गुन्द्रुक र ढिंडो नै खाए पनि स्फूर्ति र जोस-जाँगरले मानिस परिपूर्ण हुन्छ र उसको चेहराबाट आनन्द र प्रशन्नताको कान्ति बाहिर निस्की रहेको हुन्छ। संस्कारले मानिसको भावना वा कल्पना अथवा विचारलाई सुसंस्कृत बनाउँछ र यसले सात्विक आहार र सात्विक जीवन तर्फ अघि बढाउँछ । जसले गर्दा स्वस्थ शरीर, स्वस्थ मन र स्वस्थ कर्ममा मानिस अघि बढ्छ ।

बालकको जन्म भई सकेपछि त पिता-माता लगायत घरका अन्य सम्पूर्ण सदस्यले बालकलाई प्रेम गरेर उसको शारीरिक र बौद्धिक विकासको निमित्त प्रयास गर्छन् तर गर्भमा बालक रहँदा बालकको वास्ता नभएमा जन्मी सकेपछिको प्रयास अन्ततः अधुरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र असफल हुन जान्छ । यसैले बालकलाई सही जीवन दिनको निमित्त गर्भावस्था देखि नै प्रयास गर्नको निमित्त नै पुंसवन संस्कार गरिन्छ । एउटा सत् चरित्र र सुसंस्कृत स्वभाव, विनम्र, सरल र उच्च चिन्तनले युक्त मानव हुनको निमित्त पचास प्रतिशत प्रयास गर्भवती आमाको हुन जान्छ । यसैले हे गर्भवती आमाहरू ! तपाईंहरूको गर्भमा बालक छ, उसले तपाईंको भावना, विचार, कर्म सबैबाट आफ्नो स्वभाव बनाईरहेको छ । यसैले तपाईहरूमा क्रोध, द्वेश, अहंकार आदि दूर्गुण छ भने तुरुन्तै छोडिहाल्नुस् किनभने तपाईमा क्रोध, राग-द्वेश, आलस्य आदि छ भने तपाईंको जुन भावना छ, तपाईंको सन्तानले त्यही भावना लिएर जन्मन्छ । यसैले तपाईंले विनम्रता, सरलता र समाजप्रेमको भावना लिएर आफू भन्दा मान्यजनलाई आदर, सम्मान र आफू भन्दा सानालाई प्रेम गर्ने गर्नु भयो भने तपाईंको बालक जन्मजातै सरल, समझदार, आदरभाव, प्रेमी र सत्चरित्रले परिपूर्ण भएर जन्मन्छ र तपाईं एक सद्गुण र सत्-आचरणले युक्त सन्तानको आमा बनेर आफू धन्य र गौरवशाली अनुभूती गर्दै जीवन बिताउन पाउनु हुन्छ । यसैले हे गर्भवती आमाहरू ! तपाईंहरू आफ्नो भावना र सद्कर्ममा रहेर यो मातृभूमिलाई सद्सन्तानको जन्म दिने इच्छा गरी दिनुहोस्, तपाईंहरूलाई हृदयदेखिको प्रार्थना छ । अज्ञान र लापरवाहीसँग सजग भई दिनुहोस्, तपाईंहरूको प्रयासबाट पृथ्विले एउटा उपयुक्त मानव प्राप्त गर्न सक्छ । यसैले यो कुरा मनन गरी दिनुहोस् । हाम्रो धेरै-धेरै अनुरोध छ । एउटा सत्पुरुषलाई जन्म दिने आमा, एउटा पुत्रको मात्र आमा नभएर पृथ्वीकै आमा हुन्छिन् । यसैले हे गर्भवती आमा तपाईं पृथ्वीका सम्पूर्ण प्राणीकै आमा बन्ने प्रयास गरी दिनुहोस्, तपाईंको जय होस् ।

॥जय माताजी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीमन्तोन्नयन संस्कार

सीमन्तोन्नयन तेश्रो संस्कार हो । "सिमन्त" भनेको शिरको कपाल जुन दुई भागमा विभक्त हुन्छ र "उन्नयन"को अर्थ उच्च बनाउनु हो । शिरलाई उच्च बनाउनु नै यो संस्कारको प्रमुख लक्ष हो । गर्भवती महिलालाई प्रेम, सद्भाव, उत्साह र इच्छित वस्तु दिएर उनको मानसिक अवस्थालाई उच्च बनाए पछि स्वतः शिर उच्च हुन्छ । यो संस्कार गर्भवती भएपछि जब गर्भस्थ बालकको शरीरको आकार तयार हुन्छ र बालकको मानसिक विकास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनथालेपछि गरिन्छ । यो संस्कारको समयलाई गृह्यसूत्रले गर्भको चार वा पाँच महिनालाई उचित मान्दछ र स्मृतिले गर्भको छ अथवा आठ महिनालाई उचित मानेको छ । महिला गर्भवती भएको पाँच महिना पछि गर्भस्थ बालकको मानसिक विकास सुरु हुने भएकोले यही समयमा यो संस्कार गर्नु उपयुक्त हुन्छ ।

प्रथम गर्भस्थ बालक वा बालिकालाई खान भनेर राक्षस्नीहरू गर्भमा पस्छन् र गर्भवती स्त्री र गर्भस्थ बालकलाई पीडा दिन थाल्छन् । यसैले यी राक्षस्नीहरूको आक्रमणबाट बच्नलाई यो संस्कार गर्नुपर्छ भन्ने हाम्रो शास्त्रीय मान्यता हो । प्रथम गर्भलाई मात्र राक्षस्नीहरूको आक्रमण हुन्छ भनेर यो संस्कार गर्भवती महिलाको प्रथम गर्भमा मात्र गरीने कुरा शास्त्रमा उल्लेख भएको छ । यसको तात्पर्य यो हो कि, प्रथम गर्भमा बालकको शरीर विकासको निमित्त आमाको गर्भ जति विकास वा फैलाव हुनु पर्ने हो, त्यति भई नसकेको हुनाले बालकको शरीर विकासमा र आमाको शरीरबाट जुन रस बालकले पाउनु पर्ने हो त्यति आमाको शरीरले दिन नसक्नाको कारणले प्रथम गर्भलाई दोश्रो-तेश्रो गर्भभन्दा वाधाजनक मानिन्छ । यसैले प्रायः गर्भ तुहिनुको अधिकांश समय प्रथम गर्भ नै भएको हामी पाउँछौं । नारीको शिरको सम्पर्क सिधै गर्भमा हुन्छ । ग्रह मण्डलमा मंगल ग्रहले गर्भलाई नराम्रो प्रभाव पार्ने भएकोले यो ग्रहको नराम्रो प्रभावबाट रोक्न हाम्रो संस्कारमा विवाहको समयमा कन्याको शिरको सिउँदोमा सिन्दूर हालिदिने परम्परा छ र विवाहित महिलाले श्रीमान् जीवन्त रहेसम्म शिरमा सिउँदो हाल्नु पर्ने चलन छ । शिरमा सिन्दूर हालेपछि मंगल ग्रहको नराम्रो प्रभाव गर्भमा नपरोस् भन्ने नै यसको मूल उद्देश्य हो । सीमन्तोन्नयन संस्कारमा श्रीमान्ले श्रीमतीको कपाल माथितिर कोरिदिएपछि पुरुषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरको स्पर्श नारीको शिरमा परेपछि नारीको शरीरमा जुन तरङ्ग प्रकट हुन्छ, यो तरङ्गले गर्भको फैलाव र विकास हुन थाल्छ ।

बिहान शौच क्रिया सकी शुद्ध र पवित्र भाव लिएर दुई दम्पत्ति बसेर आफ्नो इष्ट देव-देवीको पूजा, स्तुती, जप ध्यान गरी शुद्ध वस्त्र पहिरेर आसनमा बसी विधिपूर्वक पुरोहितले यो संस्कार क्रिया गरेपछि पतिले पत्नीलाई आभूषण उपहार दिएर प्रेम र सद्भाव प्रकट गर्ने र परिवारको अरु सदस्यहरूले पनि गर्भवती महिलालाई प्रेम-सद्भाव प्रकट गर्नु पर्छ जसले गर्दा गर्भवती नारीमा आनन्द र प्रशन्नताको तरङ्ग प्रकट होस् । यसपछि, हेर्दा सुन्दर सफा काँईयोले निम्न मन्त्र पढ्दै गर्भवती पत्नीको शिरको कपाल कोरी दिनुपर्छ ।

भार्ये कल्याणी सुभगे दशमे मासी सुव्रते ।

सुप्रसूता भव प्रीता प्रसादाद् विश्वकर्मणः ॥

आयुष्मती कङ्कतिका वर्चस्वी मे शुभं कुरु ॥

अर्थात् "हे कल्याणी सुभगे ! विश्वकर्माको कृपाले सधैं प्रसन्न भएर दश महिना पुगेपछि कल्याणकारी तेजस्वी सन्तान जन्माऊ ।"

हाम्रो परम्परामा गर्भवती भएको पाँच महिना पछि तीर्थ-व्रत गर्न निषेध गरिएको छ । यसको कारण यो हो कि, जुन समयमा यो संस्कार बनेको थियो त्यो बेलामा आजको जस्तो यातायातको सुविधा थिएन, यसैले उक्त समयमा धेरै समय लगाएर पैदल हिंडेर तीर्थ जानु पर्थ्यो । जसले गर्दा गर्भवती महिला थकित हुन्थिन् र लामो समय हिंड्नु पर्दा बाटोमा भोजनको असुविधा हुने भएकोले आहारको कमी हुंदा गर्भस्थ शिशुलाई वाधा पर्ने भएकोले तीर्थ जान निषेध गरिएको हो । गर्भवती महिलाले खाएको भोजनबाट गर्भस्थ शिशुको शरीर विकास हुने भएकोले यो समयमा गर्भवती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिलाले समय-समयमा उचित भोजन गरीरहनु पर्ने भएकोले व्रत बस्न निषेध गरिएको हो । तर आध्यात्मिक चिन्तनलाई गर्भवती महिलाले छोड्नु हुँदैन । बरु झन् यो समय जप, पाठ र ध्यान ज्यादा मात्रामा गर्नु पर्छ । आफ्नो ईष्ट देव-देवीको ज्यादा चिन्तन र समर्पण गर्नको निमित्त नै सीमन्तोन्नयन संस्कार गरिन्छ । हाम्रो समाजमा गर्भवती महिलालाई यात्रा, तीर्थ, व्रत आदि गर्न चाहिं मनाही गरिन्छ तर गाउँले समाजमा मेलापात जान र शारीरिक गरीष्ठ कर्म गर्न चाहिं मनाही गरिएको हुँदैन । यो समाजको नासमझ हो । यसैले यो कुरा सबैले बुझ्नु पर्छ कि, गर्भवती महिलालाई ज्यादा परिश्रम पर्ने कुनै पनि कर्म गर्न नदिई केवल हल्का कर्म मात्र गर्न दिनु पर्छ ।

हाम्रा प्राचीन ऋषिहरूलाई गर्भवती महिला र गर्भस्थ बालकको बारेमा राम्रोसँग ज्ञान थियो । यसैले गर्भस्थ बालकको विकासको निमित्त निम्न कुराहरूलाई लक्ष गरेर यो संस्कार तयार गरेको पाइन्छ :-

१) गर्भस्थ बालकको विकासमा आमाको शारीरिक स्वस्थता र गर्भविकासमा आमाले भोजनमा ध्यान दिनु पर्ने पक्ष ।

२) गर्भस्थ बालकमा आमाले गर्ने शारीरिक परिश्रमको प्रभाव ।

३) गर्भस्थ बालकमा आमाको मानसिक अवस्थाको प्रत्यक्ष प्रभाव ।

४) गर्भस्थ बालकमा आमालाई पिताले वा अन्य परिवारले गर्ने व्यवहारको असर ।

हाम्रो शरीर जुन तापक्रमले क्रियाशील भइरहेको हुन्छ, यसमा एक्कासी चिसो पानी हालेपछि यो चिसो पानीले छाला, नसा र मशितष्कलाई तुरुन्तै प्रभाव पार्न पुग्छ, जसले गर्दा नदीमा डुब्दा वा शरीरमा चिसो पानी हाल्दा मानिसले कता-कता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्तिएको भाव स्वतः प्रकट गर्दछ । यो आत्तिएको भावको असर तुरुन्त गर्भस्थ बालकमा पर्न जान्छ । यसैले गर्भवती महिलालाई मनतातो पानीले स्नान गर्नुपर्ने भएकोले सिमन्तोन्नयन संस्कार पछि गंगा आदि तीर्थमा स्नान गर्न निषेध गरिएको हो ।

सुन्दर वस्त्र र श्रृङ्गारयुक्त शरीरले प्रशन्नता प्रकट गर्दछ । सिमन्तोन्नयन संस्कारमा श्रीमान्‌ले पत्नीको केश कोरी दिनु र नयाँ वस्त्र प्रदान गर्नुको अर्थ हो, नित्य कोरिबाटी गरेर सफा र नयाँ वस्त्र धारण गरेर नित्य प्रसन्न हृदयले रहनु । गर्भिणी नारीले प्रशन्नताको स्वास लिनासाथ यो स्वास गर्भमा पुगी गर्भस्थ बालकलाई प्रशन्नता प्रदान गर्दछ । हाम्रो परम्परामा गर्भिणीलाई मात्र होइन, उनका श्रीमान्‌लाई पनि श्रीमती गर्भिणी छिन् भने तीर्थ जान निषेध गरिएको छ । यसको कारण यो हो की, गर्भिणीलाई उक्त समयमा सेवा र प्रेम दिनुपर्छ । यदि यस्तो समयमा श्रीमान् घरमा नभएको खण्डमा पत्नी आफ्नो श्रीमान्‌लाई के भयो होला, कहाँ पुगेका होलान्,के खाए होलान्, कहाँ बसे होलान् आदि विषयमा सोचेर चिन्ताग्रस्त हुन्छिन्, र यो चिन्ताले गर्भस्थ बालकको मानसिक विकासमा वाधा पर्न जान्छ। यति मात्र नभएर आफ्नो मानसिक चिन्ताको कारण श्रीमती खान इच्छा गर्दिनन् र उपयुक्त समयमा भोजन नहुँदा यसको असर गर्भस्थ बालकमा पर्न जान्छ । यती मात्र नभएर सीमन्तोन्नयन संस्कार पछि पतिलाई घर बनाउने परिवारमा विवाह गर्ने र मलाम जाने जस्ता कर्ममा निषेध गरिएको छ । यसको कारण यो हो कि, घर बनाउने काम गर्दा त्यहाँ मानसिक तनाव प्रकट हुन्छ । मलाम जाँदा वियोगको चोट लागेको हुन्छ र विवाह गर्दा सामान जुटाउने र अन्य व्यवस्था मिलाउने कामले मानसिक तनाव प्रकट हुन जान्छ । श्रीमान्‌लाई मानसिक तनाव हुनासाथ यसको असर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष रूपमा श्रीमतीलाई पर्न जाने हुनाले यस्ता कर्म गर्न निषेध गरिएको हो ।

सीमन्तोनयन संस्कारमा हवन गर्ने परम्परा छ । यो हवन गर्दा के भनेर हवन गर्दैछु भन्ने कुरा गर्भिणीको दम्पत्तिलाई ज्ञान हुन अति जरुरी हुन्छ । ज्ञान विनाको अर्थात् अर्थ नबुझ्की मात्र आहूति दिंदा केवल श्रद्धा मात्र हुन्छ, ज्ञान हुँदैन । ज्ञान सहितको श्रद्धा भएपछि यसले भक्तिको रूप धारण गर्दछ र भक्तिले भाव प्रकट गरी भावद्वारा इच्छा-शक्ति मजबुत भई मनको इच्छा पूर्ण हुन जान्छ । यसैले ब्राह्मणहरू, जो संस्कारमा अधि बढेका हुन्छन्, उनीहरूले प्रत्येक आहूति दिंदा भनी दिनु पर्छ कि, 'यो आहूति यो कारणले यो देवतालाई दिँदै हुनुहुन्छ' भनेर । यदि यसको अर्थ गर्न सक्नुहुन्न भने हे कर्मकाण्डीहरू ! तपाईहरू यसमा हात नहाल्नुहोस् । किनभने तपाईंहरूको अयोग्यताको कारणले हाम्रो धेरै महत्वपूर्ण संस्कारहरू लोप भए र हुँदै छन् । यज्ञ केवल क्रिया मात्र नभएर उपचार पनि हो । यसले मानिसलाई भावना जगाएर भावना अनुरूप लक्षलाई मूर्त बनाइदिन्छ । हवनको अवशेष महाप्रसाद हुन जान्छ । किनभने यो अन्नको गहिराईसम्म वेदमन्त्रको तरङ्ग पुगेको हुन्छ । जसले शंकल्प गरेको लक्षलाई स्पर्श गरी दिन्छ । ॐ नमः शिवाय ।

◎

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातकर्म संस्कार



गर्भवती महिलालाई प्रसूति व्यथा सुरु हुनासाथ शर्वप्रथम वास्तुशास्त्र अनुसारको घरको जुन कुनामा उपयुक्त हुन्छ, सो ठाउँमा गर्भवतीलाई राख्न पहिले नै सफाई गरी राख्नु पर्दछ । प्रसव एक अति नै पीडारूप भएकोले उक्त समयमा पीडा कम होस् र बालक सकुशल जन्मियोस् भन्ने कारणले घरमा सूतका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थललाई प्रसूति हुनु एक महिना अगाडि देखि नै तयार गरी राख्नु पर्दछ । यसको लागि 'नैर्ऋत्यम् सृतिका गृहम्', अर्थात्, सुत्केरी कक्षको निमित्त घरको नैर्ऋत्य कोणमा व्यवस्था मिलाउनु पर्छ, भनेर शास्त्रले बताएको छ । यसको कारण यो हो कि, कुनै पनि कडा र जटिल कार्य गर्नु पर्दा नैर्ऋत्य कोणमा बसेर गर्दा त्यो जटिल कार्य सहज रूपमा समाधान हुन्छ । इच्छाशक्तिद्धारा जटिल कुरा सहजमा परिणत हुन्छ । इच्छाशक्तिलाई बलियो बनाउन मन बलियो हुनुपर्छ । मन बलियो हुन मनलाई सहयोग गर्ने कुराहरू चाहिन्छ । मनलाई टेवा दिन जुन कर्म गरिन्छ यो नै संस्कार हुन जान्छ । सुत्केरी कोठामा अग्नि, जल, लठ्ठी, दिपक, शस्त्र, दण्ड, र सर्स्यूँ राख्ने चलन छ । यसको अर्थ हो, प्रसूतिको समयमा कुनै पनि दुष्टात्माले पीडा दिन नसकुन् भनेर । जब सुत्केरी हुने महिलामा 'मलाई कुनै वाधाले छुन सक्तैन र छोएको छइन' भन्ने विश्वास हुन्छ तब उनमा मनोबल तीव्र हुन्छ र कार्य सहज रूपमा सम्पन्न हुन्छ ।

बालक आमाको गर्भबाट बाहिर निस्केपछि पिताले बालक अथवा बालिकाको दिर्घायु र स्वस्थता र प्रज्ञा विकासको निमित्त निम्न मन्त्र उच्चारण गर्नु पर्दछः-

ॐ अग्निरायुष्मान स वनस्पतिभिरास्युमांस्तेन त्वाऽऽयुषाऽऽयुष्मन्तां करोमी॥१॥

सोम आयुष्मान स ओषधीभिरायुष्मांस्तेन त्वाऽऽयुषाऽऽयुष्मन्तं करोमी ॥२॥

ॐ ब्रह्मायुष्मत् तद् ब्रह्मणैरायुष्मत्तेन त्वाऽऽयुषाऽऽयुष्मन्तं करोमि॥३॥

ॐ देवा आंयुष्मन्तस्तेऽमृतेनायुष्मन्तस्तेन त्वाऽऽयुषाऽऽयुष्मन्तं करोमि ॥४॥

ॐ ऋषयआयुष्मन्तस्ते व्रतरायुष्मन्तस्तेनत्वाऽऽयुषाऽऽयुष्मन्तं करोमि ॥५॥

ॐ पितर आयुष्मन्तस्ते स्वधाभिरायुष्मन्तस्तेन त्वाऽऽयुषाऽऽयुष्मन्तं करोमि॥६॥

ॐ यज्ञ आयुष्मान सदक्षिणाभिरायुष्मांस्तेन त्वाऽऽयुषाऽऽयुष्मन्तं करोमि ॥७॥

ॐसमुद्र आयुष्मान स स्त्रवन्तीभिरायुष्मांस्तेन त्वाऽऽयुषाऽऽयुष्मन्तं करोमि ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात्, 'अग्नि वनस्पतिद्वारा आयुष्मान छ' यो आयुद्वारा म तिमीलाई आयुष्मान गर्दछु । चन्द्रमा औषधिद्वारा आयुष्मान छ, म यसबाट तिमीलाई दीर्घायु गर्दछु । ब्रह्म (वेद) ब्राह्मणहरूद्वारा आयुष्मान छ, म यसबाट तिमीलाई आयुष्मान गर्दछु । देवताहरू अमृतद्वारा आयुष्मान छन्, म तिमीलाई यसबाट आयुष्मान गर्दछु । ऋषिहरू व्रतद्वारा आयुष्मान् छन्, म तिमीलाई यसबाट आयुष्मान गर्दछु । पिता स्वधाद्वारा आयुष्मान छन्, म तिमीलाई यसबाट आयुष्मान् गर्दछु । यज्ञ दक्षिणाद्वारा आयुष्मान् छ, म तिमीलाई यसबाट आयुष्मान गर्दछु । समुन्द्र नदीद्वारा आयुष्मान् छन्, म तिमीलाई यसबाट आयुष्मान् गर्दछु ।'

नवजात शिशुलाई उसको पिताले यो मन्त्र पढी शिशुको पूर्णायुको निमित्त शिशुको हृदयमा स्पर्श गरिदिने हाम्रो परंपरा छ । मन्त्रमा शक्ति हुन्छ । जुन यो मन्त्र पढेर शिशुको हृदयमा स्पर्श गरेपछि शिशुको अन्तः चेतनामा यो मन्त्र प्रवेश गर्दछ र यसले संस्कार निर्माण गरिदिन्छ । जब शिशुको शरीर विकास हुँदै जान्छ तब यो अन्तः चेतनामा परेको मन्त्र-बीज पनि विकास हुँदै जान्छ र बालक ठूलो भए पछि उसमा संस्कारको बलले शुभ भावना विकास भई शुभ कर्ममा ऊ अघि बढ्छ । यही रहस्यमय तथ्यलाई बुझेर नवजात शिशुको दाहिने कानमा पिताले "वेदोऽसीति " तिम्रो गोप्य नाम बेद हो भनेर सुनाउने चलन छ ।

घ्यू र महमा सुश्रुतको अनुसार सौन्दर्य विकास मेधा विकास, पाचनशक्तिको विकास, स्मृति विकास, वुद्धि विकास, प्रज्ञा विकास, तेज विकास, वीर्य विकास र आयु वृद्धि गर्ने गुण भएको र यसले शिर वेदना, मृगीज्वर र अपच जस्ता रोगलाई नाश गर्ने भएकोले पिताले नवजात शिशुलाई घ्यू र मह विषम भागमा मिलाएर चटाइदिने परम्परा छ । आमाको गर्भमा बालक रहँदा जुन तापक्रम हुन्छ, बालक जन्मी सकेपछि वाहिरको तापक्रम भिन्न हुँदा यसबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकको शरीरमा बाधा पुग्न जान्छ । यसैले यस्तो अवस्थामा घ्यू र मह सेवन गर्दा यसबाट पर्ने असर दूर हुन्छ भनेर नवजात शिशुलाई मह र घ्यू चटाउने गरिन्छ ।

हाम्रो प्राचीन परम्परामा बालक जन्मनासाथ नाभि छेदन नगर्दै बालकको दीर्घायुको कामनाको निमित्त र पूर्ण स्वास्थको उद्देश्यले जुन मन्त्र बालकको कानमा भनिदिने परम्परा थियो, अहिले आएर प्रायः लोप हुन गएको छ र समाजमा यदाकदा नवजात शिशुको मुख पिताले हेर्नु हुँदैन भन्ने अवधारणा रहेको छ । वस्तुतः जुन मन्त्र बालकको कानमा भन्नु पर्ने हो यो अरुद्वारा भन्नु उपयुक्त यो अर्थमा हुँदैन कि, मन्त्रले जहिले पनि गहिरो हृदय देखिको भावना पाएपछि यो ज्यादा शक्तिशाली हुन्छ । आफ्नो पुत्र जन्मदा जति पिता खुसी हुन्छन्, त्यति अरु हुन सक्दैनन् । यसैले पिताले मन्त्रजप गर्दा त्यो मन्त्रमा भावनारूपी प्राण संचार हुन्छ र यो मन्त्र ज्यादा शक्तिशाली भएर बालकको जीवनमा कार्य गर्न थाल्दछ । जीवन भनेको भावनामय छ । जसको जुन क्षेत्रमा भावना हुन्छ, ऊ त्यही क्षेत्रमा सफल हुन्छ । हाम्रा सम्पूर्ण संस्कारहरूको मूल उद्देश्य नै भावनामा व्यक्तिलाई प्रतिष्ठित गराउनु हो ।

बालकलाई घ्यू र मह चटाइसकेपछि पिताले पुत्रको शरीर मुसार्दै निम्न मन्त्र पाठ गर्नु पर्दछ ।

ॐ अश्मा भव परशुर्भव हिरण्यमस्तृतं भव ।
वेदो वै पुत्र नामासि स जीव शरदः सतम् ॥

अर्थात्, 'हे बालक तिमी पत्थर सदृश स्थिर होऊ । तिमी परशु (बन्चरो)को सदृश शत्रू नासक होऊ वा रक्षा गर्नेमा समर्थ होऊ । तिमी खारिएको सुन जस्तै चम्किलो होऊ । तिमी पुत्र नामले मेरै स्वरूप होऊ । तिमी सय वर्ष सम्म बाँच,' जुन कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदेश अन्तर्हृदय देखि भनिन्छ, यो नै अन्ततः आशीर्वाद हुन जान्छ । यसैले उक्त श्लोक पिताले नवजात शिशुलाई दिने आशीर्वाद हो । यसपछि पिताले शिशुलाई आमाको काखमा राखी दिएर प्रसूता स्त्रीलाई आश्वासन दिँदै निम्न मन्त्र जप्नु पर्छ –

ईडाऽसि मैत्रावरुणी वीरे वीरमजीजनथाः ।

सा त्वं वीरवती भव माऽस्मान वीरवतीऽकरदिति॥

अर्थात्, "हे प्रिये ! तिमी ईडा हौ, तिमीले विरपुत्रलाई जन्म दियौ, यस्तो विर पुत्र जन्म दिएकीले वीरवती हौ ।" आमाको मनोभावना उनको स्तनमा रहने हुँदा यदि तनाव र चिन्तित आमाको स्तनपान गऱ्यो भने उनको बालकमा आमाको भावना स्तनको माध्यमद्वारा बालकमा पर्ने हुनाले आमालाई नित्य आनन्दीत् र उत्साही बनाई राख्नमा उनको पतिको ठूलो भूमिका रहने भएकोले उक्त मन्त्रले शिशुको आमालाई आनन्दीत् र उत्साही बनाओस् भनेर यो मन्त्र जप्ने परम्परा रहेको हो । यसैले जबसम्म बालकले आमाको स्तनपान गरिरहन्छ, तबसम्मको निमित्त पिता लगायत घरका सम्पूर्ण परिवारले ती शिशुको आमालाई कुनै किसिमको मानसिक तनाव दिनु हुँदैन र यसको अतिरिक्त उनलाई जसरी हुन्छ प्रसन्न राख्नको निमित्त प्रयास गर्नुपर्छ । भर्खर बालक जन्मिएको अवस्थामा अर्थात् स्तनपान गर्ने बालक भएको अवस्थमा बालकको आमालाई सत्सङ्ग, जप, ध्यानादि आध्यात्मिक उपासना दान आदि शुभ कार्यमा नित्य मन लगाई रहनुपर्छ । यसले उनमा प्रशन्नता, तृप्ति र उदारभावको विकास हुन्छ । यस्तो उदार भावकी आमाको स्तनपान गर्दा, यसको पूर्ण असर बालकमा पर्न जान्छ र बालक अन्ततः ज्ञानी र समाजको निमित्त एक सुयोग्य व्यक्ति हुन पुग्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन स्थानमा जुन घटना घटेको हुन्छ त्यो स्थानको सम्झना बढी हुन्छ, चाहे त्यो जुनै विषयको होस् । बालक जन्मने समयमा अथवा प्रसूति व्यथाले तड्पन भएको स्थानलाई शुद्ध गर्नु पर्छ । जसरी मृत्यु भएको स्थानलाई शुद्ध गरिन्छ । जहाँ तड्पन वा ठूलो व्यथा र पीडा भएको हुन्छ त्यो स्थलको सम्झनाले मानसिक पीडा सृजना गर्छ र जुन स्थलमा आनन्द शान्ति र प्रगतिको सुरुवात भएको हुन्छ त्यो स्थलमा जाँदा वा सम्झना गर्दा मानसिक शान्ति र आनन्द प्रकट हुन्छ । तीर्थस्थलमा धेरै आध्यात्मिक अनुष्ठान, जप-तप र भावभक्ति समर्पण गरेकोले यस्तो भूमिमा जानासाथ हामीमा एक किसिमको आनन्दको तरङ्ग प्रकट हुन्छ र श्मशान भूमिमा जाँदा दिक्क लाग्दो, उराठिलो वातावरण हामीले अनुभव गर्छौं र हामीमा मानसिक वेचैन भएको पाउँछौ । यस्तै प्रसूति पीडाले छटपटिएकी, रोएकी, कराएकी नारीको उत्पीडन प्रसूति स्थलमा हुन्छ र यसको प्रभावले पूरै घरको वातावरण वेदनाको तरङ्गले व्याप्त भएको हुन्छ भनेर उक्त घरमा सूतक बार्ने प्रचलन आएको हो । जुन स्थलमा बालक जन्मेको हो, त्यो स्थलको वातावरण स्वच्छ राख्नको निमित्त वा पवित्र बनाउनको निमित्त शिशुको पिताले उक्त भूमिमा दाहिने हात राखेर निम्न मन्त्रले अभिमन्त्रित गर्ने परम्परा रहेको छः-

ॐ वेद-ते भूमि हृदयं दिवि चन्द्रमसि श्रितम् ।
वेदाहं तन्मां तदिद्यात पश्येम शरदः शतम्,
जीवेम शरदः शतम् शृणुयाम शरदः शतम् ॥पा. गृ॥

अर्थात, "हे जन्म भूमि देवी ! म जान्दछु कि, तिम्रो हृदय आकाशको चन्द्रमामा रहन्छ । म उसलाई जान्दछु, उसले मलाई जानोस् । हामीले सय शरद ऋतु देखौं हामी सय वर्षसम्म बाँचौं"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि सुत्केरीको दुवै स्तन मनतातो पानीले सफा गरेर पहिले दायाँ र पछि वायाँ चुसाउनु पर्छ । शिशुलाई स्तन चुसाउनु अघि निम्न मन्त्र पाठ गर्नु पर्छ:-

ॐ यस्ते स्तनः शशयो यो मयोभूर्यो रत्नधा वसुविद्यः सुदत्तः।
येन विश्वा पुष्यसि वार्याणी सरस्वती तमिह धातवे कः ॥

अर्थात, "हे सरश्वती बहुत विज्ञानवाली वा दूग्ध रसयुक्त देवी ! तिम्रो यो स्तन अत्यन्त शान्ति-दायक शुखोत्पत्तिको साधन शोभा वा उत्तमगुण धारण गर्ने वाला दूग्धरूपी धनप्राप्ति गर्ने वाला दानशील जसवाट तिमी सबै दोस रक्षक रस........ वीर्य सात धातुलाई रक्षा गर्दछौ । अब तिमीले दूधपान गर्नको लागि बालकको पोषणको निमित्त सबै आवश्यक गुणहरू यो दूधमा समाहित गरीदेऊ ।"

बालक जन्मिएपछि न्वारन नगरुञ्जेलसम्म शिशुलाई कोठाभित्र मात्र राखिन्छ । यसको मूल कारण शिशुलाई बाहिरी कुप्रभावबाट बचाउनको निमित्त हो । नवजात शिशु जो न्वारन नगरुञ्जेलसम्म सबै पक्षमा सान्है कमजोर हुन्छ । यस्तो अवस्थामा मानिसको विकृत विचारको तरङ्गले उसलाई तुरुन्तै असर गर्छ भनेर त्यस्ता व्यक्तिको दृष्टि नपरोस् भनेर कोठा भित्र मात्र राख्ने परम्परा चलेको हो । नवजात शिशुलाई निम्न मानसिक स्थितिको मानिसको विचार र दृष्टिदोष हुन्छ भनेर शास्त्रले उल्लेख गरेको छ ।

१) अरुलाई पीडा दिएर आफू आनन्दित हुने मानिस ।

२) ईर्ष्यालु र डाडे दृष्टिले हेर्ने मानिस ।

३) अर्काको भलाई देख्दा मानसिक पीडाले ग्रस्त हुने मानिस ।

४) परनिन्दा गर्ने मानिस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) सामुन्ने प्रशंसा गर्ने र पछाडि निन्दा गर्ने मानिस ।

६) अर्काको चुक्ली गर्ने मानिस ।

७) टेढो नजर भएको मानिस ।

८) विकृत नजर वा पहेँलो आँखा भएको मानिस ।

९) मद्यपान गर्ने मानिस ।

१०) अरुलाई फसाएर आफू साहु बन्न खोज्ने मानिस ।

११) दीन-दु:खीलाई सताएर आफू ठूलो बन्ने मानिस ।

१२) भिखमङ्गा मानिस ।

१३) मान्छेलाई हत्या गर्ने षडयन्त्रकारी र ज्यानमारा मानिस ।

१४) चरित्रभ्रष्ट मानिस ।

जुनसुकै मानिसको पनि विचार-तरङ्ग शरीरबाट बाहिर निस्किरहेको हुन्छ । राम्रो विचार भएको मानिसबाट राम्रो तरङ्ग र नराम्रो विचार भएको मानिसबाट नराम्रो तरङ्ग शरीरबाट बाहिर निस्किरहेको हुन्छ । यस्तो विचार-तरङ्गले सामुन्ने रहेको हरेक प्राणीलाई प्रभाव पारिरहेको हुन्छ । यसमा भर्खर जन्मिएको नवजात शिशु शारीरिक र मानसिक दृष्टिमा अति नै कमजोर हुने भएकोले यस्तो अवस्थाका बालकमा अरुको विचार वा दृष्टिको तरङ्गले तुरुन्तै प्रभाव पार्ने हुनाले न्वारन नगरुन्ज्यालसम्म बालकलाई अरुको दृष्टिबाट बचाएर राख्ने हाम्रो परम्परा रहेको हो ।

विधिवत् गर्भाधान संस्कार, पुंसवन संस्कार, सिमन्तोन्नयन संस्कार र जातकर्म संस्कार गरेपछि एक महान् आत्मा शिशुको रूपमा जन्मिएर आएको हुन्छ । यस्तो महान् आत्माको दर्शनको निमित्त र संस्कार हेर्नको निमित्त उक्त घरमा देवता र पितृ आउँछन् भन्ने शास्त्रीय विश्वास अनुरूप उनीहरूलाई स्वागत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नको निमित्त सुत्केरी र शिशु रहेको कोठाको एउटा कुनामा पूर्णजलले युक्त पूर्णघडा राखिदिने हाम्रो परम्परा रहेको हो । जब शिशुको आमामा आफ्नो शिशुको दर्शनको निमित्त देवता र पितृहरू आउँछन् भन्ने भावना हुन्छ तब उनमा विशाल आनन्दको लहर भित्र-भित्रै उर्लन थाल्छ र जुन आनन्द नसा-नसा र रगतको थोपा-थोपामा पुग्छ र सारा शरीरको सार रसरूप स्तनमा पनि आनन्दको संचार हुन जान्छ । यस्तो स्तनपान गर्ने शिशुले अमृत प्राप्त गर्दछ ।

जहाँबाट प्रसूति नारी शिशुलाई लिएर बसेकी हुन्छन्,उक्त कोठामा नाना रोगका कीटाणुहरूलाई नाश गर्न दैनिक मकलमा आगो हालेर त्यसमा सरस्युँको धूप हालिन्छ । यसबाट प्रकट भएको धुवाँले त्यहाँ भएका सबै रोगका कीटाणुहरू मर्दछन् । प्राचीन कालमा भूत-प्रेत प्रति विश्वास हुने भएकोले यसको धुवाँबाट यस्ता प्रेतात्माहरू त्यहाँबाट भाग्छन भन्ने पनि उक्त समयमा जन विश्वास थियो । सरस्युँ आगोमा हाल्दा निम्न मन्त्र जप्नुपर्ने परम्परा छ-

ॐ शण्डामर्का उपविर:शौंडिकेयऽउलुखल: ।

मलिम्लुचो द्रोणासश्च्यवनो नस्यतादित: स्वाहा ॥

अर्थात् " यो शिशुको सुखमय जीवनलाई वाधा दिने वाला घातक रोगहरू ज्वर, कृमी युसलवत चोटबाट पीडाकारी रोग, फोहोरबाट (उप्पियाँ, उडुस, लामखुट्टे) उत्पन्न रोग, नाक रोगोत्पादक किटाणु, पाण्डु आदि रोगहरू नष्ट भएर जाओस् ।"

प्राचीन ऋषिहरूले जीव र जगत्‌लाई लिएर जुन चिन्तन-मनन गरी जुन कुराहरू आविष्कार गर्नुभयो ती आविष्कारहरू वर्तमान समयका मानवहरूद्वारा बुझ्न धेरै जटिल छ । ज्ञानी व्यक्तिहरूले जहिले पनि समाजले बुझ्न सक्ने अवस्थालाई लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान दिएको हुन्छ । जीव, जगत् र ब्रह्माण्डको रहस्याति-रहस्यको यथार्थ स्थितिलाई बुझी त्यसको सार-निचोड समाजलाई प्रदान गर्ने ती ऋषिहरूलाई वायुमण्डलमा भएका ग्यासहरू र पदार्थमा रहेका आणविक शक्तिहरूको बारेमा ज्ञान थिएन भन्न मिल्दैन । प्रत्येक युगको आफ्नै विशेषता हुन्छ । जुन समयमा शास्त्र लेखिएको हो, उक्त समय भनेको अहिले शस्त्रबल जस्तै तपोवलको महत्व भएको समय थियो । अहिलेका मानिस ५ वर्षको उमेर देखि विद्यालय गएर २० बर्ष लगाएर डिग्रीको शैक्षिक योग्यता हासिल गर्छन् भने उक्त समयमा ५ वर्षमा गुरुकुलमा गएर २५ वर्षको उमेर सम्म गुरुको साथमा बसेर मन्त्रयोग र तपोबल प्राप्त गर्दथे । २० वर्ष सम्म अटुट रूपले घर-गृहस्थ र अन्य व्यवहारिक झन्झटबाट रहित भएर एकनास आध्यात्मिक ज्ञान उपासना वा साधनामा पूर्णएकाग्र भएर लागेपछि अवस्य नै आध्यात्मिक शक्ति प्राप्त हुन्छ नै । यस्ता आध्यात्मिक शक्ति प्राप्त व्यक्ति समाजमा हुँदा उसमा सामान्य मानवको भन्दा असाधारण शक्ति हुनु स्वभाविकै हो । यस्तो व्यक्तिबाट जान-अन्जानमा आध्यात्मिक शक्ति समाजमा प्रकट हुन्थ्यो नै । यसलाई देखेर समाज गुरूप्रति नतमस्तक हुन्थ्यो र समाजलाई देवी-देवता प्रति श्रद्धा र विश्वास हुन्थ्यो । २५ वर्षसम्म आफ्नो सन्तानको माया-ममता छोडेर गुरुकुलमा समर्पण गरी दिनु आममानवको लागि सक्य थिएन । यसैले यसको निमित्त वंशानुगत भावनाको जरुरी हुने भएकोले विरलै मानिस यसमा सफल हुन्थे । बाँकि मानवहरूमा मशितष्क विकास सारै कमी हुने भएकोले गुरुकुलमा बस्न सक्ने क्षमता न्यून हुन्थ्यो । आजको भौतिक विज्ञानको यति विकसित चर्चा समाजमा हुँदा त, तत् विषयका शिक्षार्थीहरूमा तत्वमा रहेका अणु-परमाणुको सूक्ष्म मर्म ज्ञानको अभावै भएकोले जति नै विज्ञानका शिक्षक भएपनि एउटा भौतिक वस्तुको आविष्कार गर्न नसकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केवल कण्ठस्थ गरेको सूत्र विद्यार्थीलाई घोकाउँदै जीवन समाप्त गर्छन् भने त्यो बेलाको समाजले वर्तमान भौतिक विज्ञान भन्दा पनि सूक्ष्म आध्यात्मिक कुरालाई कसरी प्रमाणित गर्न सकुन् । यस्तो सामाजिक अवस्थालाई बुझी ऋषिहरूले छोटोमा नराम्रो कर्मगर्दा पाप लाग्छ र राम्रो कर्मले धर्म हुन्छ भनेर टुङ्गयाई दिनु भयो । पापको पछाडि भूत, प्रेत र राक्षस हुन्छन् र धर्मको पछाडि देवी-देवता हुन्छन् भनेर समाजलाई एउटा भय र निर्भयको बार लगाएर यथार्थ सत्यलाई संरक्षण गर्नु भयो । अहिले आएर चिन्तनशील मानवको लागि पाप के हो र धर्म के हो भन्ने कुराको खोज गर्न अति जरुरी छ ।

व्यवहारमा प्रयोग हुने नाना पदार्थ सडेपछि र बालेपछि अन्ततः यसको साररूप गन्ध वायुमा गएर मिसिन्छ र वायु स्वासको साथमा शरीर भित्र प्रवेश गर्दछ । यो वायु पृथ्वीको राम्रा-नराम्रा पदार्थहरूमा भएका सूक्ष्म जीवाणुलाई बोकेर चलिरहेको हुन्छ । यसलाई अहिलेको वैज्ञानिक शब्दमा विभिन्न ग्याँस भनेर यसका राम्रा-नराम्रा पक्षको विश्लेषण गरेको छ । राम्रो पक्ष त भई हाल्यो नराम्रो पक्षबाट पृथ्वीमा पर्ने प्रभावलाई रोक्न वा जति हानिकारक ग्याँस वा जीवाणुलाई नष्ट गर्ने तरिका जतिपनि ऋषिहरूले आविष्कार गर्नु भयो, त्यसलाई सञ्चालन गर्दा धर्म हुन्छ भनेर शास्त्रमा उल्लेख गर्नुभयो र जसबाट नराम्रो पक्ष विकसित हुन्छ त्यस्तो कर्म गर्नुलाई पाप भनेर उल्लेख गर्नुभयो । यो पाप र धर्म मानिसमा भावना मात्र नभएर यसको पछाडि सुखी-जीवनयात्राको निमित्त अति उपयोगी छ । यस्तो परिस्कृत व्यवस्थामा समाजलाई राख्नु नै यथार्थमा संस्कार भनिन्छ । यसैले हाम्रा जति पनि वैदिक संस्कार छन्, यीनलाई गहिरो अर्थमा चिन्तन नगरी हावामा बेकार हो भन्न गइयो भने यति ठूलो हाम्रो सम्पत्ति बर्बाद हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहस्थ जीवनमा सन्तान रहित हुनु राम्रो हुँदैन र सन्तानले वंश परम्परालाई निरन्तरता दिएको हुन्छ । हाम्रो हजुरबाले आफ्नो सम्पूर्ण भौतिक संपत्तिको जिम्मा पिताजीलाई लागउनु भयो, पिताजीले हामीलाई जिम्मा लगाउनु भयो र हामीले हाम्रो संपत्तिको जिम्मा लगाउनको निमित्त हामीलाई पुत्र जरुरत पर्दछ । यसो हुनाले प्रत्येक पिता पुत्र जन्मेपछि विशेष खुसी र आनन्दित देखिन्छन् । यसैले शास्त्रमा भनेको छ " प्रत्येक मानव जन्मदै पुत्रऋण लिएर जन्मेको हुन्छ । " यसको अर्थ यो हो कि ऋण भनेको अभावमा कसैसँग लिनु र तिर्न नसक्नु । यस्तै आफ्नो सन्तान नभएसम्म मानिस अरुको सन्तानमा आश्रित रहन्छ र अरुमा आश्रित भएसम्म अभाव हुन्छ । अभावलाई परिपूर्ति गर्न सहयोग लिनु नै ऋण हो । समाजमा सन्तान नहुने कति मानिसलाई सन्तानको इच्छा पूरा गर्न अरुको बच्चा राख्ने गर्दछन्, तर अरुको भन्ने शब्द नै प्राण विहिन भावको हुन्छ । यसमा संपूर्ण रूपले स्नेह र विश्वासको कमी हुन जान्छ । गर्भाधानको समयमा दुई दम्पत्ति बीचको भावनात्मक दोष, समयदोष, नक्षत्र आदि दोषको कारण बालकमा यसको जुन प्रभाव परेको हुन्छ, यो कुप्रभाव शान्ति गर्न यो संस्कार गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामाकरण संस्कार

प्रत्येक शब्दले ध्वनि प्रकट गर्दछ र प्रत्येक ध्वनिको आफ्नै विशेषता हुन्छ। ध्वनि प्रकट गर्दा बोल्ने व्यक्तिलाई सो ध्वनिले जुन किसिमको प्रभाव पारेको हुन्छ, सुन्ने व्यक्तिलाई पनि त्यस्तै प्रभाव पारिरहेको हुन्छ । प्रत्येक ध्वनि मन्त्र हो र मन्त्र राम्रा वा फाइदाकारी र हानिकारक दुवै हुन्छन् । कुनै मन्त्रले असक्त व्यक्ति शसक्त हुन्छ भने कुनै मन्त्रले शसक्त व्यक्ति असक्त पनि हुन जान्छ । यो ध्वनिलाई लिएर वैदिक विज्ञान धेरै नै गहिरिएको छ । नामाकरण संस्कारलाई सूक्ष्म रूपले अध्ययन गर्दा जन्मिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकलाई सम्बोधन गर्न मन्त्र प्रदान गर्नु हो । यसैले यो सम्बोधनको मन्त्र प्रदान गर्नु अगाडि सो मन्त्रलाई जागरित गर्नको लागि संस्कारको रूप दिइएको हो ।

हाम्रो वैदिक परम्परामा बालकको नाम कुनै देवता वा महापुरुषको नाम लिएर दिइन्छ । यसको कारण यो हो कि, देवताको नाम स्वयम्मा मन्त्र भएकोले प्रत्येक देवी- देवताका उपासकले सो मन्त्रलाई जपिरहने हुँदा सो नाममा अलौकिक तरङ्ग प्रकट भएको हुन्छ र सो नाममा हृदय देखि नै भाव-भक्ति प्रकट हुन्छ । यही उदाहरण दिन अजामिलले आफ्नो पुत्रको नाम "नारायण" राखेको र मर्ने बेलामा पुत्रलाई 'नारायण' ! भनेर बोलाउँदा यो नामको प्रभावले अजामिल बैकुण्ठ लोकमा पुगेको कुरा भागवतमा उल्लेख गरेको पाइन्छ । यही नामको महिमाको प्रसङ्गमा अर्को एउटा कथा छ ।

एकपटक रामको दरबारमा उपस्थित भएका ऋषिहरूलाई नारदजीले सोध्नुभयो । नाम ठूलो कि व्यक्ति ठूलो ? यसमा धेरैले व्यक्ति ठूलो भनेर उत्तर दिए । यसमा व्यक्ति पक्षमा जोरले तर्क दिनेहरूमा विश्वामित्र पर्नु हुन्थ्यो । तब अन्तिममा नारदले उक्त विषयमा टुङ्गो नलागेपछि भोलिको दिनमा पुनः तर्क संकलन गरेर दरबारमा उपस्थित हुन भन्नुभयो । त्यहाँबाट उहाँ सिधै हनुमानजी कहाँ जानुभयो । नारदले हनुमानजीलाई गएर भन्नुभयो, 'भोली दरवारमा सबै ऋषिहरू जम्मा हुन्छन्, त्यसमा तपाईंले सबैलाई नमस्कार गर्नु र विश्वामित्रलाई भने नमस्कार नगरी उपेक्षा गर्नु है ।' भोलीपल्ट सबै ऋषिहरू जम्मा भएको ठाउँमा गएर हनुमानजीले, नारदजीले भने अनुसार सबैलाई प्रणाम गर्नु भयो तर विश्वामित्रलाई वास्ता गर्नु भएन । यो देखेर विश्वामित्रले आफूलाई गरेको घोर अपमानलाई लिएर रामलाई भन्नु भयो "यो हनुमानको टाउको भोली १० बजे सम्ममा मलाई तपाईंले काटेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनु पर्छ ।" अब रामजी पर्नुभयो धेरै ठूलो आपदमा । हनुमानजीलाई मारुँ, यती ठूलो सेवकलाई कसरी मार्ने ? विश्वामित्रले भनेको नमानु गुरुआज्ञा कसरी उल्लङ्घन गर्ने ? अन्ततः रामले गुरुआज्ञा पालन नै कर्तव्य ठहर गरी हनुमानजीलाई शरयु नदीको पारिपट्टी वस्न भन्नुभयो र वारिबाट वाण हान्नुभयो तर जति वाण हानेपनि वाणले हनुमानजीलाई नलागी फर्किएर आयो । यसमा रामले रावणलाई प्रयोग गरेको सम्पूर्ण अस्त्र प्रयोग गर्नु भयो तर हनुमानजीको दुई फिट अगाडिबाट सबै अस्त्र फर्किए । यो घटना सबै विश्वामित्रले देखिरहनु भएको थियो । अन्ततः कसै गर्दा पनि वाणले हनुमानजीलाई नछोएपछि राम र विश्वामित्र दुवै जना हनुमानजी भएको ठाउँ पारिपट्टी जानुभई रामले हनुमानजीलाई वाणले नछुनाको रहस्य के हो भनी सोध्नुभयो । यसको उत्तरमा हनुमानजीले भन्नुभयो "म हजुरको पावन अमर नाम 'राम-राम' जपेर बसेको छु । यो नाम जपे पछि कसरी वाणले मलाई छुन सक्छ ? यो सुनेर विश्वामित्र लज्जित भई फर्किएर नारदजीमा नतमस्तक भएर भन्नुभयो, "मैले बुझें व्यक्ति भन्दा नाम नै ठूलो हो, सहर्ष स्वीकार गरें ।"

नाममा ध्वनि-तरङ्गको एकातिर आफ्नै विशिष्ट महत्व छ भने अर्कोतिर नामको कारण तत् व्यक्ति वा सो नामको महत्वबारे व्यक्तिको मशितष्कमा गहिरो आस्था र जिज्ञासा पर्न गएको हुन्छ । जस्तो कसैको नाम कृष्ण छ भने एकातिर कृष्ण शब्द उच्चारण गर्दा यसको ध्वनि-तरङ्गले बोलाउने व्यक्तिको मशितष्कमा प्रभाव पर्छ भने अर्कोतर्फ आफ्नो नाम सुन्ने व्यक्तिलाई पनि अवश्य नै प्रभाव परेकै हुन्छ । ध्वनिको दुईवटा रूप हुन्छन्, स्थूल र सूक्ष्म । बोलाउने व्यक्तिले नाम उच्चारण गर्दा उसमा स्थूल प्रभाव पर्छ भने सुन्ने व्यक्तिमा सूक्ष्म प्रभाव पर्न गएको हुन्छ । स्थूलमा भन्दा सूक्ष्ममा ज्यादा शक्ति हुने भएकोले बोलाउनेमा भन्दा सुन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्तिमा नामको ज्यादा असर पर्न जान्छ । हाम्रो समाजमा जिस्किएर, होच्याएर वा उच्चारण गर्न सजिलोको निमित्त व्यक्तिको नामको पछाडि 'ए' कार जोडेर रामलाई रामे, गोपाललाई गोपाले, कृष्णलाई कृष्णे आदि विकृत नामले बोलाउने चलन छ । यथार्थमा यसो गर्नु नाम र नामध्वनिको ठूलो अपमान हो । एउटा सही व्यक्तिको मुखमा विकृत नाम उच्चारण गर्न कदापि सोभनीय हुँदैन । नाम नै शब्दब्रम्ह भएकोले व्यक्तिलाई घृणा गरेपनि शब्दलाई घृणा गर्नु विल्कुल राम्रो हुँदैन ।

हाम्रो परम्परामा नाम राख्दा देवी-देवताको, महापुरुषको र प्रकृतीको नामलाई लिइन्छ । यसको मुख्य कारण दुईवटा छन् । एउटा ध्वनि-तरङ्गको वैज्ञानिक महत्व र अर्को तत्नाम सम्बन्धी विषय प्रति जिज्ञासा । यदि कसैको नाम राम छ भने उसमा राम शब्दको महत्ववारे जिज्ञासा हुन्छ र उसले रामायण अध्ययन गर्न इच्छा गर्छ, यदि कहीं रामको चर्चा भएको छ भने आफ्नो नाम आएको कारण ऊ श्रद्धा र जिज्ञासा पूर्वक एकाग्र चित्तले सुन्न थाल्छ । यसमा केवल नामको व्यक्तिमा मात्र यो जिज्ञासा नभई उक्त नामका आफन्तहरूलाई पनि आफ्नो पुत्र या भाइ या भान्जाको नामको चरित्रबारे जिज्ञासा स्वतः प्रकट हुन जान्छ । नाम राख्ने काम प्राचीन समयमा ब्राह्मण वा गुरुहरूले गर्ने गर्नु हुन्थ्यो । यसको कारण साधारण मानिसमा देव-देवी आदि विशेष ध्वनिमहत्व राख्ने शब्दज्ञानको अभाव हुने भएकोले हो ।

बालकको नाम देवी-देवताको र महापुरुषको राख्नुको अर्को भावनात्मक कारण यो हो कि, जुन देवी-देवताको नाम बालकमा जोडिन्छ र सो देव-देवीले उसको रक्षा गर्नु हुन्छ र जुन महापुरुषको नाम राखिन्छ, ती महापुरुषले उसलाई आशीर्वाद र सत्मार्ग प्रदान गर्नु हुन्छ । यो भावनाको आफ्नै महत्व छ । देव-देवीको नाम राख्दैमा कसरी बालकलाई देव-देवीले रक्षा गर्दछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने जिज्ञासा हुन सक्छ । यसको कारण यो हो कि, जस्तो कसैले आफ्नो ईष्टदेव-देवीको नाम बालकलाई राखिदिएको छ भने माता-पिताले आफ्नो बालकलाई सम्वोधन गर्दा सो सम्वोधनको शब्दमा भावनात्मक श्रद्धा रहेको हुन्छ । जब शब्दले भावनात्मक श्रद्धासाथ प्रकट हुने मौका पाउँछ तब यसले विशेष भाव प्रकट गर्छ र सूक्ष्म नादमा दैवीशक्ति निहित हुन्छ र यो इच्छा पूरागर्न सफल हुन्छ ।

मनुको अनुसार नामाकरण गर्दा ब्राह्मणको मंगल सूचक, क्षत्रीको बल सूचक, बैश्यको धन सूचक र शूद्रको आज्ञाकारी सूचक राख्नु पर्दछ । यसको अर्थ हो, ब्रह्मणको नाम आनन्द सूचक भएमा उसलाई सम्वोधन गर्नासाथ सत्वगुणको भावप्रकट भएर मनको एकाग्र र भाव-भक्ति प्रकट हुन्छ । क्षत्रीयको नाम रक्षा सूचक भएपछि उसमा तेजश्विता प्रकट हुन्छ । वैश्यको नाम ऐश्वर्य सूचक भएपछि अर्थोपार्जन तर्फ उत्साह प्रकट हुन्छ । शूद्रको नाम आज्ञाकारीता सूचक भएपछि सेवा तर्फ भाव प्रकट हुन्छ भन्ने यसको मूल उद्देश्य हुन्छ । यसैले ब्राह्मणको नामको साथमा शर्मा राखिन्छ । शर्मा शब्दको अर्थ हो प्रशन्नता या खुसी । क्षत्रीयको नामको पछाडि बर्मा वा बहादुर र वैश्यको नामको पछाडि गूप्त (संबृद्धि) र शूद्रको नामको पछाडि दास राखिन्छ । यसरी नामको पछाडि यी विशेषण राखेपछि मानवमा स्वतः यसको भावनात्मक असर पर्न जान्छ ।

जस्तो वर्तमान समयमा कसैको नामको अगाडि उपाधि, कवि, डा., स्वामी आदि राख्नाले सो व्यक्तिमा उक्त उपाधिको प्रभाव मशितष्कमा अवश्य नै परेको हुन्छ । यही भावनात्मक प्रभाव वृद्धि गरी समाज व्यवस्था राम्रोसँग संचालन गर्ने उद्देश्यले प्राचीन समयमा यसरी नामको साथमा शर्मा, बर्मा, गुप्त र दास राख्ने परम्परा चलेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरेक मानिसको नक्षत्रको पाउलाई लिएर नाम राखिने हाम्रो परम्परा छ । यसलाई हाम्रो लोक भाषामा जन्मको नाम वा न्वारनको नाम भनिन्छ। यो नाम प्रायः गोप्य नै राख्ने चलन छ। यसलाई गोप्य राख्नुको कारण यो हो कि, जस्तो कसैको नाम चोलानाथ छ भने यसबाट सो व्यक्तिको स्वभाव वा व्यक्तित्व अरुलाई थाहा हुन जान्छ। यसको कारण यो हो कि, चोलानाथ नाम भएको व्यक्तिको नक्षत्र अश्विनी हुन्छ । अश्विनी नक्षत्रको स्वामी अग्नि हुने भएकोले उसमा अग्निको स्वभाव हुन्छ। यसको राशी मेष हुँदा मेषको स्वभाव हुन्छ। यसैगरी मेष राशिको स्वामी मंगल हुने हुँदा मंगल ग्रहको प्रकृती जुन हुन्छ, त्यो प्रकृति उक्त बालकमा हुन जान्छ। यसैगरी यो व्यक्तिको वर्ण क्षत्री हुने हुनाले क्षत्रीको गुण पनि यो बालकमा हुन्छ। यो राशीको गण देवता हुने भएकोले देवताको स्वभाव पनि यो बालकमा भएको हुन्छ । मानिसको सबै स्वभाव बुझी सकेपछि दुश्मनलाई कहाँ निर आक्रमण गर्न सजिलो पर्छ भन्ने थाहा हुने भएकोले आफ्नो रहस्य अरुले थाहा नपाओस् भनेर यो नामलाई गोप्य नै राख्ने अवधारणा रहेको हो।

बालकको नाम राख्दा हाम्रो परम्परामा महिनाको देवतालाई लिएर पनि राख्ने चलन छ। प्रत्येक महिनाको अलग-अलग स्वभाव हुने भएकोले उक्त महिनाको स्वामी देवतालाई लिएर पनि नाम राख्ने चलन छ।

सुत्केरी भएको दशौं दिनमा सुत्केरीले स्नान गरी घरको व्यापक सरसफाई गरी एघारौं दिनको दिनमा पुरोहित बोलाई परम्परागत सबै संस्कार गरी सकेपछि बालकको जुन नाम राख्ने हो सो नामलाई देव-वृक्ष र कुश जस्तै पवित्र रहोस् भन्ने भावनाले पिपलको पातमा कुशले कस्तुरी, केशरी र चन्दनमा चोपी बालकको नाम लेख्ने परम्परा छ । सो लेखिएको नामलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा गरी स्वस्ती-वाचन गरी....... नामको बालक-बालिका "तिमी बाल/बालीका दीर्घायु होऊ" भनेर शिशुको कानमा तीन पटक भनिदिने परम्परा छ। एघारौं दिनमा बालकको कम्मरमा मेखला बाँध्नुको कारण बालकले खाएको आहार सजिलै पचोस् भन्नको निमित्त हो। यसपछि सके सुनको नत्र चाँदी वा अन्य कुनै धातुको भाँडोमा असमान मात्रामा घ्यू र मह हालेर बालकलाई चटाइन्छ। यसको अर्थ हो, बालकको स्वर मिठास होस् र कोमल होस् र आदर पूर्ण रहोस्। यसको साथै बालकमा सर्दीको प्रभाव शरीरमा नरहोस् भन्ने हो।

◎

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्क्रमण संस्कार



शिशुलाई पहिलो पटक घरबाट बाहिर निकालेर सूर्य र चन्द्रको दर्शन गराउने र नयाँ संसार देखाउन जुन संस्कार गरिन्छ,यसलाई निस्क्रमण संस्कार भनिन्छ । बालक जन्मेको चार महिनामा यो संस्कार गरिन्छ । यसमा चार माहिनासम्म बालकलाई किन घरभित्रै राखेको होला भन्ने जिज्ञासा हुन सक्छ । यसको कारण विशेष गरेर सूर्यको ताप सिधै नवजात शिशुलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दा यसको तापले शरीरलाई तुरुन्तै असर गर्न जान्छ । यसको बढी असर नेपालको तराई र भारतको भूमिमा ज्यादा हुन्छ । किनभने त्यहाँको भूमि समुन्द्र सतहबाट थोरै मात्र उचाईमा हुने भएकोले घामको किरण पर्नासाथ त्यसलाई शरीरले सहन गर्न सक्दैन । शरीर बढी सकेको मानिसलाई त यसको ताप सहन गर्न मुस्किल हुन्छ । यसरी भरखरको शिशुलाई धूपमा राख्नाले यसको तेजीलो राप शिशुमा पर्नासाथ अरुचि हुने र पाचन प्रणालीमा असर गर्ने भएकोले चार महिनाको बालक नभएसम्म सूर्यमा सिधै बालकलाई राख्नु हुँदैन भनेर यो संस्कार बनाएको हो ।

जुन समयमा यो संस्कार निर्माण गरिएको हो, उक्त समय भनेको कृषि प्रधान समाज थियो । यो समाज परिश्रमको दृष्टिबाट अति नै बेफुर्सदी हुन्थ्यो । यो कारणले बिहानै उठेर शिशुको पिता-मातालाई खेतमा काम गर्नु पर्ने र दिनभरी नै खेतमा रहनुपर्ने अवस्था हुँदा शिशुलाई दूध पिलाउन आमाले दिनमा बालकलाई लिएर खेतमा जानुपर्ने बाध्यता हुन्थ्यो । यसैले यो संस्कार बनाई दिएपछि बालकलाई घरबाट बाहिर लिएर जानु हुँदैन भनेर शिशुको शरीर रक्षाको निमित्त यो संस्कार बनाइएको हो ।

यो संस्कारमा विधिवत् भूमिलाई लिपपोत गरी चार महिनाको बालक भएपछि शुद्ध गरिएको भूमिमा स्वस्तिक चिन्ह, पीठो, रेखी र अष्टदल कमल बनाएर त्यसको बीचमा गाईको गोवरको सानो एउटा कुवाजस्तो पानी जम्ने बनाई त्यसमा मन्त्रद्वारा सूर्यलाई आह्वान गरिन्छ । यसपछि विधिवत् सो स्थानमा सूर्यको पूजा गरिन्छ र बालकलाई स्वस्तिक चिन्ह माथि आसनमा राखिन्छ र पहिले सो आवाहित सूर्यको दर्शन गराएपछि आकास स्थित सूर्यको दर्शन पहिले आमाले गराउँछिन् । यसपछि आमाले बालकलाई उसको पितालाई दिन्छीन् । अनि क्रमशः पिताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजुरबा, हजुरआमा, मामा आदि आफन्तको काखमा बालकलाई दिने परम्परा छ ।

स्वस्तिक चिन्हको अर्थ हो, पूर्व समयमा भएका कर्मबाट भएको नराम्रो असर र पापलाई समाप्त गर्नु र उपास्य देव-देवीबाट आशीर्वाद प्राप्त गर्नु । अष्टदल कमलको अर्थ हो सम्पूर्ण वर्णाक्षरको समष्टि रूप अर्थात् विचार शक्तिको मूल श्रोत । अष्टदल कमलमा अष्टमातृका रहेका हुन्छन् । यसको पूजाआराधनाबाट अष्टसिद्धि प्रकट हुन्छ र अपौरुषेय ज्ञान प्रकट हुन्छ भनेर हाम्रो परम्परामा स्वस्तिक चिन्ह र अष्टदल तयार गरी त्यस माथि पूजा आराधना गर्ने चलन चलेको हो ।

सूर्यदर्शन गराई सकेपछि बालकलाई लोकदर्शन गराउने भनेर पवित्र स्थल (देव-देवालय मठहरू)मा लिएर गइन्छ । यसको अर्थ यो हो कि, यसबाट बालकको अन्तरचेतनामा तत् भूमि प्रति आस्था र श्रद्धा प्रकट होस् र देवालय लगी पूजादर्शन गराएपछि उसमा भएको शारीरिक कमजोरी दूर होस् भन्ने ।

यो संस्कार वर्तमान समयमा कालक्रमको परिवर्तनको कारण प्रायः लोप भइसकेको छ । चार महिनासम्म बालकलाई बाहिर निकाल्न हुँदैन भन्ने कुरा प्रायः मानिसमा ज्ञान नै भएको हुँदैन । यसको कारण अब आएर प्रसूति हुन गर्भवती महिलाहरू अस्पताल गएका हुन्छन् । अस्पतालबाट फर्कँदै शिशु घर बाहिर भइसकेको हुन्छ । यसैले अहिले सूर्यदर्शन गराउने काम नामाकरण संस्कारमै गर्ने गरिन्छ । यो संस्कार लोप हुनुको अर्को प्रमुख कारण यो पनि हो कि, सुत्केरी भई सकेपछि तिनीलाई अर्थात् सुत्केरी नारीलाई बालकलाई जस्तै गरी राम्रोसँग सेवा गर्नुपर्छ । यसको लागि शरीरमा तेल लगाएर मालिस गर्ने, समय-समयमा राम्रो आहार खान दिने । कुनै शारीरिक परिश्रम नगरी पूर्ण आराम गरेर बस्नु पर्ने हुन्छ । यस्तो वातावरण घरमा प्राप्त हुन नारीको निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुस्किल हुन्छ । किनभने हाम्रो समाजमा बुहारी प्रतिको दृष्टि छोरीको जस्तो नभएर कता-कता दासीको भाव रहेकोले उक्त सेवा प्राप्त गर्न उनलाई छोरी हुनको निमित्त माइतीघरमा जानुपर्ने हुन्छ। जुन स्नेह वा निस्वार्थ सेवा र प्रेम आमाको हुन्छ, यो कदापि शासुबाट सम्भव नहुने भएकोले सुत्केरी भएको एक महिना पछि नै माइतीघर जाने परम्पराले यो संस्कारलाई दबाई दिन पुग्यो ।

यो संस्कार विशेष गरी बालकको निरोगिता र पिता-माताको बालकप्रति समर्पणभाव चिरस्थाई गर्नको निमित्त गरिन्छ। बालकलाई शुद्ध वस्त्र लगाएर पूजा स्थलमा श्रीमतीको दाहिने तर्फ श्रीमान् बसेर पूजा सकिएपछि बालकको शिरमा हात राखेर पिताले निम्न मन्त्र भन्ने गरिन्छ,

ॐ अङ्गात्-दङ्गात् सम्भवसि हृदयादधिजायसे ।
आत्मा वै पुत्रनामासि स जीव शरदः शतम् ॥

अर्थात, "हे वत्स ! तिमी मेरो अङ्ग-अङ्गबाट र हृदयबाट जन्मिएकोले पुत्रको नामले तिमी मेरो आफ्नै रूप भएर आएको छौ। तिमी सय वर्ष बाँच ।"

यसैगरी सोही दिन रातमा बालकलाई बाहिर निकालेर चन्द्र दर्शन गराइन्छ । चन्द्रदर्शन गराउनुको मुख्य कारण हो, बालकको मन शान्त सात्विक र एकाग्रताको विकास होस् भन्ने, यसमा श्रीमती श्रीमान्को देब्रेपटी रही बालकलाई साथमा लिई हातमा जल राखी पुत्र वियोग नहोस् भन्ने अर्थमा चन्द्रमाको सामु निम्न मन्त्र जप्नुपर्छ ।

ॐ यददश्चन्द्रमसि कृष्णं पृथिव्या हृदय॑ श्रितम् ।
तदहं विद्ध॑ स्तत् पश्यन् माहं पौत्रमघ॑ रुदम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कतिपय संस्कार समय परिवर्तनको साथमा यसका समय पनि परिवर्तन हुन्छन् । किनभने समयले हुन वाध्य गराएको हुन्छ । वाध्यताको सिक्रीले बाँधेपछि वाध्य हुनु नै पर्छ । तर संस्कार भने छोड्नु हुँदैन । वर्तमान समयमा यो संस्कारलाई नामाकरण संस्कारको दिनमा नै गर्ने गरिन्छ । यो वाध्यता हो र यो समयमा गर्नु, समय परिवर्तनको कारण उचित नै मान्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्नप्राशन संस्कार

पहिलो पटक अन्न बालकलाई खुवाउने दिनलाई अन्नप्राशन भनिन्छ । यसलाई लोकभाषामा पास्नी पनि भनिन्छ । आमाको स्तनपान गरी आफ्नो शरीर वृद्धि गराई रहेको बालकलाई अब एकै पटक अन्न खाँदा शरीरमा स्वतः यसको असर पर्न जाने हुँदा उक्त खाएको अन्नले शरीरलाई असर नगरोस् भन्नको निमित्त उक्त पहिलो पटक खाने अन्नलाई सजिलै पचाउन उपयुक्त नक्षत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकलाई अन्न खुवाइन्छ । यसमा बालक भए छ या आठ महिनामा र वालिका भए पाँच या सात महिनामा अन्नप्राशन गर्ने नियम छ। यदि कारणवश यसमा संभव नभएमा बालकलाई दश या बाह्र महिनामा र वालिकाको भए नौ या एघार महिनामा अन्नप्राशन गराउने परम्परा छ । अन्नप्राशनको निमित्त निम्न तीथि, वार, नक्षत्र र लग्नलाई लिइन्छ।

तीथिः- दुवै पक्षको द्वितीया, तृतीया, पंचमी, सप्तमी, दशमी र त्रयोदशी साथै शुक्लपक्षको पूर्णिमा पनि ग्राह्य मानिन्छ।

नक्षत्रः- अश्विनी, रोहिणी, मृगशिरा, पुनर्वसु, पुस्य, उत्तरषाढा, उत्तरफाल्गुणी, उत्तरभाद्रपद, हस्त,चित्रा, स्वाती, अनुराधा, श्रवण, धनिष्ठा, शतभिषा र रेवती।

बारः- सोमवार, बुधबार, गुरुबार, र शुक्रबार ।

लग्नः- वृष, मिथुन, कर्कट, सिंह,कन्या, तुला, धनु, मकर र कुम्भ।

अन्न नै मानवको शारीरिक, मानसिक र बौद्धिक क्षमताको स्रोत भएकोले जीवनको प्राण सरह महत्व राख्ने भएकोले यसलाई "अन्नम् ब्रह्म " भनेको हो। हामीले खाएको अन्नको दुईवटा पक्ष हुन्छ। एउटा स्थूल र अर्को सूक्ष्म। स्थूल पक्षबाट अन्न खाएपछि यसबाट पाचन प्रणाली अनुसार अन्नबाट रस, रसबाट रक्त, रक्तबाट मांश, मांशबाट मज्जा, मज्जाबाट हड्डी, हड्डीबाट मेद र मेदबाट वीर्य रूपमा क्रमिक सार रूपले निर्माण हुँदै जान्छ। सूक्ष्म पक्षबाट जुन अन्न जुन गुणको हुन्छ, यसबाट सोही गुण अनुरूपको मन बन्न जान्छ। जस्तो भात, रोटी, दूध यी सत्वगुणी आहार भएकोले यसबाट सत्वगुणी मन बन्छ भने प्याज, लसुन र मासु यी तमगुणी आहार भएकोले यसको सूक्ष्म पक्षबाट तमोगुणी मन बन्न जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्न प्राशनको निमित्त वाल-वालीकाको उमेर निर्धारण गर्नुको कारण यो हो कि, शरीरको पाचन प्रणालीका अङ्गहरू उक्त उमेर नपुगेसम्म सक्षम हुँदैनन् । यस्तो असक्षम अङ्गहरू भएको बेलामा अन्न खानाले ती पच्न नसकी यसबाट नाना रोगहरू प्रकट हुन जान्छन् । प्राय: बालक ६, ७ महिनाको भएपछि दाँत निस्कन सुरु गर्छ र दाँत निस्कनासाथ अली-अली चपाउन सक्ने भएकोले खाएको अन्न पच्न जान्छ । यो संस्कारद्वारा गर्भमा रहँदा आमाले गरेको मलिन भक्षणको जुन दोष बालकको शरीरमा रहेको हुन्छ,"**अन्नाशनान्मातृ, गर्भे,मलाशाद्यपि शुद्धयति**"त्यो दोष यो संस्कारबाट नाश भएर जान्छ । यसको निमित्त दान र हवन गरी चाँदीको चम्चाले बालकलाई पायस चटाउने परम्परा छ । यो संस्कारमा दान गर्दा तुलादान अर्थात् एकातिर बालकलाई राखी अर्कोतिर तुलामा अन्नराखी बालक बराबर तौलको अन्न दान गर्ने पनि चलन छ । यसको कारण यो हो कि, बालकको शरीरमा भएको सम्पूर्ण नराम्रा तत्वहरू समाप्त भएर शरीरलाई रक्षा गरोस् भन्ने । जुन दान शरीरको तौल भन्दा बढी हुन्छ, यसले हानि गर्छ र कम भयो भने यसले शरीरलाई रक्षा गर्नमा पर्याप्त हुँदैन ।

शास्त्रले शरीरमा पञ्चकोष रहेको उल्लेख गरेको छ । यी प्राणमय कोष, अन्नमय कोष, मनोमय कोष, विज्ञानमय कोष र आनन्दमय कोष हुन् । आमाको गर्भबाट बालक जन्मँदै प्राणमय कोष लिएर जन्मेको हुन्छ । यो प्राणमय कोष ऊ गर्भमा रहँदा आमाले गरेको भोजन अनुरूप बनेको हुन्छ । यसैले दानद्वारा गर्भमा रहँदा आमालें गरेको भोजनको नराम्रो पक्षबाट बालकमा बनेको प्राणमय कोष परिष्कृत हुन्छ । अब अन्न-प्रासनको दिनमा जुन अन्न बालकलाई खुवाइन्छ । यो सात्विक बलवर्धक, र आयुवर्धक होस् भनेर अन्नलाई हवन गरी बाँकी रहेको अवशेष खिर जसमा गाईको दूध, घ्यू र चामल राखिएको हुन्छ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकलाई खुवाइन्छ । खुवाउँदा चाँदीको चम्चा प्रयोग गर्नु वा चाँदीको भाँडोमा हालेर खुवाउनुको कारण चाँदीमा सत्वगुण हुन्छ जुन मशितष्क विकास, कल्पना शक्तिको विकास, इच्छा शक्तिको विकास र आयुबृद्धि गर्नमा मद्दतकारी हुन्छ । यस्तो सात्विक अन्न भोजन गर्नाले अन्नमय कोषबाट मनोमय कोषको निर्माण हुन्छ । हाम्रो समाजमा भनाई पनि छ " जस्तो खायो अन्न त्यस्तै बन्यो मन ।" सात्विक मनबाट एकाग्रता शक्तिको विकास हुन्छ र एकाग्र मनबाट वस्तुको यथार्थ ज्ञान अर्थात राम्रो-नराम्रो छुट्टयाउन सक्ने शक्ति विकास हुन्छ, जसलाई विज्ञानमय कोष भनिन्छ । वस्तुको यथार्थ ज्ञान नहुनु अशान्ति वा दुःख हो भने वस्तुको यथार्थ ज्ञान हुनु नै आनन्द भएकोले यस्तो यथार्थ ज्ञान राख्ने व्यक्तिको आनन्दमय कोष जागरीत भएको हुन्छ ।

वैदिक संस्कारमा दुईवटा पक्ष छन् । एउटा लौकिक र अर्को अलौकिक । लौकिक संस्कारलाई बुझ्नलाई सजिलो छ किनभने यो लोकसँग सम्बन्धित छ तर अलौकिक संस्कारले यो लोकसँग सम्बन्ध नराख्ने हुनाले यसलाई बुझ्न मुस्किल पर्छ । यो लोकसँग सम्वन्धित जतिपनि संस्कार छन् यी लोप नभई झनै परिमार्जित हुँदै आएका छन् तर अलौकिक संस्कारलाई बुझ्न नसक्नु र नबुझ्दा यसप्रति विश्वास नहुनु र विश्वास नहुँदा श्रद्धा नहुनुबाट अन्ततः कति संस्कार लोप भए र कति लोपोन्मुख भईरहेका छन् । जन्मनु पूर्व गर्भाधानको समयमा पिताको वीर्य र माताको रजकणबाट मानवको जीवन सुरु हुन्छ । जन्मेपछिको मात्र जीवन नभएर माता-पिताको संयोगबाट गर्भाधान भएर जब जीव निर्माण हुन्छ, त्यहीं देखि जीवन सुरु हुन्छ । यसैलाई आधुनिक शिक्षामा वंशानुगत संस्कार भनिन्छ । गर्भधारण गर्ने समयमा माता-पिताको मानसिक अवस्थाको दोष गर्भमा बालक रहेको समयमा माताले गरेको आहार-विहार र विचारको दोष जुन हुन्छ, यो बालकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनमा परेकै हुन्छ । यसैले यी दोष निवारणको निमित्त हाम्रो परम्परामा विभिन्न किसिमले संस्कारहरू गरिन्छ । यसैले यसलाई बुझ्न अली सरल छैन ।

सतहबाट विचार गर्दा हाम्रा संस्कार कतिपय नाटकीय र हाँसो उठ्दा पनि होलान्, तर यसको यथार्थ मर्म भने अति नै गहन छन् । अन्नलाई ब्रह्म भनेको छ । **"अन्नम् ब्रह्म तदुपासित ।"** यसैले अन्न प्रथम पटक प्राशन गर्दा यसलाई उपासना गर्नु नै यो संस्कारको मूल उद्देश्य हो । अन्नलाई यथाविधि हवन गर्नु नै अन्नको उपासना हो ।

समाजमा मानिसहरू आमाको दूध पुगेन भनेर बालकलाई दुई, तीन महिना पछि नै लिटो पकाएर खुवाउने गर्दछन् । आखिर लिटो पनि अन्नबाट बनेको हुनाले यो शास्त्र र संस्कार सम्मत हुँदैन । बालक बढ्दै गएपछि उसको आहारको मात्रा पनि बढ्दै जान्छ । यदि आमाको दूध बालकलाई पर्याप्त नभएमा लिटो खुवाउनुको वा हलुवा खुवाउनुको अतिरिक्त गाईको वा भैंसीको दूध पिलाउनु पर्छ । जबसम्म अन्न प्राशन संस्कार गरीदैन तबसम्म अन्न खुवाउनु हुँदैन । बालक जन्मेपछि आमाहरूको धारणा छ कि, जति ज्यादा बालकले खायो ऊ त्यति नै दह्रो हुन्छ । यो सोचेर समय नभई नाना खाने कुरा बालकलाई खुवाउन जाँदा बालक रोगी हुन पुग्छ । अझ बालकले धेरै खान सक्छ भनेर कति आमाहरूले लिटोमा घ्यू र चिनी हालेर दुई-तीन महिनादेखि नै खुवाउन सुरु गर्दछन् । यसो गर्नाले बालकको शरीरमा असर पर्न गई दाँत र हड्डीमा असर पर्नुको साथै पेटमा कीरा पर्ने र अन्य विविध रोगहरू हुन जान्छ । समयमा आमाले शिशु-आहारलाई राम्रोसँग ध्यान नदिंदा वा जथाभावीसँग खुवाउँन जाँदा बालकको पाचन प्रणाली गडवड हुन्छ र बालक एकनास झिंझो मान्ने, रोइरहने र खान इच्छा नगर्ने हुन्छ । जब बालकको सेवामा आमाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको भुलबारे ज्ञान हुँदैन तब यसरी बालक रोईरहेपछि रुन्चे लाग्यो, आँखा लाग्यो आदि भनेर नाना उपचार गर्न थाल्छन् ।

वर्तमान समयमा युरोपियन सभ्यतालाई ग्रहण गरेका माता-पिताले बालकलाई मासु, माछा र अण्डा खुवाउँछन् । यसले बालकको मन र स्वभावलाई उग्र र चञ्चल बनाई दिन्छ । मानिसको प्राकृतिक आहार सात्विक भएको हुनाले यसैलाई सेवन गर्नुपर्छ । आधुनिक कालमा आहारलाई लिएर धेरै अनुसन्धान भएको छ र सात्विक आहारमा विश्वकै विचारशील व्यक्तिहरू झुकेका छन् । मानिस रोगी हुन्छन् खान नपाएर होइन, ज्यादा खाएर । कति बालक सानै उमेरमा मर्छन्, यसको कारण अभिभावकले खाना खुवाउन नजानेर हो । शैशवकालमा लागेको रोग वृद्ध अवस्थासम्म पनि रहिरहने हुनाले प्रत्येक माता-पितालाई बालक जन्मिएपछि उसलाई खुवाउने आहारको बारेमा ज्ञान हुन जरुरी हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णवेद संस्कार

बालकको कान छेड्ने संस्कारलाई कर्णवेद संस्कार भनिन्छ। यो संस्कारले आध्यात्मको पक्षमा विशेष केही सम्वन्ध नराखी, मात्र शरीर स्वस्थ राख्नको निमित्त सम्वन्ध राख्दछ। यसैले यसमा कुनै विशेष देवार्चन संस्कार गरिदैन।

कानमा शरीरका विभिन्न रोगहरूलाई नियन्त्रण गर्ने सूक्ष्म नसाहरूको केन्द्र रहेको हुन्छ। यो केन्द्रमा पारी कान छेड्ने गरिन्छ। कान छेड्दा छेडेको प्वालबाट हावा छिरोस् र सूर्यको प्रकाश छिरोस् भन्ने भनाई छ। यो विषयमा आध्यात्मिक गुरुहरूको भन्दा आधुनिक चिकित्सकहरूको लागि खोजीको विषय हुनु पर्दछ। किनभने हाम्रो परम्परामा कान छेडेपछि अण्डकोषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोग, पेटको रोग र मशितष्कको रोग नाश हुन्छ भन्ने भनाइ छ । यो किन र कसरी हुन्छ भन्ने सम्बन्धमा शरीर विज्ञान विषयक शिक्षक र शिक्षार्थीको विषय हुनु पर्दछ ।

हाम्रो परम्परामा जतिपनि धातु शरीरमा धारण गरिन्छ, यसको अर्थ केवल शरीरलाई श्रृंगारयुक्त बनाउनको निमित्त नभएर शरीर रक्षाको निमित्त गरिन्छ । हातका औंलामा औंठी लगाइन्छ, हातलाई श्रृंगारयुक्त बनाउन नभई ग्रहदोष नियन्त्रणको निमित्त । यसैगरी रुद्राक्षको माला लगाइन्छ, रक्तचाप नियन्त्रण गर्न । यसै गरी कानमा गहना लगाईन्छ, यो पनि शरीर स्वस्थ राख्नको लागि हो । हाम्रो अहिलेको बुझाइ भनेको कान छेड्नुको अर्थ हो गहना लगाउन । गहना किन लगाउने भन्दा शरीरलाई सजाउन । हाम्रो प्रायः सबै देवता र देवीहरूले कानमा गहना लगाएको देखिन्छ । शिवजी, जो शरीरमा भष्म दलेर रहनुहुन्छ, जसलाई शरीर श्रृंगारको कुनै वास्ता विलकुल छैन, त्यस्ता शंकरजीले पनि कानमा कुण्डल लगाएको देखिन्छ । अथर्ववेदमा उल्लेख छ ।

"ॐ योऽस्य दक्षिणः कर्णोऽयं सो अग्निर्योऽस्य सव्यः कर्णोऽयं सपवमानः स्वाहा ।

अर्थात्, 'जुन दायाँ कान हो, यो पृथ्वीको भौतिक अग्नि हो र बायाँ कान सूर्य अग्नि हो ।' कानमा गहना वा स्वर्ण धातुहरू धारण किन गरिन्छ, भन्ने विषयमा यजुर्वेदमा उल्लेख छ :-

आयुष्यं वर्चस्यं रायस्पोषमौ द्भिदम् ।

ईदं हिरण्यं वर्चस्वज्जैत्राया विशतादु माम ॥३४।५०॥

अर्थात्, 'सुन धारण गर्नु आयुवर्धक, कान्ति दाता, धनरूप र पुष्टिवर्धक हुन्छ । खानीबाट उत्पन्न तेज-प्रकाशक सुवर्ण विजयको निमित्त, मेरो लागि आश्रित् होस् । फेरी उल्लेख छ :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"न तद्रक्षां नतद्रक्ष्यम् सि न पिशाचास्तरन्ती देवानामोजः । प्रथमजं ह्येतत् । यो विभर्ति दाक्षायणं हिरण्यं स देवेषु कृणुते दीर्घमायुः स मनुष्येषु कृणुते दीर्घमायुः ॥३४।५२॥

अर्थात्, 'यो सुवर्णलाई राक्षसले नाघ्न सक्दैन, पिशाचले नष्ट गर्न सक्दैन, यो देवताहरूको पहिलो उत्पन्न तेज हो । जसले अलंकारको रूपमा सुनलाई धारण गर्दछ, उसले दीर्घायु प्राप्त गर्दछ र दिव्य लोकमा (मरेपछि) पनि अधिक कालसम्म निवास गर्दछ ।' राक्षस र पिशाचको अर्थ हो, शरीरलाई वाधा दिने वा पीडा दिने । हाम्रो परम्परामा अझै पनि कुनै अपवित्र वस्तुलाई स्पर्श गरेपछि त्यसबाट नाना रोग नआओस् भन्नको निमित्त सुनपानी शरीरमा हाल्ने गरिन्छ । धातुहरूमा विश्वमा सुन किन यति ज्यादा महङ्गो भयो भन्दा, यसको महत्व केवल अहिलेको समयमा मात्र नभएर वैदिक कालदेखि नै किमति भएकोले हो । पाश्चात्य मूलुकमा सुनलाई केवल श्रृंगारको रूपमा लिइन्छ भने हाम्रो समाजमा प्राचीन कालदेखि आयुर्वेद वा उपचारको रूपमा लिंदै आएको छ । अथर्ववेदमा स्वर्ण धारण गर्नुको महत्वबारे यसरी उल्लेख गरेको छ –

नैनं रक्षांशी न पिशाचाः सहन्ते देवानामोजः प्रथमज ह्येतत् ।

यो विभर्ति दाक्षायण हिरण्य स जीवेषु कृणुते दीर्घमायुः ॥

अपां तेजो ज्योतिरोजो वलं च वनस्पतिनायुत वीर्याणी ॥

इन्द्र इवेन्द्रियाण्याण्यधि धारयामो अस्मिन तद् दक्षमाणो विभरद्धिरण्यम् ॥

समानां मासामृतुभिष्ट्वा वयं संवत्सरस्य पयसा पिपर्मि ।

इन्द्राग्नी विश्वे देवास्तेऽनु मन्यन्तामहृणीयमानाः ॥

अर्थात्, 'हिरण्यधारी मनुष्यलाई ज्वरोआदि पीडा हुँदैन । मांश भक्षी पिशाचले पनि उस्लाई पीडित गर्दैन । यो नीलमयुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्ण इन्द्रादि देवताहरूबाट पहिले उत्पन्न भएको हो । यो शरीरमा धारण गरिने आठौं धातु हो । राक्षसलाई नास गर्ने भएकोले यसलाई दाक्षायण भनिन्छ । जो यसलाई धारण गर्दछ ऊ राक्षसलाई नास गर्नेवाला भई शय वर्ष बाँच्ने हुन्छ । जल, सुर्य, र चन्द्रको तेज ईन्द्रको ओजवल र वीर्य आदि सवै शक्ति यो स्वर्ण धारण गर्नेले प्राप्त गर्दछ । जस्तो इन्द्रको सामर्थ्य ईन्द्रमै रहन्छ यस्तै स्वर्णधारण गर्ने व्यक्तिमा माथिका सबै सामर्थ्य रहन्छ । यसैले तेज आदिले समृद्ध भएको निलमयुक्त सुन धारण गर । हे पुरुष ! (मानव) तिमी सम्पूर्ण ऐश्वर्यको कामना गर्ने वाला हौ, म तिमीलाई ऋतुहरूले पूर्ण गरिदिन्छु, संवत्सर सम्म रहनेवाला दूधलेयुक्त गाई आदि पशु र धन-धान्यले सम्पन्न गरिदिन्छु । अन्य सवै देवताहरू सहित ईन्द्राग्नि पनि हाम्रो त्रूटिहरूबाट रुष्ट नभएर सुवर्ण धारणले उत्पन्न हुने फल दिनेवाला छन् ।' अझै यो सुनलाई के कति उपचारमा ल्याउन सकिन्छ भन्ने विषयमा अनुसन्धान गर्नु यस विषयका विद्धानहरूको काम हुन्छ । कान छेड्ने विषयमा अथर्ववेदमा यसरी उल्लेख गरेको छ :-

लोहितेन स्वधि तना मिथुन कणयो कृधि ।
अकर्ता मस्विना लक्ष्म तदस्तु प्रजया बहु।
यथा चकु देवासुरा यथा मनुष्या उत ।
एवा सहस्त्रपोषाय कृणुतुं लक्ष्मास्विना ॥६।१४१।२३ ॥

अर्थात्, 'हे सबै वैद्य' ! फलाम वा धातुको सियोले दुवै कानमा प्वाल पार, यो पुत्र-पुत्री सन्तानले संवृद्धी गराउने हुन्छ । देव, दानव र मानवले जसरी कानमा प्वाल पारेका छन्, त्यसै गरी हे आश्विनी कुमार ! तिमी असंख्य गाईको पुष्टीको निमित्त चिन्हित गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान छेड्ने उमेर बालक जब तीन वा पाँच वर्षको हुन्छ,तब गर्नुपर्छ । कान छेड्दा पहिले दायाँ र पछि वायाँ छेड्नु पर्छ । बालिकाको कान छेड्दा पहिला बायाँ र पछि दायाँ छेड्नु पर्छ साथै वालिकाको नाक पनि छेड्ने परंपरा छ ।

वैदिक कालमा कान छेड्ने व्यक्ति यस विषयमा विज्ञ हुन्थे । कानको कुनचाहिं स्थानमा छेड्नु पर्छ भन्ने कुरा उनीहरूलाई राम्रो ज्ञान भएको व्यक्तिले नै यो काम गर्थे । कानको जुन स्थानबाट नशा पुरुषको अण्डकोष र नारीको गर्भाशयमा गएको छ, सो नशा काट्नु पर्छ अन्यथा सन्तान प्राप्तिमा वाधा हुन्छ । बच्चा भएपनि कान नछेडेका पिता-माताबाट जन्मने बालक उच्च मनस्थितिको हुँदैन भनेर कान छेड्ने संस्कार बनेको हो । शास्त्रमा जसले कान छेडेको छैन उसले दिएको पिण्ड पितृहरूले पाउँदैन भनेर उल्लेख भएको छ । यसको कारण यो हो कि, कान नछेडेको व्यक्तिमा मनको एकाग्रताको कमी हुन्छ । मनको एकाग्रता नभएपछि भाव-भक्ति प्रकट हुँदैन र भाव-भक्ति विनाको कुनै पनि कार्य सफल हुँदैन । कर्णेन्द्रियको वीर्यवाहिनी नाडीसँग संबन्ध भएकोले पुरुषत्व नष्ट गर्ने रोगबाट रक्षा गर्नु यसको प्रमुख कारण हो ।

बालक-वालिकाको कान छेड्दा जन्मदिन, जन्ममहिना, र जन्मबार नपारी शुभदिन सोमवार, बुधवार, वृहस्पतिवार शुक्रवारका दिनमा कान छेड्नु पर्छ । कान छेड्ने समयमा वाल-वालिकालाई मिठाई वा फल हातमा दिएर कानको निश्चित विन्दु पत्ता लगाई यसमा चिनो लगाएर सके सुनको, नसके चाँदीको र पनि नसके फलामको सियोले निम्न मन्त्र जप्दै कान छेड्नु पर्छ :-

ॐ भद्रं कर्णेभिः श्रृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुस्टुवाङ सस्तुनुभिर्व्यसेमहि देवहितं यदायुः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात्, 'यो कानले सधैं कल्याणका कुरा सुनौं, यो आँखाले सधैं कल्याणमय दृश्य देखोस्, दृढ अंगवाला शरीर सहित हाम्रो लागि जति आयु निहित छ, यसलाई पूरा उपयोग(देवताको आराधना गर्दै) गरौं ।' यसरी कान छेडी सकेपछि कान छेडिदिने व्यक्तिलाई भोजन गराई दक्षिणा दिनुपर्छ । यो संस्कारलाई जसले उत्सवको रूपमा लिएको हुन्छ, उसले आफन्तहरूलाई बोलाएर भोजन गराउने परम्परा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुडाकर्म संस्कार

आमाको गर्भमा रहँदा उम्रिएको कपाललाई शिखा राखी अरु सबैलाई खौरनेलाई चुडाकर्म संस्कार भनिन्छ। यो संस्कारको मुख्य महत्व शिखामा रहेको छ । हाम्रो वैदिक परम्परामा शिखालाई जीवनको सर्वोपरी महत्व दिएको छ । संस्कारको समय एक वर्ष वा तीन वर्षलाई मानेको छ । तर पछि आएर पाँच वा सात वर्षलाई पनि मानियो । अहिले आएर कतिपयले यो संस्कार एकै पटक उपनयनको समयमा गर्ने गरेको पनि पाइन्छ। यसको कारण यथार्थमा यो हो कि, संस्कारको वास्तविक मर्म जुन, समाजबाट लोप हुँदै गई वर्तमान समयमा संस्कार केवल औपचारिक मात्र रहन गएकोले हो । ऋषि अत्रिको अनुषार एक वर्षको उमेरमा यो संस्कार गर्नाले आयु बृद्धि र तीन वर्षको उमेरमा गर्नाले सबै कामना पूर्ण हुन्छ ।

मानव शरीर निर्माण गर्दा प्रकृतिले कुन ठाउँमा के राख्ने भनेर प्रत्येक कुराको हिसाब मिलाएर बनाएको छ । कालक्रम परिवर्तनको साथमा मानव मशितष्कले पनि धेरै नयाँ भौतिक वस्तुहरू निर्माण गर्दै गयो र प्रकृतिले दिएको प्राकृतिक वस्तुहरू कपाल र नङ जस्ता तत्वलाई मानवले भौतिक वस्तुको पर्याप्तताको कारण काटेर फ्याँक्न थाल्यो । मानव श्रृष्टिको प्रारम्भमा हतियार निर्माण नभएको बेला आजको चक्कुको काम नङले गर्थ्यो र कपालले टोपिको काम गर्थ्यो । तर अहिले नङ र कपाल राख्नुलाई शरीरको दृष्टिबाट राम्रो मानिँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषिहरूले आफ्नो तपोवलबाट मानव शरीरको बारेमा धेरै सूक्ष्म कुराहरू पत्ता लगाउने क्रममा टुप्पीको बारेमा पनि धेरै गहन रहस्य हाम्रो समाजलाई दिएर जानु भएको छ । चुडाकर्म संस्कारको मुख्य उद्देश्य हो, गर्भमा रहेको कपाललाई फ्याँकेर चुडा वा टुप्पी धारण गर्ने । जब बालक समाजको सम्पर्कमा आउँन थाल्छ तब उसको मशितष्क विकास हुन थाल्छ र मशितष्क विकास हुने समयमा यो संस्कार गर्नुपर्छ भन्नुको अर्थ यो हो कि, मानव शरीर धारण गरेर जीवात्मा आएको छ तर यो जीवात्मा पूर्वजन्ममा कति अन्य जीवहरू बिताउँदै आएकोले ती पूर्वजन्मका स्मृति प्रारब्ध रूपले आएको हुन्छ । यसैले यी प्रारब्धमा पशुभाव रहेको हुन्छ । विधिवत् वेद मन्त्रको साथमा यो संस्कार गर्नाले पशु-स्मृति नष्ट भएर नव मानव जीवनको संस्कारहरू निर्माण होस् भन्ने आध्यात्मिक दृष्टि चुडाकर्म संस्कारको रहेको छ । मशितष्क कपालले ढाकिएर रहेको हुन्छ । यसको कारण हो, कपालले सर्दी र गर्मीलाई मिलाएर मशितष्कको रक्षा गर्छ । प्राचीन कालमा कपाल राख्ने काम केवल नारीले मात्र नगरी पुरुषले पनि गर्थे । नारीहरूले काज-क्रिया गर्नु नपर्ने र पुरुषहरूले गर्नु पर्ने भएकोले यस्तो अवस्थमा मात्र चुडाकर्म संस्कारपछि केश मुण्डन गरीन्थ्यो । केश मुण्डन गरी सकेपछि शिर देखाउनुलाई एकदम नराम्रो मानिनुको कारण कपाल विहिन शिर मशितष्कको निमित्त हानिकारक भएको हुनाले हो । यसैले हिन्दू समाजमा कपाल खौरेपछि कसैले टोपी र कसैले पगडी बाँध्ने परम्परा आएको हो । जो सन्यासीले जटा राखेको हुन्छ, उनीहरू बाहेक कपाल मुण्डन गर्ने सन्यासिलाई पनि पगडी बाँध्नु पर्ने नियम अद्यावधि छँदै नै छ । जस्तो पूर्व जन्मका सम्झना नाश गर्न कपाल खौरिइन्छ । यसैगरी आफन्तको वियोग र सन्यास लिंदा कपाल खौरिनु पर्छ भन्नुको कारण यो हो कि, कपालको साथमा पूर्वघटनाको सम्बन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गहिरो रूपमा जोडिएको हुन्छ । यसैले आफन्तको वियोगबाट भएको मानसिक छटपटिलाई मेटाउन र सन्यास लिंदा घर व्यवहारमा रहँदा आफन्तको माया-ममता मेटाउन कपाल खौरिनु पर्छ भनेको हो । यस्तो अवस्थामा कपाल खौरिएपछि जुन संस्कार गरिन्छ, यसमा वेदमन्त्र उच्चारण हुने हुंदा यी मन्त्रध्वनिले मशितष्कको विचारधारालाई अर्कैतिर लिएर जान्छ । जसले गर्दा पुरानो कुरा भन्दा नयाँ कुरामा मानिसको मशितष्कले कार्य गर्न थाल्छ ।

शिरको सबैभन्दा माथिको स्थानमा सबै नाडीहरूको सन्धिमेल भएको हुन्छ । यो स्थानलाई अधिपति नामको मर्मस्थल भनिन्छ । यो स्थान नै मानव शरीरको मुख्य स्थान मानिन्छ । विशेष गरेर जब साधक जप, पाठ, ध्यान या अन्य आध्यात्मिक भाव वा क्रियामा बस्छ तब यो स्थानमा विद्युततरङ्ग प्रकट हुन्छ । यो तरङ्गलाई रोकेमा शरीरमा पियूटरी ग्ल्याण्डबाट पूरा शरीरमा व्याप्त हुन्छ । यदि रोक्न नसकेमा यो टुप्पी भएको स्थानबाट बाहिर निस्कन्छ । यस्तो हुनाले यो मर्मस्थानलाई सुरक्षित राख्न या रौंद्वारा तापक्रम दिनको निमित्त यो स्थानमा टुप्पी राख्ने परम्परा भएको होभने अर्कोतिर टुप्पीलाई नबाँधि त्यसै छोड्दा प्रकट भएको विद्युत-तरङ्ग टुप्पीबाट बाहिर ननिस्कियोस् भन्नको निमित्त टुप्पीलाई बाँधेको हो । टुप्पी राख्नु मात्रै पूर्ण नभएर टुप्पीलाई बाँधेपछि मात्र यसको लक्ष पूरा हुने भएकोले टुप्पी नखोलुन् या नफुकाउन् भन्नको लागि शास्त्रमा टुप्पी फुकाएपछि बोल्नु हुँदैन भनेको छ ।

हाम्रो सम्पूर्ण शरीरको क्रियाकलापको केन्द्रविन्दू मशितष्कले दिएका आदेश अनुसार शरीर अघि बढ्छ । यो मशितष्कलाई शिखाले शक्ति प्रदान गरेको हुन्छ । शिखाले ज्ञान- शक्तिलाई बचाई राख्न मद्दत गर्ने भएकोले मन्त्र- उपासना पूर्व शिखायै वषट् भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखामा स्पर्श गर्ने परम्परा छ । पुराणमा कसैले ठूलो अपराध गरेमा उसलाई मृत्युदण्डको ठाउँमा टाउको मुडी दिने कुरा उल्लेख पाइन्छ । हाम्रै परम्परामा पनि पहिले कसैले राजद्रोह गरेमा त्यस्ता व्यक्तिलाई टाउको मुडेर देश निकाला गरीथ्यो भन्ने कुरा सुनेका छौं । यसको अर्थ यो हो कि, शिखा काटी दिएपछि व्यक्ति निस्तेज र शक्तिविहिन हुन्छ । कारण, शास्त्रमा शिखालाई बल-वीर्यको रूपमा सम्मान गरिएको छ । कोही आध्यात्मिक गुरु वा आदरणीय पुरुषले आशीर्वाद दिंदा शिरमा हात राखी दिनाको मूल कारण नै शिखालाई स्पर्श गरी आफ्नो अन्तर्हृदयको भावतरङ्ग शिखाद्वारा अर्को व्यक्तिलाई प्रदान गर्नु भएकोले ज्ञानी पुरुषको हातले आफ्नो शिरलाई स्पर्श गरीपाउन जिज्ञासु साधक र ज्ञानी व्यक्ति लालायीत हुन्छन् ।

टुप्पीको आध्यात्मिक महत्वबारे शास्त्रमा यसको धेरै उल्लेख भएको पाइन्छ । कल्याण पत्रिकाको संस्कार अङ्कमा डाक्टर शिवप्रसाद शर्माले टुप्पीको बारेमा यसरी उल्लेख गर्नु भएको छ –

'शिखाको ठिक तल मज्जा-तन्तुहरूद्वारा निर्मित बुद्धिचक्र तथा यसको समिपमा ब्रह्मरन्ध्र छ । यी दुवैको माथि सहस्त्रदल कमल रहेको छ । यही अमृतरूपी ब्रह्मको स्थान हो । शास्त्रीय विधिले जसले परमात्माको ध्यान या वेदादि स्वाध्याय गर्दछ तब यी अनुष्ठानबाट समुत्पन्न अमृततत्व वायुवेगले सहस्त्रदल कमलमा प्रवेश गर्दछ । यो अमृततत्व यहीं रोकिंदैन र आफ्नो लक्ष भगवान् सूर्यमा लिन हुने हेतुले शिरबाट पनि बाहिर निस्कन प्रयत्न गर्दछ । शिखाग्रन्थीमा ठोकिएर यो विद्युत-प्रवाह स्वरूप अमृत फर्किएर सहस्त्रदल कमलमै रोकिन पुग्छ । यदि शिखा (टुपी) खुल्ला छ या शिखा नै छैन भने यो अमृत यही मार्गबाट बाहिर गएर वायुमण्डलमा विलिन हुन पुग्छ । शरीर विज्ञान अनुसार जहाँ शिखा राखिन्छ यसैलाई 'पिनिएल ज्वाइन्ट' भनिन्छ । यसको मुनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक प्रकारको ग्रन्थी हुन्छ, जसलाई 'पिटयुट्री' भनिन्छ । यो ग्रन्थीमा एउटा विशेष प्रकारको रस बन्दछ । जुन रस स्नायुहरूद्वारा सम्पूर्ण शरीरमा व्याप्त भएर शरीरलाई बढाउँछ र बलशाली बनाउँछ। टुप्पीद्वारा यो ग्रन्थीलाई आफ्नो कार्य गर्न धेरै सहयोग प्राप्त हुन्छ। यसबाट मानिस दीर्घकालसम्म स्वस्थ रहेर जीवन यापन गर्दछ। साथै उसको ज्ञानशक्ति पनि अक्षुण्ण रहन्छ।'

तैत्तिरियोपनिषद्या शिरस्थ टुप्पीको महत्वबारे यसरी उल्लेख गरिएको छः-

अन्तरेण तालुके । य एष स्तन इवावलम्वते । सेन्द्रयोनिः । यत्रासौ केशान्तो विवर्तते । व्यापोहय शीर्षकपाले ।

अर्थात्, 'तालुको बीचमा स्तन जस्तै लट्किरहेको यसको भित्र जहाँ केशको मूल स्थानमा, ब्रह्मरन्ध्र छ, यहाँबाट निस्किएको जुन सुषुम्णा नाडी छ, यो नै इन्द्रयोनी अर्थात् परमात्मा प्राप्तिको मूल द्वार हो ।' सुषुम्णा नाडीको मूल स्थानमा ब्रह्मरन्ध्र हुन्छ र निधार वा आज्ञा चक्रसँग यसको विशेष संबन्ध भएकोले आज्ञा चक्रमा ध्यान गर्नासाथ ब्रह्मरन्ध्रमा विद्युत-तरङ्ग प्रकट हुन्छ । विद्युतमा ज्यादा शक्ति हुने भएकोले यो शक्ति त्यहाँ स्थिर नभई बाहिर निस्किएर छरिनलाई जोरले प्रयास गर्छ । यसको निस्कने मुख्य भाग नै तालु भएकोले तालुमा टुप्पी राखी यसलाई बाँधी दिएपछि यसले वाहिर वायुमण्डलमा जाने मार्ग पाउँदैन र शरीर भित्रै यो तरङ्गित हुन थाल्छ र मशितष्कमा रहेका सुप्त कोषहरूलाई जगाई दिन्छ र सारा शरीरमा यसले शक्ति सञ्चार गर्न थाल्दछ । यो विद्युत विकास हुँदै गएपछि शरीरबाट बाहिर निस्कन नपाए पछि यसले शरीरलाई नै जमिनबाट उठाई दिन पुग्छ । यसैले यो विद्युतलाई भनेको छ :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्युत् ब्रह्मे त्याहुर्विदानात् विद्युत् विद्यति एनम्पापमनो । य एवं वेद विद्युत ब्रह्मेती विद्युद्धैव ब्रह्म ।

अर्थात् "अविद्यारूप माया, पाप नाश गर्ने भएको कारण, ब्रह्म विद्युत हो । यसप्रकार जो ब्रह्मविद्युतलाई जान्दछ, ऊ स्वयम् ब्रह्मविद्युत हुन्छ ।" मशितष्क नै जीवनको कर्मशक्ति र ज्ञानशक्तिको मुख्य श्रोत भएकोले यो स्थानलाई सुरक्षित राख्न जसरी राजाको वरिपरि चारैतिर सेनाहरू रहेका हुन्छन् यसैगरी प्रकृतिले सुरक्षाको लागि कपाल राखी दिएको छ । राजदरबारको क्षेत्र ठूलो हुनसक्छ र पहरेदार वरिपरि क्षेत्रभरी नै रहेका हुन सक्छन् तर राजा बस्ने मूल स्थान भने सानो नै हुन्छ यस्तै शिर भरी कपाल भएपनि ब्रह्मरन्ध्र मुख्य स्थान हो । जुन स्थानको कपाल अरु काटेपनि यसलाई काट्नु हुँदैन ।

प्रकृतिले कपाल त्यसै छोडेपछि जटाको रूपमा प्राकृतिक शिखा बन्धन गरीदिएको हुन्छ । मानिसले कपाल काट्न र कोर्न थालेपछि यो प्राकितिक शिखा नष्ट हुने भएकोले शिखाबन्धन गर्ने परंपरा भएको हो ।

गायत्रीमन्त्र सूर्यको उपासना हो । र यो मन्त्रमा सूर्य भगवान्सँग बुद्धिको मूल स्रोत(धि) प्राप्तिको निमित्त प्रार्थना गरिएको छ । कुनै पनि कालो रङ्गले सूर्य किरणको ज्यादा ताप तथा शक्ति आकर्षण गर्ने भएकोले टुप्पीमा रहेको कालो रङ्गले सूर्यबाट ज्यादा शक्ति ग्रहण गरी मशितष्कलाई तेजिलो बनाउँदछ भनेर टुप्पी राख्नुको अर्को कारण रहेको हो ।

विधिवत् चुडाकर्म गरीसकेपछि मुण्डित शिरमा गाईको दही, मख्खन घस्ने परम्परा छ । यसको कारण यो हो कि, मख्खन र दही घस्नाले यसको कोमल स्पर्शले मशितष्कमा रहेका तन्तुलाई पनि कोमल बनाउँदछ । जसले गर्दा बालकमा वौद्धिक क्षमतालाई

ढ.न
22002

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास गर्दछ। यसपछि बालकको शिरमा ज्ञानी व्यक्तिद्वारा ॐ वा स्वस्तिक चिन्ह अंकित गरी बालकको शुप्त मश्तिष्ककोषलाई जागरित गर्न शिखामा स्पर्श गर्दै निम्न मन्त्र उच्चारण गरिन्छ।

ॐ चिद्रुपिणी महामाये दिव्यतेजः समन्वीते।

तीष्ठ देवि शिखामध्ये, तेजोबृद्धि कुरुष्वमे।

अर्थात्, "हे दिव्य तेजले युक्त चैतन्य रुपिणी महामया देवी! तपाईं यो शिखामा बसेर यो बालकको तेज वृद्धि गरी दिनुहोस्।"

◎

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षरारम्भ संस्कार

पहिलो पटक बालकलाई अक्षर बोल्न र लेख्न थालनी गर्नुलाई अक्षरारम्भ भनिन्छ । अक्षरको आरम्भ गर्नुलाई संस्कार भित्र किन राखिएको होला भन्ने हाम्रो जीज्ञासा हुनु स्वाभाविक हो । अक्षर शब्दको अर्थ कहिल्यै नाश नहुने हो । जुन कुरा कहिल्यै नाश हुँदैन । यो नै साश्वत सत्य हो । अक्षरहरूको समूहबाट शब्द बन्छ र भावबोधक अक्षरका पंक्तिलाई अभिव्यक्ति भनिन्छ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसार अक्षरबाट नै सञ्चालन छ, किनभने अक्षरबाट शब्द बन्छ र शब्दबाट अभिव्यक्ति प्रकट हुन्छ । एउटै शब्दबाट संसारमा विशाल तनाव आउँछ र एउटै शब्दबाट तनावयुक्त जीवन र जगत् शान्तिमा परिणत हुन्छ । अक्षरलाई आध्यात्मको साँचो मानिन्छ । जसले ब्रह्मजगत्को द्वारको ताल्चा खोलिदिन्छ । यसैले शास्त्रमा " मातृका देवी र शब्दब्रह्म" भनेर उल्लेख गरेको छ । वर्णाक्षर शुरु हुन्छ 'अ' बाट र हरेक वर्णाक्षरको साथमा 'अ' रहेकै हुन्छ । अर्थात् 'अ' को सहयोग नलिई कुनैपनि वर्णाक्षर सम्भव हुँदैन । यसैले अरु वर्णाक्षर वा नाशवान् छन् तर 'अ' कहिले पनि नाश नहुने हुनाले यो संस्कारमा सर्वप्रथम बालक वा बालिकालाई 'अ' उच्चारण गर्न र लेख्न सिकाइन्छ । हरेक वर्णाक्षरमा सत्तारूपले रहेको हुनाले तन्त्र शास्त्रमा 'अ' लाई शब्दब्रह्म मानेको छ । वर्णाक्षरमा अन्तिम अक्षरलाई 'ह' मानिन्छ । हुन त ह पछि तीनवटा अरु अक्षर क्ष, त्र, र ज्ञ छन्, तर यी अक्षरलाई संयुक्त अक्षर मानिएकोले 'ह' लाई नै अन्तिम अक्षर भनी तन्त्र शास्त्रले मानेको छ । प्रत्येक अक्षरलाई शिरमा विन्दु दिएपछि यो मन्त्र बन्न पुग्छ र पहिलो अक्षर "अ " र अन्तिम अक्षरलाई शिरविन्दु दिएर 'हं' बनाएपछि 'अहं' हुन जान्छ । 'अहं' अर्थात्, म नै ब्रह्म हुँ भन्ने भाव हुनपुग्छ र बालकलाई अक्षर लेख्न र बोल्न सिकाइसके पछि 'अहं' शब्द तीनपटक उच्चारण गर्नुपर्छ । यो 'अहं' शब्द बालकको अचेतन मनमा प्रवेश भएपछि यसले समय आएपछि यो 'अहं' शब्दले चिन्तनको रूप लिन पुग्छ ।

प्राचीन कालमा धनी-गरीब सबैलाई विद्या समान हुनुपर्नेमा जोड दिइन्थ्यो । यसैकारण यसलाई संस्कार भित्र राखिएको हो । संस्कार भित्र राख्नुको मुख्य उद्देश्य नै गर्नु नै पर्छ भन्ने हो । जस्तो अरु संस्कारमा त्यो गर्नु नै पर्थ्यो, यस्तै अक्षरारम्भ वा विद्याको मार्ग खुल्ला गर्नु नै पर्छ, अर्थात् सबैले अध्ययन गर्नु नै पर्छ भनेर सोह्र संस्कार भित्र राखिएको हो । जुन समयमा यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार निर्माण भई समाजमा लागु भयो त्यो समयमा आजको जस्तो विद्याध्ययन गर्ने भौतिक सुविधा थिएन । उक्त समयमा आजको जस्तो कागज, कलम, पुस्तक आदिको सुविधा नभएको र विद्या सिकाउने आचार्यहरू पनि आजको जस्तो तलब, शुल्क, आदिबाट रहित हुन्थे । यसैले उक्त समयको विद्या भनेको केवल प्रेममा मात्र सीमित थियो । शिक्षार्थीको आचार्य प्रति श्रद्धायुक्त समर्पण र आचार्यको शिक्षार्थी प्रति आत्मिक प्रेम नै तत् समयको विद्याको मूल कुरा थियो ।

अक्षरारम्भ संस्कारको निमित्त बालकको उमेरलाई लिएर कहीं चार वर्ष, कहीं पाँच वर्ष,कहीं छ वर्ष र कहीं सात वर्ष भनेर उल्लेख गरेको पाइन्छ । यो संस्कार चुडाकर्म पछि गर्न उपयुक्त हुन्छ । किनभने चुडाकर्म पश्चात बालकको मशितष्क विकास हुन थाल्छ ।

अक्षरारम्भ गर्दा विधिबत् शिखावन्धन, पृथ्वी पूजन, शंकल्प, पंचामृत, पान, दीप पूजन, कलश पूजन, ईष्ट देव-देवी पूजन, चन्दन धारण, स्वस्ति वाचन, गणेश पूजन गरी सरश्वती पूजन गरेर मात्र अक्षरारम्भ गर्ने यो संस्कारको विधि रहनुको पछाडि यसको विशेष अर्थ र महत्व रहेको छ । शिखा-वन्धनबाट एकाग्रता शक्तिको विकास, पृथ्वी पूजनबाट जन्मभूमि प्रति गहिरो आस्था र श्रद्धा, चन्दन धारणले स्मरण शक्तिको विकास, पञ्चामृत शेवनले शरीरको स्वस्थता र स्मरण शक्तिको विकास दीप पूजनले उच्चारित मन्त्रको ध्वनितरङ्गको फैलाव कलश पूजनले श्रद्धा र भाव- भक्तिको विकास, ईष्ट देव-देवीको पूजनले दैवीशक्तिद्वारा शरीर र मशितष्कको संरक्षण, स्वस्ति वाचनले मशितष्कका सुप्त कोषको जागरण, गणेश पूजनबाट अध्ययनमा आउने वाधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

निवारण र सरश्वती पूजनले अध्ययनको निरन्तरतालाई लक्ष गरेको हुन्छ।

प्राचीन समयमा धेरै अध्ययन गरेको व्यक्ति यदि अराजक र उच्छृङ्खल भएमा समाजलाई धेरै ठूलो आपदमा फसाउने भएकोले यस्ता बदमास ज्ञानीबाट समाजले पीडा खप्न नपरोस् भनेर सर्वप्रथम गणेशको पूजा गरिन्छ। यथार्थमा यो समस्या प्राचीन समयमा मात्र नभएर वर्तमान समयमा पनि यो जगत्का मानिसले भोगिरहेका छन्। जतिपनि राष्ट्रमा ठूला-ठूला शोषण अन्याय-अत्याचार, घुस आदि चलेको छ। यी सबै पढेकै मानिसबाट भएको छ। अध्ययन गर्नु सरश्वतीको आराधना गर्नु हो। तर सरश्वतीको आराधनाबाट जुन ज्ञान मानिसले पाए यो विल्कुल उल्टा हुन जानुको प्रमुख कारण संस्कारबाट अलग भएर विद्याध्ययन गर्नाले हो। गणेश पूजन गरेर विद्याध्ययन गर्नुको अर्थ यो हो कि, विद्याध्ययन नगरेको मानिस साधारण हुन्छ। तर विद्याध्ययनले मानिसलाई विशेष बनाई दिन्छ। विशेष मानवको जिम्मेवारी पनि विशेष हुन्छ। र विशेष जिम्मेवारी लिएको व्यक्तिले स्वार्थतर्फ गयो भने विशेष स्थान नष्ट हुन्छ र विशेष स्थान नष्ट भएपछि त्यो स्थानमा आश्रित सबैको अवस्था दुःखमय हुन्छ। विद्याले मानिसलाई विशेष बनाइदिन्छ। विशेष हुनुको मार्गमा चल्दा उद्देश्यबाट नहटोस् अथवा लक्षमा वाधा नआओस् अर्थात्, अध्ययन पछि जुन नम्रता, सरलता, दया, करुणा र सेवा आदि मानवीय गुण हुनुपर्ने हो, त्यसमा कुनै वाधा नआओस् भनेर गणेशको सर्वप्रथम पूजा गर्ने हाम्रो परम्परा हो।

यो संस्कारमा कापी, कलम र पुस्तकलाई पहिले पूजन गरिन्छ। यसको अर्थ यो हो कि, जुन वस्तुलाई पूजन गरिन्छ, त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तु प्रति हृदयदेखि नै सम्मान हुन्छ र सम्मान गरिएको वस्तुलाई जतन गरेर राखिन्छ । पूर्वकालमा अक्षर लेख्न पहिले सिकाउँदा स्लेट, पाटी, धूलौटो र खरि लेख्नको निमित्त प्रयोग गरीन्थ्यो । आजको त्यो समय नभएकोले कापी-कलमको प्रयोग हुनु स्वभाविकै हो । यो संस्कारमा धृती, पुष्टी, र तुष्टी देवीको रूपमा कलम, मसि भएको भाँडो र कापी वा पाटीलाई पूजन गरिन्छ । धृतीको अर्थ अभिरुची पुष्टीको अर्थ एकाग्रता र तुष्टीको अर्थ श्रमशीलता हो । एउटा बालकमा यी तीन गुण हुनु अनिवार्य छ । अध्ययनमा अभिरुची रहोस्, लेख्दा एकाग्रता होस् र लेख्नमा श्रमशक्ति रहोस् भन्नको निमित्त यी तीन शैक्षिक सामाग्रीलाई पूजन गरिएको हो ।

अक्षरारम्भ संस्कारमा प्रमुख रूपमा भगवती सरश्वतीको पूजा गरिन्छ । सरश्वती शब्द स+रस+वती मिलेर बनेको छ । रस भनेको नवरस, स भनेको सहित र वति भनेको सु-शोभित अर्थात्, जो नवरस सहित सु-शोभित भएकी छिन् यीनलाई सरश्वती भनिन्छ । बालकले विधिवत् सरश्वतीको पूजा (मूर्ती या फोटो) मा गरीसकेपछि पुस्तकलाई पूजा गरिन्छ र पुस्तकलाई पनि सरश्वतीको रूपमा लिइन्छ र पुस्तकलाई सरश्वतीकै रूपमा पूजा गरेपछि पुस्तक प्रति श्रद्धा-भक्ति र समर्पण प्रकट हुन्छ । जसले गर्दा बालक पुस्तकमा सधैं झुक्न पुग्छ र यसलाई जतनसाथ राख्ने गर्छ । हाम्रो त्यो बेलाको संस्कारले मानिस बूढो भईसकेपछि पनि पुस्तक पढ्नुअघि ढोग्ने र पढेर राख्ने बेलामा ढोग्ने गर्दछन् साथै यदि पुस्तकमा खुट्टा पऱ्यो भनेपनि पुस्तकलाई ढोग्ने मानसिकता रही रहेको छ । सरश्वतीलाई बुद्धिको अधिष्ठात्री देवी मानिन्छ । यजुर्वेदमा भनेको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"महोऽर्णः सरश्वती प्र चेतयति केतुना ।

धियो विश्वा वि राजति ॥२०८६॥"

अर्थात्, 'सरश्वतीले समस्त प्राणीहरूको बुद्धिलाई प्रदिप्त गर्दछिन्, यीनै सरश्वतीको हामी स्तुति गर्दछौं, यी सरश्वती सब प्राणीहरूको सुमतीमा प्रतिष्ठीत भएर उनीहरूलाई कर्ममा लगाउँछिन् ।'

सरश्वती पूजा गरेपछि बालकले गुरूपूजा गर्नु पर्छ । गुरूपूजा गरेपछि बालकको मन-मशितष्कमा गुरूप्रति आदर, श्रद्धा, भक्ति र समर्पण प्रकट हुन्छ । जुन बालकमा गुरूप्रति आदर, श्रद्धा र भाव-भक्ति हुन्छ, उसमा गुरुको उपदेशप्रति एकाग्रता हुन्छं । एकाग्रता जति ज्यादा हुन्छ, त्यति नै विद्यार्थी आफ्नो काममा बढीं सफल हुन्छ ।

◎

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्रतबन्ध संस्कार

दृढशंकल्पलाई व्रत भनिन्छ र शंकल्पमा आफूलाई नित्य आवद्ध गर्नुलाई बन्ध भनिन्छ। मानिस र पशुमा यो पार्थक्य हुन्छ कि, मानव आफूलाई अनुशासनमा राख्न सक्छ तर पशुले सक्दैन। आफूलाई जसले अनुशासनमा राख्छ ऊ सधैं स्फूर्ति र उत्साहले रहन्छ र समाजमा उसको शिर नित्य उच्च रहन्छ र जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

आफूलाई अनुशासनमा राख्न सकेको हुँदैन उसमा भित्र-भित्रै आत्मग्लानी भएर दब्न पुग्छ । जो स्वयम्मा दबेको हुन्छ, ऊ स्वयम्को निमित्त भार हुन जान्छ र जो स्वयम्मा फुकेको हुन्छ, ऊ स्वयम्को निमित्त भगवान् हुन जान्छ । यसो हुनाले हाम्रो शास्त्रहरूले आत्मविकासको निमित्त अनेकन उपायहरूको उल्लेख गरेर मानव समाजलाई यथार्थ मानव जीवनको प्रगतिको निमित्त मार्गनिर्देश गरेको छ ।

वैदिक संस्कार एउटा यस्तो विज्ञान हो, जसले समाजलाई मानव बनाएर बाँच्न र मर्न सिकाउँछ । यी प्रत्येक संस्कार भित्र यसका गहिरा महत्वहरू रहेका हुन्छन् । लक्ष विनाको व्यक्ति पागल तुल्य हुन्छ । संस्कारले मानिसलाई लक्षमा लिएर जान्छ । स्वस्थ शरीर, स्वस्थ मनस्थिति, स्वस्थ मशितष्क र पवित्र लक्ष मानव जीवनको यथार्थ सफलता हो । संस्कारले यी सफलतालाई फलिभूत बनाउँछ । यदि यसलाई पालन गरेमा । मानव जीवनको निमित्त अति आवस्यक तत्वहरू के हुन् त भन्ने विषयको खोजबाट ऋषिहरूले धर्म, अर्थ, काम र मोक्ष प्राप्तिलाई नै यथार्थ जीवनको सफलता बुझेर यसको प्राप्तिको निमित्त विविध उपायहरू समाजलाई प्रदान गर्नु भयो, यो नै हाम्रो संस्कार हो ।

जीवनलाई धर्मबाट प्रारम्भ गर्नु नै व्रतबन्धको प्रमुख उद्देश्य हो । वर्तमान समयमा कतिपय मानिसहरूको सोचाइ हुन्छ कि, धर्म भनेको एउटा अन्धविश्वास हो तर यो सोचाइ नै समाज पतनको मुख्य कारण हुन जान्छ । धर्म एउटा व्यक्तिको बडप्पन होइन, धर्म एउटा ब्राह्मणको जीवनयापनको साधन होइन, धर्म कुनै मन्दिरको पूजारीको कमाउने भाँडो होइन र धर्म कुनै जातिले राजनीतिक गुटबन्धि गर्ने तत्व होइन । धर्म पूर्णरूपमा उदार, दया र मानव मात्र नभएर सारा प्राणी जगत्लाई प्रेम गर्दै व्यक्ति भित्र भएको अनन्त प्रज्ञा प्रकट गर्ने एउटा सूक्ष्म तत्व हो । धर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयमा मानवको वास्तविक जीवनको रहस्य चम्किरहेको हुन्छ । जसले यो धर्मज्योति भित्र प्रवेश गर्छ, उस्ले विश्वलाई नै जीवनको रहस्यमय ज्योति प्रकट गराउने तर्फ अगाडि बढाउँछ र मानव समाजलाई शान्ति, आनन्द, दया, करुणा, क्षमा आदि सद्गुणको प्रकाश छरी दिन्छ । जब मानिसमा धर्म प्रकट हुन्छ, तब मात्र मानव यथार्थ मानव हुन पुग्छ ।

जब बालकको शरीर विकास भएर मश्तिष्क पनि विकास हुन थाल्छ तब व्रतबन्ध गरिन्छ । व्रतबन्धको मुख्य उद्देश्य हो मन्त्र प्राप्त गर्नु र जीवनलाई नियमको परिधि भित्र आवद्ध गर्नु । नियममा आफूलाई बाँधेर राखेपछि मानिस अनुशासित हुन्छ । जसले आफूले आफूलाई अनुशासनमा राख्छ, उसलाई कसैले शासन गर्न जरुरी हुँदैन । यसैले अनुशासनमा बस्ने व्यक्तिको निमित्त पुलिस र अदालतको कुनै जरुरत हुँदैन । यसैले प्राचीन कालको राज्य व्यवस्थामा राज्यले व्यक्तिलाई ज्यादा अनुशासित वनाउँनेमा जोड दिएको पाइन्छ । जो स्वयम्मा अनुशासित हुँदैन, उसको निमित्त शासनको जरुरत पर्दछ । शासन गर्नको निमित्त नै पुलिस र अदालतको जरुरत पर्दछ । प्राचीन कालको राज्यव्यवस्था र वर्तमान समयको राज्यव्यवस्थामा यो फरक छ कि, प्राचीन कालमा अनुशासनमा ज्यादा जोड दिइन्थ्यो र आधुनिक कालमा शासनमा ज्यादा जोड दिइन्छ । शासन व्यवस्थाले नकारात्मक पक्षलाई विचार गर्दछ भने अनुशासन व्यवस्थाले सकारात्मक पक्षलाई विशेष जोड दिन्छ । व्रतबन्ध पश्चात मानिसले आहार-विहार संगतलाई विशेष ध्यान दिएर जीवन बिताउन थाल्छ र यसको साथमा वेदाध्ययन गर्न थाल्छ । व्रतबन्धपूर्व बालकको आहारमा कुनै किसिमको प्रतिवन्ध हुँदैन र जब व्रतबन्ध हुन्छ यसपछि उस्लाई केवल सात्विक भोजन र सात्विक स्थल र सात्विक व्यक्तिवाट तयार गरेको भोजन गर्नु पर्दछ । भोजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE-IKS

गर्नुपूर्व स्नान गरी जप गरेर भोजनलाई चढाएर मात्र ग्रहण गर्नु पर्दछ । नियम पालन गर्नाले मानिसमा शारीरिक स्वस्थता र सद्भावको विकास हुन्छ । आहार नै शारीरिक र भावनात्मक विकासको प्रमुख कारण हो । हामीले खाएको भोजन पेटमा जानासाथ यसबाट रस प्रकट हुन्छ, रसबाट रगत, रगतबाट मासु, मासुबाट बोसो, बोसोबाट हड्डी, हड्डीबाट मज्जा-मासी, मज्जाबाट वीर्य बन्छ । वीर्य नै भावशक्ति हो । जस्तो भोजनरसबाट वीर्य बनेको हुन्छ, यस्तै मानिसमा भावशक्ति हुन्छ । सात्विक भोजनबाट बनेको भावशक्तिबाट धैर्य, शान्ति, एकाग्रता, दया, करुणा, प्रेम, आनन्द आदि सद्गुण प्रकट हुन्छ । यसैले व्रतबन्ध पश्चात् सात्विक आहारलाई विशेष ध्यान दिइन्छ । सात्विक आहार प्रज्ञाको पूर्वाधार हो । सात्विक आहारबाट जब मन एकाग्र हुन्छ, तब यस्तो एकाग्र मनले अध्ययन गरेको विषयको गहिराइ भित्र प्रवेश गर्न थाल्छ, मानिस जब कुनै विषयको गहिराइमा प्रवेश गर्छ, तब उस्को मन अन्य विषयमा जान खोज्दैन । यो नै मनको एकाग्रता हो । अष्टाङ्गयोग- (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि)लाई व्रतबन्ध संस्कारले लक्ष गरेको हुन्छ । यसैले व्रतबन्ध पछि यम र नियमलाई ज्यादा जोड दिएको हुन्छ । सत्य, अहिंसा, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहलाई यम भनिन्छ र शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरप्रणिधानलाई नियम भनिन्छ ।

सत्य

सत्यमा यति शक्ति हुन्छ, जुन विद्युत समान हुन्छ । जो मानव सत्य व्रतमा रहेको हुन्छ, उसको शरीरको सबै अङ्ग उत्साहले तरङ्गगित् हुन्छन् । सत्जीवनबाट निर्भयता प्राप्त हुन्छ । निर्भयजीवनले शान्ति, निरोग, प्रशन्नता, जोश-जाँगर, दीर्घायु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छाशक्ति, विचारशक्ति आदि जीवनका महत्वपूर्ण पक्षहरू प्राप्त गर्दछ । सत्यमा प्रतिष्ठित व्यक्ति समाजको जीवन्त मार्गदर्शक हुन जान्छ । जसले जीवनमा सत्यलाई पालन गरेको हुँदैन, उसलाई कसैले नगराए पनि स्वयम्मा आत्मग्लानि भएर गिरिरहेको हुन्छ । जो स्वयम्मा गिरेको हुन्छ, त्यो व्यक्तिबाट परिवार र समाजले केही पाउन सक्दैन । व्रतको उद्देश्य नै स्वयम्को विकास हो, आत्मगौरव प्राप्त गर्नु नै व्रतको प्रमुख लक्ष भएकोले यसको निमित्त मानव जीवनको सही लक्ष प्राप्त गर्नको लागि सबैभन्दा पहिला सत्य पालनलाई शास्त्र र व्रतबन्ध संस्कारले जोड दिएको छ ।

अहिंसा

जानी-जानी कुनै प्राणीलाई दुःख नदिनु नै अहिंसा हो । केवल प्राणीहत्या हिंसा नभएर कसैलाई मानसिक चोट दिनुलाई पनि हिंसा भनिन्छ । हामीले यो अनुभव गरेका छौं कि, जब हामीले कसैलाई दुःख दियौं या चोट दियौं भने केही समय बिति सकेपछि हामीमा पश्चात्ताप हुनथाल्छ । पश्चात्ताप हुनासाथ हामीमा भित्र-भित्रै उकुस-मुकुस हुनथाल्छ । यो उकुस-मुकुस नै तनाव हो । मशितष्क आफ्नो स्वभाविक शान्तिमा रहन नपाएपछि त्यसबाट पश्चात्तापको तरङ्ग निस्कन थाल्छ जुन शरीरभरी व्याप्त भएर शरीरका अङ्ग-अङ्गलाई प्रभाव पार्न थाल्छ । फलस्वरूप यसबाट नाना रोगहरू प्रकट भएर जीवनलाई बर्बाद पार्न थाल्छ । हिंसालाई त्यागेर अरु प्राणीलाई मद्दत गरेपछि मानिसमा सन्तुष्टी र आनन्द प्रकट हुन्छ । यो आनन्दको तरङ्ग सारा शरीरमा व्याप्त हुन जानाले सारा शरीरका कोष-कोष प्रशन्नताले निमग्न हुन्छन् र मानवमा जोश र स्फूर्ति पैदा भएर निरोगी हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

अस्तेय

अरुको सम्पतिलाई नभुक्याउनु, नठग्नु र चोरी नगर्नुलाई अस्तेय भनिन्छ । यसरी परधनलाई उपभोग गर्नाले मानव स्वयम्को विवेकले उसलाई धिक्कारी रहेको हुन्छ । बाहिर जति नै हाँसे पनि भित्रको विवेकले आफूलाई धिक्कारे पछि मानवलाई भित्र-भित्रै ठूलो बेचैनको सजायँ भोगिरहनु पर्दछ । यस्तो सजायँ भोगेको मानिसको इच्छाशक्ति र विचारशक्ति मूर्दा समान हुन जान्छ । यसैले अरुको सम्पति अपहरण गर्नुको अतिरिक्त दुःखी र गरीबलाई दान गरी मद्दत गरेपछि विवेक विकास हुन्छ र आत्मशान्ति प्रकट हुन्छ ।

ब्रह्मचर्य

विवाह नभएसम्म अर्थात् २५ वर्ष उमेर नभएसम्म कुनै नारीसँग शारीरिक सम्बन्ध नराख्नु र मानसिक रूपमा नसोच्नुलाई ब्रह्मचर्य भनिन्छ । उमेर नपुगी विपरित शरीरसँग सहवास गर्नाले वीर्यनास हुन्छ, वीर्य भनेको मानव जीवनको शक्ति हो । जीवनशक्ति नास भएपछि मशितष्क र विवेकले शंकल्पलाई अनुसरण गर्न सक्तैन र मानवमा क्रोध, आलस्यता र भय पैदा भई मन विक्षिप्त हुन्छ । ब्रह्मचर्यमा रहेर मन्त्रजप शास्त्रादि अध्ययन गर्नाले मानिसमा ओज वृद्धि भई उक्त ओज पूरा शरीरमा व्याप्त भएर मन-मशितष्कलाई उर्जा प्रदान गरी प्रज्ञा जागरित गरी दिन्छ, जसले गर्दा मानव तृप्ती र आनन्दमा निमग्न हुन जान्छ ।

अपरिग्रह

आफूलाई आवश्यक भन्दा ज्यादा भौतिक पदार्थ संग्रह नगर्नु र त्यसको इच्छा नगर्नुलाई अपरिग्रह भनिन्छ । आवश्यकता भन्दा ज्यादा भौतिक पदार्थ संग्रह गर्दा हाम्रो मन-मशितष्क त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संरक्षणको निमित्त अल्झिन पुग्छ । भौतिक पदार्थको संग्रहको कारण आफूलाई परिश्रम गर्नुपर्छ र यसबाट माया-मोह प्रकट हुन्छ । माया-मोहको कारण क्रोध प्रकट हुन्छ, क्रोधबाट वैमनस्यता प्रकट हुन्छ र वैमनस्यताबाट पश्चात्ताप प्रकट भई पश्चात्तापबाट अन्ततः तनाव प्रकट भई अशान्ति हुन जान्छ । अशान्ति जीवनको असफलता हो र नित्य शान्ति जीवनको सफलता हो । आवश्यकता जीवनको साथी हो र इच्छा जीवनको दुश्मन हो । यसैले केवल आवश्यकता मात्र राखेर आवश्यकता भन्दा बढीलाई परित्याग गर्नु नै अपरिग्रह हो । अपरिग्रहमा स्थित भएपछि मानव स्वतन्त्र हुन्छ र स्वतन्त्र व्यक्ति नै स्वयम्मा निमग्न हुनसक्छ । स्वयम्ममा निमग्न हुनु नै जीवनको सफलता हो ।

अपरिग्रहले समाजमा आफ्नो स्वतन्त्र अस्तित्व लिएर कसरी बस्न सकिन्छ भनेर सिकाउँछ । यसले समाजसँगको व्यवहारलाई परिपक्व गर्न सिकाउँछ अर्थात् यसको सम्बन्ध समाजसँग या अरुसँग हुन्छ भने नियम विलकुल व्यक्तिसँग मात्र सम्वन्धित छ । समाजसँग सही रूपमा व्यवहार गरेर आफ्नो व्यक्तिगत नियममा बस्नु नै व्रतबन्धको प्रमुख लक्ष हो । नियमअन्तर्गत निम्न कुराहरू पर्दछन् :

शौच

शौच भन्नाले सफा भन्ने बुझिन्छ । शौचले अन्तर र बाह्य शुद्धिलाई ध्यान दिएको हुन्छ । भावना वा मनको शुद्धि अन्तर शौच हो र शरीर शुद्धि बाह्य शौच हो । समाजसेवा,मन्त्र-जप,ध्यान आदि आध्यात्मिक उपासनाद्वारा मन वा भावना शुद्ध हुन्छ र नित्य स्नान गर्नाले शरीरको शुद्धि हुन्छ । दिनभरी व्यवहारिक कर्म गरेपछि जस्तो लगाएको लुगा र शरीर फोहोर हुन्छ, यस्तैगरी मन पनि । यसैले शरीर र लुगा त पानीले धोएपछि सफा हुन्छ, तर मनलाई पानीले सफा हुँदैन, हुन्छ जप र ध्यानबाट । उपासनाद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

जसरी पानीले शरीरलाई सफा गर्छ, यसैगरी मनलाई सफा गरी दिन्छ । स्नान गरेपछि जसरी शरीर हल्का अनुभव हुन्छ, यसैगरी जप-ध्यानबाट मन शान्त भएर प्रशन्नता आउँछ ।

सन्तोष

आफूमा राम्रो-नराम्रो, प्रिय-अप्रिय अनुकुल-प्रतिकुल आदि जस्तो अवस्था अगाडि आईपरे पनि आफू त्यसबाट विचलित नभईकन साम्य अवस्थामा रहनु नै सन्तोष हो । असन्तोष हुनासाथ मानिसको भावना विकृत हुन जान्छ र विकृत भावबाट तनाव प्रकट हुन जान्छ । असन्तोषबाट तृष्णा प्रकट हुन्छ र तृष्णाले अन्ततः तनाव प्रकट गर्छ । सन्तोषबाट मानिस तृप्त हुन्छ र तृप्तिबाट शान्ति प्रकट हुन्छ । शान्त मशितष्कबाट नै प्रेम, करुणा, क्षमा आदि सद्भाव प्रकट हुन्छ ।

तप

जीवनको लक्ष प्राप्तिको निमित्त बीचमा आउने यावत् वाधा-व्यवधानलाई सहन गर्नु नै तप हो । तपद्वारा मन परिष्कृत हुन्छ । मानव निरन्तर प्रतिक्रियावादी भएर चलेको हुन्छ, जसले लक्षकर्मलाई बाधा दिन पुग्छ । यसैले लक्षवादी भएर चल्नलाई प्रतिक्रियालाई हटाउनु पर्छ किनभने प्रकृतिको नियम हो कि, क्रिया पछि प्रतिक्रिया प्रकट गरिदिनु । यसैले प्रतिक्रियालाई वास्ता नगरी केवल लक्षमा अगाडि बढ्दा बीचमा आइपर्ने यावत् घटनालाई सहनगर्नु नै तपस्या हो ।

स्वाध्याय

अर्थ बुझेर शास्त्रको अध्ययन गर्नु र आत्माको अनुसन्धान गर्नुलाई स्वाध्याय भनिन्छ । वेदपाठ गर्दा यसबाट अलौकिक शक्ति प्रकट हुन्छ । वेदको ऋचामा यस्तो शक्ति हुन्छ, जसले शरीर भित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्युत प्रकट गर्छ र सो पूरा शरीरमा व्याप्त हुन्छ र मशितष्कका कोषहरूलाई जगाई दिन्छ । यसबाट प्रशन्नता, शान्ति र आनन्द प्रकट हुन्छ र कल्पनाशक्ति र विचारशक्तिको विकास हुन्छ । आत्माको खोजबाट ब्रह्माण्ड र व्यक्ति बीचको रहस्य ज्ञान हुन्छ । यो ज्ञान नै आध्यात्मिक विज्ञान हो । जुन मानिस स्वाअध्यायमा लागेको हुँदैन ऊ इन्द्रियको बसमा हुन्छ । र जो स्वाअध्यायमा समर्पित हुन्छ, उसले इन्द्रियको स्वभावलाई राम्रोसँग बुज्छ र इन्द्रियलाई सही रूपमा संचालन गर्न सफल हुन्छ ।

ईश्वरप्रणिधान

जब मानिस स्वाध्यायमा प्रतिष्ठित हुन्छ तब उसले आफू र जगत्को बीचको रहस्यलाई राम्रोसँग जान्न पुग्छ । यो संसार र व्यक्ति भनेको परम् अस्तित्वलाई ढाकेर बसेको आवरण देखि अतिरिक्त अरु केही होइन र सारा विश्व-ब्रह्माण्डका जड-जीव सबै उही परम् चेतनाको लिला सम्झेर आफू र आफ्ना इष्टजन लगायत संपूर्ण पदार्थलाई परमात्मामा समर्पित गर्नु नै ईश्वर प्रणिधान हो । जब मानिसले सबै कुरा परमात्मालाई समर्पण गर्छ तब यो समर्पणबाट एउटा यस्तो शक्ति प्रकट हुन्छ जसले मानवलाई महाशान्तिमा लिएर जान्छ ।

यम र नियमको अतिरिक्त व्यवहारिक अन्य कुरालाई ध्यानमा राखेर अन्य कुराहरू पनि बालकलाई यो संस्कारले व्रतको रूपमा पालन गर्न सिकाउँछ । पानी जीवनको महत्वपूर्ण तत्व भएकोले पानी दूषित हुँदा शरीर रोगी हुन जान्छ भनेर व्रतबन्धमा बालकलाई पानीको पोखरीमा ढुङ्गा नफाल्ने र पोखरी भित्र बसेर स्नान नगर्ने व्रत सिकाईन्छ । आफ्नो पिताले उपनयन संस्कारमा पुत्रलाई उपदेश दिँदै भनिन्छ –

सत्यं वद धर्मं चर, स्वाध्यायान्मा प्रमदः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

अर्थात् 'हे वत्स ! तिमीले सदा सत्य बोल्नु, धर्मानुसार आचरण गर्नु, विद्याग्रहण गर्नमा कहिल्यै आलस्य नगर्नु ।'

स्नान:

उपनयन संस्कारमा बालकलाई सर्वप्रथम स्नान गराइन्छ । स्नान गर्दा पानीमा बेसार हाल्ने परंपरा रहेको छ । बेसारको प्रयोग गर्नाले शरीरमा भएका सूक्ष्म किटाणुहरू नष्ट हुन्छन् र शरीर पनि हल्का हुन्छ । बेसारको स्नान गर्नाको अर्को अर्थ यो हो कि, उपनयन पछि बालकको अर्को जन्म हुन्छ । यसैले शैशवकालमा बालकको मल-मूत्रादि फोहोर भएको शरीरलाई बेसारको स्नानले पूर्वशरीरलाई समाप्त गरेर नयाँ शरीर बनाउनु हो ।

कौपीन र कन्दनी

शैशवजीवन समाप्त भएर बालक उपनयन पश्चात किशोरजीवनमा प्रवेश गर्छ । वाल्यकालमा बालकलाई आफ्नो गुह्य अङ्गप्रति लज्जा हुँदैन । जब किशोर अवस्था सुरु हुन्छ, तब गुह्य अङ्गप्रति लज्जाभाव प्रकट हुन्छ भनेर कौपीन (लङ्गाउटी) लगाई दिने परंपरा छ । मानिसको शरीरमा जननेन्द्रिय र मलद्वारको बीचमा सुप्तशक्ति रहेको हुन्छ । यसलाई मूलाधार चक्र भनिन्छ । यो चक्रलाई कसेर राख्नाले मन स्थिर हुन्छ भनेर लङ्गाउँटी लगाउने चलन छ । लङ्गाउँटी लगाउन कन्दनी पहिले बाँधिन्छ । कन्दनीलाई कटिबद्ध पनि भनिन्छ । कटिबद्धको अर्थ हो ब्रह्मचर्यमा दृढ रहनु र आचार्यले दिएको व्रतादि नियममा कटिबद्ध रहनु । कम्मरमा कन्दनी धारण गर्नाले मानिसमा जोश-जाँगर प्राप्त हुन्छ र खाएको अन्न सजिलोसँग पच्छ । यसो हुनाले साना बालकलाई कम्मरमा डोरो बाँधी दिने चलन छ । ध्यानमा बस्दा सिद्धासनलाई विशेष महत्व दिइन्छ । यो आसनमा खुट्टाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुर्कुच्चाले मूलाधार चक्रलाई स्पर्श गरेको हुन्छ । जब मूलाधार चक्रलाई स्पर्श गरिन्छ वा कसिन्छ तब मन शान्त हुन्छ । लङ्गाउँटी धारण गर्नाले मूलाधार चक्रलाई यसले कसी दिन्छ । जसले गर्दा चित्तवृत्ति सजिलै शान्त हुन जान्छ । लङ्गाउँटीको अर्को महत्व यो छ कि, मूलाधार चक्रलाई कसेपछि जननेन्द्रिय पनि शान्त हुन जान्छ, जसले गर्दा ब्रह्मचर्य व्रत स्थिर हुन्छ ।

यज्ञोपवित (जनै)

उपनयनको प्रमुख उद्देश्य हो गायत्रीमन्त्रलाई विधि-विधानद्वारा संस्कार गरेर प्राप्त गर्नु । यो मन्त्रको मुख्य उद्देश्य हो चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) प्राप्त गर्नु । यज्ञको निमित्त स्विकृत हुनु नै यज्ञोपवित हो । यज्ञोपवित धारण नगरी कुनै पनि यज्ञ गर्न हाम्रो संस्कार र परंपराले मान्यता दिएको छैन । आध्यात्मको गहिराइ स्थूल जगत् र शरीरसँग मात्र नभएर भावनासँग हुने भएकोले जनैका तीन डोरालाई दोब्बर गरी छ डोरा बनाएर धारण गरिन्छ । सत्व, रज र तम यी तीन गुणको प्रतिनिधित्व तीन डोराले गरेका हुन्छन् । यो जनैलाई संस्कार गरेर वेदमन्त्रद्वारा जागरित गरिएको हुन्छ । यसबाट आलस्य, चिन्ता, चञ्चलता र सबै किसिमका शुभ-अशुभ विचारहरू निरोध भएर लक्षमा स्थिर हुन्छ । मानिसको जीवनलाई असफल गराउने काम, क्रोध, लोभ, मोह, मद र मात्सर्यरूप षडरिपूलाई नियन्त्रण गर्नको निमित्त छ डोराको जनै धारणा गर्ने यसको मुख्य कारण हो । यी षडरिपू जन्मजात मानिसको साथमा आएका हुन्छन् । यीनै रिपूको कारण मानव पशु भएको हुन्छ । यी पशुपाशबाट मुक्त भए पछि व्यक्ति मानव हुने भएकोले व्रतबन्ध पछि द्विज अर्थात दोश्रो जन्म हुन्छ भनेको हो ।

जनैको महत्व बारेमा शास्त्रमा यसरी उल्लेख गरेको छ :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

यज्ञोपवितं परमं पवित्रं, प्रजापतेयत्सहजं पुरस्तात् ।
आयुष्यमग्रयं प्रति मुञ्च शुभ्रं यज्ञोपवितं वलमस्तु तेजः ॥

अर्थात्, "यज्ञोपवित परम् पवित्र हो । प्रजापतिईश्वरले यसलाई सबैको निमित्त सहज बनाएका हुन् । यज्ञोपवित आयूवर्धक, स्फूर्ति दायक, बन्धनबाट छुटाउने वाला एवं यसले पवित्रता, बल र तेज प्रदान गर्दछ ।"

मलमूत्र त्याग गर्ने बेलामा जनैलाई कानमा एक फन्का बेर्ने गरिन्छ, यसको कारण यो हो कि, गुप्तेन्द्रिय र अण्डकोषको सम्बन्ध कानसँग हुन्छ । यो कानलाई बाँधी दिएपछि मलमूत्र त्याग गर्दाको समयमा हुने वीर्य स्रावलाई यसले रोकिदिन्छ ।

वर्षको एक पटक जनै धारण गर्नेहरूका निमित्त वर्षभरी जान-अन्जानमा आफूबाट यज्ञोपवित धारण गरी यसको मर्यादामा रहन नसकेकोलाई प्रायश्चित गर्न श्रावणी कर्म गर्ने परंपरा छ । यसलाई हामी जनैपूर्णिमा भन्दछौं । यो प्रायश्चितको निमित्त अघिल्लो दिनदेखि नै स्नान, जप र व्रत गरी उक्त दिनमा गाईको गोबर र माटोले स्नान गरी तर्पण गरी, पुरानो जनै निकाली यसलाई नदीमा बगाइदिई नयाँ जनै धारण गरिन्छ ।

मृगचर्म

मृगचर्मको महत्व आसनसँग सम्बन्धित रहेको छ । मन्त्रजप गर्दा आसनको अति नै महत्व रहेको हुन्छ । यसको कारण यो हो कि, मन्त्रजप गर्दा मन्त्रबाट विद्युत-तरङ्ग प्रकट भएर पूरा शरीरमा व्याप्त हुन थाल्छ । यो तरङ्गलाई पृथ्वीको गुरुत्वाकर्षण शक्तिले पृथ्वीमा खिचिदिन्छ । मृगचर्ममा बसेर जप गर्नाले यसबाट पृथ्वीको गुरुत्वाकर्षणलाई रोकिदिन्छ र मन्त्रबाट प्रकट भएको शक्ति शरीर भित्रै रहन्छ र साधकको चेतना पृथ्वीलाई छोडेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उर्धगामी हुनथाल्छ र अन्ततः अनन्तमा लिएर जान्छ। प्रश्न उठ्न सक्छ, के अरु चर्ममा यस्तो शक्ति हुँदैन र ? हुन्छ, अरु चर्ममा पनि, तर मृग चर्मलाई नै बढी महत्व दिनुको कारण यो हो कि, मृग एकदम शान्त र सात्विक प्राणी भएकोले यो छालामा मृगको भावनात्मक गुण रहेको हुन्छ। गायत्री शान्त प्रकृति भएको मन्त्र भएकोले यसको लागि मृगचर्मको आसनलाई ज्यादा महत्व दिएको हो।

दण्ड

दण्ड आत्मबलको प्रतीक हो। साथमा दण्ड भएपछि भय कम हुन्छ। प्रचीन कालमा गुरु आश्रममा रहँदा जंगली जनावर र सर्पको भय हुन्थ्यो। यसैले उक्त समयमा मानिसहरू दण्ड लिएर हिँड्थे। साथमा दण्ड भएपछि मानिसमा एक किसिमको उत्साह प्रकट हुन्छ। दण्ड साथी पनि हो। जब हामी एक्लै हिँड्छौं, उक्त समयमा हाम्रो साथमा दण्ड छ भने उक्त दण्ड साथीको रूप हुन जान्छ। प्राचीन कालमा अहिलेको जस्तो यातायात र व्यवस्थित बाटोको सुविधा नभएकोले बाटोमा काँडाहरू हुने भएकोले सुरक्षित भएर हिड्नको निमित्त दण्डले धेरै सहयोग गर्दथ्यो। प्राचीन कालमा अहिलेको जस्तो मानव संख्या नभएकोले जंगल ज्यादा हुन्थ्यो। यसैले जंगलमा हिंड्नलाई दण्डले एक किसिमको हतियारको पनि काम गर्दथ्यो। उपनयन पछि बालक वेदाध्ययनको लागि गुरुकुलमा जाने भएकोले दण्ड लिने परंपरा भएको हो। दण्ड न्यायको पनि प्रतीक हो। व्रतबन्धमा म न्यायमा स्थिर रहन्छु, भन्नको लागि दण्ड ग्रहण गरिएको हो। समाजमा सज्जन र दुर्जन यी दुई सबै कालमा थिए र हुन्छन्। आफ्नो मार्गमा चल्दा अरुको आक्रमणवाट बच्न दण्डको अति आवश्यक्ता हुन्छ। अरुलाई अन्याय गर्दा नरक भोग्नु पर्छ भने अरुको अन्यायलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहँदा दुःख, खेद वा खिन्नता सहनु पर्छ । त्यसैले अन्याय गर्नु र अन्याय सहनु दुवै अन्याय हो भनेर यसबाट बच्न दण्ड धारण गरेको हो ।

दण्ड उत्तरदायीत्वको प्रतीक हो । व्रतबन्धमा दण्ड धारण गर्नुको उद्देश्य व्रतप्रति समर्पित हुनु हो । यसमा विशेष गरेर यो संस्कार पश्चात वेदारम्भ सुरु हुने भएकोले बालकमा गुरु, आश्रम, अध्ययन र अन्ततः आफू र आफ्नो कुल र समाजप्रति उत्तरदायीत्व वहन गर्नु पर्ने भएकोले दण्ड धारणको महत्व यो संस्कारमा राखिएको हो ।

हृदयस्पर्श

आचार्यले बालकलाई शिष्य ग्रहण गर्दै उसको दाहिने काँधमा हात राखेर यो शंकल्प वाचा गर्नु पर्छ कि,

'ॐ मम व्रर्ते ते हृदयं दधामि मम चित्तमनु चित्तं तेऽअस्तु ।
मम वाचमेकमना जुषस्व वृहस्पतिष्ट्वा नियनक्तु मह्यम् ॥

अर्थात् 'म मेरो व्रतमा तिम्रो हृदयलाई धारण गर्दैछु । तिम्रो चित्तले मेरो चित्तलाई धारण गरोस्, मेरो उपदेशमा तिम्रो मन सधैं लागिरहोस्, गुरुले सदा तिमीलाई मेरै उपदेशमा हिंडाइरहुन् ।' यसपछि हृदय स्पर्श गरिन्छ । हृदय स्पर्श गर्नुको कारण हो कि, यो केवल औपचारिक मात्र नभएर पूरा हृदयबाट नै प्रकट होस् । जुन प्रेम हृदयबाट प्रकट हुन्छ, त्यो नै भक्ति हो र भक्तिको अर्थ हो पूर्ण समर्पित । विद्या ग्रहण र विद्यादान दुवै हृदयबाट प्रकट हुनुपर्दछ नत्र स्वार्थ घुस्न पुग्छ । आचार्यको शिष्यप्रति प्रेम र त्यो प्रेमले शिष्यको हृदयलाई स्पर्श गरेपछि शिष्यको हृदयबाट भक्ति प्रकट हुन्छ, तब मात्र दान गर्ने र ग्रहण गर्ने दुई बीचको उद्देश्य पूरा हुन सक्छ । जति पनि संस्कृतका श्लोक छन् ती सबै मन्त्र हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रले लक्षलाई स्पर्श गर्ने हुनाले जुनै क्रिया गर्दा पनि मन्त्र उच्चारण गरिन्छ । मन्त्रपाठ नगरी स्पर्श गर्दा यसले कहिल्यै लक्षलाई स्पर्श गर्न सक्दैन । वक्ता र स्रोता बीचको भावनात्मक सम्बन्धबाट मात्र उपदेश सम्भव हुन्छ । शिक्षा भनेको उपदेश हो । देश भनेको लक्ष हो जसले लक्षमा लिएर जान्छ, यसलाई उपदेश भनिन्छ । भावना हृदयको श्रद्धायुक्त स्पन्दन हो । योग शास्त्रमा यही हृदयस्पर्शलाई शक्तिपात भनिन्छ ।

टुपी

प्रकृतिले प्राणीको सृष्टि गर्दा यति विचार पुर्‍याएको छ कि, यसमा कहीं पनि त्रुटि छैन । बालक जन्मन्छ उक्त समयमा उस्को दाँत हुँदैन र अन्न ग्रहण गर्न सक्दैन भनेर प्रकृतिले बालकको आहारको निमित्त आमाको स्तनबाट बालकलाई आवश्यक पदार्थ दूधमै राखी दिएको हुन्छ । मानिसको हातमा नङ राखी दिएको छ ताकि, नङ हतियारको रूपमा प्रयोग गर्न सकोस् भनेर । शिरमा कपाल राखी दिएको छ, किनभने मशितष्कले सधैं न्यानो पाओस् भनेर । समय बित्दै गएपछि मानिसले धेरै कुराहरू आविष्कार गर्दै गए । नङभन्दा ज्यादा शक्ति भएको हतियार बनाए पछि नङले असजिलो पार्‍यो भनेर काट्न थालियो । कपालको भन्दा बढी न्यानो आउने टोपी बनेपछि कपाल काट्न थालियो, तर कपाल काटिए पनि शिरको अन्तिम टुङ्गोमा भने टुपीको रूपमा कपाललाई नकाटी त्यसै राखिन्छ । यो किन राखिएको होला भन्ने जिज्ञासा हाम्रो रहेको छ । शिखाको अर्थ हो किरण, किरण जहिले पनि प्रकाशबाट प्रकट हुन्छ । प्रकाश समष्टि भएर एक ठाउँमा रहन्छ र किरण छरिएर जान्छ । आत्मा प्रकाश स्वरूप छ र किरणको रूपमा यो छरिएर गएको हुन्छ । यसो हुनाले शिखाबन्ध गरेपछि मानिसको भित्रबाट उठ्ने प्रकाश बाहिर नगएर भित्रै रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसको भित्र यत्रो शक्ति निहित हुन्छ जुन ब्रह्माण्डमा छ । यो शक्ति विचारतरङ्गको रूपमा बाहिर निस्किएर जान्छ । मानवको शिरमा सहस्त्रदल कमल रहेको छ जसलाई शिवजीको स्थान मानिन्छ । शिवजी हिमालको शिखरमा विराजमान हुने भनेको नै मानव शरीरको शिरलाई हिमाल मानिएको हो । शिवजीको शिरबाट गंगा प्रकट भएको जुन हामी चित्रमा देख्छौं, यो गंगाको प्रतीक नैं शिखा हो । शिखामा निवास गर्ने भएकोले नै शिवजीलाई शेखरेश्वर भनेको हो ।

मानव शरीरमा टुपी एरीयल वा अ्यान्टिना हो जसले अलौकिक जगत्को तरङ्गलाई आकर्षण गर्दछ । यो वायुमण्डलमा महान् व्यक्तिको विचार-तरङ्ग व्याप्त भएको हुन्छ । टुपीले ती विचार-तरङ्गलाई आकर्षण गर्दछ । ध्वनिको स्रोत मुख्य गरी तीन वटा रहेका छन् । एउटा स्थूल जगत्बाट, अर्को वैचारिक जगत्बाट र अर्को अवैचारिक जगत्बाट । स्थूल जगत्मा निरन्तर क्रियाहरू चलिरहने हुनाले यसबाट ध्वनि प्रकट भईरहेको हुन्छ र स्थूल जगत्मा भएको. क्रियालाई इन्द्रियले ग्रहण गरी आफूभित्र प्रतिक्रिया भएपछि विचारको ध्वनि प्रकट हुन्छ । जब जगत्को ध्वनि र विचारको ध्वनि बन्द हुन्छ, त्यो समयमा अवैचारिक अथवा अनाहत ध्वनि प्रकट हुन्छ, अवैचारिक जो अनाहत ध्वनि छ यो शिर स्थित सहस्त्रदल कमलमा गुञ्जिन थाल्छ । यो ध्वनि नै ब्रह्माण्डीय ध्वनि हो । यो ध्वनि प्रत्येक मानवमा गुञ्जिरहेको छ, तर यसलाई वैचारिक ध्वनिले थिचिरहेकोले श्रवण गर्न सकिरहेको हुँदैन ।

टुपीलाई बाँधी दिनाले भित्र तरङ्गित हुने ध्वनि बाहिर निस्कन सक्दैन भनेर शिखा बन्धन गरिन्छ । शौचको समयमा शिखालाई खोलिन्छ र शिखा खोलेपछि मौन रहने परम्परा छ । व्रतबन्धमा आचार्यले शिष्यलाई मल त्याग गर्दा बोल्नु हुँदैन भनेको कारण त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेलामा शिखा खोलिन्छ र उक्त समयमा बोल्दा शब्दको साथमा शक्ति बाहिर निस्कन्छ भनेर हो । मल त्याग गर्दा बोल्नु हुँदैन भन्नुको अर्को कारण यो हो कि, त्यो बेलामा शरीरको क्रियाशक्ति सबै मल बाहिर निकाल्नेमा लागेको हुन्छ र मल बाहिर निस्कँदा जुन शक्तिले कार्य गर्दछ, त्यो शक्तिको पूरै दाँतसँग सम्बन्ध हुन्छ, यसैले यो बेलामा दुवै दाँत टम्म जोड्नु पर्दछ । यदि दाँत खुल्ला भएमा यसको असर पूरै दाँतमा पर्न गई कमजोर हुन जान्छ । मल त्याग गर्दा श्वासलाई रोकिन्छ, श्वास रोकिएको समयमा मुख खुल्ला हुँदा यसको असर दाँतमा पर्न जान्छ र अर्को कारण यो पनि छ कि, मल त्याग गर्दा मुख खुल्ला गर्दा मलखानामा भएका किटाणुहरू मुखभित्र प्रवेश गर्ने हुँदा उक्त समयमा मुख नखोल्नु भनेको हो ।

मन्त्र दीक्षा

उपनयन संस्कारको मुख्य उद्देश्य मन्त्र प्राप्त गर्नु हो र अन्य जति पनि संस्कारहरू गरिन्छन् र शिखा धारण, यज्ञोपवित धारण र अन्य व्रतहरू ग्रहण गरिन्छ, यी सबैको मूल उद्देश्य मन्त्रलाई जागरित गर्नु र मन्त्रलाई संरक्षण गर्नु हो । मन्त्र हतियार हो यसको सदुपयोग हुँदा यो अमृत समान हुन जान्छ र दुरूपयोग हुँदा विष तुल्य हुन जान्छ । मन्त्रलाई नियम पूर्वक पुनः पुनः जप्दै गएपछि यो आफू भित्र जागरित हुन्छ । मन्त्र जागरित हुनुलाई मन्त्र सिद्धि भनिन्छ । मन्त्र सिद्ध भएपछि प्रेममा प्रयोग हुँदा प्रेमको विकास हुन्छ र रागद्वेशमा प्रयोग हुँदा रागद्वेशकै विकास हुन्छ अर्थात् मन्त्रलाई जहाँ प्रयोग गऱ्यो त्यहीं यसले काम गर्न थाल्छ । जस्तो रूपैयाँ प्राप्तिको निमित्त एकनाश कार्य गऱ्यो भने मानिसले अन्ततः रूपैयाँ प्राप्त गर्दछ । रूपैयाँ प्राप्त भई सकेपछि कहाँ यसलाई खर्च गर्ने यो कुरामा यसको महत्व रहन्छ । पैसा कमाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त पैसा मदिरामा खर्च गऱ्यो भने खर्च गर्दा त रमाइलो आउला तर अन्ततः परिणाम भने यसले दुःख नै ल्याउँछ र परोपकारमा खर्च गऱ्यो भने परिणाम सुख नै हुन्छ । यस्तै मन्त्र जागरित भई सकेपछि दुरूपयोग नहोस् भन्नाको निमित्त अग्रिम व्रतमा बस्न अथवा यम र नियम पालन गर्न भनेको हो ।

प्रत्येक देव-देवीको आफ्नो प्रकृति वा स्वभाव हुन्छ । यो स्वभावको बारेमा पुराणमा विस्तृत व्याख्या गरेको पाइन्छ । यसो हुनाले जुन देव-देवीको प्रकृति छ, त्यो प्रकृति वा स्वभाव उक्त मन्त्रबाट साधकमा प्रवेश गर्दछ । गायत्री मन्त्रमा मन्त्रदेवीको प्रकृति वैराग्य, ज्ञान र उत्साह भएकोले गायत्री मन्त्रको साधकमा साधना गर्दै गएपछि सर्वप्रथम उसको हृदयमा जगत् प्रतिको वैराग्य प्रकट हुन्छ । रागको अर्थ हो इच्छा वा चाहना र वैरागको अर्थ हो, जगत्भोगको इच्छा वा चाहानाको अभाव हुनु । जगत् प्रति वैराग्य हुनासाथ साधकमा आत्मा वा परमात्मा प्रति पूर्ण श्रद्धा प्रकट हुन्छ । श्रद्धाबाट समर्पण प्रकट हुन्छ र समर्पणबाट पूर्ण विश्वास प्रकट हुन्छ र पूर्ण विश्वासबाट ज्ञान प्रकट हुन्छ, अनि ज्ञान प्रकट भएपछि आलस्य नष्ट भएर निरन्तर उत्साह प्रकट हुन जान्छ ।

साधक तबसम्म जगत्को क्रियाकलापको प्रतिक्रियामा रहन्छ, जबसम्म मन्त्र जागरित हुँदैन । मन्त्र जागरित भएपछि जगत् र आफू बीचको सम्बन्ध छुटेर साधक स्वयम्मा स्वयम् विस्तारित हुन पुग्छ ।

गायत्री मन्त्र

ॐ भू भुर्वः स्वः तत्सवितुर्वरेण्यम् भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गायत्रीमा ॐ को उपासना छ । ॐ बाट नै व्याहृति (भू भुँवः स्वः) को श्रृष्टि भएको छ । व्याहृति भनेको उच्चारण हो । भु: भनेको पृथ्वी, भूर्वः भनेको अन्तरिक्ष र स्वः भनेको सम्बन्ध वा स्वयम् हो । अन्तरिक्षको कारण पृथ्वीमा कार्य भएको हुन्छ र यसको प्रतिक्रिया रूप सम्बन्ध स्वयम्मा भएको हुन्छ । पृथ्वी माता हो, अन्तरिक्ष पिता हो, माता र पिताको सम्बन्ध नै स्वयम् श्रृष्टिको कारण हो । यसैले परमात्माबाट नै 'भू:, भुँवः, स्वः यी तिनलाई सृष्टि गर्नु भएको छ । यस्तो परमात्मालाई म वरण गर्दछु । परमात्मा प्रकाश रूपमा हुनुहुन्छ । यो प्रकाशको ध्यान गर्दछु । हे परमात्मा हाम्रो बुद्धिलाई प्रचण्ड तेजिलो (प्रज्ञायुक्त) बनाई दिनुहोस् । साधकले जस्को उपासना गर्दछ, ऊ त्यही भएर जान्छ । गायत्रीमा प्रकाशरूप परमात्माको ध्यान गरिन्छ प्रज्ञा वा अलौकिक ज्ञानको निमित्त प्रार्थना गरिन्छ ।

मन्त्र जागरण

ध्वनि तीन किसिमका हुन्छन् । पृथ्वीको ध्वनि, अन्तरिक्षको ध्वनि र स्वयम् भित्रको ध्वनि । पृथ्वीको ध्वनि विचार हो, आकासको ध्वनि मन्त्र हो र अनाहत ध्वनि स्वयम् भित्र सुप्त रूपमा रहेको ध्वनि हो । विचार भन्दा मन्त्र सूक्ष्म छ र मन्त्र भन्दा अनाहत ध्वनि सूक्ष्म छ । मानव केवल पृथ्वीको ध्वनि वा विचारमा मात्र रहेको हुँदा उसले आफू भित्रको ध्वनिलाई सुन्न सकेको हुँदैन । जब हामी पृथ्वीमा वसेर आकाशको ध्वनिरूप मन्त्रलाई बार-बार निरन्तर जप गर्न थाल्छौं तब यो ध्वनिबाट विद्युत-तरङ्ग प्रकट हुन थाल्छ र पूरा शरीर भित्र व्याप्त हुन्छ । मन्त्र-तरङ्ग शरीरमा व्याप्त भएपछि यसको विद्युतबाट शरीरका कोषहरू सबै जागरुक हुन पुग्छन र त्यसबाट साधकमा स्फूर्ति प्राप्त भई मन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसन्न रहन्छ, शरीर हल्का हुन्छ र आनन्द प्रकट हुन्छ । आकाशको अर्थ हो, विकार रहित । ध्वनिलाई निरन्तर जप्दै गएपछि त्यसबाट साधकभित्र रहेको सुप्त ध्वनि प्रकट हुन्छ । यो ध्वनि प्रकट भई सकेपछि साधकले मन्त्रलाई छोडेर यही ध्वनिमा समर्पित हुन थाल्छ । जब समर्पण स्थिर हुन्छ तब ध्वनि प्रकाशमा परिणत हुन्छ । प्रकाश प्राप्त भएपछि जुन अलौकिक जगत्प्रतिको अन्धकार थियो त्यो नाश भएर यथार्थ प्रकाशबाट सबै ज्ञान हुन्छ । यसैको लागि गायत्रीमा **"भर्गो देवस्य धीमहि धियो यो नः प्रचो दयात्"** भनेर जपिन्छ ।

मन्त्रजागरणबाट द्विजत्व प्राप्ति

द्विजको अर्थ हो दोश्रो जन्म । पहिलो जन्म आमाको गर्भबाट हुन्छ र दोश्रो जन्म मन्त्रको गर्भबाट । आमाको गर्भमा जुन लोक थियो, बालकले गर्भबाट निस्कनासाथ जस्तो अर्को लोकको अनुभूति गर्छ यस्तै मन्त्र जागरित भई सकेपछि बालकले आमाको गर्भलोकबाट छुटेको जस्तै संसार प्रतिको आभासबाट मुक्त भएर अनन्त लोकमा प्रवेश गर्छ । यो लोकमा प्रवेश गर्नासाथ साधकमा जगत् प्रतिको बन्धन समाप्त हुन्छ । शरीर रहेसम्म प्रारब्ध रहिरहने हुँदा जगभोग र जगबन्धन नभए पनि यस्तो साधकलाई जगत्मा रहिरहनु पर्छ र जग-प्रपञ्चको सामान्य प्रभाव भने परेको देखिन्छ । जगत्को प्रभाव उस्मा परे पनि ध्यानमा उसले त्यसलाई परिस्कार गरिरहेको हुन्छ । जस्तो हाम्रो घरमा भएको बिजुलीको श्रोत र सम्बन्ध पावर हाउससँग हुन्छ, यस्तै गायत्री मन्त्रको सम्बन्ध सिधै ब्रह्मसँग भएको हुन्छ । यसो हुनाले मन्त्रसाधना गर्दै गएपछि साधक अन्ततः ब्रह्ममै गएर एकाकार हुन्छ । यस्तो ब्रह्ममा एकाकार भएको साधकलाई ब्राह्मण वा द्विज भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्नि तथा हवन

अग्नि तेजको प्रतीक हो । मन्त्रलाई अग्निले तेज प्रदान गर्दछ। भावना, मन्त्र र अग्नि यी तीनको संयोग नै हवन हो । केवल मन्त्र जपेर भावनाबिना अग्निमा स्वाहा मात्र गर्नाले मन्त्रले लक्षलाई स्पर्श गर्न सक्तैन। भावना भनेको यात्री हो, अग्नि वाहन हो, मन्त्र ड्राईभर हो र ब्रह्म लक्ष हो। यसैले भाव रहित स्वाहा, यात्री रहित यात्रा जस्तै हुन जान्छ । यसो हुनाले आचार्यले बालकको हृदयस्पर्श गर्दा जुन भाव लिएको हुन्छ र वालकले आचार्यबाट स्पर्श प्राप्त गर्दा जुन भाव लिन भनिएको हुन्छ, यो भावमा दृढ भएर अग्निमा आहूति दिँदा मात्र मन्त्र र अग्निले लक्षित कार्यलाई स्पर्श गर्न सक्छ । यज्ञको मूल महत्व हो व्रतपालनमा आत्मबल प्रदान गर्नु ।

भिक्षा

भिक्षा माग्नुको कारण हो, अहंकारलाई समाप्त पार्नु । संन्यासीहरूले पनि भिक्षा ग्रहण गर्नुको कारण यही हो । प्राचीन समयमा आफ्नो घरमा कोही संन्यासी आएर उसलाई भिक्षा दान गर्नु अति शुभ मानिन्थ्यो । यदि कोही संन्यासी भिक्षा लिन नआएमा एकमुठी चामल छुट्ट्याएर मात्र आफूले भोजन गर्ने गरीन्थ्यो । उपनयन संस्कारले जीवन कसरी यापन गर्ने भनेर जीवनको पूर्ण क्रिया-कलापलाई यो समयमा गरिएको हुन्छ । बालकले भिक्षा ग्रहण गरेपछि उसले जीवनमा आफ्नो घरमा भिक्षाको निमित्त आउने संन्यासीहरूलाई प्रेम र श्रद्धाको साथमा भिक्षा दान गरोस् भन्ने यसको मूल उद्देश्य हो। ऋषिहरूले मानव जीवनलाई सफल बनाउन जीवनलाई सय वर्षको आयुमानेर २५-२५ वर्ष मिलाएर ४ चरणमा विभाजन गरी अन्तिम चरणलाई संन्यास राख्नु भएको छ। प्राचीन कालमा मानिसलाई अन्तिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरणमा संन्यास लिनु पर्थ्यो । गृहस्थ जीवनमा बस्दा आफूले भिक्षा दिने र अन्ततः आफूले भिक्षा ग्रहण गर्ने परम्परालाई सुचारु रूपले चलाउन र बालकलाई भिक्षा प्रति श्रद्धा प्रकट गराउन उपनयनमा भिक्षा माग्न लगाइन्छ ।

उपनयन संस्कार पश्चात् बालक गुरुको आश्रममा बसेर वेदाध्ययन गर्ने हुनाले आश्रम संचालनको निमित्त पनि विद्यार्थीहरूलाई भिक्षा माग्न जानु पर्थ्यो । यसैले यो संस्कारमा भिक्षा मागेर प्राप्त अन्न लगेर गुरुलाई समर्पण गरिन्छ ।

भोजन विधि

भोजन गर्नुपूर्व पानी अचाईन्छ र एक पटक आचमन गरिन्छ । पानी भूमिमा सेचन गर्नुको अर्थ भूमि सोधन गर्नु हो । भूमि सोधन गर्नुको अर्थ हो देवतालाई भोजन अर्पण गर्नु । अशुद्ध स्थानमा देवताहरू आएर कहिले पनि दिएको अन्न ग्रहण गर्दैनन् भनेर पहिला भूमि सोधन गर्नको निमित्त शुद्ध जल सेचन गरिन्छ । भूमिमा देवतालाई भोजन चढाइसकेपछि जल आचमन गरिन्छ । यो आचमनको अर्थ हो, हृदयकमलमा स्थित आत्मा-देवलाई सेचन गरेको । यसपछि हृदयकमलस्थित आत्मा-देवको साथमा रहेको पञ्चप्राण - प्राण, अपान, व्यान, उदान र समान वायुलाई वायुको नाम लिंदै क्रमशः **ॐ प्राणाय स्वाहा** भन्दै नुन विनाको पाँच गाँस चढाएपछि हातको दुई औंला जलमा डुबाई सो जलयुक्त औंला दुई आँखामा **"ॐ अमृतोपस्तरणमसि"** मन्त्र जपेर स्पर्श गरिन्छ । उक्त मन्त्रको अर्थ हो, म यो अमृतमय अन्नदेवलाई आसन प्रदान गर्दछु । यसपछि मन्त्रमा भावनालाई स्थित गरेर मौन रही भोजन गरिन्छ । अन्तमा भोजन गरीसकेपछि **"ॐ अमृतापीधानमसी"** अर्थात 'म अमृत रूप अन्नदेवतालाई आच्छादित गर्दछु ।' मन्त्र जपेर आचमन गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी भोजन गर्नुको मूल उद्देश्य हो, अन्न अर्थात् भोजन इन्द्रिय तृप्तिको निमित्त भोग नबनेर यज्ञ रूप आहूति बनोस् । भोजन पूर्व अन्नलाई चढाएपछि गरीने भोजन प्रसाद हुन जान्छ । चढाउँदा, भूपतये स्वाहा, भुवनपतये स्वाहा, भूतानां पतये स्वाहा, माहादेवाये स्वाहा, सर्वदेवताये स्वाहा भनेर देवतालाई अर्पण गरिन्छ । हाम्रो प्रत्येक संस्कारमा गरिने क्रियाले भावनालाई शुद्ध गर्दछ । भोजन गर्दा मानसिक तनाव हुनासाथ, गरीने भोजनबाट नकारात्मक असर पर्न जान्छ । जति नै सात्विक भोजन भएपनि यदि भोजनको समयमा हाम्रो मानसिक अवस्था ठिक छैन भने यसले सात्विक भाव सृजना गर्न सक्तैन र यदि हामीमा भोजनको समयमा विलकुल शान्ति छ भने गरीने भोजनबाट सात्विक भाव प्रकट हुन्छ । यसै हुनाले भोजन पूर्व चढाए पछि मन बाहिरी संसारको कारण विक्षिप्त भएपनि चढाए पछि भित्रबाट भाव-भक्ति प्रकट हुन्छ र अन्न प्रसाद हुन जान्छ ।

भोजनमा धोती धारण

भोजन गर्दा शरीरमा कस्सिएको कपडा धारण गर्नाले खाएको अन्न पचाउनमा शरीर कस्सिन जाँदा बाधा पर्छ र अर्को कारण यो हो कि, शरीरमा धारण गरेको अरु कपडा लगाएर भोजन गर्दा दिनभरी त्यो कपडा धारण गरेर नाना काम गरिन्छ र पसिनाले गर्दा कपडा दूषित भएको हुन्छ र अर्को कारण यो हो कि, मल-मुत्र त्याग गर्दा उक्त कपडामा कीटाणुहरू प्रवेश गरेको हुन्छ र यस्तो कपडा धारण गरी भोजन गर्दा भोजनको साथमा कीटाणु शरीर भित्र प्रवेश गर्छ भनेर केवल भोजनको निमित्त मात्र प्रयोग गर्ने गरी धोती फेर्ने गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नान

शरीरलाई आहार जति महत्वपूर्ण हुन्छ, त्यति नै स्नानको पनि हुन्छ । उपनयन पश्चात् बालकलाई बिहान विछ्याउनाबाट उठ्नासाथ स्नान गर्नु पर्ने परम्परा अति नै वैज्ञानिक छ । रातमा सुतेपछि रातभर शरीर कोठाभित्र गुम्सिरहेको हुन्छ । यसबाट शरीरमा पूरै तमोगुण रहेको हुन्छ । जब शरीरलाई बिहान उठ्नासाथ स्नान गराइन्छ, तब यो तुरुन्त स्फूर्तियुक्त हुन्छ । स्नान पश्चात् रुमालले शरीर पुछ्दा एक किसिमको मालिस गरेजस्तो हुन्छ । यसबाट शरीर फूर्तिलो हुन जान्छ, शरीरको साथमा मनको ठूलो घनिष्ठ सम्वन्ध रहेको हुन्छ । शरीर फूर्तिलो हुनासाथ मन प्रसन्न रहन्छ र मन प्रसन्न हुनासाथ बुद्धि, विवेक र स्मरणशक्ति पनि तेजिलो हुन जान्छ । यस्तो अवस्थामा योग-ध्यानमा बस्दा सजिलोसँग मन एकाग्र हुन्छ ।

आहारशुद्धि

उपनयन संस्कारमा शुद्धाहारको निमित्त पनि जीवनभरलाई व्रत गरिन्छ । कुनै यस्तो भोजन हुन्छ जुन शरीरलाई पनि हृष्ट-पुष्ट बनाउँछ र खाँदा पनि मीठो हुन्छ तर यस्तो आहारले एकाग्रतालाई नष्ट गर्दछ । हाम्रो वैदिक संस्कारले तिनवटा पक्षलाई लिएर आहारको निर्णय गरेको छ । ती हुन् शरीर, एकाग्रता र विचार । यदि शरीर त हृष्ट-पुष्ट कुनै आहारले पार्छ तर मन चञ्चल बनाएर एकाग्रता गडबड भयो भने त्यो आहारले केवल मानवलाई साँढे मात्र बनाउँछ । हाम्रो संस्कारले एउटा अर्को पक्षलाई पनि लिएर आहारको निर्णय गरेको छ । वायुकारक भोजन गर्दा अधवायु चली रहन्छ । पूजामा बसेको बेलामा धूप बालेर पूजास्थललाई सुगन्धित बनाईरहेको हुन्छ यस्तो बेलामा अधवायु चल्यो भने पूजास्थलको वातावरण नै दुर्गन्धित हुन्छ । जसले गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपास्य देव-देवी प्रतिको भावमा विचलन प्रकट हुन्छ भनेर वायुकारक भोजन जस्तै :-भटमास, प्याज, माछा-मासु आदि खानु हुन्न भनेको हो । कुनै यस्तो भोजन हुन्छ, जसले जननेन्द्रियलाई उत्तेजित बनाउँछ, जसले गर्दा मानिस कामभावलाई सोच्न थाल्दछ र यसले एकाग्रता भङ्ग गर्दछ । कुनै भोजनले आलस्य प्रकट गर्दछ र निन्द्रा लाग्दछ भनेर लसुन-प्याज खान निषेध गरिएको हो । दिनमा शरीर क्रियाशील हुने हुँदा दहीलाई पचाउन सकिन्छ तर रातमा शरीरले क्रिया नगरी पूर्ण रूपमा आराम गर्छ जसले गर्दा पचाउन नसकी विहान समयमा निन्द्रा नखुल्ने र निन्द्रा खुलेपनि शरीर भ्याम्म छोपेको जस्तो भएर भारी हुन्छ भनेर रातमा दही खान हुँदैन भनेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदारम्भ संस्कार



उपनयन गरी सकेपछि बालकको मनमशितष्क र शरीर पवित्र भएर जीवनले अर्को एउटा संसारतिर लिएर जाने हुनाले द्विज भनिन्छ । उपनयन पश्चात विधि-विधान अनुसार वेदारम्भ हुन्छ । यो संस्कार अहिलेको समयमा प्रायः लोप नै भई सकेको छ । केवल उपनयन गर्दा ब्राह्मणले एउटा वेदको ऋचा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकलाई भन्न लगाएर यो संस्कार पूरा गर्ने अवस्थामा अहिले चलिरहेको छ ।

वर्तमान समयमा जसरी बालक सम्झन वा बुझ्न सक्ने भएपछि पिता-माताले अनिवार्य रूपले विद्यालय पठाउने गर्दछन्, यसैगरी प्राचीन कालमा बालकको उपनयन भएपछि गुरुकुलमा वेद, उपनिषद् र धर्मशूत्रहरू अध्ययन गर्न पठाउने परंपरा थियो । वेदमा मानव जीवनलाई पूर्णता प्राप्ति गर्ने प्रशस्त मार्गदर्शन र आध्यात्मिक शक्ति भएकोले अध्ययन सुरु गर्नु पूर्व यी वेदहरूलाई विधिवत् पूजा, हवन आदि गरेपछि बालकमा वेदशास्त्र प्रतिको श्रद्धा, विश्वास र भाव-भक्ति भित्र हृदयमा प्रकट हुनजाने भएकोले यो संस्कार रहेको हो । विना श्रद्धा र भाव-भक्ति कुनै पनि विषयको ज्ञान सम्भव नहुने भएकोले यी शास्त्रप्रति ज्यादा भन्दा ज्यादा श्रद्धा र भाव-भक्ति बालकको अन्तर्हृदयमा प्रकट गराउनु नै यो संस्कारको प्रमुख लक्ष हो ।

यो संस्कारमा जति पनि विधि-विधान छन् यिनीहरूको मुख्य उद्देश्य वेदाध्ययन्को पात्र बन्न जति पनि गुणहरू आवश्यक हुन्छन् यी गुणहरूको निमित्त वेदमन्त्रद्वारा प्रार्थना गरिन्छ । जस्तो वेदीको पश्चिममा बसी पूर्वाभिमुख भएर वेदीको अग्निसँग हात जोडेर यसरी प्रार्थना गरिन्छ ।

ॐ तनुपा अग्ने असि तन्वं मे पाही ।

(हे अग्नि ! तिमी यो विस्तृत विश्व ब्रह्माण्ड तथा पिण्ड शरीरको रक्षक हौ । मेरो शरीरको रक्षा गर ।)

ॐ आयुर्दा अग्नेऽस्यायुर्मे देहि ।

(हे अग्नि ! तिमी आयु दिनेवाला हौ, मलाई आयु देऊ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ वर्चोदा अग्नेऽसि वर्चो मे देहि ॥

(हे अग्नि ! तिमी प्राणहरूलाई तेज र बल दिने

वाला हौ, मलाई तेज र बल देऊ ।)

ॐ अग्ने यन्मे तन्वाऽऊनं तन्म आपृण ॥

(हे अग्नि ! मेरो शरीरमा जुन कुरा कमी छ, त्यसलाई पूरा गरीदेऊ ।)

ॐ मेधांमे देव: शविता आदधातु ॥

(हे अग्नि ! परमेश्वरले मेरो लागि धारणा वती बुद्धि प्रदान गरुन् ।)

ॐ मेधांमे देवी सरश्वती आदधातु ॥

(ज्ञानको अधिष्ठात्री देवी सरश्वतीले मलाई मेधा प्रदान गरुन् ।)

ॐ मेधांमे आश्विनी देवा वाधत्तां पुस्करस्त्रजौ ॥

(हे आचार्य ! जो सुपूजित हुनुहुन्छ, उहाँले मलाई मेधा धारण गरी दिनुहोस् ।)

यसैगरी शरीरका सबै अङ्गहरू तेजस्वी हुन् भनेर वेद मन्त्रको साथमा यी अङ्गहरूलाई स्पर्श गरिन्छ । जस्तो –

ॐ वाक् च म आप्यायताम् ॥ (मुखद्वार स्पर्श गर्ने)

'मेरो वाणी पवित्र होस् ।'

ॐ प्राणष्च म आप्यायताम् ॥ (नासिकामा स्पर्श गर्ने)

'मेरो स्वासप्रस्वास शक्ति खुब उन्नत होस् ।'

ॐ चक्षुष्च म आप्यायताम् ॥ (दुवै आँखामा स्पर्श गर्ने)

'मेरो आँखा उन्नत होस् ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रोत्रश्च म आप्यायताम् । (कान दुवै स्पर्श गर्ने)

'मेरो श्रवणशक्ति खुब उन्नत होस् ।'

ॐ यशो वलश्च म आप्यायताम् (दुवै हातलाई स्पर्श गर्ने)

'मेरो दुवै हात खुब बलिष्ठ होस् ।'

ॐ मनश्च म आप्यायताम् ।(हृदयमा स्पर्श गर्ने)

'मेरो मन उदार रहोस् ।'

यसरी विधिवत् यज्ञ गरेपछि बालक वेदाध्ययनको पात्र बन्न पुग्छ र बालकले वेदाध्ययनको निमित्त आचार्यसँग निवेदन गर्दछ :-

अधिहि भू: सावित्रीम्:

अर्थात्, ' हे आचार्य ! मलाई हजुरले ॐ कार सहित भु:, भूव: स्व: वाली सावित्री अर्थात् व्याहृतियुक्त गायत्री मन्त्र पढाउनु होस् र सम्झाउनु होस् ।'

यसपछि आचार्यले भन्नु हुन्छ –

भो अनुब्रुह्वि अर्थात् " हे शिष्य ! तिमी मेरो पछि भन्दै जाऊ । यसरी गायत्रीलाई आचार्यले तीन पटक गरी मन्त्रोपदेश गर्दछन् । यी तीन हुन्–

१. ॐ भू र्भुव: स्व: तत्सवितुर्वरेण्यम् ।

२. ॐ भू र्भुव: स्व: तत्सवितुर्वरेण्यम् भर्गो देवस्य धीमहि ।

३. ॐ भू र्भुव: स्व: तत्सवितुर्वरेण्यम् भर्गो देवस्य धीमहि धियोयोन: प्रचोदयात् ॥

यसपछि आचार्यले शिष्यलाई पुत्र रूपमा स्विकार गरेर बालकलाई मेरो चित्त तिमीमा रहोस्, तिम्रो एकाग्रताशक्ति बढोस् र मैले भनेको अनुकुल गर्नु, बृहस्पतिले आजदेखि तिमीलाई मेरो मार्गमा हिंड्नमा आशीर्वाद दिऊन् भनी आचार्यले प्रतिज्ञा गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि ब्रह्मचारीको रूपमा रहन आवश्यक कोपिन र मेखला आचार्यले लगाई दिन्छन् । यसपछि आचार्यले दण्ड प्रदान गर्दछन् । यसपछि पिताले एकजना योग्य विद्यार्थीमा हुनुपर्ने सबै अनुशासनको वारेमा आफ्नो पुत्रलाई भन्छन् । यसपछि विधिवत् यज्ञ समाप्त गरी बालक आचार्यको साथमा रहेर व्याकरण, छन्द, काव्य-अलंकार, स्मृति, नीति गन्थ्र, गणित, दर्शनशास्त्र, उपनिषद् र वेद अध्ययन गर्ने हाम्रो प्राचीन परम्परा हो । यसरी सबै विद्या अध्ययन गरी सकेपछि विद्यार्थिले शिल्पशास्त्र अध्ययन गरी विमान, भुगर्भादि विषयमा अध्ययन र अनुसन्धान गर्ने गर्दथे ।

यो संस्कारको उक्त समयमा आफ्नै महत्व थियो । अहिले यो संस्कार करीब लोप नै भईसकेको अवस्थामा छ । किनभने यस्ता वेद अध्ययन गर्ने गुरुकुल र यस्तो निस्वार्थ रूपले पढाउने अचार्य वर्तमान समयमा पाउन दुर्लभ भईसकेको अवस्था छ । वेदादि अध्ययन गर्न अहिले विश्वविद्यालय त छन् तर, ती विश्वविद्यालयहरूमा हाम्रो संस्कार अनुसार गुरुकुल पद्धतिबाट अध्ययन-अध्यापन गर्ने परम्परा नभएकोले यो संस्कार केवल उपनयन संस्कारमा मात्र सीमित रहेको छ र यसले पुनर्जीवन पाउन सक्छ भन्ने आशा गर्ने ठाउँ पनि सारै झिनो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केशान्त संस्कार

बालक १६ वर्ष भएपछि पहिलो पटक उम्रिएको दारी जुँगा सहित शिर खौरने संस्कारलाई मुण्डन संस्कार भनिन्छ । यो समयमा आचार्यलाई गाईदान गरीने हुनाले यसलाई गोदान संस्कार पनि भनिन्छ। सोह्र संस्कार भित्र यो संस्कारलाई राखिनुको महत्व के हो भन्ने हाम्रो जिज्ञासा हो ।

गुरुकुलमा बालक अध्ययन र आध्यात्मिक उपासना आदि सूक्ष्म चिन्तनमा रहेको हुन्छ। १६ वर्ष उमेर नपुगुञ्जेल बालकलाई नारीसँगको शारीरिक सम्बन्धसँगको कुनै विचार हुँदैन, जब १६ वर्ष पूरा हुन्छ तब उसमा यस विषयमा सोचाइ जान थाल्छ । जुंगा-दारीको लक्षण हो, अब बालक युवामा प्रवेश गऱ्यो र उसमा कामवासना सुरु भयो । यो कामवासनालाई अनुशासित वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियन्त्रण गर्न जुंगा-दारी र केश सबै खौरने गरेको हो । जीवनमा यो समय एकदम चंचलता र हठताको समय भएकोले धेरै वाल-वालिकामा यो समयमा विकृत विचार प्रकट हुन्छ । यसलाई हाम्रो परम्परामा **"गधापच्चिसेले छोयो"** भन्छन् । जुंगा र दारीले यौवनको पदार्पण भन्ने संकेत गर्ने हुनाले यसबाट प्रकट हुने मानसिक भ्रमलाई यो संस्कारले छेदन गरी दिन्छ र गाईदान गरेपछि मनको विभ्रम शान्त हुन्छ भन्ने नै यो संस्कारको मूल उद्देश्य हो ।

यो संस्कार गरी सकेपछि बाहिरी सम्पर्कबाट विल्कुल रहित हुनको निमित्त गुरुकुलमा ब्रह्मचारीलाई एक वर्षसम्म कोठाभित्र एक्लै बसेर वेदाध्ययन, गायत्रीजप र अनुष्ठान गरेर बस्नु पर्थ्यो । यसको मूल उद्देश्य नै पूर्ण ब्रह्मचर्य पालन गरी बाहिरी कामबासनापूर्ण विचार -तरङ्गबाट मुक्त हुनु हो । दारी, कपाल र जुंगा काटेपछि काम-बासना कम हुन्छ भन्ने नै यसको मूल आशय भएकोले यसलाई विधिवत् मुण्डन गर्ने संस्कार रहेको हो ।

समयको परिवर्तनको साथमा यो वैदिक धर्ममा मध्ययुगतिर आएर यसको वैज्ञानिक विश्लेषणमा कमी आउन थाल्यो र हरेक संस्कारमा अस्पष्टताको वृद्धि हुँदै जान थाल्यो । अनि गुरुकुलको परम्परा लोप हुँदैगयो र यो संस्कारमा पनि ह्रास आउँन थाल्यो र लोपहुन सुरु भयो । पछि हुँदै गएपछि वाल विवाह सुरु हुन गयो र यो संस्कार महत्वबिहिन हुन गयो ।

गुरुकुलमा रहँदा यो संस्कारपछि विद्यार्थीको जीवन बडो मुस्किल र कठोर हुन्थ्यो । एकातिर एकवर्षसम्म कोठाभित्र बाहिरी सम्पर्कबाट रहित जीवन हुन्थ्यो भने अर्कोतिर उक्त एक वर्षसम्म मौन भएर बस्नु पर्थ्यो । यो संस्कारमा गरीने सम्पूर्ण विधिहरू चुडाकरणकै हुन्छ । मात्र मुण्डनको स्थानमा दारी र जुंगा काटिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समावर्तन संस्कार

यो संस्कार विद्यार्थी २५ वर्षको उमेरसम्म गुरुकुलमा बसी घरमा फर्कने बेलामा अथवा गुरुबाट ब्रह्मचर्य आश्रम समाप्त गरेर घरफर्कने बेलामा गरीने हुनाले यसलाई समावर्तन संस्कार भनिएको हो । यो संस्कारमा स्नान गर्ने विधि छ । यो स्नान साधारण अरु समयमा गरीने स्नानभन्दा पृथक भावमा रहेको छ । यो स्नानको मुख्य भाव हो, गुरुको साथमा रहेर विद्यारुपि पवित्र सागरमा स्नान गरी सबै ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, तन्मात्रा, बुद्धि, मन र शरीर सबैलाई परिशोधन गरी एक निर्मल स्वरूप धारण गरेर गृहस्थ जीवनमा प्रवेश गर्ने । यस्तो दक्षताप्राप्त व्यक्तिलाई स्नातक भनिन्छ । यो स्नातक तीन किसिमका छन् भनेर शास्त्रले बताएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयः स्नातका भवन्ति विद्यास्नातको,
व्रतस्नातको,विद्याव्रतस्नातक इति ॥ पा.गृ.सु२.५.३३॥

अर्थात्,- "स्नातक तीन किसिमका हुन्छन् । विद्या स्नातक, व्रत स्नातक र विद्याव्रत स्नातक । वेदाध्ययन समाप्त गरी तर ब्रह्मचर्यव्रत समाप्त नगरी जो स्नान गर्दछ वा घर फर्कन्छ यो विद्यास्नातक हो । ब्रह्मचारीव्रत समाप्त गरी तर वेदाध्ययन समाप्त नगरेको व्रतस्नातक हो र जसले वेदाध्ययन साथै ब्रह्मचारीव्रत पनि समाप्त गरेको हुन्छ, यसलाई विद्याव्रत स्नातक भनिन्छ । यसरी विद्यार्थी-जीवन समाप्त गरेर अन्त्यमा गरिने संस्कारिक स्नानले विद्यार्थीले विद्यासागर पार गरेको भन्ने प्रतीक हो र यसैलाई स्नातक भनिन्छ ।

गुरुकुलमा रही व्रत समाप्त गरेपश्चात् यसका दुईवटा उपकुर्वाण र नैष्ठिक नामका मार्ग हुन्थे र यी मार्गलाई ब्रह्मचारी स्वयम्ले रोज्नु पर्दथ्यो । विद्याध्ययन पश्चात् घरमा फर्की गृहस्थ जीवनमा रहनुलाई उपकुर्वाण भनिन्छ र घरमा नबसी ब्रह्मसाक्षात्कारको निमित्त जीवन समर्पण गर्नुलाई नैष्ठिक भनिन्छ । उपकुर्वाणमा विद्याव्रत स्नातकलाई नै महत्व दिइन्थ्यो । विद्यास्नातक र व्रतस्नातक जुन अधुरा छन्, यी अधुरोमा गुरुले किन स्नान गराएर वा गृहस्थ जीवनमा प्रवेश गर्न किन अनुमति दिएको होला ? भन्ने हाम्रो जिज्ञासा हुन्छ । यसमा ब्रह्मचारीको पिता-माताको अवस्था हेरेर अथवा माता-पिताका शारीरिक अवस्था गडवड भएको अवस्थामा उसलाई तुरुन्त घरमा बस्नु पर्ने अवस्था आउँथ्यो । यो बेलामा उसले सबै व्रत पूर्ण गर्न सकेको हुँदैनथ्यो । यस्तो अवस्थामा गुरुले ब्रह्मचारीलाई जुन व्रत पूर्णभएको हुन्छ, त्यही व्रतलाई स्नान गराई घरमा पठाई दिने चलन थियो । प्राचीन कालमा स्नातक आजको शैक्षिक योग्यता जस्तै मानिन्थ्यो । गुरुले शिष्यलाई स्नातक वा स्नान गर्नु अघि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजका विशिष्ट व्यक्तिहरूलाई आमन्त्रण गरी विधिवत् यो संस्कार गरीन्थ्यो । यसलाई अहिलेको प्रचलित दिक्षान्त समारोहसँगै सोच्न सकिन्छ ।

ब्रह्मचारीलाई गुरुले जुन विद्या दिनुभयो, जुन ज्ञान दिनुभयो, जुन उपदेश दिनुभयो र जुन अनुशासन सिकाउनु भयो यसले उसको जीवन धन्य हुन्थ्यो, महान् हुन्थ्यो र समाजको धरोहर हुन्थ्यो । यस्तो अमूल्य तत्व प्रदान गर्ने गुरुलाई कुनै भौतिक पदार्थ दिएर यसको ऋण चुक्ता गर्न सम्भव छैन भनेर शास्त्रले भनेको छ –

"शप्तद्वीपवति भूमिर्दक्षिणार्थं न कल्पते ।"

अर्थात् 'सातै दीपले युक्त भूमि नै पनि गुरुदक्षिणाको निमित्त पर्याप्त हुँदैन ।' तथापि आफ्नो भाव-भक्ति र समर्पणको प्रतीक दक्षिणा दिनुपर्ने भएकोले जसले जे समर्पण गर्न सक्छ अर्थात्, आफ्नो शक्ति अनुसार द्रव्य, भूमि, गाई,रत्न, धातु आदि गुरुदक्षिणाको रूपमा शिष्यले समर्पण गर्दथे । यसपछि गुरुले शिष्यलाई भन्नु हुन्थ्यो,

"अलमर्थेन मे वत्स त्वद्गुणैरस्मी तोषितः ।"

अर्थात्, 'मेरो वत्स ! मलाई धनको अपेक्षा छैन । म तिम्रो सद्गुणहरूबाट तृप्त हुन्छु ।'

यसपछि वेदी तयार गरेर विधिवत् यो संस्कार गरिन्छ । यो संस्कारमा ब्रह्मचारीद्वारा वेदीसँगै आठओटा सुगन्धादि औषधियुक्त जलपूर्ण घडा स्थापना गरिन्छ र विधिवत् यज्ञादि कार्य गरी आठ दिशामा राखेको घडा पहिला एउटा उठाएर सो घडाको जलले अभिषेक गरिन्छ र पूनः कमशः अरु सबै घडाको जलले स्नान गरिन्छ । यी आठवटा घडाको अर्थ हो आठ दिशा र यो आठवटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घडाको जलले स्नान गर्नुको अर्थ आठै दिशाबाट ब्रह्मचारीलाई सम्मान, यश र कीर्ति प्राप्त होस् भन्ने ।

यसपछि ब्रह्मचारी अब गुरुकुलको जीवन समाप्त गरी गृहस्थ जीवनमा पदार्पण गर्ने भएकोले गुरुकुलमा रहँदाको दण्ड र मेखला परित्याग गरी नविन वस्त्र र अलङ्कार धारण गरी, आँखामा गाजल लगाई ऐनामा आफ्नो रूप हेर्नु पर्छ । यसपछि जुत्ता लगाउने र छाता ओड्ने गर्नुपर्छ । यसपछि एउटा बाँसको राम्रो लठ्ठी लिईन्छ र यज्ञको समाप्ति वा पूर्णाहूति गरिन्छ र गुरुले गृहस्थ जीवनमा प्रवेश गर्दा वा गृहस्थमा वस्दा के-कस्तो व्यवहार र अनुशासनमा रहनु पर्छ भनेर अन्तिम उपदेश दिनुहुन्छ । यी उपदेशहरू केवल ती ब्रह्मचारीलाई मात्र नभएर हामी सम्पूर्ण गृहस्थीजीवन बिताउनेहरूको निमित्त अत्यन्त आवश्यक र मननयोग्य छन् । ती उपदेश हुन् :-

"तिमी सदा सत्य बोल । धर्मको आचरण गर । स्वाध्याय गर्नमा लापरबाही नगर्नु । आफ्नो वर्णानुकुल सुन्दर लक्षणयुक्त कन्यासँग विवाह गरेर सन्तान जन्माउनु । सत्यलाई मनन गर्नु । सत्कर्म गर्नु र सत्य बोल्न हिच्किचाहट नमान्नु । धर्माचरणमा प्रमाद नगर्नु । धर्म त्याग नगर्नु । प्रमादले उत्तम ऐश्वर्य बृद्धि गर्ने-गराउँनेलाई नछोड्नु । स्वाध्याय र प्रवचनमा कहिल्यै लापरबाही नगर्नु । देवता, विद्धान, माता-पिता र अन्य वृद्ध-वृद्धाहरूको सेवा तथा अभिवादनमा लापरबाही नगर्नु । आमालाई जन्मदात्री देवी सम्झेर उनको सेवा- सम्मान गर्ने पुत्र बन्नु । पितालाई पालन-पोषण गर्ने देवता सम्झेर उनको आज्ञाकारी पुत्र बन्नु । आचार्य अर्थात् गुरुलाई ज्ञानदाता देवता सम्झेर उनको अनुशासनमा रहनु । यसैगरी अतिथी, सन्यासी आदिको सेवा सदा गर्ने गर्नु । देवता,ऋषि, पितृहरूको धर्मयुक्त जुन कर्म छ, त्यसैको सेवन गर्नु । यसको अतिरिक्त मिथ्या भाषणादि अधर्मयुक्त कर्महरूको सेवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिल्यै नगर्नु । पापाचरणमा लाग्नेको कहिल्यै प्रसंसा नगर्नु । जो उत्तम विद्वान ब्राह्मण छ, उनैको साथमा रहनु वा संगत गर्नु र उनैको विश्वास गर्ने गर्नु । दान दिंदा श्रद्धाले दिनु, निस्वार्थ भएर दिनु, भय अर्थात् लोक-लाजले पनि दिनु, प्रतिज्ञा वा नियमले दिनु, लोक-कल्याणको निमित्त यथाशक्ति दान गरीरहनु ।

जब आफूलाई कुनै विषयमा संदेह हुन्छ, त्यो बेलामा तत् विषयका ज्ञाता वा ज्ञानी व्यक्तिसँग मात्र सोध्नु अरुसँग होइन ।

'हे वत्स ! मेरो तिमीलाई यही नै अन्तिम उपदेश हो र यही नै वेद- उपनिषदको जीवनलाई यथार्थ मार्गमा लिएर जाने सार हो । तिमीलाई यीनै नियमहरूमा रहेर आफ्नो जीवन बिताउनु पर्छ ।'

यसपछि गुरुको प्रशंसा र गुरूप्रति कृतज्ञता व्यक्त गरी ब्रह्मचारी गृहस्थ जीवनमा प्रवेश गर्दछ ।

यसरी यो संस्कारलाई अध्ययन गर्दा प्राचीन कालको शिक्षापद्धती कति निस्वार्थ र प्रेमयुक्त रहेछ भन्ने कल्पना गर्न सकिन्छ । यो संस्कार वर्तमान समयमा लोप भएर गएको छ तर यसको अवषेशको रूपमा भनौं वा सम्झनाको रूपमा भनौं एकै पटक बालकको उपनयन हुन्छ, वेदाध्यायन हुन्छ, केशान्त संस्कार हुन्छ र समावर्तन संस्कार पनि हुन्छ । यसरी अहिले उपनयन संस्कारमा यी चारै वटा संस्कार एकैपटक गरी हाम्रो एउटा संस्कारको इतिहास भने येन-केन आजसम्म रहिरहेको छ ।

◎

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह संस्कार

मानव जीवनको श्रृष्टिक्रम विवाहबाट सुरु हुन्छ । स्त्री र पुरुष दुई प्राणीलाई आपसमा भावनात्मक रूपले मिलाउने प्रक्रियालाई विवाह भनिन्छ । विवाहको प्रथा प्राचीन कालदेखि चलिआएको छ । स्त्री या पुरुषको एक्लो जीवनबाट गृहस्थ जीवन कहिल्यै पूर्ण हुन सक्दैन । यसैले प्रकृतिले नै आपसमा विपरित शरीरसँग विशेष आकर्षण राखिदिएको छ । विवाह संस्कारले विशेष महत्व राखेको छ सामाजिक जीवनमा । किनभने विना विवाह नारी र पुरुष बीचको सम्बन्ध सामाजिक अमर्यादा र आपसी ठूलो संघर्षको कारण हुनजान्छ । अति प्राचीन कालमा जुन समयमा विवाह संस्कारको नियमहरू बनेका थिएनन्, उक्त समयमा नारी र पुरुषलाई लिएर समाजमा बलियाले कमजोरहरू माथि बल प्रयोग गर्थे जसले गर्दा समाज अति नै संघर्षमा गुज्रिरहेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवमन एउटा अति नै शक्तिशाली राक्षस हो । विपरित शरीरसँगको आकर्षणको मन राक्षसको स्वभाव भएकोले शक्तिसम्पन्न व्यक्तिले बहुनारी राख्ने र निर्बल व्यक्तिले एउटा पत्नी पनि राख्न नसक्ने र नारीहरू स्वेच्छा पूर्वक जो कोही पुरुषसँग समय बिताउने भएकोले नारी र पुरुष बीचको स्वेच्छाचारी भोगको कारण समाज अति नै संघर्षपूर्ण भएकोले वैदिक कालमा ऋषिहरूले यस्तो भयभीत समाजलाई कसरी शान्तिपूर्ण बनाउने भन्ने खोजको क्रममा यो विवाह संस्कारको जन्म हुन गयो । विवाह संस्कारले केवल सामाजिक महत्व मात्र नराखी आध्यात्मिक क्षेत्रमा पनि महत्व राखेको छ । प्राणीको श्रृष्टिक्रम संचालन गर्न प्रकृतिले पुरुषको मशितष्कमा नारीतत्व र नारीको मशितष्कमा पुरुषतत्व राखी दिएकोले स्वभावलै पुरुष नारीप्रति आकर्षित हुन्छन् र नारी पुरुषप्रति आकर्षित हुन्छन् । यसरी दुई प्राणीको आपसी आकर्षणबाट प्रेम प्रकट हुन जान्छ । यो प्रेम अन्ततः सामाजिक संघर्षमा परिणत हुने भएकोले प्राचीन राज्य-व्यवस्थाले पर-पुरुष र पर-स्त्री प्रतिको आकर्षण र प्रेमलाई समाप्त गर्न विभिन्न नियमहरू बनाए । उक्त समयमा मानिसहरू धर्मसँग ज्यादा डराउने भएकोले यी नियमहरूलाई धार्मिक मान्यतामा समावेश गरिन्थ्यो । मान्छेले जति नै अन्याय काम गरे पनि यदि मनमा पश्चात्ताप नभएमा पाप हुँदैन र पश्चात्ताप हुनासाथ पाप लाग्छ । पाप भनेको मनमा हुने तनाव हो । पर-स्त्री र पर-पुरुषसँगको संबन्धलाई राज्य व्यवस्थाले दण्डनीय बनाए पछि जो यसमा समावेश हुन्थ्यो उस्को मनमा अन्ततः नियम विपरित कर्मको कारण मनमा डर-त्रास प्रकट हुन जाँदा मानसिक तनाव प्रकट भएर विक्षिप्त जीवन बिताउनु पर्दा आफूले आफूलाई अशान्तिमा फसाउन पुग्दा यो भावबाट पाप प्रकट भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनले जहिले पनि नयाँ भोग्य बस्तुको इच्छा प्रकट गर्दछ। सधैं एकै किसिमको भोजन गर्दा जिब्रोले नयाँ स्वादको इच्छा गर्छनै, यस्तै एउटै पति-पत्नी भोग गरेको इन्द्रियले अर्को पुरुष वा नारी देखेपछि मन उस्मा अल्झिन पुग्छ। मन पर-शरीरमा अल्झिए पछि यसले इच्छा साकार गऱ्यो भने यसबाट पारिवारिक जीवन अस्तव्यस्त हुन गई जीवन तनावको अग्निमा जलेर समाज बर्बाद हुँदै गएको अवस्थामा समाजलाई शान्ति र आपसी कलहबाट मुक्त गराउनु प्राचीन समयको अति नै महत्वपूर्ण पक्ष थियो। यसलाई दृष्टिगत गरी समाधिष्थ ऋषिहरूले समाधिको ब्रह्मएकाकार भएको अवस्थामा दिव्य नियमहरू प्रकट गर्नु भयो, यो नै विवाह संस्कार हो। विवाहको दुईवटा पक्ष छन् – एउटा स्थूल र अर्को सूक्ष्म । स्थूल पक्षमा नियमहरू बनेका छन् भने सूक्ष्म पक्षमा वैदिक कर्मकाण्डबाट दुई शरीरलाई बाँधिएको वा एक गराइएको हुन्छ र दुई शरीरलाई बाँध्ने प्रक्रियामा ऋषिहरूले धेरै अनुसन्धान र आविष्कार गर्नुभयो। यसमा ज्योतिषलाई मूल आधार बनाइएको छ। जन्म समयमा क्षितिजमा जुन राशि वा नक्षत्र उदय भएको हुन्छ, त्यसको प्रकृति मानवमा रहेको हुन्छ र कुण्डलीमा जुन-जुन स्थानमा जुन-जुन ग्रह रहेको हुन्छ, त्यसको प्रभाव उक्त स्थान र सो ग्रहले प्रभाव पार्ने अन्य स्थानमा असर पारेको हुन्छ। एक नक्षत्रको स्वभाव अर्को नक्षत्रसँग मिलेमा दुई दम्पत्ति बीचमा मित्रता हुन्छ भने एक नक्षत्रको अर्को नक्षत्रसँगको सम्बन्ध प्रकृति वा स्वभाव नमिलेको खण्डमा दुई दम्पत्ति बीचको सम्बन्धमा तनाव प्रकट हुन्छ। नक्षत्रको प्रकृति मिलेको छ तर कुण्डलिमा पति-पत्नी बीचको स्थानमा ग्रहको नराम्रो असर छ भने परस्पर भाव मिले पनि जीवनको सफलतामा वाधा हुन जान्छ। यसोहुनाले विवाह पूर्व हाम्रो परम्परामा कुण्डली हेर्ने परम्परा रहेको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाति

हाम्रो हिन्दू परम्परामा विवाहको निमित्त जाति मिलाउने परम्परा रहेको छ । यो परम्परालाई लिएर वर्तमान कालमा धेरै तर्क-वितर्क उठ्ने गरेको पाइन्छ । एउटा दह्रो समाज निर्माण हुन चार जातको जरुरत पर्दछ । यसैले राज्यमा यी चारजात भएकै हुन्छ । एउटा कार्यलयमा पनि चार जात भएकै हुन्छन् । चार जातको संयोग नभई कुनै पनि राज्य व्यवस्था चल्न सक्दैन । एउटा कार्यलयमा एकजाना प्रमुख हुन्छन्, उनले केवल निर्देशन दिन्छन्, जसले सबैलाई मार्गदर्शन गर्छ, ऊ ब्राह्मण हो । कार्यलयलाई सुरक्षा दिन सुरक्षाकर्मी बसेको हुन्छ ऊ क्षत्री भयो । कार्यलय संचालनमा हिसाब-किताब राख्ने मानिस बसेको हुन्छ, ऊ वैस्य भयो र नास्ता-पानी व्यवस्था गर्ने र मालसामान ओसारपसार गरी सहयोग गर्ने व्यक्ति कार्यलयमा रहेको हुन्छ ऊ शूद्र भयो । प्रचीन कालमा अहिलेको जस्तो जनसंख्या थिएन उक्त समयमा जनसंख्या साह्है कम थियो । यसैले विकसित मश्तिष्क भएको समूहलाई ब्राह्मणको वर्गमा राखियो । राष्ट्रको सुरक्षामा रहने वर्गलाई क्षेत्रीको वर्गमा राखियो, खेती गर्ने समूहलाई वैश्यको वर्गमा राखियो र यी तीनै श्रेणी भित्र नराखेका वर्गलाई शूद्रको वर्गमा राखियो । यो कुरा सत्य हो कि, एउटा बालकमा वंशानुगत प्रभाव रहेकै हुन्छ । जस्तो कुनै पिता-माताले सबैलाई सल्लाह र उपदेश दिन्छन् भने उनीहरूको सन्तानमा पनि यो गुण आएकै हुन्छ र जस्को मातापिता समाजमा दबेका हुन्छन्, उनीहरूको सन्तान पनि दबेकै हुन्छ । अब एउटा उच्च विचार भएको व्यक्तिले दबेको कन्यासँग विवाह गर्दा उनीहरूको भावना मिल्न सक्दैन । यसैले जो जस्तो स्वभाव र खुबीको हुन्छ, उसलाई त्यस्तै स्वभाव र खुबीको कन्यासँग विवाह गर्दा उनीहरूको पारिवारिक जीवन शान्ति र आनन्दपूर्ण हुन्छ भनेर आफ्नो जातिसँग विवाह गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परा चली आएको हो । समय परिवर्तनको क्रममा अहिले ब्राह्मण आफ्नो स्थानबाट झरेर धेरै तल पुगिसकेको हुनाले जो उच्च स्थानमा बस्नु पर्ने हो, ऊ नीच स्थानमा पुग्नाले जातिप्रथालाई वर-वधू चैनमा लागु गर्न धेरै मुस्किल भएको छ। जुन समयमा जाति विभाजन भयो उक्त समयमा ब्राह्मण केवल शास्त्र, उपासना, उपदेश र आध्यात्मिक सेवामा मात्र रहन्थे । जो यी कर्ममा रहन्थे उनीहरूलाई मात्र ब्राह्मण भनिन्थ्यो जब कि वर्तमान समयमा यो शास्त्र, उपासना, उपदेश र आध्यात्मिक सेवाको अतिरिक्त व्यापार, नोकरी र राजनीति गरेर मदिरा-मांस भोजन गरेर झूठ बोल्दै हिंडेपछि ऊ ब्राह्मण कसरी हुनसक्छ ?

एकै जाति विवाह गर्ने प्रसङ्गमा शास्त्रले धेरै ज्ञानी ऋषिहरूले पनि विपरित जातिसंग विवाह गर्ने गरेको कुरा उल्लेख गरेको छ । च्यवन ऋषि ब्राह्मण थिए र उनले क्षत्रीय राजा शर्यातीको पुत्री सुकन्यासँग विवाह गरे क्षेत्रीय राजा ययातीले ब्राह्मण कन्या देवयानीसँग विवाह गरे । व्यासको जन्म मत्स्यगन्धाबाट भएको हो । महान् दार्शनिक विदुर दासीपुत्र थिए । यसरी हेर्दा वैदिक समाज कर्म प्रधान थियो । देवी भागवत्मा क्षत्रीय कुलमा जन्म लिएर धार्ष्ट ब्राह्मण भएको उल्लेख पाइन्छ ।

उमेर निर्धाण

हाम्रो शास्त्रले मानवको जीवनलाई सय वर्ष मानेर उक्त समयलाई चार भागमा विभाजन गरी पहिलो भागलाई अध्ययनको समय मानेर यसलाई ब्रह्मचर्य आश्रम भनेको छ । यो समयमा पुरुष केवल अध्ययन र उपासनामा लीन हुन्छ । यो समयमा मशितष्कमा कुनै पनि किसिमको व्यवहारिक झमेला नहुने र मशितष्क एकदम तेजिलो हुनेहुँदा अध्ययनमा उत्साह हुन्छ । साथै स्मरणशक्ति एकदम तेजिलो हुन्छ । यो समय भित्र मानिसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवनको लक्ष तय गरी सकेको हुन्छ र आध्यात्मिक क्षेत्रमा केही न केही अनुभूति गरी सकेको हुन्छ । आध्यात्मिक अनुभूति भएको व्यक्तिले गृहस्थ आश्रममा प्रवेश गरेपछि यसले कहिल्यै पनि नराम्रो कर्म गर्दैन । मानव जीवन सफल हुनलाई चार वर्ग अति नै महत्वपूर्ण मानिन्छ । चार वर्ग भनेको धर्म, अर्थ, काम र मोक्ष हो । ब्रह्मचर्य आश्रममा आध्यात्मिक उपासना र गुरुशिक्षा प्राप्त गरिन्छ । जसको साथमा ज्ञान र आध्यात्मिक उपासना हुन्छ ऊ नै सच्चा मानव हुन्छ । यस्तो व्यक्तिले समाज कल्याणको अतिरिक्त समाजलाई दु:ख दिन सक्दैन । अरुलाई मद्दत गर्दै आफ्नो आत्माको आनन्दमा मग्न रहनु नै धर्म हो । धार्मिक व्यक्तिबाट नै यथार्थ मानवको पारिवारिक जीवन सम्पन्न हुन सक्छ ।

मानवको जीवनशक्ति भनेको नै वीर्य हो । यो वीर्यलाई पूर्ण विकसित हुन २५ वर्ष लाग्दछ । विकसित वीर्यबाट भएको गर्भाधानबाट विकसित मनस्थिति र बलिष्ठ शरीर भएको बालक जन्मन्छ । यसै हुनाले विवाहको निमित्त हाम्रो शास्त्रले पुरुषको उमेरलाई २५ वर्ष मानेको छ । कन्याको विवाह उमेरको विषयमा भने मतान्तर भेटिन्छ । प्राचीन कालमा समाजको विभिन्न परिस्थितिलाई ध्यानमा राखेर जुन नियम पालन गर्नाले समाजमा शान्ति सुरक्षा हुन्छ, त्यो कुरालाई समाजमा लागु गरीन्थ्यो । यी सामाजिक शान्ति, सुरक्षा र प्रगतिको निमित्त नियमहरू ऋषिहरूले बनाउनु हुन्थ्यो र यी नियमहरूले पछि गएर शास्त्रीय मान्यता प्राप्त गर्न पुग्यो । यसैले कतिपय बनेका नियमहरू उक्त समयको निमित्त व्यवहारिक भए पनि समय परिवर्तन हुँदै गएपछि कालान्तरमा अव्यवहारिक हुँदै गयो र नियमहरू परिवर्तन भई मतान्तर प्रकट हुँदै गए । हाम्रो परम्परामा विवाहको निमित्त पुरुषको उमेर २५ वर्ष मानेको छ भने कन्याको उमेर आठदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दश मानेको छ। एक जना २५ वर्षको युवकले एउटी बालिकासँग विवाह गर्नु कति न्यायोचित हुन्छ भन्ने कुरा विचार गर्दा यो अव्यवहारिक नै लाग्छ तर यो नियम किन बन्यो भन्ने कुरा पनि खोजीको विषय हुन्छ। प्राचीन कालमा बालविवाह भएको पाईंदैन। उक्त समयमा कन्याले वरको चैन स्वयम् गर्ने कुरा स्वयम्वरबाट स्पष्ट हुन्छ। उमेर नपुगेकी कन्याले स्वयम् वर छनौट गर्न असमर्थ नै हुन्छिन्। उक्त समयमा वर छनौटको निमित्त राजाले दिनको घोषणा गरेपछि आफूलाई योग्य व्यक्तित्व सम्झने युवाहरू दरवारमा जान्थे र राजकुमारीले आफूलाई मनपर्ने युवकलाई वर ग्रहण गर्थिन भन्ने कुराको उल्लेख पुराणहरूमा पाइन्छ। राक्षस विवाह र पिचास विवाहमा कन्यालाई बल प्रयोग गरिन्थ्यो। एउटी वालिकालाई इन्द्रिय सुखको निमित्त बलप्रयोग गर्न सम्भव हुँदैन। यसैले कन्या उमेर पुगेर युवती हुने भएकीले नै बल प्रयोग हुन्थ्यो। हाम्रो शास्त्रले विवाहलाई आठ प्रकारको भनेर मानेको छ। पैसाच विवाह भनेको कन्या निदाएको अवसर पारेर बल प्रयोग गरी यौन सम्बन्ध गर्नु र अपहरण गर्नु हो। यसमा एउटी नाबालिकासँग यो सम्बन्ध सम्भव हुँदैन। एउटी कन्याको रूपमा मोहित भएर उसको माता-पितालाई पिटेर जबरजस्ती अपहरण गरी कन्यालाई पत्नी बनाउने प्रक्रियालाई राक्षस विवाह भनिन्छ। यसमा कन्याको उमेर नपुगी युवती अवस्था प्राप्त नगरी सम्भव छैन। यसैले उक्त समयमा बालविवाह नभएको प्रमाणित हुन्छ। कन्या र वर दुवैको राजी-खुसीबाट हुने विवाहलाई गन्धर्व विवाह भनिन्छ। वयस्क जीवन सुरु नभई कामवासना सुरु हुँदैन र काम-वासना सुरु नभई विवाहको निमित्त आपसमा प्रस्ताव प्रकट हुन सक्दैन। यसैले यसमा पनि बालविवाह सम्भव छैन। कन्याको रूपमा मोहित भएर उसका माता-पितालाई पैसा दिएर कन्यासँग विवाह गर्नुलाई आशुर विवाह भनिन्छ। यसमा वयस्क अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपुगेकी कन्यासँग कोही मोहित नहुने भएकोले यो विवाहबाट पनि कन्याको उमेर बालिका अवस्था पार गरी सकेको स्पष्ट हुन्छ।

प्राचीन कालमा ऋषिहरू एकान्तमा बसेर आत्माज्ञान र समाज कल्याणको उद्देश्यले जीवन यापन गर्नु हुन्थ्यो । उक्त समयमा समाजलाई शान्ति र मैत्रीपूर्ण रूपले अगाडि बढाउनेमा उहाँहरूको ठूलो भूमिका रहेको हुन्थ्यो । समाजको वस्तुस्थितिलाई ध्यानमा राखेर उपयुक्त नियमहरू बनाएर ऋषिहरूले त्यसलाई लागु गर्न राजालांई मार्गदर्शन गर्नु हुन्थ्थो र त्यसलाई राजाले लागु गर्दथे । यसैले हाम्रा कतिपय शास्त्रीय नियमहरू धर्म नभएर सामाजिक व्यवस्था हुन् । आजभन्दा सय बर्ष अगाडि गाई पालेर घ्यू बेच्ने प्रक्रिया उक्त समयको निमित्त उपयुक्त थियो भने अहिले घ्यू बेच्नु भन्दा ज्यादा उपयोगी दूध बेच्नुमा हुन्छ । यस्तै काल परिवर्तनको सिलसिलामा समाज व्यवस्था पनि परिवर्तन हुँदै जान्छ। बालविवाह हाम्रो समाजमा कहिलेदेखि प्रारम्भ भयो भन्ने विषयमा ईस्लामले जब बल प्रयोग गरी, हिन्दू कन्याहरूलाई अपहरण गर्न थाले, तब हिन्दू समाजमा बालविवाहको प्रचलन सुरु भयो भन्ने भनाइलाई पनि मान्न सकिन्छ । भारतमा मुसलमानको आगमन पूर्व वुद्धधर्ममा नारीहरू भिक्षुणी भएर रहन्थे, यसबाट यो स्पष्ट हुन्छ कि उक्त समयमा नारीहरूले वौद्धिक विकास भएपछि मात्र विवाह गर्थे ।

असगोत्र विवाह

एउटै रगतमा विवाह हुँदा यसबाट जन्मने वच्चा शारीरिक, मानसिक र बौद्धिक क्षेत्रमा कमजोर हुने भएकोले हाम्रो हिन्दू परम्परामा सगोत्र विवाहलाई निषेध गरिएको छ । यसको दुईवटा पक्ष हुन्छन् । पहिलो रगत एउटै हुँदा त्यसबाट पैदा हुने सन्तानको शारीरिक, मानसिक र बौद्धिक विकासमा वाधा हुन्छ भने अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्फ यसले हुँदैन भनेपछि सामाजिक विकृतिको स्थितिलाई पनि रोकिदिन्छ । विवाहको निमित्त जुन कन्या आमाको तर्फमा ६ पींढी र पिताको गोत्र नभएकी हुन्छीन्, ती कन्या विवाहको निमित्त योग्य हुन्छीन् । आमाको ६ कुलसम्म रगतको असर रहने भएकोले यो नियम बनाइएको हो ।

कनाम परिवर्तन

कुनै मानिसलाई कसैको नाम सुन्नासाथ त्यो व्यक्तिलाई नदेख्दा पनि सो नामको कारण उक्त व्यक्ति प्रति प्रिय नाम हुँदा प्रेम प्रकट हुन्छ र अप्रिय नाम हुँदा कता-कता नराम्रो लाग्न जान्छ । यसको कारण नाममा (शब्दमा) आफ्नै तरङ्ग रहेको हुन्छ, जुन कसैलाई आफूसँग मिल्दो हुन्छ भने कसैलाई नमिल्न जान्छ । यो विषयमा किरोले पनि धेरै खोज र अनुसन्धान गरी अङ्कविद्या आविष्कार गरेका छन् । यसैले विवाहमा वधूको नाम परिवर्तन वरले गर्ने परम्परा रहेको छ । यसमा वधूलाई जुन नाम आफूलाई प्रिय लाग्छ सो नाम राख्ने परम्परा छ । यसमा विशेष गरी प्राचीन कालमा गुरुकुलमा रही नामको अध्ययन र अनुसन्धानमा ब्रह्मचारीहरू धेरै गहिरिने हुनाले उनीहरूमा यस विषयमा गहिरो ज्ञान हुने भएकोले आफूलाई जुन ध्वनिले राम्रो हुन्छ सोही अनुसार नाम राख्ने परम्परा थियो ।

कुल छनौट

जो मानिस जुन परिवेशमा हुर्केको छ उसलाई त्यही परिवेशमा हुर्किएकी कन्यासँग विवाह गर्दा उनीहरूको भावना जीवनभर मिल्न जान्छ । एउटा चिन्तनशील, उदार, समाजसेवक र आध्यामिक कुलमा जन्मेको वर वा कन्याले अर्को चोर-फटाहा, संकुचित भावनाले ग्रसित पाखण्डी वर वा कन्यासँग विवाह गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवश्य पनि उनीहरूको जीवन मित्रताले व्यतीत हुन सक्दैन । किसानको किसानसँग, व्यापारीको व्यापारीसँग, राजनीति गर्नेको राजनीति नै गर्नेसँग धूर्तको धूर्तसँग र आध्यात्मिक व्यक्तिको आध्यात्मिक व्यक्तिसँगै वैवाहिक संबन्ध हुँदा जीवनमा आपसी भावना मिल्न जान्छ । यसैले कुल हेरेर विवाह गर्ने परम्परा साह्रै व्यवहारिक देखिन्छ । संभवतः यही कुलको अवस्थाले पछि गएर जातिको रूप लिएको हुनुपर्छ । पृथ्वीमा भएको हरेक कुरा परिवर्तनशील छ । कुल जस्तो होस् अर्थात् चोर फटाको कुल भएपनि त्यो कुलमा एउटा राम्रो व्यक्ति हुनसक्छ र सज्जनको कुलबाट केही पुस्ता बिति सकेपछि एउटा फटाहाको जन्म हुनसक्छ भन्ने कुराको थुप्रै प्रमाण पुराण आदि शास्त्रमा उल्लेख भएको पाइन्छ । यस्को कारण गर्भाधानको समयमा भएका ग्रह-नक्षत्रको प्रभाव, दुई दम्पत्तीको भावनात्मक प्रभाव, आहरको प्रभाव आदिले गर्दा हो । वर्तमान समयमा यही कुलको अवस्थालाई विचार नगरी केवल रूपमा मात्र मोहित भएर विवाह गर्नाले अन्ततः कैयौं नरनारीले पारिवारिक मनमुटावको झमेला बेहोर्नु परेको कुरा समाजमा छर्लङ्ग देखिएको छ । एउटा बालकमा पिता-माताको कर्म र भावनाको प्रभाव रहेकै हुँदा विवाह-पूर्व जस्को जस्तो कुलखान्दान हुन्छ, त्यस्तै कुल-खान्दानमा विवाह सम्पर्क हुनु अति नै लाभप्रद हुन्छ । एउटा बालकमा पिताको या माताको अथवा पिता-माता दुवैको शील-स्वभाव आएको हुन्छ । यसो हुनाले यदि कुलको सही छनोट नहुँदा केवल दुई दम्पत्ति बीचमा मात्र तनाव प्रकट नभएर यी दुई तनावको संयोगबाट जन्मने सन्तान पनि तनावग्रस्त नै हुन्छ । यसले गर्दा वैवाहिक जीवन त तनावपूर्ण भयो-भयो यसबाट जन्मने सन्तानबाट पनि मानिस तनावग्रस्त भएर वृद्ध अवस्था सम्म अतृप्ति र अशान्तिले मानव जीवन निरर्थक रूपले मृत्युमा लय हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाईजो

विवाह संस्कार एउटा सामाजिक नियम मात्र नभएर यो एउटा आध्यात्मिक भाव पनि भएकोले विवाहमा कन्यालाई पार्वती र वरलाई शिवजीको रूपमा भावना गरेर वर-वधूलाई शिव-पार्वतीको भावले पाउ धोएर पाउजल ग्रहण गरिन्छ । यो संसारमा जति पनि दान गरिन्छ त्यसमा कन्यादानलाई अति नै उत्कृष्ट मानिन्छ । कन्यादान गर्दा प्राचीन समयमा सम्पन्न व्यक्तिले पाउ धुँदा प्रयोग गरीने खडकुंलो र करुवा वा वधूवस्ने आसन, पलङ्ग, उनीहरूले सयन गर्ने सिरक-डसना, उनीहरूले भोजन गर्दा प्रयोग गर्ने थाल दान गरीने र वर-वधूलाई नयाँ वस्त्र दान गर्ने चलन थियो भने निम्नवर्गका मानिसले केराको पातमा पाउ धुने र पिर्काको आसनमा राख्ने चलन थियो । समय बित्दै गएपछि धनी परिवारले आफ्नो कन्याको विवाह गर्दा धेरै धन खर्च गरी दाईजो दिन थाले । यसमा विशेष गरेर राजाहरूले राजकुमारीको विवाहमा ज्यादा दाईजो दिन थाले र यसको प्रभाव मन्त्रीहरूमा पर्न थाल्यो र यसबाट प्रजाहरूमा फैलिंदै जान थाल्यो । यसरी क्रमिक रूपमा दाईजोको प्रतिस्पर्धा हुँदै जाँदा वर्तमान समयमा यसले विकराल समस्याको रूप धारण गर्न पुग्यो । दाईजो दिने प्रचलन संस्कार नभएर एउटा विकृति हो । हाल कन्यादानको महत्व नभएर दाईजो दानले महत्व पाएकोले समाज धेरै ठूलो जटिल भुमरीमा फस्न पुगेको छ । दाईजो प्रथाको विकास मध्ययुगमा हिन्दू समाजमा ज्यादा थियो । यो समयमा कन्या पक्षबाट गहना, मेच, कुर्सी, हात्ती, घोडा र विलासका सामानहरूको प्रयोग हुन्थ्यो । तर यसमा ब्राह्मण वर्गमा दाइजो प्रथा थिएन । दाइजो प्रथा मध्य युगमा बंगालमा सबैभन्दा ज्यादा थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्ति, भोज र बाजा

प्राचीन समयमा विवाहको निधो भएपछि उक्त दिनमा कन्यालाई अर्कै बदमास का समूह आएर बल प्रयोग गरी अपहरण गर्ने गर्दथे। यसको निमित्त वरको पक्षबाट यस्तो अवस्था सृजना भएमा दह्रो जनबल आफ्नो साथमा भएपछि उनीहरूसँग संघर्ष गरेर कन्यालाई विवाह गरेर ल्याउनको निमित्त जन्ती जाने परम्परा चलेको हो।

विवाहमा बाजा बजाउनुको अर्थ हो खुसियाली मनाउनु। विवाह जीवनको साह्रै आनन्दको क्षण भएकोले बाजा बजाउने र नृत्य गर्ने परम्परा आएको हो । विवाह पश्चात यसको खुसियालीमा आफन्त जनहरूलाई बोलाएर भोज गराउने परम्परा चलेको हो। वेदमा जन्ती भोजको निमित्त मांसाहारको उल्लेख पाईंदैन। यो त विल्कुल एक सात्विक समारोह भएकोले यसमा सात्विक आहार हुनुपर्छ। अहिले विवाहमा जुन मदिरा र मांसद्वारा भोज आयोजना गरिन्छ, यो शास्त्र विपरित हो। जुन विवाह समारोह र यज्ञमा देवता र ऋषिहरू आई वर-वधूलाई आशीर्वाद दिएर जानुहुन्छ, यस्तो पवित्र समारोहमा मांस-मदिराको सेवन विल्कुल उचित हुँदैन।

काम-कुरो छिन्ने

पूर्वकालमा आफ्नो कन्याको विवाह जुन कुमारसँग गर्ने हो, यसको निमित्त मैले आफ्नो कन्या दिएँ भनेर वचनवद्ध गर्दा तिल, कुश र जौ लिएर प्रतिज्ञा गरीन्थ्यो। तिलको अर्थ पितृ, जौको अर्थ ईष्टदेवता र कुशको अर्थ हो विष्णु भगवान् यी तिनलाई साक्षी राखेर आफ्नो कन्या दान गर्ने प्रतिज्ञा गरेपछि, पछि गएर कुनै किसिमको निर्णयमा फेर-बदल हुने थिएन। यो नियम पछि गएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टीका लगाउने परम्परामा परिणत भयो। टीकाको अर्थ पूजन गर्नु वा पूज्नु अर्थात् मेरो कन्या आजबाट मैले हजुरलाई दान गर्ने निर्णय गरें र मैले ज्वाइँको रूपमा पूजन गरें भनेको हो ।

विवाह दिनको निश्चय

काम कुरो छिनी सकेपछि वर-वधूको पिताहरूले आपसमा सल्लाह गरेर उपयुक्त दिनमा विवाह गर्ने निर्णय गरिन्छ। यसमा के-कस्तो किसिमले विवाह गर्ने, कति जन्ती ल्याउने आदि विषयमा बसेर निर्णय गरिन्छ।

विवाह मण्डप

विवाहको निमित्त मण्डपलाई राम्रोसँग सजाएर हेर्दै मन प्रसन्न हुने गरी बनाउनु पर्दछ। यसको कारण यो हो कि, विवाह कार्य गर्दा देवताहरूलाई र ऋषिहरूलाई आमन्त्रण गरिन्छ। जुन स्थान पवित्र, सुन्दर र कर्तामा भाव-भक्ति हुन्छ, यस्तो स्थानमा देवता र ऋषिहरू प्रसन्न भएर बस्नुहुन्छ र वर-वधूलाई आशीर्वाद दिएर जानुहुन्छ । मानिसहरूले यसको महत्व नबुझी केवल लोकाचार मात्रको लागी कार्य गर्दा देवता र ऋषिहरू प्रसन्न हुँदैनन् । मानिसहरू विवाहको निमित्त थुप्रै धन खर्च गर्दछन् तर विवाह मण्डपको निमित्त एकदम कन्जुस्याइँ गरेर एउटा चँदुवा पनि नबनाई अरुको घरको चार पाँच वर्षको पुरानो धूलो-मूलो लागेकोलाई ल्याएर विवाह मण्डपमा राख्दछन् । विवाह मण्डप भनेको समारोह स्थल हो जसमा देवताहरू र ऋषिहरू आउनु हुन्छ। आफ्नो पाहुना बस्ने कोठा चाहीं एकदम झकिझकाउ पारेर सिंगार्ने तर यज्ञ मण्डप भने दयनीय अवस्थामा राख्नाले देवता र ऋषिहरू यो देखेर खिन्न भएर फर्कन्छन् । यसो हुनाले विवाहमा मण्डपलाई राम्रोसँग सिँगार्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो परम्परामा विवाह मण्डप बनाउँदा लिङ्गा गाडिन्छ। लिङ्गा गाड्नुको अर्थ हो त्यहाँ चँदुवा राख्न उपयुक्त होस् भनेर। विवाह संस्कार गर्दा देव-देवीलाई आमन्त्रण गरिन्छ र ती देवी-देवताहरू आएर बस्ने स्थान सुन्दर सफा होस् भनेर लिपपोत गरिन्छ र आमन्त्रीत देव-देवीलाई छहारी दिनको निमित्त चँदुवा राखिन्छ। जुन समयमा संस्कार निर्माण भयो त्यो बेलामा आजको जस्तो भौतिक विकास थिएन र कपडाहरू पर्याप्त नभएर चँदुवा मागेर पनि चलाउने गर्थे। वर्तमान समयमा कपडा प्रर्याप्त मात्रामा पाईन्छ र अन्य ध्वजा-पताका पनि पर्याप्त छन्। यसैले विवाह मण्डप बनाउँदा पहिलेको भन्दा ज्यादा सजिसजाउ गर्न अहिले कुनै गाह्रो पर्दैन। त्यसैले यसको निमित्त जतिसक्दो सुन्दर बनाउन जरुरी हुन्छ।

विवाहको निमित्त स्थान वा मण्डप निर्माण गर्दा आफ्नै घर वा आचार्यको घरमा गर्ने प्राचीन समयको चलन थियो। जहाँ भाव-भक्ति हुन्छ अर्थात् जहाँ पूजा-आजा, जप-तप हुन्छ त्यो स्थानमा आध्यात्मिक तरङ्ग हुन्छ र देव-देवी र ऋृषिहरू त्यस्तो स्थानमा आउन खुसी हुन्छन् भनेर यो नियम बनेको हो। पछि गएर मन्दिरलाई पनि यी संस्कारको निमित्त उपयुक्त स्थान मानियो।

वर्तमान समयमा आफ्नो सुविधाको निमित्त पार्टी प्यालेसमा विवाह संस्कार सम्पन्न गर्ने चलन आएको छ। यसमा काम सक्ने र सुविधाको हिसाबले उपयुक्त होला तर भावनात्मक पक्ष र आध्यात्मिक पक्षबाट हेर्दा यो राम्रो होइन। किनभने यो स्थानमा नाना किसिमका भोजन, हो-हल्ला आदि हुने हुनाले पवित्र हुन सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञ

विवाह मण्डपको मूल विशेषता नै यज्ञ- कुण्ड हो । यज्ञकुण्डको मूल अर्थ हो शक्तिको योनी । अग्नि भनेको वीर्य हो, कुण्ड भनेको योनी हो र वैदिक मन्त्र भनेको इच्छा वा भावना हो । यसरी वधूको सही जीवनको इच्छालाई वीर्यको साथमा योनी भित्र हालेपछि, इच्छा शक्तिले गर्भ धारण गरी अन्ततः उनीहरूको भावना अनुरूप जीवको जन्म हुन जान्छ । यज्ञमा कुश, चरु, घ्यू, आहूति, कुण्ड, पीठ आदि सबैलाई मन्त्रित गरेको हुन्छ । मन्त्रमा शक्ति भएकोले जुन उद्देश्य लिएर विनियोग गरिन्छ, त्यही अनुरूपको फल प्रदान गर्न यज्ञ सफल हुन्छ । वेदको शक्ति छन्द हो र छन्दको सूक्ष्म शक्ति नाद हो । नादको साथमा कर्ताको भावना अग्निमा प्रवेश गर्छ । भावना अग्निमा प्रवेश गर्नासाथ यो प्रचण्ड तेजिलो भएर फैलन थाल्छ र फैलावटबाट यसले मनोनुकुल कार्य गर्न थाल्छ । यज्ञ गर्दा जुन-जुन द्रव्यहरू हवन गरिन्छ, यसको धुवाँ वायुमण्डलमा फैलिन्छ र प्रदूषणलाई शुद्ध पारिदिन्छ । यस्तो वायुलाई हामीले स्वासको रूपमा भित्र लिएपछि रगतमा भएका कृमि मर्दछन् र मानिस निरोगी हुन्छ । विवाहमा यज्ञ गर्नाले कन्याको गर्भासयमा यसको प्रभाव पर्छ र त्यहाँ भएको विकार नष्ट हुन्छ । यसो हुनाले प्राचीन कालमा सन्तान नभए पछि पुत्रेष्टी यज्ञ गर्ने चलन थियो । वैदिक कालमा यज्ञ नै मानिसको सफल जीवनको मूल सहारा थियो । वेदमा उल्लेख छ -

अक्ष्यौनि विध्य ह्रदयं नि विध्य जिह्वां नि तृन्द्धि प्रदतो गृणीह

पिशाचो अस्य यतो जघासाग्ने यविष्ठ प्रति तं शृणीह॥अथर्व ।५-२९-४

अर्थात्, "हे यज्ञाग्ने ! जुन मांश भक्षक कृमिले यो मानिसलाई आफ्नो ग्रास बनाएको छ, यसलाई तिमी नास गर, यसको आँखा फोरी देऊ, यसको हृदयलाई चिरी देऊ, यसको जीब्रो काटी देऊ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेदमा विवाहमा यज्ञ गर्नुको मूल उद्देश्य तीनवटा उल्लेख छन् । पहिलो हो सामाजिक सुव्यवस्था कायम राख्नु, दोस्रो यज्ञ गर्दा देवताहरू आएर वर वधूलाई आशीर्वाद दिनु र तेश्रो हो वर वधू बीचमा भएको प्रारब्धलाई पहिले यज्ञमा जलाएर पवित्र बनाई अर्धाङ्गिणी बनाउनु ।

रपिं च पुत्रांश्चादादग्निर्मह्यमथो इमाम् ॥ऋग्वेद-१०-८५-४१ ॥

अर्थात्, "अग्निले वधूलाई धन र सन्तानले सम्पन्न बनाएर मलाई दिएका छन्", यसको अर्थ, यो हो कि विवाहमा पहिला अग्निलाई समर्पण गरिन्छ र अग्निले वधूमा भएका संपूर्ण नराम्रा पक्षलाई जलाएर पवित्र बनाएर वरलाई प्रदान गर्दछन् । यज्ञ गर्नुको अर्थ हो कि जति पनि वर-वधू बीच यज्ञमा वाचा गरिएको हुन्छ यसमा देवतालाई साक्षी राखिएको हुन्छ, जसले गर्दा पछि गरिएको वाचाबाट आफू पर जान लागेमा देवताको डरले आपसमा मित्रता कायमै रहन जान्छ । विवाहमा विशेष गरी निम्न हवन गरिन्छ :-

१. प्रायश्चित्त हवन

२. राष्ट्रभृत हवन

३. जया हवन

४. लाजा हवन

५. अव्यतान हवन

१. प्रायश्चित्त हवन

दाम्पत्य जीवनमा वाधा श्रृजना गर्ने आफ्ना कुभावनालाई समाप्त गरी प्रेम, दया, क्षमा, करुणा आदि मानवीय सद्गुण विकास होस् भन्नका लागि यो हवन गरिन्छ । यो आहूति दिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेलामा वर-वधूले यो भावना गर्नु पर्छ कि, दाम्पत्य जीवनमा बाधा सृजना गर्ने जति पनि कुसंस्कारहरू मनमा रही रहेका छन् तिनीहरू सबैलाई स्वाहा गरीरहेको छु । विवाहपूर्व वर या वधू बीच परशरीर प्रति जुन आकर्षण र इच्छा मनमा रहेको अथवा परस्त्री र परपुरुष प्रतिको आकर्षणलाई स्वाहा गरी पत्नीब्रता र पतिब्रतामा स्थित हुन यो आहूति दिइन्छ । यसैगरी जीवनभर यस विषयमा दुई प्राणी बीच कहिल्यै सन्देह वा लान्छना लगाउने भावना नरहोस् र यसअघि जति पनि नसाको आदत, कठोर भाव, स्वार्थ, अहंकार थिए ती सबैलाई स्वाहा गर्न यो हवनमा आहूति दिइन्छ र साथै भविष्यमा यस्ता भूल पनि नगर्न सङ्कल्प गरिन्छ ।

२. राष्ट्रभृत हवन

विवाह गरेपछि दुई दम्पत्तिले केवल आफ्नो स्वार्थमात्र नहेरी समाज र राष्ट्रको निमित्त सेवा गर्नको लागि यो हवन गरिन्छ । सत्यले युक्त भएर निस्वार्थ सेवा गर्ने हुनसकौं भनेर यसमा प्रार्थना गरिन्छ । यसमा प्रार्थना गरिन्छ कि, जस्तो विश्वमा परमात्मा दैवी शक्तिलाई लिएर युगल रूपमा आफ्नो काम गर्नु हुन्छ, यसैगरी हामी नव दम्पत्ति पनि नियम र मर्यादामा रहेर शिक्षा, ज्ञान-विज्ञान, धर्मद्वारा ब्राह्मीशक्ति, पुरुषार्थ, पराक्रम, क्रिया-कौशलद्वारा उत्साह शक्ति विकास गरी राष्ट्रको सेवा र रक्षा गर्न सक्षम हुन सकौं भनी स्वाहा वा आहूति दिइन्छ ।

३. जया हवन

यो हवन गर्नुको कारण यो हो कि, वर-वधूमा भएको आलस्य, असंयम, लोभ, कोध, अहंकार आदि सत्जीवनका वाधकहरू जसले जीवनलाई दुश्प्रवृत्ति र दुश्चरित्र तर्फ लिएर गएका हुन्छन् । यिनीहरू माथि विजय प्राप्त गरी आपसी प्रेममय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन बिताउनको निमित्त यो होम गरिन्छ । दुई प्राणी बीचमा एकजानाको साथमा मात्र यस्तो दूर्गुण रहेमा वैवाहिक जीवन अस्तव्यस्त हुने भएकोले अग्नि साक्षी राखेर यस्ता भावलाई स्वाहा गरिन्छ ।

४. लाजा हवन

पारिवारिक क्षेत्रमा धन-धान्यले परिपूर्ण र समाजमा मान-प्रतिष्ठा प्राप्तिको निमित्त लाजा हवन गरिन्छ । यो लाजा हवन गर्दा वधूको दीर्घायु र कुल वृद्धिको निमित्त र बन्धु-बान्धवसँगको मित्रता दृढ रही हामी दुई यो अग्नि प्रदिप्त भए जस्तै कीर्तिमान भई जीवन बिताउँ भनी यो हवन गरिन्छ ।

५. अभ्यतान हवन

पंचमहाभूत र यीनका अधिष्ठाता देवताहरूले सतत् उन्नती वा सर्वविध विकास गरुन् र दुई प्राणी बीच शरीर दुई भए पनि मन एकै होस् भन्नको लागि यो हवन गरिन्छ । यसमा धार्मिक, समाजिक र कुल वा वंश वृद्धि होस् भनी प्रार्थना गरिन्छ ।

समय परिवर्तनको साथमा भाषा पनि परिवर्तन हुन गएकोले भाषाज्ञानको अभावमा के भनेको हो, के यसको अर्थ भन्ने नबुभ्नाले यज्ञको महत्व एकदम घट्दै गई केवल वर्तमान समयमा यो लोकाचारमा मात्र सीमित रहेको छ । यदि यसको भाषा बुझ्रेर गर्ने हो भने यसबाट मनोवैज्ञानिक असर एकातिर पर्छ भने अर्कोतिर यसवाट भाव-भक्ति प्रकट हुन जान्छ र यसले गरेको क्रियालाई आशीर्वाद दिन पुग्छ । यसैले विवाह वा अन्य संस्कार गर्दा यजमानले त्यस्तो पुरोहितलाई निमन्त्रणा गर्नुपर्छ जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदको भाषा बुझेको हुन्छ र ब्राह्मणले प्रत्येक आहूति वा मन्त्र-पाठ गर्दा तिमीले अब यसको निमित्त यो भनेर यो कर्म गर्दै छौ भनी यजमानलाई भनी दिन सकेमा लोपोन्मुख हाम्रा अनमोल वैदिक संस्कारले पुनर्जीवन प्राप्त गर्न सक्ने थियो ।

चार विवाह

वैदिक कालमा नारीको चार विवाह हुने कुरा उल्लेख भएको पाइन्छ । यसमा पहिलो सोमसँग, दोस्रो गन्धर्वसँग, तेस्रो अग्निसँग र चौथो मनुष्यसँग ।

सोमः प्रथमो विवदे गन्धर्वो विविद उत्तरः ।

तृतियो अग्निष्टे पति स्तुरियस्तेमनुष्यजा : ॥

सोमो ददद्न्धर्वाय गन्धर्वो ददद्ग्नये ।

रयिं च पुत्राँश्चादादग्निर्मह्यमथो इमाम् ॥ ऋ.वे १०। ८५ । ४०,४१ ॥

सोम भनेको स+ॐ हो । जसबाट सारा संसार सञ्चालन भएको छ । ती परमात्मालाई पहिला कन्या समर्पण गर्नु सोम विवाह हो । यो विवाह पछि नारीले सोमपान गर्ने सौभाग्य प्राप्त गर्छिन् । जसलाई देवताहरूले पान गर्छन् । सोमसँग विवाह गर्नुको अर्थ यो हो कि, उनमा पूर्णरूपले पवित्रता वा निर्मलता प्राप्त भएर अमरत्व प्राप्त होस् ।

गन्धर्व सुमधुर कंठका धनी हुन्छन् । यसैले कोमल सुमधुर कन्ठ र प्रिय वचन बोल्ने हुन् भनेर दोस्रो विवाह गन्धर्वसँग गरीन्थ्यो । शरीर रहुँन्जेल तेजयुक्त र प्रकाशले परिपूर्ण रहुन् र नारीमा भएका जति पनि दोष हुन्छन् यी सबै अग्निमा भष्म होस् भनेर तेस्रो विवाह अग्निसँग गरी अन्त्यमा एकदम पवित्र बनाई ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारीलाई वैदिक कालमा पुरुषसँग विवाह गरीन्थ्यो र यस्ती स्त्रीलाई धर्मपत्नी भनिन्थ्यो ।

मन्त्र

वेदमन्त्र अति सूक्ष्म ध्वनि-विज्ञान हो । हाम्रो शरीरको मेरुदण्ड भित्र सुशुम्ना नाडी भित्र ध्वनिको केन्द्र रहेका हुन्छन् । यी केन्द्रलाई चक्र भनिन्छ । मूलाधार चक्रले पृथ्वी तत्वको प्रतिनिधित्व गरेको छ । यस्तै स्वाधिष्ठान चक्रले जलतत्वको, मणीपूर चक्रले आकास तत्वको प्रतिनिधित्व गरेको छ । आज्ञा र सहस्त्रार चक्रले ज्ञानको प्रतिनिधित्व गरेको छ। जुन तत्व कमजोर हुन्छ त्यो तत्वलाई ध्वनिद्वारा जागरीत गरिन्छ । तत्वको कमजोरी नै रोगको प्रमुख कारण हो । यसैले प्रत्येक चक्रमा अक्षरहरू रहेका हुन्छन् । अक्षर भनेकै ध्वनि हो । वेद भनेको मन्त्र हो । वेद पाठ गर्दा वा श्रवण गर्दा यसको ध्वनिले चक्रमा चोट दिन्छ र त्यहाँ हल-चल प्रकट भएर चक्र जागरीत हुन्छ । चक्र जागरीत हुनु नै तत्व शुद्धि हुनु हो । तत्व शुद्धि हुनासाथ मानिस निरोगी हुन्छ । यसो हुनाले हाम्रो परंपरामा रोगी असक्त भएर सुतिरहेको स्थानमा वेद पाठ गर्ने चलन छ । विवाहमा वेद पाठ गर्नाले वर-वधू बीचको तत्व शुद्ध हुन्छ । तत्वको साथमा विचार वा भावनाको गहिरो सम्बन्ध रहेको हुन्छ । एउटा तत्व कमजोर हुँदा र परस्पर दुई प्राणीको भावनात्मक सम्वन्ध र शारीरिक कमजोरी प्रकट भएको हुन्छ । विवाहमा वेद पाठद्वारा यी दुवैको तत्व शुद्ध हुन्छ र वैवाहिक जीवन प्रेममय हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह लग्न

विवाहमा देवता र ऋषिहरूलाई आह्वान गरीने हुँदा देवता र ऋषिहरू उपयुक्त मुहूर्तमा प्रसन्न भएर उपस्थित हुन्छन् । यसको साथै आकाशमा भएका ग्रह-नक्षत्रको प्रभाव मानव जीवनमा निरन्तर परिरहने हुनाले सात्विक ग्रह सात्विक भावमा रहेको बेलामा यो संस्कार गर्दा दुई दम्पत्ति बीचमा भाव सजिलैसँग मिल्न जान्छ र मन्त्रले लक्ष अनुरूप कार्य गर्न सक्ने हुनाले **विवाह लग्नको महत्व रहेको हो ।** हामीले अनुभव गरेकै कुरा हो कि, कुनै समयमा हामीलाई केही भएको पनि हुँदैन र कसैले केही हामीलाई गरेको पनि हुँदैन तैपनि हामीलाई त्यसै खिन्नता र आलस्यता हुन्छ । यसको कारण ग्रहहरूको प्रभावले हो । यदि प्रतिकुल समयमा विवाह गरेमा संस्कार गराउने ब्राह्मण, वर, वधू र यीनका माता-पिता र विवाहमा भाग लिने सवैको अवस्था गडवड हुन्छ र यो संस्कारले आफ्नो प्रभाव राख्न सक्तैन । यसैले उपयुक्त मुहूर्तमा ग्रहहरूको प्रभाव अनुकुल हुँदा उक्त समयमा ब्राह्मण, वर-वधूका माता-पिता र अन्य यसमा भाग लिने सबैको प्रेम- उत्साह, भाव-भक्ति आदि सद्गुण रहने हुनाले विवाह गर्दा लग्न वा मुहूर्तको महत्व रहेको हो ।

स्वयम्वर

आफ्नो घरमा आएको वरलाई वधूले र वधूलाई वरले आफ्ना ऋषि, पितृ, कुलदेव-देवी, गुरु र पिता-मातालाई स्मरण गर्दै, प्रकृति र प्राणी जगत्को उन्नति कामना गर्दै हाम्रो वैवाहिक जीवन आनन्दपूर्ण रहोस् भन्ने कामना गर्दै, वरले वधूलाई र वधूले वरलाई पूजा गरी आपसमा प्रेम र स्मृतिस्वरूप औंठी लगाई दिने गरिन्छ । यसमा टीका लगाउनुको अर्थ वरले वधूलाई पार्वतीको रूपमा पूजा गरेको र वधूले वरलाई शिवको रूपमा पूजा गरेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मालाको अर्थ अन्तर्हृदय देखिको भाव-भक्ति र समर्पण हो । यो माला लगाउँदा आपसमा यो भाव हुन्छ कि, 'वरले वधूमा र वधूले वरमा म समर्पित छु' भन्ने भाव स्पष्ट गर्दछ । औंठी धारण गर्नुको अर्थ हो एक-आपसमा अबदेखि हामी प्रेमपूर्ण जीवनमा बाँधियौं भन्ने । औंठी औंलामा धारण गर्नाले शारीरिक, मानसिक र बौद्धिक क्षेत्रमा भएका कमजोरी नास गर्दछ । यसैले वधुले वरलाई औंठी लगाई दिंदा निम्न मन्त्र जप्नु पर्छ :-

ॐ यदावध्नन् दाक्षायण हिरण्यं शतानीकाय सुमनस्यमानः । तत् ते ध्यानामायुषे वर्चसे वलाय दीर्घायुत्वाय शतशारदाय ॥
अथर्ववेद-१-३५-१

अर्थात् 'हे पुरुष हजुर ! आयुष्काम हुनुहुन्छ, हजुरको आयु बृद्धिकालागि तेज-बलको प्राप्तिद्वारा शतायुष्य गर्नको निमित्त, जस्तो दक्ष्य गोत्री महर्षिहरूद्वारा शतनिक राजालाई निलम वाँधेका थिए यसैगरी म हजुरको औंलामा यो सुनको औंठी लगाईदिन्छु ।' औंलाको सम्वन्ध शिर र मशितष्कसँग भएको हुन्छ । यसैले टाउको दुखेको बेलामा औंला र हत्केलामा थिच्ने गरिन्छ । विशेष गरी एकुपंचरमा यसको विशेष विधी रहेको छ । स्वर्ण धातुको औंठी धारण गरेपछि शिर, मशितष्क र गर्भासयका खराबी दूर हुन्छ भनेर स्वयम्वर गर्दा यो औंठी लगाईन्छ । औंठीको महत्व केवल हाम्रो वैदिक परम्परामा मात्र नभएर अन्य धेरै धर्महरूमा पनि प्रचलित छ ।

वरियात स्वागत

कन्या तर्फबाट विवाहको निमित्त आउने वर लगायत सम्पूर्ण जन्तीहरूलाई दुलहीको तर्फबाट इष्ट-मित्र, परिवारका सदस्य र गाउँका सवैले फूल लिएर स्वागत गरिन्छ, यसलाई हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा जन्ती पर्सने भन्ने गरिन्छ । हाम्रो परम्परामा धेरै किसिमका दान हुन्छन् र प्रत्येक दानले भिन्न-भिन्न अर्थ र महत्व राखेको हुन्छ । यसमा कन्या दानलाई सर्वोत्कृष्ट मानिन्छ । यसको कारण यो हो कि, पुरुषले विना परिश्रम अरुले हुर्काएर एउटा योग्य कन्या बनाएर उनलाई ल्याएर उनीसँगबाट हरेक किसिमको काम लिएपछि, यो एउटा मानव जीवनमा पुरुषले ठूलो ऋण बोकेको हुन्छ र यो ऋणबाट मुक्त हुन यसैगरी कन्यालाई जन्म दिई हुर्काएर एउटी योग्य नारी बनाएर उनलाई दान दिएपछि यो ऋणबाट मुक्त हुन्छ । जुनसुकै दान गर्दा पनि भाव-भक्ति र श्रद्धाको साथमा गर्नु पर्छ । यसैले जन्तीको अर्थ कन्यादान लिन आउने वरको आफन्तहरू भएकोले तिनीहरूको आगमनलाई श्रद्धा, प्रेम प्रकट गर्न यो वरियात- स्वागत गरिन्छ ।

वरणी

यसमा कन्याको पिताले वर (दुला) लाई आफूले पालनपोषण गरी हुर्काई एक योग्य कन्या बनाई यी कन्यालाई दान गर्दैछु भनी भावनात्मक रूपले शंकल्पको साथ आफूले वाचा गरेको हुन्छ र वरले यो दानलाई सहस्र स्वीकार गरी कृतज्ञतापूर्वक यी कन्यालाई बाँचुन्जेल सुखी राख्ने वाचा गर्दछन् ।

कन्यादान

दानको अर्थ हुन्छ दिनु । आफूले जन्म दिई हुर्काई एक योग्य नारी भएपछि तीनलाई एक योग्य पुरुषलाई दान दिएपछि उनीप्रति कुनै किसिमको जिम्मेवारीको बन्धन नरहोस् भनी कन्यादान गरिन्छ । यो संस्कारमा कन्यालाई वरको हातमा सुम्पिने र वरले हात थापेर कन्यालाई ग्रहण गर्नुको अर्थ हो कि, कन्याका अभिभावकले वरको हातमा कन्यालाई दान गर्ने र वरले दिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दानलाई ग्रहण गर्ने । यो दान गर्दा कन्याको पिता-माता वा माता-पिता नभएमा नजिकका अभिभावकले भन्दछन्, ' .... गोत्रमा जन्म लिएकी .....की कन्या..... नाम गरेकी शील-स्वभावले युक्त भएकी कन्या तपाईंलाई धर्म, अर्थ, काम र मोक्ष सिद्धीको निमित्त दान गर्दैछौं स्वीकार गर्नुहोस् । ' तब हात थापेर वरले 'स्वीकार गर्दछु' भनी ग्रहण गरिन्छ । यसपछि विधिवत् कन्यालाई वस्त्र अलंकार प्रदान गरिन्छ ।

यसरी शंकल्पको साथमा कन्यादान गरेपछि कन्याका अभिभावकलाई र वरलाई अथवा लिने र दिनेको बीचमा कन्याको जीवनमा पछि गएर लिने-दिनेको तर्फबाट कुनै किसिमको द्वन्द्व नआओस् भन्ने यसको मूल उद्देश्य हो ।

सप्तपदि

विवाहमा यो प्रक्रियालाई अति महत्वपूर्ण मानिन्छ । गृहस्थ जीवनमा सातवटा कुराको अति आवस्यक हुने भएकोले यो सातवटा तत्व प्राप्तिको निमित्त विवाह स्थलमा सात पटक वर-वधू कदममा कदम मिलाएर अघि बढ्छन् । यसमा पहिलो कदम अघि सारेर रोकिई निम्न मन्त्र जपिन्छ :-

"ॐ एकमीषे विष्णुत्वा नयतु ।"

अर्थात्, 'अन्न बृद्धिको निमित्त भगवान् विष्णुले एक पाइला हिंडाउन् ।' यसको तात्पर्य यो हो की, मानव जीवन संचालन गर्न प्रथम अन्नको जरुरत पर्ने भएकोले पालनकर्ता अन्नका देवता विष्णुलाई प्रार्थना गरिएको हो । अन्न पछि मानव जीवनमा दोस्रो पाइला आउँछ स्वस्थ शरीर वा खाएको अन्न राम्रो पचेर शरीरमा उर्जा प्राप्त होस् भनेर दोस्रो पाइला निम्न मन्त्र जपी अघि सारिन्छ : -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ॐ ऊर्जे द्विपदी भव ।'

अर्थात्, 'बलबृद्धिका निमित्त भगवान् विष्णुले दोस्रो पाइला हिंडाउँन् ।' यसपछि गृहस्थ जीवनमा धन प्राप्तिको अति जरुरी हुने भएकोले धन प्राप्तिको निमित्त निम्न मन्त्र जपेर तेस्रो कदम वढाईन्छ :-

'ॐ रायस्पोषाय त्रिपदी भव ।'

अर्थात्, "धन-धान्यको निमित्त तेस्रो कदम उठाऊ ।" धनधान्य प्राप्त भएर पनि सुख-शान्तिको अभाव हुने हुनाले यो अभाव नहोस् र धनबाट सुख-शान्ति मिलोस् भनेर चौथो कदम निम्न मन्त्र जपेर उठाइन्छ :-

'ॐ मयो भवाय चतुष्पदी भव ।'

अर्थात्, "सुखी जीवनको निमित्त चौथो कदम् उठाउ ।" यसपछि आफू सुखशान्तिमा रही प्राप्त धनबाट समाजसेवा गर्नको निमित्त पाँचौं कदम निम्न मन्त्र जपेर अघि बढाइन्छ ।

'ॐ प्रजाभ्यः पञ्चपदी भवः ।'

अर्थात्, 'प्रजा पालनको निमित्त पाँचौं कदम उठाऊ ।' प्रजा भन्नाले घर परिवार देखि लिएर सम्पूर्ण मानव समाजको साथै सम्पूर्ण प्राणी जगत्‌को सेवा गर्नु हो । यस्तो समाज कल्याण गर्ने भावमा स्थित दम्पत्तिबाट नै सच्चा मानवको जन्म हुने भएकोले छैटौं कदममा ऋतुचर्याको निमित्त निम्न मन्त्र जपीन्छ :-

'ॐ ऋतुभ्यः षट्पदी भव ।'

अर्थात्, "ऋतु व्यवहारको निमित्त (ऋतु अनुकुलताको निमित्त) छैटौं कदम उठाऊ ।" ऋतु व्यवहारबाट तृप्ति प्राप्तिको निमित्त अन्तिम वा सातौं कदम निम्न मन्त्र जपेर अघि बढाईन्छ :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ॐ सखे सप्तपदी भव ॥ '

अर्थात, "हे जीवनसाथी पारस्परिक प्रसन्नता र मित्रताको निमित्त सातौं कदम उठाऊ ।"

वर-वधू प्रतिज्ञा :-

विवाह भनेको दुई भिन्न भावनालाई एक बनाउनु हो । यदि दुई दम्पत्ति बीच भावना नमिलेमा जीवन भर तनावमा रहनु पर्छ । यसैले यी दुई प्राणी बीच भावनात्मक द्वन्द्व नरहोस् भनेर अग्नि देवता र इष्टमित्रहरूलाई साक्षी राखी वर-वधूले प्रतिज्ञा गरेका हुन्छन् ।

वरले गर्ने प्रतिज्ञा :-

१) पत्नीलाई आफ्नो शरीरको आधा अंग सम्झनेछु र उनलाई त्यति नै ध्यानमा राख्नेछु जति मैले आफ्नो शरीरको हातखुट्टा, शिर, पेट आदिको ख्याल गर्छु ।

२) पत्नीसँग सरसल्लाह गरेर जीवनको गतिविधि तथा कार्यक्रमाबनाउँने गर्दछु ।

३) यिनीबाट हुने कुनै पनि दोष, रूपको दोष, अस्वच्छता दोष, र व्यवहारीक दोष आदि देखिएमा तिरस्कार वा असन्तोष प्रकट नगरी यसलाई प्रेमपूर्ण व्यवहार गरी कमजोरीलाई सुधार्ने प्रयास गर्नेछु ।

४) म पत्नीब्रत धारण गर्ने छु । परस्त्रीलाई काम-वासनात्मक दृष्टिले हेर्ने छैन ।

५) घरको अर्थव्यवस्था यिनीलाई सुम्पने छु र यिनको सल्लाहबाट खर्च गर्नेछु । साथै यिनको सुख-सुविधा र प्रशन्नताको निमित्त सामर्थ्यभर प्रयत्न गर्ने छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६) यिनलाई सबैभन्दा घनिष्ठ मित्र मान्नेछु र मित्रलाई गर्ने सम्पूर्ण प्रेम व्यवहार यीनलाई गर्ने छु।

७) मतभेद भएमा एकान्तमा बसेर हल गर्नेछु । अरुको सामु कलह, द्वेष र तिरस्कार नगरी अरुको अगाडि यिनको नकारात्मक चर्चा गर्ने छैन ।

८) सहीष्णुताको साथमा यिनीसँग सुमधुर व्यवहार गर्ने छु ।

९) यिनको शारीरिक कमजोरीका कारण र सन्तान यिनीबाट नभए पनि म आफ्नो पवित्र कर्तव्यवाट पर नहटी कर्तव्यरत रहनेछु ।

१०) यिनको व्यक्तित्व विकास (स्वास्थ्य शिक्षाको ज्ञानको) निमित्त मैले गर्न सक्ने सबै सहयोग गर्नेमा चुक्ने छैन ।

वधूले गर्ने प्रतिज्ञा

१) आजबाट म आफ्नै शरीरलाई झैं माया गरी उहाँको अर्धाङ्गिणी सिद्ध हुनेछु । आफ्नो व्यक्तित्वलाई पतिको व्यक्तित्वमा मिलाई दिन्छु । उहाँको जीवनमा आफ्नो जीवन मिलाएर एक नयाँ जीवन र समग्र जीवनको सृजना गर्नेछु ।

२) पतिको समस्त परिवारको साथमा सेवा-सद्भाव, शिष्टता, उदारता र मधुरता एवं सहिष्णुता कायम गर्ने छु । उहाँहरूलाई प्रसन्न र सन्तुष्ट राख्नमा कुनै कमी राख्दिन ।

३) आलस्य छोडी परिश्रमशील भई घरको व्यवहार सम्हाली उहाँको प्रगतीको लागि पूर्ण सहयोग गर्नेछु ।

४) पतिलाई आराध्य देव सम्झेर उहाँलाई पूर्ण श्रद्धा,सेवा र भक्ति गर्नेछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) सेवा गर्ने मधुर बोल्ने र प्रसन्न रहने स्वभाव बनाउने छु। रिसाउने झिंझो मान्ने र अप्रिय बोल्ने जस्ता दूर्गुण अपनाउने छैन।

६) खर्च गर्दा न धेरै खर्च गर्छु र न उहाँलाई गर्न नै दिई मितव्ययीता अपनाई घर-व्यवहार व्यवस्थित ढङ्गले सम्हाल्ने छु।

७) म हजुरसँग कपटपूर्ण व्यवहार गर्दिन, यदि हजुरमा कुनै दोष देखें भने सहनशील भएर प्रेमपूर्ण व्यवहार गर्नेछु।

८) पतिको शारीरिक या आर्थिक दृष्टिबाट कमजोर भएको बेलामा पनि साथ छोड्ने छैन र कुनै मतभेद राख्ने छैन।

९) परस्पर मतभेद हुँदा अरुको सामु निन्दात्मक तरीकाले प्रस्तुत नगरी एकान्तमा बसेर मत-भेदको निराकरण गन प्रयत्न गर्नेछु।

१०) पतिको तर्फबाट कर्तव्य पालनमा कमी भयो भने पनि म आफ्नो तर्फबाट निरन्तर धर्मपत्नी भएर उहाँलाई सत्मार्गमा ल्याउने प्रयास गर्नेछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्त्येष्टि संस्कार



जीवनयात्राको अन्तिम अवस्था अथवा मृतसचयाबाट सुरु गरेर शरीरको अन्त्य वा भष्म नहुन्जेलसम्म गरिने संस्कारलाई अन्त्येष्टि संस्कार भनिन्छ । जीवनको प्रगति, शान्ति र आनन्द प्राप्तिको निमित्त अन्य पन्ध्र संस्कार गरिन्छ भने यो संस्कारको सम्वन्ध जीवनसँग नभएर केवल जीवनको शान्ति, प्रगति र आनन्दसँग मात्र हुन्छ । हेर्दा अन्य संस्कार भन्दा यो त्यति महत्वपूर्ण नलागे पनि यसको महत्व भने सारै ठूलो छ ।

मृतसचयामा स्थित मानवको अवस्था

अधिकांश मानिसले मृत्युको मुखमा पुग्दा सारै नै पीडित, दुःखी र सहारा विहीन र एक्लो अनुभव गर्दछ । किनभने यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थामा, यो संसारको होश समाप्त हुन्छ । शरीरको चेतना जबसम्म हुन्छ तबसम्म यो संसारको होश हुन्छ । जब शरीरको चेतना हुँदैन तब यसलाई बेहोश भनिन्छ । शरीर-चेतना नहुनुमात्र सुख होइन । शरीर चेतना दुई अवस्थामा हुँदैन । एउटा ध्यानको गहिरो लीन अवस्थामा र अर्को मूर्छा वा बेहोश अवस्थामा । ध्यानको लीन अवस्थामा मन समाप्त हुन्छ भने बेहोशको अवस्थामा मन रही नै रहन्छ । हामीलाई यो कुरा थाहा छ कि, सुख-दुःख शरीरको कारणले नभई मनको कारणले हुन्छ । एउटा महलमा बसेको मानिसले जुन दिनचर्याले एक जना हिमालको नजिक बस्ने मानिस छ उसको जस्तै अवस्थामा राखिदियो भने ऊ छट्पटाउन थाल्छ । यसको कारण उसको शरीर नभई मन हुन्छ । हिमाल छेउ बस्ने मानिसले आफ्नो मनलाई भनेको हुन्छ, 'यो ठन्डीलाई स्वीकार गर्नुपर्छ' तर महलको मानिसले आफ्नो मनलाई यसरी भन्न र मनाउन सकेको हुँदैन । यसैले उसलाई त्यहाँ ज्यादा वेचैन सहन् गर्नुपर्छ । होसको अवस्थामा मन र शरीर क्रियाशील हुन्छ भने बेहोशको अवस्थामा शरीर निष्क्रिय हुन्छ र मन एकलौटी सक्रीय रहन्छ । जहाँसम्म मन रहन्छ, त्यहाँसम्म पञ्चमहाभूत रहन्छ र जबसम्म पञ्चमहाभूत रहन्छ, तवसम्म तन्मात्रा र इन्द्रिय रहन्छ नै । महाभूत, इन्द्रिय र तन्मात्राका दुईवटा अवस्था हुन्छन्, सूक्ष्म र स्थूल । शरीर स्थूल हुँदा यी पनि स्थूल हुन्छन् र स्थूललाई व्यक्त गर्न सकिन्छ भने, स्थूल शरीरसँग मनको तादात्म्य नहुँदा मन पनि सूक्ष्म शरीरसँग मात्र सम्पर्कमा रहन्छ । हामीलाई यो कुरा थाहा छ कि, स्थूल भन्दा सूक्ष्म धेरै शक्तिशाली हुन्छ । हामी सपनामा सोचेको भन्दा पनि पर गएर कर्म गरिरहेका हुन्छौं । त्यो बेलामा शरीर पलङ्मा विचेत परेर लडिरहेको हुन्छ तर त्यो बेलामा तन्मात्रा ग्रहण गर्न शरीर त हुँदैन तथापि हामीले अनुभव गरिरहेका हुन्छौं । यस्तै हाम्रो इन्द्रिय-शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सपनाको बेलामा एकदम प्रवल भएको पाउँछौं । कहिले हामी वायुवेगले उँडिरहेका हुन्छौं, यसको कारण यो हो कि, बेहोश अवस्थामा मन र इन्द्रिय सक्रिय भएको हुन्छ ।

मृत्युको समयमा सबै मानिसहरू बेहोशमा गएका हुन्छन् । बेहास हुन्छ यो शरीरको निमित्त, तर त्यो बेलामा मानिस विल्कुल होसमा हुन्छ । तर यो होस जीवनमा गरेको कर्मफलको मात्र हुन्छ । कसैले जीवनमा सबैलाई झुक्याउन सफल भएको हुनसक्छ तर यस घडीमा मानिसले अरुलाई झुक्याएर गरेको सम्पूर्ण घटना अगाडि आइपुगेको हुन्छ । हामीले त्यो मृत्युशैचयाका मानिसलाई गहिरिएर हेरेमा यो कुरा स्पष्ट गर्न सक्छौं कि, उक्त समयमा मरणासन्न मानिसले विभिन्न भाव बिचेत अवस्थमा बाहिर व्यक्त गरीरहेको हुन्छ । कोही भयङ्कर डराइरहेको हुन्छ र कोही मुखबाट र्‍याल र फिँज काढिरहेको हुन्छ । यसको कारण जीवनमा गरेको कर्मको रेकर्ड आफ्नो अचेतन मनमा जम्मा भएर बसेको हुन्छ र यो स्फूरण हुन यो जगत्को लागि बिचेत हुनुपर्छ । यो जगत्को बिचेत नै अचेतन मनको सचेत अवस्था हो । यस्तो अवस्थामा जीवनले गरेको कर्मको राम्रो-नराम्रो कर्मको प्रतिक्रियाबाट जीव पश्चात्ताप र पीडामा फसेको हुन्छ, यसबाट मुक्त गर्नलाई अन्तिम अवस्थामा दशदान गरिन्छ । दशदानमा गाई, भूमि, तिल, सुन, घ्यू, कपडा, धान, सखर, चाँदी र नुन पर्दछन् । दश दानमा यी चीजहरूमात्र किन दान गर्ने ? र अरु पदार्थ किन दान नगर्ने भन्ने जिज्ञासा हुनु स्वभाविकै हो । जुन समयमा यो शास्त्रविधि बनेको हो, त्यो समयमा मानिसले यी दश तत्वहरू प्राप्तिको निम्ति जीवनमा राम्रा-नराम्रा कर्म गरेको हुन्थ्यो । आफूले गरेको कर्मको कारण मृत्युको समयमा मानिसलाई धेरै पीडा भएको हुन्छ । यसो हुनाले गरेको कर्म सबैलाई दान गरी दिएपछि जीव वन्धनमुक्त भएर स्वतन्त्र हुन्छ । स्वतन्त्र भईसकेपछि वासना समाप्त हुन्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासना समाप्त भईसकेपछि शरीरवाट प्राण सजिलै निस्कन्छ र मृत्यु पश्चात सद्‌गति प्राप्त गर्दछ।

जुन समयमा यो शास्त्र बनेको हो त्यो समयको समाजमा कृषि मुख्य धन-संपत्तिको रूपमा थियो । जसको साथमा ज्यादा जर्मिन र गाई हुन्थ्यो, त्यो व्यक्ति ज्यादा सम्पन्न मानिन्थ्यो । गाई कृषिकार्यको निमित्त अति नै महत्वपूर्ण थियो । गाईको मलबाट कृषिमा राम्रो उत्पादन हुनु र खन-जोतको निमित्त गोरुको महत्व ज्यादा हुनु, अनि उक्त समयमा आधुनिक कालको गाडीको काम सबै गोरुबाटै हुने भएकोले जसले जति ज्यादा गाई राख्न सक्थ्यो, ऊ नै ज्यादा सम्पन्न ठहरिन जाने हुँदा गाई ज्यादा राख्न मानिस नाना राम्रा-नराम्रा कर्म गर्न पछि पर्दैन थिए । यसैले हामी पुराणहरूमा पनि गाईलाई पुरस्कार को रूपमा दिएको पाउछौं ।

गाई पछि दोस्रो दानमा भूमिलाई राखेको छ । तत् समयको दोस्रो सम्पत्ति भूमि थियो । भूमि ज्यादा प्राप्त गर्नमा मानिसले राम्रा-नराम्रा कर्म गरेका हुन्थे । यसैले मृत्युको समयमा भूमि जोड्‌न गरेको कर्मको प्रतिक्रियाले प्राण निस्कन सारै गाह्रो पर्ने हुनाले भूमिदान गरी दिएपछि मरणासन्न व्यक्ति स्वतन्त्र हुन्छ । त्यो समयमा तिल भोजनको निमित्त विशेष स्वादिलो मानिन्थ्यो । यो मसलाको रूपमा पनि ज्यादा प्रयोग हुन्थ्यो यसैले तिलदान गर्नु पर्ने उल्लेख भएको हो । सुनको महत्व तत् समयदेखि वर्तमान समयसम्म एकनास चली आएको छ । सुनलाई त्यो समयमा सम्पत्तिको सारको रूपमा लिइन्थ्यो । यसैले यो सम्पत्ति प्राप्तिको निमित्त राम्रा-नराम्रा कर्म गरेको हुनाले यसबाट मुक्त हुन मृत्युको समयमा सुनदान गर्ने चलन भएको हो । यसैगरी अन्य पदार्थ धान, घ्यू, कपडा, सखर र चाँदी दान गरे पछि मृत्युशैचयाको जीव स्वतन्त्र भएर सजिलै प्राणवायु शरीरबाट निस्किएर सद्‌गति प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ भन्ने मान्यता मात्र नभएर सूक्ष्म जीवको दृष्टिबाट चिन्तन गर्दा यसको अति नै वैज्ञानिकता स्पष्ट हुन्छ ।

समयको परिवर्तनबाट कर्मको र कर्मको परिवर्तनबाट पदार्थको अनि पदार्थको परिवर्तनबाट मानिसको आवश्यकता र आवश्यकताको परिवर्तनबाट दानको पनि परिवर्तन हुन्छ र हुनुपर्दछ । जुन समयमा तिल र नुन प्राप्तिको निमित्त मानिसले नाना उल्टा-पाल्टा कर्म गर्थे भने वर्तमान समयमा आएर यसको निमित्त कुनै जटिल श्रम र प्रयास गर्नु पर्दैन । अहिले आएर मानिसले गाई, नुन, घ्यू, तिलको निमित्त वास्ता नगरी नोट र अन्य भौतिक पदार्थ टि.भि, कम्प्यूटर आदि पदार्थ प्राप्तिको निमित्त नाना राम्रा-नराम्रा कर्म गरेका हुन्छन् । यसैले मृत्युशैचयाको व्यक्तिलाई स्वतन्त्र हुन दिन उसले जोड़ेको यी पदार्थ पनि दान गरी दिनु पर्छ भन्दा नमिल्दो होला जस्तो लाग्दैन ।

दानले धर्म प्राप्त हुने नभई जीवनमा गरेको पाप कर्मको प्रायश्चित्त हुन्छ । जीवन्त कालमा मानिस लोभमा फसेर दान गर्न सक्तैन । यही जीवनमा गरेको पाप कर्मको प्रायश्चित्त गर्नको निमित्त हाम्रो परंपरामा आमावस्या, पूर्णीमा, संक्रान्ती र अन्य पर्वदिनहरूमा दान गर्ने परम्परा चलेको हो । एउटा किसानले खेतमा काम गर्दा जान-अन्जानमा कैयौं प्राणीको हिंसा गरी रहेको हुन्छ र यसको प्रायश्चित्तको निमित्त नयाँ अन्न आफूले खानु अगाडि हवन गरेर दान गरेर मात्र खाने परम्परा चलेको हो । एउटा किसानले आफूले कमाई गरेको अन्नमा पनि प्रति दिन एक मुठी दानको निमित्त छुट्याएर खानुपर्ने र खाना बनाइसके पछि पहिला काग, कुकुर र गाईलाई खुवाएर अनि औसानी (देवतालाई चढाएर) हालेर मात्र खानुपर्ने परम्परा चलेको छ ।

जुन मानिसले जति ज्यादा सम्पत्ति आर्जन गरेको हुन्छ, उसले प्रायः त्यति ज्यादा झुठ र पाप कर्म गरेको हुन्छ किनभने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसै ठूलो राशीको धन कमाउन संभव हुँदैन । यसैले जसले धेरै सम्पत्ति कमाएको हुन्छ उसको निमित्त मृत्युको समयमा भूमि, सुन, चाँदी जस्ता किमती वस्तुहरू दान गर्नु पर्छ । जो गरीब छ र जसले जीवन्त कालमा तीन-पाँच गरेर कमाएको हुँदैन, यस्ता व्यक्तिको निमित्त सुन, भूमि जस्ता किमती पदार्थ दान गर्नुपर्ने कुनै आवश्यकता हुँदैन । दान एउटा महा औषधी हो । शरीर अस्वस्थ हुँदा जडिबुटी या ट्याबलेटको प्रयोग गरेजस्तै मन दूषित र पीडित हुँदा दान गर्नु पर्छ । जसको मन भौंतारिएर महाँ पीडामा फसेको हुन्छ, यस्तो व्यक्तिको उपचारको निमित्त यही कारण ज्योतिष शास्त्रले दान गर्न मार्गदर्शन दिएको छ । हामीले दानको विषयमा प्रत्यक्ष रूपमा यो अनुभव गरेका छौं कि, एउटा गरीबको हातमा हामीले पचास रुपियाँ हाली दिनासाथ हाम्रो मनमा तुरुन्त आनन्द र प्रशन्नताको तरङ्ग खेली हाल्छ ।

सारांशमा जसले जीवनकालमा जुन-जुन वस्तु प्राप्तिको निमित्त वा जुन वस्तु उपभोग गर्नको निमित्त वा उपभोग गरेको हुन्छ, त्यही वस्तु मृत्युको समयमा दान गर्नु पर्छ । एउटा राजाले हात्ती दान गर्नु पर्छ किनभने उसले बाँचुन्जेल हात्तीको प्रयोग गरेको हुन्छ तर एउटा किसानलाई हात्ती दान गर्ने होइन उसले गाईदान गर्नुपर्छ किनभने उसले बाँचुञ्ज्याल गाईबाट फाइदा लिएको हुन्छ । जो गरीवीमा जीवन बिताउँछ उसको निमित्त रकमी मालको दान गर्न जरुरी हुँदैन ।

ठाउँ सार्ने

प्राण निस्कने समयमा घरबाट बाहिर निकाल्ने हाम्रो परंपरा छ । यसको कारण यो हो कि, मानिसको जुन स्थानमा मृत्यु हुन्छ, त्यो स्थानलाई देखेर उसका परिवारलाई एक किसिमको भय हुन्छ । घरभित्र मृत्यु हुँदा त्यो घरमा पस्नासाथ घरका अन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदस्यलाई डर लाग्न थाल्छ । मानिस मरेपछि पीडित हुन्छ र उसले दु:ख दिन्छ भन्ने हाम्रो मान्यता मशितष्कमा गहिरो रूपमा परेको हुँदा यसको प्रभाव हामीमा रहेको हुन्छ । अर्को पक्ष घरभित्र प्राण जानु हुँदैन भन्नुको कारण यो हो कि, प्राण निस्कँदा व्यक्तिलाई अति पीडा हुन्छ र त्यो पीडाको भावनात्मक तरङ्ग त्यो घरभित्र चली रहेको हुन्छ र उक्त पीडाको तरङ्गले घरका मानिसलाई अशान्ति हुनजान्छ भनेर मृत्युको समयमा घरबाट वाहिर तुलसीको मठ अगाडि गोवरले लिपेर त्यसमाथि कुस विच्छ्याएर सुताउने परम्परा छ । कुशले गुरुत्वाकर्षणलाई रोकी दिन्छ । गुरुत्वाकर्षण रोक्नासाथ शरीरबाट सजिलै प्राण निस्किएर माथितिर जाने हुनाले कुश बिच्छ्याउने चलन चलेको हो ।

तुलसीमा पर्याप्त मात्रामा अक्सिजन हुन्छ । यसो हुनाले मृत्युको समयमा स्वास-प्रस्वासमा सारै पीडा हुने हुँदा तुलसीको मठ अगाडि राखेपछि प्राण सजिलै निस्कन्छ । यो बेलामा मरणासन्न व्यक्तिको मुखमा तुलसीपानी पनि हाली दिने गरिन्छ । यसको कारण पनि यो पानी मुखमा पर्नासाथ शीतल भएर पीडा कम भएर सजिलै प्राणवायु बाहिर निस्कन सकोस्. भनेर हो ।

जुन तत्वमा श्रद्धा-भक्ति जति ज्यादा मानिसको हुन्छ, त्यसमा त्यति ज्यादा शान्तिको भाव हुन्छ । एक जना सानो जातिको मानिसलाई सबैले यो सानो जात हो भनेर घृणा गरेपछि उसलाई देखेपछि अरुको भाव पनि त्यसै खुम्चिन जान्छ । यसको कारण सबैले जुन भाव जुन तत्वमा राख्दछन्, त्यो तत्वले त्यही भाव प्रकट गर्दछ । यो भावनात्मक प्रतिक्रिया हो । तीर्थ भनेर सबैले श्रद्धा-भक्तिले गङ्गामा पूजा- आरती गर्ने भएकोले तीर्थको पानी जलमा परिणत भएको हुन्छ र यो जल मरणाशन्न व्यक्तिको मुखमा हाली दिए पछि उसलाई शीतल र शान्ति अनुभूति हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेर यस्तो व्यक्तिको मुखमा गंगाजल या तीर्थजल हाली दिने परंपरा भएको हो ।

अन्तिम समयमा पाठ किन गर्ने ?

वर्तमान समयमा ध्वनिलाई लिएर धेरै अनुसन्धान भई रहेको कुरा सुनिन्छ । शास्त्रपाठ गर्दा यसबाट यस्तो ध्वनि निस्कन्छ, जसले मानव मशितष्कलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । ध्वनिको तरङ्ग केवल मशितष्कमा मात्र नपरेर पूरा शरीरको नसा-नसामा यसको प्रभाव परेको हुन्छ । नियम पूर्वक अर्थात् छन्दोवद्ध रूपले शास्त्रपाठ गरेको स्थानमा हामी एकाग्र भई बसेर सुनेको खण्डमा हाम्रो मन शान्त हुन्छ र शीतल, आनन्द र भित्रबाट स्फूर्ति प्राप्त भएको अनुभव गर्दछौं । हामीमा एक किसिमको रोमाञ्च प्रकट हुन्छ र कता-कता अनौठो शक्ति हामीमा प्राप्त भएको हामीले प्रत्यक्ष अनुभव गर्दछौं । मृत्युको समयमा यदि शास्त्रपाठ गरी दियौ भने त्यसको ध्वनिले मृत्युशैचयाको व्यक्तिको मन-मशितष्कमा मन्त्रको सूक्ष्मशक्ति प्रवेश गरेर उसमा शान्ति र आनन्द प्रकट भएर प्राणवायु सजिलै बाहिर निस्कन सक्छ भनेर हाम्रो परंपरामा मरणाशन्न व्यक्तिको अगाडिं शास्त्रपाठ गरीदिने चलन चलेको हो ।

मरणासन्न व्यक्ति वा मृत शरीरको अगाडि मानिसहरू आफ्नो ममतारूप समाप्त भएको वियोगलाई शान्त पार्न रुने गर्दछन् । हो यो आँशु अन्तर्हृदयमा भएको ममताको परिचायक हो जसलाई नियन्त्रण गर्न धेरै मुस्किल हुन्छ । यस्तो अवस्थामा रुनु मृतात्माको निमित्त धेरै हानिकारक हुन्छ । किनभने मृतात्मा त्यसै त शरीरलाई परित्याग गर्नु पर्दा ठूलो पीडामा हुन्छ, त्यहाँ माथि आफन्त जनहरूले देखाएको ममता र वेदना देखेपछि उसलाई झनै ठूलो पीडा हुने भएकोले यस्तो अवस्थामा भजन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किर्तन गर्नाले आफन्तजनहरू भक्ति-भाव र संगीतको कारण वियोग भावबाट मुक्त हुन्छन् भने मृतात्मा पनि यो संगित ध्वनि र भजन-भावमा आफू निमग्न भएर शान्ति प्राप्त गर्दछ। शरीरबाट आफू अलग भएपछि जीवात्मा पुनः उक्त शरीरको मोहमा परी मृतशरीर भित्र प्रवेश गर्ने प्रयासमा शरीरको नजिक बसिरहेको हुन्छ तर जीवात्मालाई शरीर भित्र प्रवेश गर्न सम्भव हुँदैन। यस्तो अवस्थामा मन्त्र-पाठ आदि गरी दिनु मृतात्माको निमित्त ठूलो सहारा हुन जान्छ।

शवयात्रा

मानिसको मृत्यु भई सकेपछिको अवस्था एउटा विचित्र किसिमको हुन्छ । शरीरको साथमा पञ्चमहाभूत हुन्छ र पञ्चमहाभूतको कारण शरीर गरुङ्गो भएर पृथ्वीको गुरुत्वाकर्षण नियमको परिधि भित्र आवद्ध भएको हुन्छ । शरीरबाट प्राण निस्कनासाथ चेतना प्राणवायुमा लीन हुन्छ र प्राणवायु एकदम हल्का हुन्छ र यो तलमाथि जतापनि जान सक्छ । प्राणवायुको साथमा रहेको जीवको साथमा सूक्ष्म शरीर हुन्छ। यो शरीर छायाँ शरीर जस्तै हुन्छ। अरुले यो शरीरलाई देख्न सक्दैन तर मृतात्माले भने स्थूल शरीर तुल्य सबै देख्न सक्छ। शरीरको मृत्यु भईसकेपछि सूक्ष्म शरीरले आफ्नो शवलाई राम्रोसँग देखेको हुन्छ र त्यो शरीर प्रति उसको सारै नै ममता हुन्छ । त्यसैले ऊ त्यो शरीर भित्र प्रवेश गर्न धेरै प्रयास गर्छ। उसको निमित्त शरीर भित्र पुनः प्रवेश गर्न असम्भव भएपछि जीवात्मा अति नै व्याकुल भएर महापीडामा फसेको हुन्छ। यो पीडाबाट तुरुन्तै उसलाई मुक्त गरीदिन शवलाई बाँधेर उसका सपिण्डी सबैले मसानमा लान्छन्। मसानमा लग्दा मृतशरीरलाई फूलमाला र शुद्ध नयाँ वस्त्रले बेरिएको हुन्छ। यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण हो, मृतात्मालाई शान्ति र आनन्द दिनु । बाँचुन्ज्याल जे-जस्तो रूपबाट जीवन बिताए पनि मृत्युको समयमा उसलाई सबैले श्रद्धा र सम्मान प्रकट गरी श्रद्धाञ्जली दिएको देखेर जीवात्मालाई आत्मगौरब प्राप्त भई आत्मबल प्रकट हुन्छ, जसले गर्दा यो संसारमा आएर मैले राम्रो कर्म गरीछु र धैरै मानिसलाई खुसी बनाएको रहेछु भन्ने भाव प्रकट हुन जान्छ । यसैले हाम्रो परम्परामा समाजमा रहेका व्यक्तिहरू र आफन्त इष्ट-मित्रले मानिसको निधनको खबर पाउनासाथ मलाम जाने (शवयात्रामा सहभागी) गर्नु नै पर्ने प्रचलन रहेको छ ।

हाम्रो संस्कारमा प्रत्येक कर्मलाई यज्ञको रूपमा लिइएकोले बाँचुन्ज्याल यज्ञ गरेको शरीरलाई मृत्यु भएपछि पनि यज्ञ नै गरिन्छ । यज्ञ गर्नुपूर्व जस्तो यज्ञ द्रव्यलाई शुद्धीकरण गरिन्छ, यसरी नै शवलाई शुद्ध जलले सेचन गरेर पूजा गरी अग्निमा दाहसंस्कार गरिन्छ । शवलाई जलाउने स्थलमा वेदीको आकार बनाउनुको मुख्य कारण यही हो । शरीर जली सकेपछि जीवात्मा एकपटक महापीडामा पर्छ र भित्रबाट औडा र छट्पटी हुन थाल्छ । यो बेलामा सारा शरीर जर्जरी भएर आँत सुकेर आउँछ र मृतात्मा छट्पटीले महाँपीडामा पर्छ ।

उदक कर्म

मृतकका आफ्ना वंश तथा निकट नातेदारले नजिकको तलाउ वा नदीमा गएर दक्षिण तर्फ फर्केर स्नान गरी मृतात्माको नाम लिएर औंजुलीले जल मृतात्मालाई दिन्छन् । यो जलले मृतात्माको जर्जरीएको आँतलाई एकदम ठन्डा र शीतल पारी दिन्छ । यसलाई हाम्रो समाजमा खल्को हाल्ने पनि भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सती

सती भनेको पार्वती हो । श्रीमान्लाई शिवको रूपमा र श्रीमतीलाई पार्वतीको रूपमा विवाह गरेको हुन्छ। जब शिव नभए पछि पार्वती कसरी रहन सक्छिन् भन्ने अर्थमा प्राचीन कालमा श्रीमान्ले शरीर परित्याग गरेपछि श्रीमतीले पनि शरीरलाई परित्याग गरी दिन्थीन् । त्यो समयको समाज योग-साधनामा अति नै विकसित थियो । नारीहरूले आफूलाई शरीर राख्न मन नलागे पछि आसनमा बसेर प्राणायामद्वारा शरीरलाई अन्त्य गरी दिन्थे । यसमा श्रीमान्को मृत शरीर चितामा राखेपछि अर्को चिता बनाएर सो चितामाथि नारी आसनमा बसेर योगद्वारा शरीरको अन्त्य गरी दिन्थीन् । यसरी योगद्वारा शरीरलाई अन्त्य गर्नेलाई सती भनिन्छ। पछि गएर समाज योगबाट टाढा हुँदै गयो र जवर्जस्ती बलेको अग्निमा मृतात्माको पत्नीलाई होमिदिने परंपरा आयो र यो परंपरा बेठिक प्रमाणित गरी सती जाने प्रथा बन्द भयो ।

सिन्दूर, पोते, आकर्षक कपडा र अन्य अलंकारका सामान शरीरमा धारण गर्नाले मनमा चन्चलता प्रकट हुन्छ र यसले कामवासना प्रकट गर्छ भनेर विधवा नारीलाई पछि आएर जुन-जुन पदार्थले शरीरलाई आकर्षक बनाउने हो ती पदार्थलाई परित्याग गरेर केवल मलिन कपडा धारणा गरी बाँचुन्जेल मृतपतिको आराधना गर्दै बस्ने चलन आयो ।

अस्थि संचयन :-

दाहसंस्कार गरी सकेपछि जो बचेको अवषेश हुन्छ, यसलाई पनि मृतात्माले छोड्न सकेको हुँदैन र यसलाई कुरेर बसी रहेको हुन्छ । बाँचुन्जेल मानिसको सबैभन्दा प्रिय आफ्नो शरीर हुन्छ र मृत्यु पश्चात पनि मृतात्मालाई शरीरको नै ज्यादा ममता हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जबसम्म मृतात्मा मृत शरीरको ममतामा रहन्छ, तबसम्म ऊ प्रेतको रूपमा छट्पटीएको हुन्छ । जलेर बाँकी रहेको अवषेशलाई देखेसम्म ऊ त्यसप्रति ममताग्रस्त हुन्छ । यसैले यसलाई पनि विधिवत् संस्कार गर्नुपर्छ । नदीको तटमा दाहसंस्कार गर्दा अहिले सोही दिनमा अस्थिसञ्चयन गरी संस्कार गर्ने चलन छ । यदि नदी मसान समिप नभएमा दाहसंस्कार गरेको तीन दिन, पाँचौं दिन या सातौं दिनको दिनमा अस्थि सञ्चयन गरेर पवित्र नदीमा लगेर विसर्जन गर्ने परंपरा छ । जति वर्ष सम्म अवशेष अस्थि गंगामा रहिरहन्छ, त्यति सय वर्ष सम्म मृतात्मा ब्रह्मलोकमा निवास गर्छ । भनी यसरी उल्लेख भएको छः–

यावदस्थीनि गंगायां तिष्ठन्तीपुरुषस्य च ।

तावत् वर्ष सहस्त्राणी ब्रह्मलोके महीयते ॥-संख स्मृती-॥

उक्त हाम्रो शास्त्रीय मान्यता भएकोले अवशेष अस्थिलाई गंगा वा पवित्र नदीमा विसर्जन गर्ने परंपरा छ ।

अशौचः-

आफन्तको वियोगबाट परिवारका अन्य सदस्यहरूलाई धेरै ठूलो पीडा हुने हुनाले उनीहरूको मानसिक अवस्था धेरै छट्पटीएर व्याकुल भएको हुन्छ । जसको मानसिक अवस्था छट्पटीएको हुन्छ उसमा स्वभावैले शान्ति र एकाग्रताको अभाव हुन्छ । एकाग्रताको अभाव हुनासाथ भक्ति-भाव नहुनु स्वभाविकै हुन्छ । यस्तो भाव-भक्ति विहिन व्यक्तिले पूजा-आराधना गऱ्यो भने यसको कुनै अर्थ रहँदैन भनेर यो बेलामा घरमा पूजा-आराधना र अन्य उत्सवका कार्य गर्न निषेध गरिएको हो । अशौचको अवस्थामा मन्दिर र तीर्थ नजानुको कारण पनि यही हो । किनभने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो अवस्थामा उसको मन तनावमा छट्पटीएको हुन्छ। छट्पटीएर तनावग्रस्त भएको मनलाई शान्त बनाउन यो समयमा सात्विक आहार र उपवास गर्ने चलन छ। अशौचको समयमा नुन, लसुन, प्याज, मासु आदि मनलाई चञ्चल बनाउने राजसिक र तामसिक भोजनलाई परित्याग गरेपछि मन चाँडै शान्त हुन्छ भनेर यो बेलामा यस्ता भोजनलाई परित्याग गरेको हो।

अशौचको बारेमा मृतकको आयु अनुसार समय धेरै-थोरै हुन्छ। एउटा भर्खर जन्मेको शिशुको मृत्यु हुँदा यसको असर थोरै हुन्छ र यो असर केवल शिशुको माता-पितालाई मात्र हुने भएकोले एक दिनको अशौच केवल उसको माता-पिताले मात्र बार्छन। जब बालक ठूलो भएर उपनयनको पश्चात् मृत्यु हुन्छ, तब त्यो बालक प्रति उसका पिता-माता र अन्य सम्बन्धिहरूमा मित्रता र प्रेम बसी सकेको हुनाले उक्त बालकको मृत्युबाट सबैलाई ठूलो चोट पर्न जाने हुनाले अशौच पूर्ण रूपले बार्नु पर्ने हुन्छ।

जो जन्मन्छ, ऊ मर्दछ। जन्म र मृत्यु एक प्रक्रिया हो। यसमा दुःखी र सुखी हुनुको कुनै महत्व छैन भन्ने भावमा प्रतिष्ठित व्यक्तिलाई कुनै अशौच बार्नुको अर्थ हुँदैन। यस्तो भावमा प्रतिष्ठित व्यक्तिलाई सन्न्यासी भनिन्छ। यसैले सन्न्यासी अशौच विधानबाट मुक्त भएको हुन्छ। गृहसूत्रको अनुसार अशौचको साधारण अवधि दश दिन हो तर व्यक्तिको मानसिक अवस्था अनुसार घटी-बढी हुनसक्ने भएकोले मानिसको मानसिक अवस्था चार भागमा वर्गीकरण गरेर चार किसिमको अवधि शास्त्रले निर्धारण गरेको छ। जो ज्ञानी हुन्छ अर्थात् विधिवत् वेद अध्ययन र मनन गर्दछ, यस्तो व्यक्तिलाई ब्राह्मण भनिन्छ। जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केवल वेदको अध्ययन गर्ने हुन्छ ऊ क्षेत्री, जो वेद अध्ययन गर्दैन तर श्रद्धा राख्छ, ऊ वैश्य र जो र श्रद्धा पनि राख्दैन र अध्ययन पनि गर्दैन उसलाई शूद्र भनिन्छ । विधिवत् अग्निहोत्र र वेदको स्वाध्याय गर्ने ब्राह्मण एक दिनकै अशौचबाट शुद्ध हुन्छ । केवल वेदको स्वाध्याय मात्र गर्ने तीन दिनको अशौचबाट शुद्ध हुन्छ । यसको कारण यो हो कि, वेदको मननबाट उसमा चाँडै नै मृत्युको बारेमा ज्ञान भई हाल्छ र चिन्तामुक्त भई हाल्छ । चिन्तामुक्त हुनासाथ मानिस शुद्ध भई हाल्छ । शुद्ध भई सकेपछि कुनै अशौच बारी रहनुको अर्थ रहँदैन । शूद्रमा मृत्युको ज्ञान नहुने हुनाले मृत व्यक्तिको सम्झनाले शोक ज्यादा समयसम्म गरी रहन्छ । यसैले यस्तो व्यक्तिको निमित्त नै पन्ध्र दिन या दुई पक्ष अर्थात् एक महिनासम्मको अशौच बार्नु पर्छ भनेको हो ।

काज-कृया

मृत्यु भई सकेपछि पनि मृतात्मालाई जीवित अवस्थाको सरह भोजन र जल आवश्यकता हुन्छ । यसको कारण प्रेतात्माले कर्म-गति अनुरूपको लोकमा मृत्यु हुनासाथ नगएर आफ्नो घर वरिपरि नै सूक्ष्म शरीरमा घुमिरहेको हुन्छ । स्थूल शरीरलाई आहारको रूपमा स्थूल अन्न चाहिन्छ भने सूक्ष्म शरीरलाई सूक्ष्म आहार चाहिन्छ । यो सूक्ष्म आहार पिण्डमा हुन्छ । पिण्डको मृतात्माले बाफ ग्रहण गर्दछ । यसैले व्यक्तिको मृत्यु भएको अर्को दिनबाट पिण्ड दिन सुरु गरिन्छ । जहाँ ढिकुरो राख्ने हो, त्यो स्थानमा गोवरले लिपेर पवित्र गरिन्छ र त्यहाँ कुश राखिन्छ । कुश बिच्छयाउनुको अर्थ प्रेतात्मालाई आसन दिएको हो । पिण्डको अर्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो शरीर । प्रत्येक दिनको पिण्डबाट यमलोक जाने शरीर (भाव शरीर) निर्माण हुन्छ । यसमा शरीर मात्र नबनेर मृतात्मालाई पिण्डद्वारा तृप्ति पनि प्राप्त भएको हुन्छ । पहिलो दिनको पिण्डले शिर निर्माण हुन्छ, दोस्रो दिनकोले आँखा, नाक-कानको निर्माण हुन्छ, तेस्रो दिनकोले गला, काँध, हात र छातीको निर्माण हुन्छ, चौथो दिनकोले नाभी, गुदा र लिङ्ग, पाँचौं दिनकोले साँप्रा, फिला र खुट्टा, छैंटौंकोले सबै मर्मस्थली, सातौंकोले सबै नाडी, आठौंकोले दाँत र रौं, नवौंकोले वीर्य वा रज र दशौंकोले सबै देह पूर्ण र पुष्ट हुन्छ ।

कृयापुत्रीले कसैलाई नछोई आफैंले पकाएर शुद्धाहार र नित्य स्नान गरी कतै नगई बस्नुको कारण एकाग्रता र दिवङ्गत मृतात्माको उद्धारको निमित्त भाव-भक्तिमा रहनु हो । यो समयमा शुद्ध र सात्विक विच्छ्यौना र भूमिमा सयन गर्नाले मन शान्त र एकाग्र भई रहन्छ भन्ने उद्देश्यले हो ।

भौतिक शरीरको मृत्यु भईसकेपछि जीवको साथमा सूक्ष्म शरीर रहन्छ । यो शरीरलाई भौतिक शरीरको निमित्त जुन आहारको जरुरत पर्दछ, त्यो नभई भावमात्रको जरुरत पर्ने हुनाले केवल यो शरीरले श्रद्धाको आशा गर्दछ । यही श्रद्धामा बीचलन नआओस् भनेर एकाग्र चित्त भएर मृतात्माको भाव-शरीर निर्माण नभए पर्यन्त मृतात्माप्रति भाव-भक्तिको साथमा शुद्ध भएर, अरुसँग स्पर्श नगरी एकाग्रताको साथमा रहिरहनु पर्दछ । जब सूक्ष्म शरीरको सबै सूक्ष्म अङ्गहरू निर्माण हुन्छन्, तब उसको शान्ति र आनन्दको निमित्त एघाह्रौं दिनको दिनमा दान गरी उसलाई बिदाई गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दान

मानिसको मृत्यु हुनासाथ मृतकको जीवात्मा तुरुन्तै यमलोक तर्फ नगई यहीं भौंतारीएर पीडित भई रहन्छ। जसको काज-क्रिया हुँदैन,यस्तो मृतात्मा प्रेतको रूपमा पीडित हुन्छ। दश दिनसम्मको काज-कृया र पिण्डले मृतात्मा प्रेतात्माबाट मुक्त हुन्छ र एघारौं दिनको पिण्ड पाए पछि ऊ अति नै तृप्त हुन्छ। आफूले जीवन कालमा लोभबस गरेका यावत कर्मको पश्चात्तापलाई जब उसका पुत्र वा उत्तराधिकारीले यसको प्रायश्चित्त स्वरूप ब्राह्मणलाई दान गरी दिन्छन् तब यो देखेर मृतात्मा अति नै प्रसन्न भएर आफ्ना परिवारसँग बिदा भएर यमलोक तर्फको यात्रामा अघि बढ्छ। दान गर्दा जुन-जुन वस्तु उसले जीवनकालमा उपभोग गरेको थियो ती सबै वस्तु दान गर्ने हाम्रो परम्परा छ। यसमा धनी र गरीब सबैलाई समान रूपले दान गर्नु पर्छ भन्ने छैन। राजाको मृत्यु हुँदा हात्ति दान गर्नुपर्छ किनभने राजाले बाँचुन्ज्याल हात्तिको प्रयोग गरेको हुन्छ तर एउटा गरीबलाई हात्ति दान गर्नुपर्छ भन्नु निरर्थक र अन्याय हुन्छ। यसैले गरीबको निमित्त एक माना चामल, एक मिटर कपडा, एउटा थाल र एउटा कचौरा नै पर्याप्त हुन्छ। वर्तमान समयमा दान गर्नु पर्ने वस्तुहरूको विवरण जस्तो किसिमले ब्राह्मणहरूले यजमानलाई दिन्छन् यो सम्पन्न व्यक्तिहरूको लागि त मामूली होला तर विपन्न व्यक्तिको निमित्त अति नै कष्टप्रद हुने हुनाले दानको निमित्त आवश्यक सामाग्रीको विवरण दिनु अगाडि प्रत्येक पुरोहितले यजमानको आर्थिक अवस्थालाई अवश्य नै विचार पुऱ्याउनु पर्छ, नत्र यसबाट समाजमा संस्कार प्रति वितृष्णा, अश्रद्धा र अविश्वास प्रकट हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्छ । स्थूल शरीर भष्म भएर गए पनि सूक्ष्म शरीर आफ्ना परिवार र आफूले भोग गरेका भौतिक पदार्थको मोहमा फसी घर वरिपरि त्यसलाई भोग गर्ने इच्छाले कमीला आदिको योनी धारण गरी त्यहीं बस्छ भनेर जति पनि मृतात्माले प्रयोग गरेका पदार्थ छन् ती सबैलाई दान गर्ने र काज-कृयाको अन्तिमदिनमा आफन्तहरूले दानको साथमा सम्पूर्ण आफ्नो मृतात्मा प्रतिको ममता समाप्त गरे पछि मृतात्मा यसको मोह-वन्धनबाट मुक्त भएर आफ्नो कर्म अनुरूपको लोकमा प्रस्थान गर्दछ ।

यो दान गर्ने परम्पराले समाजलाई शोषण रहित पनि बनाउँदछ । पिताले कमाएको सम्पत्ति पुत्रले उपभोग गर्नु उचित हुँदैन भन्ने यसको प्रमुख उद्देश्य भएकोले मानवले आफ्ना सन्तानको निमित्त सम्पत्ति थुपार्ने इच्छा यो संस्कारको मर्मलाई मनन गर्दा हुँदैन । यो नहुनासाथ समाज शोषण रहित हुन पुग्छ ।

बरखीः

मृतात्मा जब काज-कृयाको पिण्डबाट यमलोकको यात्राको निमित्त सवल हुन्छ तब ऊ एघारौं दिनको दिनमा आफन्तले उसको नाममा गरेको दान पुण्यबाट संतुष्ट भएर आनन्दको साथमा यमलोकको यात्रामा प्रस्थान गर्दछ । पृथ्वीबाट यमलोकसम्म पुग्न मृतात्मालाई एक वर्ष लाग्ने हुनाले मृतात्माको उत्तराधिकारीलाई उसको शान्तिको निमित्त एक वर्षसम्म कामना गर्नुपर्छ, यसलाई वरखी भनिन्छ । यो बेलामा बरखी बार्ने व्यक्तिलाई शुद्धाहार, स्नान आदि सात्विक जीवनमा बसी केवल उसको सद्गतिको निमित्त ईश्वरसँग प्रार्थना मात्र गरी रहनु पर्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिना-महिना दिनमा पिण्ड र उसलाई जल यहाँबाट दिईरहनु पर्छ। यसलाई हाम्रो भाषामा मासिक गर्ने भनिन्छ।

शुद्ध सेतो वस्त्रमात्र बरखी बार्ने व्यक्तिले धारण गर्नुको मुख्य कारण हो सात्विक जीवनको प्रतीक । यो बेलामा पूर्णब्रह्मचारी भएर दैनिक मृतात्माको सद्गतिको निमित्त प्रार्थना गर्नुपर्छ । भाव-भक्ति बिहीन पिण्डलाई मृतात्माले ग्रहण नगर्ने हुनाले पूरा सात्विक जीवन बिताउने व्यक्तिमा एकाग्रता हुन्छ र एकाग्रताबाट भाव-भक्तिको विकास हुन्छ । उत्तराधिकारीमा जति ज्यादा एकाग्रता र भक्ति-भाव हुन्छ,त्यति त्यो पिण्ड स्वादिष्ट र तृप्तिकारकको साथै शक्तिशाली हुन्छ । यस्तो पिण्ड प्राप्त भएपछि मृतात्मा आफ्नो उत्तराधिकारी प्रति अति नै प्रसन्न हुन्छ । यसैले यो समयमा मनलाई चञ्चलता सृजन गर्ने आहारलाई पूर्ण रूपमा निषेध गरिएको हो । जुन आहारले कामवासना र इन्द्रियलाई उत्तेजित बनाउँछ, यस्तो आहारबाट ब्रह्मचर्य नाश हुन्छ भनेर यस्ता आहारलाई यो बेलामा निषेध गरिएको छ।

ॐ नमः शिवाय ।

- अस्तु -

Acc. 25002
25002

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu